वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि-निरग्निक-द्विजातिहरुको

कात्यायनश्राद्धकल्पसूत्रानुसारको

एकोद्दिष्टश्राद्धपद्धति

[क्षयतिथिश्राद्धपद्धति]

(श्राद्धका विषयमा जान्नैपर्ने धेरै कुराहरु समाविष्ट भएको विस्तृत भूमिका र सङ्क्षिप्त अनुवादसमेत भएको)

शिवराज आचार्य कौण्डिन्न्यायन

आचार्य, एम्.ए., विद्यावारिधि (पिएच्.डि.), वाचस्पति (डि.लिट्.)

रत्न पुस्तक भण्डार

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां निरग्निकानां
द्विजानां कात्यायनश्राद्धकल्पसूत्रानुसारिणी

एकोद्दिष्टश्राद्धपद्धतिः

[क्षयतिथिश्राद्धपद्धतिः]

(नैपालीयभाषानिबद्ध-सप्रमाणवचन-विवेचनात्मक-विस्तृतभूमिकायुता, सङ्क्षिप्त-नैपालीयभाषानुवादसहिता च)

प्रणेता

शिवराज आचार्यः कौण्डिन्न्यायनः

आचार्यः, एम्.ए., विद्यावारिधिः (पिएच्.डि.), वाचस्पतिः (डि.लिट्.)

सम्पादकाः

आमोदवर्धनः कौण्डिन्न्यायनः शुक्लयजुर्वेदाचार्यः

प्रमोदवर्धनः कौण्डिन्न्यायनः धर्ममीमांसाचार्यः

सुमोदवर्धनः कौण्डिन्न्यायनः ब्रह्ममीमांसाचार्यः

रत्न पुस्तक भण्डार

ACC·NO·
15087

२९१·३८
आर ४४ स

प्रकाशकम्— रत्नपुस्तकभाण्डारम्, काष्ठमण्डपमहानगरम्, नेपालदेशः।

संस्करणम्— द्वितीयम् २०६४

प्रथमं संस्करणम्— २०५८ (स्वाद्ध्यायशालाकुटुम्बेन प्रकाशितम्)।

मूल्यम् - ६५।-

मुद्रकः— ***मॉडर्न दीपक प्रेस***, एस० १७/२७२ नदेसर, वाराणसी। फोन नं० : २५००८९४, २५०२०४८

विषयानुक्रमणिका

भूमिका

एकोद्‌दिष्टश्राद्धपद्धतिः

परिशिष्ट

भूमिका

वेदार्थको ज्ञान गरेर निर्मल बुजाउने कर्म नपारि अल्मल।
श्रुतर्षि कात्त्यायनका प्रसादले फलुन् सबैका फल शुद्ध कर्मले॥

एस पुस्तकमा प्रयुक्त नेपालि भाषाका विषयमा बुज्न पर्ने कुरा

एस पुस्तकमा प्रयुक्त नेपालिभाषा चल्तिको युक्तिरहित व्याकरणको अधीनमा छैन। स्वाद्ध्यायशालाकुटुम्बले अँगालेका यास्क-पाणिनि-कात्यायन-पतञ्जलि-वररुचि-भर्तृहरि इत्यादि श्रेष्ठ भाषाशास्त्रि वैयाकरणहरुले व्याख्या गरेका भाषाव्याकरणसम्बन्धि शाश्वतसिद्धान्तहरु बुज्न **'जिम्दो नेपालि भासा'** (पैलो खण्ड २०३०), **'नेपाली वर्णोच्चारणशिक्षा'** (साभ्काप्रकाशन, २०३१) र **'जिम्दो नेपालि भासा'** (दोस्रो खण्ड २०३७) भन्ने ग्रन्थहरु र **'भाषा र भाषिका'** (नेपाली भाषा-अधिगोष्ठी २०३३, [विवृति], नेपाल-राजकीय-प्रज्ञाप्रतिष्ठान, काठमाण्डु, २०३३, पृ.३६–४६) तथा **'हलन्त-बहिष्कारदेखि जिम्दो-नेपालिसम्म उठेका विभिन्न प्रश्नको मूल्ल्याङ्कन र तिनको समाधान'** (पच्चिस वर्षका भाषिक चर्चा, ने.रा.प्र.प्र., काठमाण्डु, २०३९, पृ.२१२–२३२) इत्यादि सम्बद्ध लेखहरु हेर्नुहोस्। चल्तिका नेपालि व्याकरणका ह्रस्व-दीर्घका नियम, ञकार-नकारका र नकार-णकारका नियम, ब-व-का नियम, श-ष-सका नियम,

केइ-केही, एस्तो-यस्तो, एति-यति, इ-यी, एसलाइ-यसलाई, एसले-यसले, एसका-यसका इत्यादिका नियम, तत्सम-तद्भवका नियम, शुद्ध-अशुद्धका नियम इत्यादि धेरै कुरा अप्रामाणिक तथा निराधार हुन् र शासकीय बलले बलजफ्ति लादिएका तथा लेख्ने-पढ्नेलाइ व्यर्थ दुःख दिने र मूर्ख बनाउने नियम हुन्। वास्तविक व्याकरणको आधार बोलचालकै भाषा हो। जस्तो बोलिन्छ तेस्तै लेख्ने हो। यास्क, पाणिनि, कात्यायन, पतञ्जलि इत्यादि मुनिद्वारा प्रणीत शास्त्रग्रन्थमा एसै सिद्धान्तको अनुसरण र व्याख्यान गरिएको छ। जिम्दो-नेपालि-भासा-सिद्धान्तले पनि एसै कुराको व्याख्यान गर्दै आएको छ। २०२४ संवत्बाट प्रचारमा ल्याइएको जिम्दो-नेपालि-भासा-सिद्धान्तका प्रभावबाट नेपालि-शब्दकोश-व्याकरणहरुमा केइ सुधार हुँदै गरेको र बोलिचालिको नजिकको लेखाइ नै उचित हो भन्ने कुरा मानिन थालेको छ। ने.रा.प्रज्ञाप्रतिष्ठानको २०३३ संवत्मा प्रकाशित ‘वृहद् नेपाली व्याकरण’लाइ र २०४० संवत्मा प्रकाशित ‘नेपाली बृहत् शब्दकोश’लाइ पनि जिम्दो-नेपालि-भासा-सिद्धान्तले प्रचुर मात्रामा प्रभावित पारेको छ। २०५५ संवत्मा प्रकाशित मोहनराजशर्माप्रभृतिबाट सम्पादित ‘रेडियो शैली पुस्तक’मा र २०६१ संवत्मा प्रकाशित हेमाङ्गराजअधिकारि-र-बद्रीविशालभट्टराइबाट सम्पादित ‘प्रयोगात्मक नेपाली शब्दकोश’मा त पदहरूको उच्चारण देखाउँदा जिम्दो-नेपालि-भासा-सिद्धान्तलाइ नै प्रचुरमात्रामा अनुसरणगरिएको देखिन्छ, किन्तु ति ग्रन्थका सम्पादकले जिम्दो-नेपालि-भासा-सिद्धान्तका उद्भावक-र-प्रचारकको उल्लेख गर्ने नैतिकता देखाउन भने सकेका छैनन्। नेपालि भाषाका लेखाइमा अजै पनि राम्रो सुधार हुन पनि सकेको छैन। एस सिद्धान्तको प्रभावका विषयमा साझाप्रकाशनका गरिमा मासिक पत्रिकामा (२०६१ जेठ, २०६२ वैशाख, २०६३ भदौ) केइ कुरा प्रकाशित भएका छन्। सर्खारि नियमले र तेसैको सुरमा चल्ने अरुका लेखाइले गर्दा पाठकहरुमा परेका बानिलाइ पनि विचारगरेर याँहाँ लेखनको प्रयोग गरिएको छ।

आस्तिक गुरुपुरोहितहरुले र शिष्ययजमानहरुले धर्म-संस्कृति जोगाउन विशेष विचार राख्न पर्ने कुरा

श्राद्ध गराउने गुरु-पुरोहितहरुले र श्राद्ध गर्ने शिष्य-यजमानहरुले पनि हाम्रो वैदिक धर्म-संस्कृतिको रक्षा होस् र लोककल्याणकारि कुटुम्बव्यवस्था, समाजव्यवस्था र राष्ट्रव्यवस्था चलोस् भनेर तल लेखिएका सूत्रहरुको विशेष मनन-चिन्तन, छलफल र प्रचार-प्रसार पनि गर्नपर्ने देखिन्छ–

- **वैदिक हिन्दुहरुले आँफ्नो देश, जाति, धर्म, संस्कृति, विद्या, परम्परा इत्यादिमा गौरवानुभूति गर्नपर्छ।**
- **विदेशिको अन्धानुकरण नगरि विवेकपूर्वक आँफ्नै मूल्य-मान्यतालाइ व्यवहारमा उतार्नपर्छ।**
- **विद्या-धर्म-सत्य-न्यायको पोषण हुने काम गर्नपर्छ। अन्यायको पक्ष लिन हुँदैन।**
- **आँफ्ना छोरा-छोरिमा पनि एस्तै कुराको संस्कार र भावना विकसित गर्न प्रयास गर्नपर्छ।**
- **आँफ्नो गोत्र, प्रवर, गण, जाति, कुल, पुर्खा इत्यादिका विषयमा आँफुले पनि राम्रोसँग ज्ञान गर्नपर्छ र आँफ्ना सन्ततिलाइ पनि तेस विषयको राम्रो ज्ञान दिनपर्छ।**
- **जात-भात केइ हैन भन्ने शिक्षाले र कामकुराले हाम्रो वैदिक-सनातन-वर्णाश्रमव्यवस्थाका आधारमा चलेको शास्त्र-धर्मव्यवस्थामा असमाधेय आघात पुऱ्याउने हुनाले त्यो कुरा सर्वथा अस्वीकार्य कुरा हो। जातभात ठुलो कुरा हो।**

- सामूहिक उपनयन अशास्त्रीय भएकाले आँफ्नै घरमा बालकको योग्य आचार्यद्वारा अत्यावश्यक सबै शास्त्रीय विधि पूर्ण गरेर श्रद्धापूर्वक छुट्टाछुट्टै उपनयन (व्रतबन्ध) गर्न-गराउनपर्छ। एस विषयमा उपाध्याय ब्राह्मणहरुले विशेष ध्यान दिनपर्छ।

- वैदिक-सनातनवर्णाश्रमधर्मका अनुयायि ब्राह्मणादिले रामानुजीय-माध्व-निम्बार्कीयादि वैष्णवधर्म लिन हुँदैन। अनजानमा लिएको भए पनि लिएको मन्त्र पिपलका पातमा लेखि नदीमा बगाइ छोडेर यथोचित प्रायश्चित्त गरि आँफ्नै वैदिक धर्ममा रहनपर्छ।

- आँ-आँफ्नै जाति-र-वर्गभित्र मात्रै विवाह गर्न-गराउन पर्छ।

- पुर्विया उपाध्याय ब्राह्मणले राम्ररि चिनेजानेका पुर्विया उपाध्याय ब्राह्मणसितै बियावरि गर्नपर्छ, कुमाइँ ब्राह्मण, जैसि, क्षेत्रि इत्यादिले पनि आँ-आँफ्नै जाति-र-वर्गका कुलकुटुम्बसित मात्र बियाबरि गर्न-गराउनपर्छ। गीतामा पनि "सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च। पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः" (१।४२) भनेर वर्णसङ्कर सन्तानले नरक लैजाने कुरा र वर्णसङ्कर सन्तानबाट पिण्डपानि नचलि पितृ नरकमा पर्ने कुरा पनि भनिएकै छ। तसर्थ उक्त वचन सम्जेर वर्णसाङ्कर्यबाट बच्न पूर्ण प्रयत्न गर्नपर्छ।

- विवाह गर्दा अत्यावश्यक शास्त्रीय विधिविधान पूर्ण गरेरै शास्त्रधर्मको रक्षाचाहाने कुलवृद्धहरुका सम्मतिले गर्नपर्छ। सगोत्रमा र समानप्रवरमा (समान गणमा) विवाह गर्न हुँदैन। माव्रलिको गोत्रमा पनि विवाह गर्न हुँदैन।

- एउटै माताका सन्तानमा दाजुको विवाह हुनै नसक्ने अवस्था नभएमा दाजुको विवाह नगरिकन भाइको विवाह र दिदिको विवाह हुनै नसक्ने अवस्था नभएमा दिदिको विवाह नगरिकन बैनिको विवाह गर्न हुँदैन।
- विवाह-व्रतबन्ध गर्दा उत्तरायणमा शुक्लपक्षमा पुण्याहमा (राम्रो तिथिनक्षत्रमा) दिनमा पूर्वाह्णमा गर्नपर्छ।
- वैदिक शास्त्रीय धर्मकर्ममा राम्ररि चिनिएका उपाध्याय ब्राह्मणलाइ नै गुरुपुरोहितब्राह्मणहरुका रूपमा वरण गर्नपर्छ।
- शास्त्रीय धार्मिक विधि सम्पन्न गर्न श्रद्धा-आस्था आवश्यक तत्त्व हो, फजुल खर्च, तडकभडक, ठुला भोजभतेर, बाजागाजा अनावश्यक र पुगिसरिआउनेहरुले मात्र गर्ने कुरा हुन् भन्ने बुज्नपर्छ।
- यथासम्भव आँफ्ना वेद, वेदाङ्ग, स्मृति, पुराण, रामायण, महाभारत इत्यादि शास्त्रका विषयमा ज्ञान प्राप्त गर्नपर्छ र आँफ्ना वेदशाखाका विषयमा त अजै राम्रो ज्ञान राख्नपर्छ तथा आँफ्ना शाखाका विधिविधानमा विशेष ध्यान दिनपर्छ। "तस्माच् छास्त्रं प्रमाणं ते कार्याऽकार्यव्यवस्थितौ। ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि" (गीता १६।२४) भन्ने उपदेश सदा सम्झन पर्छ।
- परिस्थितिवश आधुनिक भौतिक-वैज्ञानिकादि-विद्या पडे पनि आँफ्नो धार्मिक सांस्कृतिक दार्शनिक आस्थालाइ र आचरणलाइ आँफ्नै ढङ्गले अगाडि बडाउनपर्छ। वैदिक धर्मको निर्विकल्प भाषा संस्कृतको पनि ज्ञान गर्नपर्छ।

- गाइ भन्नाले आँफ्नै देशका स्थानीय जातका शुद्ध वंशका (खच्चड नभएका) गाइ मात्र शास्त्रीय रूपमा मान्य हुञ्छन्। तसर्थ तिनैको दान गर्ने र तिनैका दुद, दै, घिउ, गउँत, गोबर प्रयोगमा ल्याउने गर्नपर्छ। जर्सिगाइ इत्यादि गाइ धार्मिक काममा अग्राह्य हुन्। तसर्थ आँफ्नै देशका गाइको पालन-पोषण गर्नपर्छ। स्थानीय जातका गाइको दुइ-तिन पुस्ता राम्रो सियार-सुसार पोषण गरे तिनै धेरै दुद दिने र ठुला पनि हुञ्छन्।

- आँफ्ना धर्मकर्मका लागि आवश्यक चोखा फल-फुल, बोट-बिरुवा, रुख-पात, लता, कुश, दुबो, अपामार्ग (दतिउन), आँक, आँप, पिपल, वर, डुम्रि, पाखरि, पलाश, सिप्लिगान, बेल, बाँस इत्यादिको पनि रोपण-संरक्षण इत्यादि गर्नपर्छ।

- विदेश जानपर्ने बाध्यता परेमा पनि त्याँहाँ सर्वभक्षि नभैकन आँफ्ना मूल्य-मान्यतालाइ यथासम्भव जोगाउँदै तेसप्रति आस्था नगुमाइकन फर्कनपर्छ र समुचित प्रायश्चित्त गरि आँफ्ना धार्मिक कार्यमा सम्मिलित हुनपर्छ।

- एस्ता विषयमा ग्रामवृद्ध-कुलवृद्ध-गृहवृद्धहरुले र बुडापाका आस्तिक स्त्रीहरूले पनि रेखदेख गर्ने र नवीन पुस्ताका व्यक्तिहरुलाइ आँफ्नो शास्त्र-धर्म-सम्मत कुलमार्गमा रहन र चल्न वारंवार प्रेरणा गर्ने गर्नपर्छ।

- अहिलेको भौतिकतावादि धर्मनिरपेक्ष शासनव्यवस्थामा व्यक्तिको धार्मिक आस्थालाइ सार्वजनिकीकरण गर्ने वातावरण नभएकाले आँफ्नै घरमा पवित्रतापूर्वक अनुष्ठान गरेर आँफ्नो धार्मिक आस्थालाइ बचाउनपर्छ।

- सार्वजनिक स्थलमा धार्मिक कार्य गर्दा अनाचारि र अनधिकारि व्यक्तिले तेसलाइ दूषित पार्न वा विरोध गर्न सक्ने हुँदा तेस्तो धार्मिक कार्य निष्फल हुनसक्छ।
- इच्छुकहरुले आँफ्नै घरको परिसरमा वा कोठामा देवमूर्ति वा देवप्रतिमा राखेर पूजा गर्न पनि सक्छन्, सार्वजनिक भनिएका मन्दिरमै जानपर्ने भन्ने छैन। मूर्तिपूजाका पछाडि लुकेको दर्शन बुज्नपर्छ।
- सार्वजनिक स्थलमा वर्णाश्रमधर्मको मर्यादाविपरीत गरिएका धार्मिक कार्यले वैदिक धर्मानुयायिको कल्याण नहुने हुनाले यस्ता कार्यमा सहभागि हुन उचित हुँदैन।
- आँफ्नो घरमा पवित्रतापूर्वक अनुष्ठान गर्न आधुनिक ऐनकानुनले पनि बाधा पार्दैन। घरमा शास्त्रीय मर्यादा पूर्णरूपले पालनागर्न सकिन्छ। सार्वजनिक स्थलमा मात्र राज्यको नियम लाग्छ।
- वैदिक-सनातन-वर्णाश्रमधर्मको उन्मूलनलाइ प्रोत्साहित गर्ने व्यक्तिलाइ वा समूहलाइ मतदान गरेर आँफ्नो धर्म-संस्कृतिको फेदमा आँफैले बञ्चरो चलाउने काम गर्ने मूर्खताबाट वैदिक-सनातन-वर्णाश्रमधर्मका अनुयायि ब्राह्मणादि सबै वर्ण बच्नपर्छ।
- उक्त कुराहरुमा सावधान भै व्यवहार नगरेमा गरेका श्राद्धादि कार्यबाट पनि शास्त्रोक्त समुचित फल नमिल्ने खण्ड पर्न जाने हुँदा इ कुरामा सबै वैदिक-सनातन-वर्णाश्रमधर्मका (हिन्दुधर्मका) अनुयायिहरु सचेत हुनपर्छ र आँफ्ना घर, टोल, गाम, इष्ट-मित्र, नाता-कुटुम्ब इत्यादिमा पनि एस विषयको चेतना जगाउनपर्छ।

वैदिक धार्मिक जागरणको आवश्यकता

आजभोलि पाश्चात्त्य राजनीति अर्थनीति समाजनीति शिक्षानीति इत्यादिका प्रभावले हाम्रो वैदिक जीवनपद्धति नराम्ररि आक्रान्त हुँदै गएको पाँइन्छ। सबै क्षेत्रमा विकृतिले जरा गाड्दै गएको देखिन्छ। पाश्चात्त्यहरु भूमण्डलमा आँफ्नो आर्थिक सैनिक सर्वश्रेष्ठताका साथै धार्मिक सांस्कृतिक शैक्षिक सर्वश्रेष्ठता पनि स्थापित गर्नका लागि नाना-प्रकारले प्रयासरत रहेको बुजिन्छ। धार्मिक सांस्कृतिक दार्शनिक रूपमा वैदिक परम्पराको नै सर्वश्रेष्ठता मान्ने ब्राह्मण-हरु तिनको उक्त प्रयासको सफलतामा ठुला बाधकका रूपमा रहेका देखिन्छन्। तेसैले तिनिहरुले वैदिक-शास्त्रका र वैदिक-परम्पराका वाहक वैदिक-मूलधाराका ब्राह्मणहरुका विरुद्ध हाम्रै समाजमा आक्रोश बडाउन अनेक उपायको प्रयोग पनि गरिरहेको प्रतीत हुन्छ। नानाथरि विधर्मि-विदेशिहरुले पौराणिक कथाका दैत्य-दानवहरुले र तिनका मन्त्रि-सहयोगिहरुले वैदिक-सनातन-वर्णाश्रमधर्मका मूल ब्राह्मणहरुलाइ र ऋषिहरुलाइ सिद्ध्याउन प्रयास गरे झैँ (द्र.-भागवत ७।२।१०-१२, १०।४।३९-४२; महाभारत-वनपर्व १०१।१९-२२, १०३।४) नै शुद्ध ब्राह्मणकुलमा जन्मेका समेत गनिएका वा प्रतिभाशालि वर्णाश्रमधर्मि व्यक्तिहरुलाइ विदेशमा लगि वेदाध्ययनादि आँफ्ना धर्मबाट अत्यन्तै विमुख र धनका र मोजमजाका सुरमा मात्र चल्ने भै भ्रष्ट बन्न प्रलोभन दिइ तथा वर्णाश्रमधर्मको मर्यादा तोड्न अनेक प्रकारले प्रोत्साहित गरि कुलीन ब्राह्मणहरुलाइ सिद्ध्याइ वैदिक-सनातन-वर्णाश्रमधर्मको जरो नै कुआइ तथा हाम्रा देशका शिक्षानीति बनाउनेहरुलाइ पनि विविध रूपमा आँफ्ना वशमा पारि षड्यन्त्रपूर्ण शिक्षाप्रणालीद्वारा हाम्रै भाइछोराहरुलाइ नै हाम्रा धर्मका विरोधि बनाइ वैदिक-सनातन-वर्णाश्रमधर्मलाइ नष्ट गर्न प्रयास गरिरएको बुजिएको र एस विषयमा वैदिकसनातन-वर्णाश्रमधर्मका अनुयायिहरुको राष्ट्रको अनुकूल राष्ट्रियनीति भारतवर्षमा कइँ केइ नभएको प्रतीत हुनाले तथा विभिन्न वर्गका र समुदायका व्यक्तिहरु जानेर वा नजानेर वर्णाश्रमधर्म-मर्यादा तोड्न प्रवृत्त भएकाले पनि वैदिक-

सनातनवर्णाश्रमधर्ममा ठुलो आघात पर्न गएको देखिन्छ। हाम्रा निकट भूतकालका इतिहासमा पनि आँफ्ना आचरणको अशास्त्रीयता छिपाउनका लागि शास्त्रको प्रकाशलाइ र धर्मको अनुशासनलाइ नसहने प्रभावशालि व्यक्तिले तन्त्र-मार्गको विशेष प्रचार गरि वैदिकशास्त्रको अनुशासन तोड्न र वर्णव्यवस्था मास्न देशमा भैरवीचक्रको प्रवर्तन गर्ने प्रयास गरेको भन्ने कुरा पनि समाजमा चर्चित पाँइन्छ। त्यो प्रयास तेस वेला तेति सफल हुन सकेको भने पाँइदैन। सए-डेडसए वर्ष एता भने भारतवर्षमा इसाइ धर्म फैलाउन चाहाने परचक्रिहरुले र तिनबाट प्रभावित भएका कथित समाज-सुधारकहरुले श्रुति, स्मृति, पुराण इत्यादि शास्त्रका विरुद्ध र वैदिक-सनातन-वर्णाश्रमधर्मको व्यवस्थाका विरुद्ध धेरै क्रियाकलाप (विभिन्न काम) गरेको र तेसको प्रभाव ऐले पनि समाजमा गम्भीरै रूपमा परिरहेको पाँइन्छ।

अरु कुरा परै छ, नेपालि भाषाको व्याकरण पनि यास्क-पाणिनि-कात्यायन-पतञ्जलि-वररुचि-भर्तृहरिहरुका शाश्वत सिद्धान्तमा चलेका हजारन् वर्षका परम्परागत भाषाव्याकरण-चिन्तनलाइ पाखा लगाइ पश्चिमाहरुको अनुकरण गरेर बनाउने र बलजफत लाद्ने गरिएकाले प्रस्तुत लेखकले तेसका विरुद्ध पनि निरन्तर सङ्घर्ष गर्न परिराखेको छ।

वैदिकशास्त्रको प्रकाशलाइ, वैदिकधर्मको अनुशासनलाइ र वैदिक-ब्राह्मणहरुको धर्म-अर्थ-काम-मोक्षहरुको समन्वय गरेर चल्ने जीवनपद्धतिका आदर्शलाइ समाप्त गरिदिन सकेमा आँफ्नो अनाचार-दुराचार-भ्रष्टाचार आलोचनाको विषय बन्ने सम्भावना नै समाप्त हुने, अँध्यारामा स्वच्छन्द लुट मच्चाउन पाँइने, आँफ्नो भ्रष्टाचारमूलक सुखसयल निरापद हुने र आँफुलाइ पश्चिमाहरुबाट प्राप्त संरक्षण र प्रोत्साहन पनि निरन्तर प्राप्त भैरहन सक्ने ठानि ऐले पनि नेपालमा सबै क्षेत्रमा पश्चिमा आदर्शका वाहकका रूपमा परिणत हुनपुगेका, पश्चिमा शिक्षा पाएका, अनाचारि दुराचारि भ्रष्टाचारि अर्थकामपरायण (धनका र मोज-मजाका सुरमा मात्र चल्ने) प्रभावशालि व्यक्तिहरुले नेपालमा वैदिकशास्त्रको प्रकाशलाइ, वैदिक धर्मको अनुशासनलाइ र वैदिक-सनातन-वर्णाश्रमधर्मको व्यवस्थालाइ पनि समाप्त गरिदिनका

लागि नानाप्रकारका वैदिकशास्त्रका विरुद्ध चरित्रलाइ र क्रियाकलापलाइ अँगाल्ने र प्रोत्साहित गर्ने गरि आँफ्नो प्रयास तीव्र गरेको देखिञ्छ। पश्चिमाहरुले पनि भारतवर्षका राजनीतिक सैनिक प्राशासनिक आर्थिक शैक्षिक र सामाजिक क्षेत्रका प्रभावशालि प्रत्येक व्यक्तिका वा कुटुम्बका (परिवारका) सन्ततिलाइ पश्चिमि देशहरुमा लगि धन-मान दिलाइ आँफ्ना सांस्कृतिक दास बनाउने र भूमण्डलका शोषकसामन्तका प्रेष्यवर्गमा (अरौटेमा) सम्मिलित गर्ने प्रयास समेत धूर्ततापूर्ण रीतिले तीव्र रूपमा गरिरहेको बुजिञ्छ। जानिजानि विपन्नताले गर्दा वा लोभलालचले गर्दा वा नजानेर नबुजेर तेसै हाहाका भरमा पनि तेस्तै क्रियाकलापबाट घसेटिन पुग्नेहरु पनि नेपाल-भारतमा धेरै नै भएका बुजिञ्छन्।

एस अवस्थामा वैदिक शास्त्रका, धर्मका र परम्पराका प्रमुख वाहक ब्राह्मणहरुले आँफ्नो मौलिक परम्परालाइ राम्ररि बुजेर तदनुकूल मनस्स्थिति बनाइ, भावनात्मक पतन त्यागि, परचक्रिहरुका र तिनका आदर्शका अनुयायि अन्यायि-अनाचारि-दुराचारि-भ्रष्टाचारि प्रभावशालि व्यक्तिहरुका आशामुखि सेवक र धर्मविनाशमा सहयोगि उपकरण हुनबाट बचि, अरुको दास भएर रसिलो गास खाने आस छोडि, आँफ्नै धर्म्य उपार्जनका सुक्खा रोटिमा सन्तोष गर्दै त्यक्तभोगप्रधान (यो सबै पदार्थ परमात्माको हो मेरो केइ हैन भन्ने भावनाले गरिने उपभोगलाइ लिएर चल्ने) न्याय्य वृत्तिमा रमाएर मोर्न तत्पर भै सदाचारद्वारा चरित्रबल बडाइ आँफ्नो, वैदिक-समाजको र लोकको पनि उद्धार गर्न अगि सर्न सक्ने बन्नु आवश्यक हुन आएको छ। एस विषयमा जागरण ल्याउन प्रस्तुत-श्राद्धपद्धतिकारले सबै आस्तिक वैदिक हिन्दुधर्मका अनुयायिहरूले पढ्नै पर्ने ग्रन्थ **'वैदिक धर्म मूल रूपमा'** भन्ने ग्रन्थ पनि प्रकाशमा ल्याइसकेको छ (२०४५) र तेस ग्रन्थको सरलीकृत परिष्कृत र परिवर्धित नवीन कलेवरमा द्वितीय संस्करण पनि (८०० पृष्ठको बृहद् आकारमा) प्रकाशित भैसकेको छ (२०६२)। वैदिकधर्मका मूलभूत सबै कुराको बोध त तेसै ग्रन्थबाट हुनसक्छ। धर्मको मूल जरो

वेद भएकाले र वेदको मूल जरो सन्ध्योपासन भएकाले तेसका विषयमा चेतनाको विस्तार भएमा नै वैदिक धार्मिक जागरणका लागि जग बस्न सक्ने हुनाले उक्त चेतनाको विस्तार गर्न र धर्मको आर्को जरो सदाचारको पालनमा ध्यान आकृष्ट गर्न पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखासूत्रको पूर्णअनुकूल **सन्ध्योपासनपद्धति**ग्रन्थ पनि केइ विस्तृतै भूमिकाका साथमा समाजका समक्ष प्रस्तुत गरिसकिएको छ (२०५६)। तेसै प्रसङ्गमा ब्राह्मणहरुका लागि देवकार्यभन्दा पनि पितृकार्य विशिष्ट मानिएकाले (मनुस्मृति ३।२०३, महाभारत, शान्तिपर्व ३३९।५८–५९) र ब्राह्मणत्वको रक्षामा सन्ध्योपासनको जस्तै क्षयाहश्राद्धको (क्षयतिथिश्राद्धको) पनि प्रमुख स्थान रहने कुरा मानिएकाले पनि यो एकोद्दिष्टश्राद्धपद्धतिको प्रचारणलाइ प्राथमिकता दिएर यो कार्य गर्न लागिएको छ। कोलकाताका मनसुखराय मोरले छपाएका ६ खण्ड भएका स्मृतिसन्दर्भमा भनिएको पनि छ–

विप्रत्वं श्राद्धसन्ध्याभ्यां कलौ नाऽन्येन निर्वृतिः। तस्मात् तु तद्द्वयं सम्यग् भक्त्याऽनुष्ठेयमेव वै॥–कपिलस्मृति, श्लो.२९६।
सन्ध्याप्रत्याब्दिकाभ्यां तद् ब्राह्मण्यं लोकविश्रुतम्। येन केन प्रकारेण कृताभ्यां तत्र केवलम्॥–मार्कण्डेयस्मृति पृ.१८४।
बहूक्त्वा किं महाभागा ब्राह्मण्यं तु कलौ परम्। तिष्ठति श्राद्धसन्ध्याभ्यां तस्मात् तद्द्वितयं चरेत्॥–स्मृतिसन्दर्भ–६, पृ.२२०।

शास्त्रोक्त धर्मको ज्ञानपूर्वक आचरणको आवश्यकता

वैदिक परम्परामा राजादेखि रङ्कसम्म सबैलाइ अनुशासित गर्ने तत्त्वका रूपमा रहेको शास्त्रको महत्त्व सारै धेरै भएकाले र शास्त्रोक्त धर्मको ज्ञानपूर्वक आचरण गर्ने कुरा उत्तम र आवश्यक भएकाले तथा हाम्रा वैदिक मूल परम्परामा श्रुति-स्मृति-पुराण-शास्त्रको अध्ययन गर्ने, तिनका विधानको राम्ररि ज्ञान (बोध) गर्ने, अनि शास्त्रोक्त

धर्मलाई शास्त्रोक्त रूपमा नै यथाशक्ति आचरणमा ल्याउने र समाजमा शास्त्रोक्त धर्मको प्रचार गर्ने कुरांलाइ धेरै महत्त्व दिइएकाले पनि श्रुति-स्मृति-पुराणशास्त्रको आँफै अध्ययनादि गर्ने अवसर नपाएका र तेसो गर्न असमर्थ रहेका भएपनि तेसो गर्न चाहाने धार्मिक सज्जनहरुलाइ शास्त्रोक्त एउटा प्रमुख धर्मको शास्त्रोक्त रूपमा आचरण गर्नसम्म भनेपनि समर्थ बनाउन विशेष उपयोगि हुने गरि केइ विस्तृतै भूमिकाका साथमा माध्यन्दिनीय-वाजसनेयि-शुक्ल-यजुर्वेदशाखाध्यायिहरुको **श्राद्धकल्पसूत्रको** पूर्ण अनुकूल रूपमा पनि प्रयोगमा ल्याउन सकिने यो एकोद्दिष्टश्राद्ध-पद्धति याँहाँ प्रस्तुत गर्न लागिएको हो। ज्ञानपूर्वक गरिने शास्त्रोक्त कर्मको ब्रह्मज्ञानमा (आत्मज्ञानमा) पनि उपयोग हुने कुरा बुज्न वाराणसीको चौखम्बाविद्याभवनबाट प्रकाशित (२००२ सन्) कौण्डिन्न्यायनवृत्तिसहित **ब्रह्ममीमांसासूत्रको** अनुशीलन उपयोगि हुञ्छ।

श्राद्ध भनेको के हो?

परलोक गएका व्यक्तिको तृप्ति होस् भनि सामान्यतया विधिपूर्वक हवन, ब्राह्मणभोजन, पिण्डदान इत्यादि गरिने धर्मकार्यविशेषलाइ श्राद्ध भञ्छन्। यो कुरा मुख्य रूपमा पार्वणश्राद्धलाइ लिएर भनिएको हो। श्रद्धापूर्वक दिइने काम हुनाले श्राद्ध भनिएको हो भन्ने मुनिवचन पनि देखिञ्छ—

प्रेतं पितॄंश् च निर्दिश्य भोज्यं यत् प्रियमात्मनः। श्रद्धया दीयते यत्र तच् छ्राद्धं परिकीर्तितम्॥

—मरीचिवचन, निर्णयसिन्धु, निर्णयसागरमुद्रणालय, पञ्चमसंस्करण, पृ.२६५।

श्राद्धे श्रद्धा यतो मूलं तेन श्राद्धं प्रकीर्तितम्। तत् तस्मिन् क्रियमाणे तु न किञ्चित् व्यर्थतां व्रजेत्॥—स्कन्दपु.नागर.२१८।३।

श्राद्धमा ऋग्वेदिहरुले ब्राह्मणभोजनलाइ, यजुर्वेदिहरुले पिण्डदानलाइ र सामवेदिहरुले उक्त दुवै कुरालाइ प्रधान मान्ने गरेको बुजिञ्छ। कसैले हवन, ब्राह्मणभोजन, पिण्डदान इ तिन कुराको समुदाय श्राद्ध हो, इ तिन कुरामध्ये कुनै एकलाइ लिएर श्राद्ध भन्ने कुरा लाक्षणिक हो भन्ने गरेको पनि देखिञ्छ। तथापि एकोद्दिष्टश्राद्धमा त ब्राह्मणभोजन र पिण्डदान नै प्रमुख देखिञ्छन्, जस्तै–

पिण्डदानं तु यजुषां बह्वृचां द्विजतर्पणम्। श्राद्धशब्दाभिधेयं स्यादुभयं सामगायिनाम्॥–व्याघ्रपादस्मृति, श्लो.१७३।

प्राधान्यं पिण्डदानस्य केचिदाहुर् मनीषिणः। गयादौ पिण्डमात्रस्य दीयमानत्वदर्शनात्॥

भोजनस्य प्रधानत्वं वदन्त्यन्ये महर्षयः। ब्राह्मणस्य परीक्षायां महायत्नप्रदर्शनात्॥

आमश्राद्धविधानस्य विना पिण्डैः क्रियाविधेः। तदालभ्याऽप्यनध्यायविधानश्रवणादपि॥

विद्वन्मतमुपादाय ममाऽप्येतद् हृदि स्थितम्। प्राधान्यमुभयोर् यस्मात् तस्मादेष समुच्चयः॥

–कात्यायनस्मृति (छन्दोगपरिशिष्ट) २९।९–१२; मनसुखराय मोरले छपाएको स्मृतिसन्दर्भ, तृतीय भाग, पृ.१३८५।

श्राद्धको माहात्म्य

श्राद्धले परलोक गएकाहरुलाइ तृप्ति र सुख दिने तथा श्राद्ध गर्नेलाइ पनि कामनाअनुसार आयु, विद्या, धन, पुत्त्र, राज्य, सुख, स्वर्ग र मोक्ष पनि दिने कुरा शास्त्रमा बताइएको छ। पितृ छैनन् भन्ने भावना मनमा राखेर अज्ञानले गर्दा जो माञ्छे पितृको श्राद्ध गर्दैन, पितृले उसको रगत पिउँछन् भनेर श्राद्ध नगर्नेको तीव्र निन्दा गर्ने कुरा देखाउने पुराणको वचन पनि हेमाद्रिका चतुर्वर्गचिन्तामणिका श्राद्धकल्पमा उल्लिखित देखिञ्छ (पृ.२५), निर्णयसिन्धुमा पनि

श्राद्धप्रकरणका प्रारम्भमै त्यो वचन छ। लौकिक दृष्टिले हेर्दा पनि श्राद्ध आँफ्ना पितापुर्खा प्रति भक्ति, अनुराग, कृतज्ञता, आस्था तथा आँफ्ना धार्मिक सांस्कृतिक परम्परा प्रति श्रद्धा जगाउने कृत्य समेत भएकाले यो आँफ्नो जातिको राष्ट्रको र धर्मसंस्कृतिको संरक्षणमा पनि प्रभावकारि भूमिका खेल्ने सारै ठुलो धार्मिक कृत्य देखिञ्छ। श्राद्ध सारै ठुलो कर्म हो। भनिएको पनि छ–

सदाचारपरो विप्रः कृपालुः श्राद्धकृत् तथा। आत्मनिष्ठोऽथ लोकेषु तारयेत् तरति स्वयम्॥

–लघ्वाश्वलायनस्मृति, स्मृतिसन्दर्भ, तृतीयभाग, पृ.१७६६।

न्यायाऽऽगतधनस् तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः। श्राद्धकृत् सत्यवादी च गृहस्थोऽपि हि मुच्यते॥–याज्ञवल्क्यस्मृति ३।२०५।

सर्वशास्त्रार्थगमनं सर्वतीर्थावगाहनम्। सर्वयज्ञफलं विन्द्याच् छ्राद्धदानान् न संशयः॥–अत्रिसंहिता, श्लो.३६३, पृ.३८५।

पितृयज्ञ(श्राद्ध)भन्दा ठुलो आर्को धर्म नभएकाले व्यय भएकामा र ब्राह्मणले खाएकामा पेट पोल्ने मनस्-स्थितिबाट मुक्त भएर प्रयत्नपूर्वक सकेसम्म राम्ररि पितृयज्ञ (श्राद्ध) गर्नु भन्ने कुरा पुराणमा भनिएको छ। जस्तै–

पितृयज्ञात् परो यस्माद् धर्मो नास्ति कथञ्चन। तस्मात् सर्वप्रयत्नेन शक्त्या कुर्यादमत्सरः॥–पद्मपुराण, सृष्टिखण्ड ५०।३११।

जेजस्तो कठोर काम गरेर भनेपनि श्राद्धका लागि धन र सामग्री जुटाएर श्राद्ध गर्नपर्छ भन्ने कुरा देखाउने पुराणवचन पनि देखिञ्छ। जस्तै–

अकर्तव्यशतं कृत्वा श्राद्धं कुर्याद् विचक्षणः। तच् च कर्तव्यतामेति स्वयमुक्तं विरिञ्चिना॥.....

गुरोर्गोहननं कृत्वा ददुः श्राद्धं ययुर् दिवम्। तेषां च कीर्तनादेव श्राद्धं भवति चाऽक्षयम्॥–पद्मपु., सृष्टिखण्ड ५०।२७२-२७४।

सर्वेषामेव दानानां श्राद्धदानं विशिष्यते। मेरुतुल्यं कृतं पापं श्राद्धदानं विशोधनम्॥—अत्रिसंहिता, श्लो.३६६, पृ.३८५।

आयुर् विद्यां धनम् पुत्रान् राज्यं सौख्यं त्रिविष्टपम्। मोक्षं चाऽपि प्रयच्छन्ति पितरः श्राद्धतर्पिताः॥—द्र.– याज्ञवल्क्य.१।२७०।

आँफ्ना पितापुर्खा प्रतिको श्रद्धाको अभिव्यक्तिका र तेसको नवीकरणका रूपमा मात्र लिएपनि पिता-माताको श्राद्धको लोप गर्नु उचित देखिँदैन। शास्त्रको महत्त्व बुज्नेले त तेसको लोप गर्न हुँदैहुँदैन।

श्राद्धका प्रकार

शास्त्रमा **अमावास्याश्राद्ध (दर्शश्राद्ध)**, **अपरपक्षश्राद्ध (पितृपक्षश्राद्ध)**, **अष्टकाश्राद्ध, अयनादिश्राद्ध, विषुवश्राद्ध, युगादिश्राद्ध, मन्वन्तरादिश्राद्ध** इत्यादि वर्षदिनभोरिमा गर्न पर्ने भनिएका ९६ श्राद्धसमेत धेरै प्रकारका श्राद्ध बताइएका छन् (आङ्गिरसस्मृति, पूर्वाङ्गिरस, श्लो.६०६–६१३)। तेसमा **एकोद्दिष्टश्राद्ध, एकपार्वणश्राद्ध, पार्वणश्राद्ध (पितृपक्ष-श्राद्ध), आभ्युदयिकश्राद्ध** वा **नान्दीमुखश्राद्ध** र **तीर्थश्राद्ध** सामान्यतया प्रचुरमात्रामा व्यवहारमा आउने गरेका देखिञ्छन्। **एकोद्दिष्ट**श्राद्ध भनेको पिता माता इत्यादि परलोकभएका तिथिमा तिनै एक पितृलाइ मात्र पिण्ड दिइने श्राद्ध हो। अम्सिमा वा सोरसरातमा परलोक भएका पिताका तिथिमा गरिने पिता-पितामह-प्रपितामहलाइ पिण्ड दिइने श्राद्धलाइ **एकपार्वण**श्राद्ध भञ्छन्। सामान्यतया पितृपक्षका तिन पितृलाइ (पिता-पितामह-प्रपितामहलाइ) र मातामह-पक्षका तिन पितृलाइ (मातामह-प्रमातामह-वृद्धप्रमातामहलाइ) गरि छ जाना पितृलाइ छ पिण्ड दिइने श्राद्धलाइ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरु **पार्वण**श्राद्ध भञ्छन्। पार्वणशब्दको अर्थ पर्वमा (अम्सिमा)

गरिने भन्ने हो। यज्ञ-विवाहादि कृत्य गर्नुभन्दा अगि गरिने श्राद्धलाइ **आभ्युदयिक**श्राद्ध (आइदेउ) वा **नान्दीमुख**श्राद्ध (नानिमुखि) भञ्छन्। एसमा पनि माध्यन्दिनीयवाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुको आभ्युदयिकश्राद्धको विधि बताउने मूल शास्त्र कात्यायनश्राद्धकल्पसूत्रअनुसार पितृपक्षका तिन पितृलाइ र मातामहपक्षका तिन पितृलाइ गरेर छ पितृलाइ छ पिण्ड नै दिइञ्छन्। एस्तो आभ्युदयिकश्राद्धको पद्धति मात्र हाम्रा शाखासूत्रको अनुकूल पद्धति हो; संस्कृत-विश्वविद्यालयले प्रकाशित गरेका कर्मकाण्डभास्करका (२०५४, २०५७) समेत अरु चलनचल्तिका आभ्युदयिक-श्राद्धपद्धतिहरु अरुका शाखाबाट वा तन्मूलक लघुस्मृति-पुराणादिबाट प्रभावित पद्धतिहरु हुन् र स्वशाखासूत्रको विचार नभएका वैदिक धर्माचरणको मार्ग नबुजेका अविवेकि गतानुगतिकहरुले मात्र तेस्ता पद्धति स्वीकारेका हुन्। अथवा अशक्तिले पिण्डरहित आभ्युदयिक श्राद्ध गर्ने गरेका हुन्। पुराणहरुमा बताएका विधिले तीर्थमा गरिने श्राद्धलाइ **तीर्थ**श्राद्ध भञ्छन्। एस श्राद्धमा पितृवर्ग, मातृवर्ग, मातामहवर्ग, मातामहीवर्ग, गुरु, शिष्य, पत्नी, पुत्त्र, भ्राता (दाजु वा भाइ), पितृव्य (जेठाबाउ-काञ्छाबाउ), श्वशुर (ससुरा), मातुल (मामा) इत्यादि सबै पितृलाइ पिण्ड दिञ्छन्। तीर्थ-श्राद्धको प्रतिपादन कात्यायनश्राद्धकल्पसूत्रमा भने छैन। तीर्थश्राद्धको विधान पुराणको हो।

क्षयतिथिमा एकोद्दिष्टश्राद्ध नै गर्ने हो

क्षयतिथिमा अर्थात् व्यक्ति मोरेका तिथिमा प्रतिवर्ष गरिने श्राद्ध पार्वण गर्ने कि एकोद्दिष्ट गर्ने भन्ने विषयमा धर्मशास्त्रका वचनहरुमा र धर्मशास्त्र-निबन्धग्रन्थहरुमा धेरै विवादका कुरा देखिञ्छन्, तेसमा आँफ्नो शाखासूत्रको

ठेगान नभएकाहरुले जे गरेपनि हुञ्छ; कात्यायनश्राद्धकल्पसूत्रका अनुयायि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुले भने एकोद्दिष्ट नै गर्ने हो। मलमासमा (अधिकमासमा) मोर्नेको तेसै मासमा मलमास परेका वर्ष मलमासमै श्राद्ध गर्नपर्छ, अरु वर्षमा शुद्धमासमै श्राद्ध हुञ्छ। पिताको निधन अम्सिमा वा पितृपक्षमा भएकामा भने स्वसूत्रमा विशेष वचन नभएपनि अन्य लघुस्मृति-पुराणका वचनको आधार लिएर होला एकपार्वणश्राद्ध गर्ने गरिएको देखिञ्छ। यो कुरा कुनै प्रकारले स्वसूत्रको अनुकूलै पनि मान्न सकिने देखिञ्छ। एकपार्वण भनेको पिता-पितामह-प्रपितामहलाइ मात्र पिण्ड दिने, मातामहादिलाइ पिण्ड नदिने श्राद्ध हो। माताका र अरुका विषयमा भने यो कुरा लाग्दैन भन्ने लघुस्मृतिवचन पनि पाँइञ्छन्। यो पक्ष पनि हाम्रा सूत्रको अनुकूलै देखिञ्छ। तसर्थ सबै अवस्थामा माताका क्षयतिथिमा एकोद्दिष्ट नै हुञ्छ।

पिता-माताको क्षयतिथि एउटै दिन परेमा कसैले मरणक्रमअनुसार श्राद्ध गर्ने भनेका छन्, कसैले पिताको श्राद्ध गरेर माताको श्राद्ध गर्ने भनेका छन्। तेसमा दोस्रो पक्ष नै समुचित देखिञ्छ। पिताको र पितामहको श्राद्ध एकै दिन गर्न पर्दा पनि पिताको श्राद्ध अत्यावश्यक र पितामहको श्राद्ध ऐच्छिक भएकाले पिताको श्राद्ध नै पैला गर्न पर्ने देखिञ्छ।

अत ऊर्ध्वं संवत्सरे-संवत्सरे प्रेतायाऽन्नं दद्याद् यस्मिन्नहनि प्रेतः स्यात्।—कात्यायनश्राद्धकल्पसूत्र, कण्डिका ५।

सपिण्डीकरणादूर्ध्वं प्रतिसंवत्सरं द्विजः। मातापित्रोः पृथक् कुर्यादेकोद्दिष्टं मृतेऽहनि॥—लिखितस्मृ., स्मृतिसन्.–३, पृ.१५५६।

ततः प्रभृति सङ्क्रान्तावुपरागादिपर्वसु। त्रिपिण्डमाचरेच् छ्राद्धमेकोद्दिष्टं मृतेऽहनि॥—पद्मपुराण सृष्टिखण्ड १०।२९।

एकोद्दिष्टं सदा श्राद्धं श्रेष्ठं पितृक्षयेऽहनि। न तु वै पार्वणं शस्तं येषामग्निर् न विद्यते॥—ब्रह्मोक्तयाज्ञ., स्मृतिसन्.–४, पृ.२३७७।

पौर्णमास्याममावास्यां तथा कन्यागते रवौ। एकोद्दिष्टं तु मातुः स्यात् पितुरेव हि पार्वणम्॥

—ब्रह्मोक्तयाज्ञवल्क्यसंहिता ३।३२–३३ (स्मृतिसन्दर्भ, चतुर्थभाग, पृ.२३७७, द्र.– २३७८)।

एकोद्दिष्टश्राद्धमा ऊहको विचार

पार्वणश्राद्धमा प्रयुक्त हुने कतिपय मन्त्रहरु र अभिलापहरु (लौकिक वाक्यविशेषहरु) एकोद्दिष्टश्राद्धमा प्रयोगमा ल्याउँदा तिनमा केइ पदहरु हटाइ अनुकूल पदहरु राख्न पर्ने-नपर्ने विषयमा हेमाद्रिका श्राद्धकल्पमा, वीरमित्रोदयका श्राद्धप्रकाशमा, श्राद्धमयूखमा, निर्णयसिन्धु-धर्मसिन्धुहरुमा विचार गरिएको देखिञ्छ। एस्तो विचार ऊहविचार भनिञ्छ। निर्णयसिन्धुका लेखाइबाट एस विषयमा पनि विभिन्न शाखामा विभिन्न व्यवस्था भएको कुरा देखिन आएको छ। हाम्रा शाखाका शैलीबाट भने अभिलापहरुमा (मन्त्रभिन्न वाक्यहरुमा) तेस्तो परिवर्तन गर्नपर्ने देखिएपनि मन्त्रहरुमा तेसो गर्न नपर्ने देखिन आएको छ। एस विषयमा श्रीदत्तका श्राद्धकल्पमा र रुद्रधरका श्राद्धविवेकमा मन्त्रहरुमा पनि ऊहको प्रयोग गरिएको र मैथिलहरुमा तेस्तै परम्परा रैआएको देखिएपनि हाम्रा प्रचलित पद्धतिहरुमा मुख्य रूपमा तेस्तो परम्परा नदेखिएकाले, गदाधरले पनि एकोद्दिष्ट-प्रयोगमा ऊहको उल्लेख नगरेकाले, पितृशब्द लोकान्तरगतमनुष्यरूप श्राद्धदेवतासामान्यवाचक (सामान्यतया परलोक गएका श्राद्ध पाउने व्यक्तिलाइ बुजाउने) मान्न पनि सकिने र तेसमा बहुवचन पनि पूजार्थक (सम्मान जनाउने) मान्न सकिने देखिएकाले तथा तेसो मानेमा तेस पदमा ऊहको आवश्यकता नपर्ने हुँदा प्रस्तुत पद्धतिकारले पितृपद भएको मुख्य मन्त्रमा ऊह गर्न नपर्ने मानेको छ। अभिलाप-हरुमा त यथोचित पदको प्रयोग गर्नु आवश्यकै मानेको छ।

छुट्टिएका दाजुभाइले पिता-माताको श्राद्ध छुट्टाछुट्टै गर्ने हो

छुट्टिएर पृथक् पाक (छुट्टाछुट्टै पकाउने खाने) गरि बसेका आँफ्नो-आँफ्नो खति-उपति आँ-आँफै भोग्ने गरेका दाजु-भाइले दायविभाग (अङ्सबण्डा) नभएर वा भएर पनि कसैले पैत्रिक सम्पत्ति नखाएकै भएपनि पिता-माताको श्राद्ध छुट्टाछुट्टै नै गर्नपर्छ भन्ने कुरा स्मृति-पुराणादिशास्त्रका विचारबाट देखिन्छ। एस्तो कुरा स्पष्ट रूपमा देखाउने वचन पनि पाँइन्छन्। जस्तै–

अविभक्ताः पृथग्ग्रामाः स्वस्वार्जितधनाशनाः। भ्रातरः कुर्वते श्राद्धं मातापित्रोः पृथक्पृथक्॥–व्याघ्रपादस्मृ. श्लो.२८३-२८४।

एकपाकेन वसतां पितृदेवद्विजार्चनम्। एकं भवेद् विभक्तानां तदेव स्याद् गृहेगृहे॥

–निर्णयसिन्धुमा *(निर्णयसागरको पञ्चम संस्करणमा)* बृहस्पतिवचन, पृ.३५६।

भ्रातृणामविभक्तानां पृथक्पाको भवेद् यदि। वैश्वदेवादिकं श्राद्धं कुर्युस् ते वै पृथक्पृथक्॥–निर्णयसिन्धु, पृ.३५७।

विभक्तैश् च पृथक् कार्या क्रिया सांवत्सरादिका। एकैकेन च कर्तव्या पुत्रेण च स्वयंस्वयम्॥–मूलगरुडपुराण २।३४।१३०।

जस्तै दीन-हीन व्यक्तिले पनि पिता-माताको एकोद्दिष्टश्राद्ध छोड्न हुँदैन

सामान्यतया गर्नपर्ने पितृकार्य छुटाउन हुँदैन भन्ने वेदको सिद्धान्त छ। तैत्तिरीयोपनिषद्मा **"देव-पितृकार्याभ्यां न प्रमदितव्यम्"** भन्ने उपदेश छ (१।११।२)। निर्धन, दुर्बल, रोगि, पीडित, गुप्तवास बसेका, अरु धर्मकर्म गर्न केइ नसक्ने र मृतप्राय (मोरेतुल्य) भएका व्यक्तिले समेत पिता-माताको मृततिथिको (छिन्नतिथिको, क्षयाहको) श्राद्ध

छोड्न हुँदैन; सन्ध्योपासनले र पिता-माताका तिथिश्राद्धले ब्राह्मणत्वको पालन हुन्छ; तिथिश्राद्ध छोड्नाले कोटिजन्म-सम्म चण्डाल हुनपर्छ, तसर्थ प्राणान्तै कष्ट पर्दा पनि तिथिश्राद्ध (क्षयाहश्राद्ध) ब्राह्मणले छोड्न हुँदैन भन्ने समेत शास्त्रको उपदेश छ। जस्तै–

ब्रह्मज्ञानी पण्डितो वा मूर्खो वाऽप्यथवाऽबला। मृताहं समतिक्रम्य चण्डालः कोटिजन्मसु॥

प्रतिसंवत्सरं कुर्यान् मातापित्रोर् मृतेऽहनि। पितृयज्ञविधानेन श्राद्धं मन्त्रविधानतः॥–स्मृतिसन्दर्भ–६, पृ.३८०–३८१।

अकिञ्चनैर् दुर्बलैर् वा व्याधितैर् वा विशेषतः। बाधितैर् धावमानैर् वाऽज्ञातवासिभिरेव वा॥

नष्टक्रियैर् नष्टधनैर् मृतप्रायैरथापि वा। त्यक्तुं न शक्यते श्राद्धं मृताहाख्यं कथञ्चन॥–आङ्गिरसस्मृति, स्मृतिसन्., पृ.३०१५।

नास्तिक्यादथवा लोभान् मोहात् काले यथोदिते। भक्त्या न श्राद्धदा ये स्युः पच्यन्ते नरकेषु ते॥–पद्मपु., पाताल.९६।५६–५७।

मृतेऽहनि पितुर् यस् तु न कुर्याच् छ्राद्धमादरात्। मातुश् चैव वरारोहे स द्विजः शूद्रसन्निभः॥–स्कन्दपुराण ७।१।२०७।३०।

मोहान् न कुरुते श्राद्धं मातापित्रोर् मृतेऽहनि। निराशाः पितरो यान्ति दुर्गतिं चाऽपि वै सुतः॥

अज्ञानाद् वा प्रमादाद् वा यो मृताहमतिक्रमेत्। स याति नरकं घोरं यावदाभूतसम्प्लवम्॥–लघ्वाश्वलायनस्मृति २४।२७,२८।

मृताहं समतिक्रम्य चाण्डालः कोटिजन्मसु। अतो विप्रैर् न तत् त्याज्यं प्राणैः कण्ठगतैरपि॥

–देवलवचन, हेमाद्रिकृत चतुर्वर्गचिन्तामणि, प्रायश्चित्ताध्याय, पृ.५५६, द्र.– मार्कण्डेयस्मृति, पृ.२२१।

सर्वेषामेव श्राद्धानां श्रेष्ठं सांवत्सरं स्मृतम्।–स्कन्दपुराण ७।१।२०५।४३।

क्षयतिथिश्राद्ध छोड्न नहुने अरु अवस्थाहरु

बदरिकाश्रमका ब्रह्मकपालमा (कपालमोचनतीर्थमा) श्राद्ध गरेपछि पनि तिथिश्राद्ध (क्षयाहश्राद्ध) पिण्डसहितै गर्नैपर्छ; अरु तीर्थमा मात्र श्राद्ध नगर्ने हो। व्रतबन्ध-विवाहादि मङ्गलकर्म गरेपछि छ मैना वा वर्षदिनसम्म तिलतर्पण र पिण्डयुक्त श्राद्ध गर्न हुँदैन भन्ने भ्रम निर्णयसिन्धुका लेखबाट (पृ.२३२) कसैकसैमा पर्न गएको देखिन्छ। आभ्युदयिक श्राद्ध गरेपछि मण्डपोत्थापन नगरिञ्जेल (जग्गिया नउठाइञ्जेल) त तिलतर्पण र श्राद्ध गर्न हुँदैन (निर्णय.पृ.२२६, २३२)। मण्डपोत्थापन गरेपछि त क्षयतिथिश्राद्ध, महालयश्राद्ध र गयाश्राद्ध पनि गर्न हुन्छ भन्ने कुरा मुहूर्तमार्तण्डमा (विवाहप्रकरण श्लो.४५) र तेसका मार्तण्डवल्लभा टीकामा खोलेर लेखिएको छ। यो कुरा निर्णयसिन्धुमा (निर्णयसागर, पञ्चमसंस्करण, पृ.११२, २३३, ३२५, ३२६) र धर्मसिन्धुमा (निर्णयसागर, द्वितीयावृत्ति, पृ.२०६) पनि स्पष्टै छ।

कसैले आमाका बराखिमा परेको बाबुको क्षयतिथिश्राद्ध रोकिने र आमाको वार्षिकश्राद्धसँगै हुने कुरा गर्छन्, कसैले बाबुका बराखिमा परेको आमाको क्षयतिथिश्राद्ध पनि नरोकिने कुरा लेखेका छन्; हाम्रा गुरुजनले बाबुका बराखिमा परेको आमाको क्षयतिथिश्राद्ध रोकिने र बाबुको वार्षिकश्राद्ध सिद्धिएपछि तेसै दिन त्यो हुने तथा आमाका बराखिमा परेको बाबुको क्षयतिथिश्राद्ध नरोकिने कुरा बताउनुभएको सुनिएको हो। एस विषयमा विशेष विवेचन छुट्टै गोर्खापत्रमा (२०६०।५।२७) प्रकाशित लेखमा गरिसकिएको छ। गुरुजनबाट सुनिएको कुरा नै शास्त्रसम्मत देखिएको छ।

श्राद्ध गर्ने अधिकारि

बाउ-आमाको श्राद्ध कर्माधिकार भएको (आचारी, सवर्ण) छोरो भए छोराले गर्नैपर्छ, तेस्तो छोरो वा छोरो हुँदै नभए धर्मपत्नीले पतिको श्राद्ध आँफै वा ब्राह्मणद्वारा आजीवन गर्नैपर्छ। दाजुको अंश खौटेर खाने भाइले पनि दाजुको श्राद्ध आजीवन गर्नैपर्छ। जेठाबाउ-काञ्छाबाउको पनि अंश खौटेर खाएको भए भतिजाले आजीवन श्राद्ध गर्नैपर्छ। छोरा नभएका मातामहको र मातामहीको पनि धनको उत्तराधिकार पाएको भए वा पुत्रिकाधर्मले अर्थात् नाति मातामहको छोरोजस्तो हुने भन्ने व्यवस्था गरि उसकि आमाको विवाह भएको भए नातिले आजीवन श्राद्ध गर्नैपर्छ। बुडाबाउ, खुडाबाउ, बुडिआमा, खुडिआमा इत्यादिको पनि क्षयतिथिश्राद्ध गरे राम्रै हुञ्छ; नगरेपनि प्रत्यवाय (दोष) भने लाग्दैन। पिता जीवित भएपनि पुत्ररहित सौताने आमाको र पुत्रपत्नीरहित पितृव्यको पनि पिताका आज्ञाले श्राद्ध गर्न हुञ्छ। श्राद्ध गर्ने सबै नै व्यक्ति सदाचारि भने हुनैपर्छ।

पितामहस्य तत्पत्न्याः प्रपितामहयोरपि। कृते कर्मण्यपि ततो वर्षश्राद्धं कृताकृतम्॥–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ–६, पृ.३८२।

श्राद्ध अड्केमा कैले गर्ने?

कुनै कारणले श्राद्ध अड्केमा आउँदा अम्सिमा वा कुनै पनि अम्सिमा त्यो श्राद्ध गर्न हुञ्छ। आउँदा मैनाका तेइ तिथिमा त्यो श्राद्ध गर्नु उत्तम हुञ्छ। कृष्णपक्षका कुनै एकादशीमा वा शुक्लपक्षकै कुनै एकादशीमा पनि अड्किएको श्राद्ध गर्न हुञ्छ। पत्नी रजस्वला भएर एकोद्दिष्टश्राद्ध रोकिँदैन भन्ने कुरा सर्वसम्मत छ। जुठो-सूतकले श्राद्ध रोकिए-कामा जुठो-सूतकका अन्त्यमा सामान्यतया एगारौँ दिनमा श्राद्ध गर्नु उत्तम छ; माथि भनिएका कुनै तिथिमा गर्न पनि

हुन्छ। रजस्वला भएर पतिको श्राद्ध रोकिएमा चोखिने बित्तिकै पाँचौं वा सातौं दिनमा श्राद्ध गर्नपर्छ। श्राद्धका निमित्त ब्राह्मणभोज्य वस्तुहरु पकाउन थालिसकेपछि परेको जुठो-सुत्केरो श्राद्धशेष नखाइञ्जेलका श्राद्धका काम नसकियुञ्जेल लाग्दैन। ग्रहणका सूतकले पनि श्राद्ध रोकिँदैन। भोजन गर्ने ब्राह्मण नपाए आमश्राद्ध गर्नपर्छ। क्षयतिथिमा मघा नक्षत्र परेपनि श्राद्ध रोकिँदैन। अड्किएका श्राद्धका विषयमा भनिएको छ–

मासिके चाब्दिके त्वह्नि सम्प्राप्ते मृतसूतके। वदन्ति शुद्धौ तत् कार्यं दर्शे वापि विचक्षणाः॥–षट्त्रिंशन्मतवचन, निर्णय., पृ.३३९।

श्राद्धविघ्ने समुत्पन्नेऽप्यविज्ञाते मृतेऽहनि। एकादश्यां तु कर्तव्यं कृष्णपक्षे विशेषतः॥–मरीचिवचन, निर्णयसिन्धु, पृ.३३९।

मासिकान्युदकुम्भानि श्राद्धानि सकलानि च। प्रतिसांवत्सरश्राद्धं सूतकानन्तरं स्मृतम्॥–पद्मपुराण, पातालखण्ड १०५।६७–६८।

यस्य *सांवत्सरं* मोहाद् *व्यतिक्रान्तं* द्विजन्मनः। श्राद्धं तस्य प्रकुर्वीत अन्यस्मिन् मासि तद्दिने॥–स्मृतिसन्दर्भ, पृ.२३८२।

एकोद्दिष्टे तु सम्प्राप्ते यदि विघ्नः प्रजायते। मासेऽन्यस्मिन् तिथौ तस्मिन् श्राद्धं कुर्यात् प्रयत्नतः॥–स्मृतिसन्., पृ.२३८२।

अपुत्रा तु यदा भार्या सम्प्राप्ते भर्तुराब्दिके। रजस्वला भवेत् सा तु कुर्यात् तत् पञ्चमेऽहनि॥–व्याघ्र., स्मृतिसन्., पृ.२५२१।

श्राद्धमा ब्राह्मणलाइ भुजाभात इत्यादि पक्वान्न ख्वाएरै श्राद्ध गर्नु मुख्य पक्ष हो

श्राद्ध साक्षात् ब्राह्मणै राखेर गर्ने मुख्य (कात्यायनश्राद्धकल्पसूत्रको) विधान हो। क्षयतिथिश्राद्ध त साधारण अवस्थामा आमान्नले (काँचा अन्नले) गर्दैनगर्नु, ब्राह्मणलाइ घृतौदन (भुजाभात), क्षीरौदन (खिर), शाक (तर्कारि), व्यञ्जन (अचार-चटनि), सूप (दाल) इत्यादि पक्वान्न (पकाएका अन्न) ख्वाएरै गर्नु भन्ने स्मृतिहरुको पनि विधान छ। जस्तै–

पित्रोर् मृताहं सततमपि कृच्छ्रगतो नरः। अन्नेनैव प्रकुर्वीत नाऽऽमाद्येन कदाचन॥–स्मृतिसन्दर्भ, पृ.२९७८; द्र.– ६– ३८३, ३९६।

सर्वप्राणेन पित्रोस् तच् श्राद्धमन्नेन यच् चरेत्। दरिद्रस्य न दोषोऽस्ति श्राद्धधर्मादिलोपतः॥–मार्कण्डेयस्मृति, पृ.१८७।

आपद्यपि पितृश्राद्धमन्नेनैव समाचरेत्। न चैवाऽऽमेन हेम्ना वा मन्त्रैर् यव-तिलादिभिः॥– द्र.– कपिल., स्मृतिसन्., पृ.२५४५।

येन केन प्रकारेण पित्रोः श्राद्धं विधानतः। अन्नेनैव प्रकुर्वीत नाऽन्येन तु कदाचन॥–लोहितस्मृति, स्मृतिसन्दर्भ–५, पृ.२७३७।

मृताहश्राद्धमेकं तु न हिरण्यादिना चरेत्। कदाचिदपि वच्म्येतत् किन्त्वन्नेनैव तत् चरेत्॥–लौगाक्षि., स्मृतिसन्दर्भ–६, पृ.३८३।

विदेशगो वा विगताग्निको वा रजस्वलायामपि धर्मपत्न्याम्। श्राद्धं मृताहे विदधीत पाकैर् नाऽऽमेन हेम्ना न च पञ्चमेऽह्नि॥

–सङ्ग्रहकारवचन, भट्टोजिदीक्षितकृत चतुर्विंशतिमतव्याख्या, पृ.१३७।

श्राद्धमा कस्ता ब्राह्मण चाइञ्छन्?

श्रुति-स्मृति-पुराणहरुले बताएको मूल धर्म वर्णाश्रमव्यवस्थायुक्त छ। तसर्थ सबै वैध धर्मकृत्यमा ब्राह्मणको आवश्यकता पर्छ। ब्राह्मण नपाइँदा कुशका ब्राह्मण भने पनि साक्षि राखेर धर्मकर्म गरिञ्छ। तेसमा पनि श्राद्धमा विधिपूर्वक वेद पडेका शुद्धकुलीन उपाध्याय ब्राह्मणको आवश्यकता पर्छ। वेद पडेका ब्राह्मण नराखिकन गरेको श्राद्ध पितृले पाउँदैनन्, तेस्तो श्राद्ध दैत्यका भागमा जाञ्छ भन्ने कुरा हरिवंशपुराणादिमा पाँइञ्छ। जस्तै–

अश्रोत्रियं श्राद्धमधीतमव्रतमदक्षिणं यज्ञमनर्त्विजा हुतम्।
अश्रद्धया दत्तमसंस्कृतं हविरेते प्रदत्तास् तव दैत्य भागाः॥–हरिवंश ३।७२।४९(४७)।

अशुद्ध ब्राह्मण राखेर गरिएको श्राद्ध विफल हुन्छ भन्ने पनि वचन पाँइन्छ। जस्तै—

अशुद्धेन तु विप्रेण यः श्राद्धाद्यं करोति हि। तस्य भस्महुतं यद्‌वत् सर्वं तज् जायते वृथा॥—स्कन्दपुराण, नागरखण्ड २०३।१६।

'जसले धर्म छोड्ने अनाचारि भ्रष्टाचारि चरित्रहीन ब्राह्मणलाइ देवकार्य-पितृकार्यमा ब्राह्मणका रूपमा लगाइ तिनलाइ भोजन र दान दिन्छन्, तिनको त्यो कर्म परलोकका लागि नष्ट हुन्छ, अर्थात् काम लाग्दैन; जो छोटा बुद्धि भएका मान्छे जानिजानि तेस्ता धर्म छोड्ने चरित्रहीन ब्राह्मणलाइ देवकार्य-पितृकार्यमा लगाइ भोजन गराउने र दान दिने काम गर्छन् तिनका पितृले परलोकमा विष्ठा खान बाध्य हुनपर्छ भन्ने कुरा निश्चित छ' भन्ने वचन पनि शास्त्रमा पाइँन्छ। जस्तै—

ये तु धर्मव्यपेतेषु चारित्राऽपगतेषु च। हव्यं कव्यं प्रयच्छन्ति तेषां तत् प्रेत्य नश्यति॥

ज्ञानपूर्वं तु ये तेभ्यः प्रयच्छन्त्यल्पबुद्धयः। पुरीषं भुञ्जते *तेषां* पितरः प्रेत्य निश्चयः॥—महाभारत, अनुशासनपर्व ९०।१५,१६।

शास्त्रमा विद्धप्रजनन {शुक्रनाडीछेदन (भ्यासेक्टोमि) इत्यादि गरेका} र बन्ध्यापति {शोणितनाडीछेदन (ल्यापरोस्कोपि) इत्यादिले बाँजा भएका आइमाइका पति} पनि श्राद्धको ब्राह्मण हुन अयोग्य मानिएका छन्।

श्राद्धका लागि शत्रु अथवा मित्र केइ पनि नभएका नातासम्बन्ध नपरेका उदासीन तटस्थ विद्वान् सदाचारि ब्राह्मण नपाइएमा श्राद्धमा मातामह, मामा, भानिच, ससुरा, गुरु, छोरिका छोरा, ज्वाइँ, बन्धु, पुरोहित, जजमान एतिलाइ पनि ब्राह्मणका रूपमा ख्वाउन हुन्छ भन्ने कुरा मनुस्मृतिमा छ। एस्तैएस्तै कुरा याज्ञवल्क्यस्मृतिमा पनि छ। जस्तै—

मातामहं मातुलं च स्वस्रीयं श्वशुरं गुरुम्। दौहित्रं विट्पतिं बन्धुमृत्विग्याज्यौ च भोजयेत्॥—मनुस्मृति ३।१४८।

स्वस्रीयर्त्विग्जामातृयाज्यश्वशुरमातुलाः। त्रिणाचिकेतदौहित्रशिष्यसम्बन्धिबान्धवाः॥—याज्ञवल्क्यस्मृति १।२२०।

वेद पडेका सदाचारि सत्पात्र ब्राह्मण पाइँदै-नपाइएमा शुद्धकुलीन-ब्राह्मण-प्रजाको कुलतन्तु छिद्न नदिने व्यक्तिका रूपमा रहनाले पूज्य र मान्य भएका, सदाचार नछोडेका, सदाचारि छोरा भएका ब्राह्मणलाइ पनि श्राद्धमा बोलाउन हुञ्छ भन्ने पनि वचन पाँइञ्छ। जस्तै—

अलभ्ये तु द्विजे पात्रे तन्तुमात्रोपजीविनम्। पुत्रवन्तं सदाचारं श्राद्धार्थं तु निमन्त्रयेत्॥—स्कन्दपु. वैष्णवखण्ड १।२२।४६-४७।

कुलाऽऽचार-समोपेताँस् तस्माच् छ्राद्धे नियोजयेत्। ब्राह्मणान् नृपशार्दूल मन्दविद्याधरानपि॥—स्कन्दपु. नागर. २१७।२९-३०।

लघुस्मृति-पुराणहरुमा योग्य ब्राह्मण पाइँदैनपाइएमा त कुशब्राह्मण राखेर पनि श्राद्ध गर्ने विधान पाँइञ्छ। जस्तै—

निधाय वा दर्भवटूनासनेषु समाहितः। प्रैषानुप्रैषसंयुक्तं विधानं प्रतिपादयेत्॥

—देवलवचन, निर्णयसिन्धु (निर्णयसागर, पञ्चमसंस्करण) पृ.३२८; द्र.—सत्यव्रतवचन, पृ.२८५।

विना विप्रेण कर्तव्यं श्राद्धं कुशचटेन वै। न तु विप्रेण मूर्खेण श्राद्धं कार्यं कदाचन॥—देवीभागवत ३।१०।३७।

ब्राह्मणानामसम्पत्तौ कृत्वा दर्भमयान् द्विजान्। श्राद्धं कृत्वा विधानेन पश्चाद् विप्रे प्रदापयेत्॥

—समुद्रकरधृत भविष्यपुराणवचन, वीरमित्रोदय, श्राद्धप्रकाश, पृ.२८६।

अलाभे ब्राह्मणस्यैव कुशः कार्यो द्विजः प्रिये।—स्कन्दपुराण ७।१।२०८।४५।

श्राद्धमा ब्राह्मण माध्यम किन? इत्यादि विषयमा श्राद्धका कतिपय कर्मको र पदार्थको शास्त्रीय स्वरूपै मात्र पनि नबुजेका आधुनिक विचारकहरुले शास्त्रवचनहरु नदेखाइ आँफ्ना-आँफ्ना कपोलकल्पनाका (मनगडन्ते कल्पनाका) भरमा गरेका व्याख्या अनावश्यक र अश्रद्धेय देखिञ्छन्। अदृष्टार्थक (परलोकमा सुफल मिलोस् भनि गरिने) श्राद्धादि

धर्मकर्म वेद-स्मृति-पुराणमा श्रद्धा भएका आस्तिक अधिकारिजनले शास्त्रविधानअनुसार गर्ने कर्म हुन्। तिनका व्याख्या र पुष्टिहरु पनि वेद-स्मृति-पुराणका वचनहरुका आधारमा नै हुन सक्छन्, कसैका कपोलकल्पनाका बकबासका भरमा हुन सक्तैनन्। आजभोलिका धर्मको वैज्ञानिक व्याख्या गर्न तम्सने कथित शास्त्रार्थमहारथिहरुका उटपटाङ वैज्ञानिक-व्याख्या सुन्दा वैदिकधर्ममीमांसकशिरोमणि कुमारिलभट्टको **“लौकायतिकमूर्खाणां नैवाऽन्यत् कर्म विद्यते। यावत् किञ्चिददृष्टार्थं तद् दृष्टार्थं हि कुर्वते”** भनि नदेखिने धर्मका लागि गरिने कर्मलाइ देखिने कामका लागि भन्ने तेस्ता व्यक्तिहरु-लाइ चार्वाक मतमा लाग्ने नास्तिक भन्ने (तन्त्रवार्तिक १।३।३, आनन्दाश्रम., पृ.८४) भनाइको घतिलो सम्जना हुञ्छ।

वैदिक धर्मको संरक्षणका निम्ति ब्राह्मणजातिको संरक्षणको आवश्यकता

वर्तमान सङ्कटापन्न परिस्थितिमा पुरोहितले र यजमानले तथा सर्वसाधारण श्रद्धालुहरुले धर्मकृत्यका सम्बन्धमा बुज्न पर्ने कतिपय मुख्य कुराहरु स्वाद्ध्यायशालाकुटुम्बले प्रकाशित गरेका **‘चतुरशीतिपूजाविधि’** भन्ने ग्रन्थका (२०६३) भूमिकामा लेखिएका छन्। धर्मकृत्यका लागि सदाचारि विद्वान् ब्राह्मणहरुको आवश्यकता पर्छ। तेसका निम्ति उपनयनको (व्रतबन्धको) र विवाहको महत्त्व बुज्ने र समाजलाइ बुजाउने काम पनि गुरुपुरोहितले गर्नपर्छ। शास्त्रीय रूपमा ठिक प्रकारले व्रतबन्ध र विवाह नहुँदा ब्राह्मणजातिको नै लोप हुने अवस्था आउने कुरा बुज्नबुजाउन पर्छ। एस विषयमा स्वाद्ध्यायशालाकुटुम्बले प्रचारित गरेको ‘वैदिक जीवनपद्धतिमा व्रतबन्धको महत्त्व’ भन्ने पत्री (२०५९) पनि पठनीय छ। व्रतबन्ध गर्दा घरमै मूलशास्त्रोक्तविधि राम्ररि पुऱ्याएरै पाएसम्म आँफ्ना कुल-कुटुम्बका ठुला आस्तिक विद्वान्लाइ सम्मिलित गराएर तिनका शास्त्रसम्मत निर्देशअनुसार गर्नपर्छ। अशास्त्रीय सामूहिक व्रतबन्धादि व्रतबन्ध

गर्न हुँदैन। सगोत्रमा बिया गर्न हुन्न भन्ने कुरा सम्म त प्रसिद्ध छ, तथापि अत्रिगोत्र र आत्रेयगोत्र तथा कश्यपगोत्र र काश्यपगोत्र भन्दै एउटै गोत्रलाई फरक गोत्र भन्दै अथवा भ्रम-प्रमाद-अज्ञानादिले भएका अशास्त्रीय व्यवहारलाइ पनि समर्थन गर्न बल गर्दै शास्त्रव्यवस्थाविरुद्ध लेख्ने नित्यानन्दपर्वतीयका संस्कारदीपकका द्वितीय भागमा आएका निराधार अप्रामाणिक **"स्वकुलदेशाचाराऽविरुद्धस्यैव शास्त्रस्य विवाहेऽनुसर्तव्यत्वात्"** (पृ.९) भन्ने र **"सगोत्रादिपदस्यैककुलोद्भवत्वादिविशिष्टसगोत्रादिबोधकत्वम्"** (पृ.१०) भन्ने कुरालाइ लिएर एकै गोत्रमा पनि कुल फरक भए परस्परमा विवाह हुञ्छ भन्दै सगोत्रमा बिया चलाउने काम पनि भएको देखिन्छ। त्यो काम शास्त्रसम्मत हैन। समान प्रवरमा पनि विवाह हुँदैन। यो कुरा **निर्णयसिन्धु**मा पनि छ। पण्डित-पुरोहितहरुले तेसको प्रचार गर्नपर्छ। मातृगोत्रमा र विरुद्धसम्बन्धमा पनि सामान्यतया विवाह हुँदैन। जातित्वको रक्षाका लागि शुद्धकुलीन पुर्बिया उपाध्यायब्राह्मणले शुद्धकुलीन पुर्बिया उपाध्याय ब्राह्मणसित मात्र विवाहसम्बन्ध (लिनदिन) गर्नपर्छ। यो नै परम्परागत र शास्त्रसम्मत कुरा हो। ब्राह्मणले आँफ्नो जात-भात नमिल्ने कन्या विवाह गर्न हुँदैहुँदैन। वर्णसाङ्कर्यलाइ सर्वथा रोक्नपर्छ। विवाह गर्दा शास्त्रधर्म जान्ने आस्तिक कुलवृद्धहरुका सम्मतिले मात्र गर्नपर्छ। शास्त्रधर्म कुलपरम्परा नजान्नेले आँफै निर्णय गरेर आँफ्ना सुरमा विवाह गर्न हुँदैन। एसै प्रकारले अरु जातका र वर्गका मानिसले पनि आँआँफ्नै जातमा परम्परामा मान्यताप्राप्त रूपमा नै विवाह गर्नपर्छ। व्रतबन्धसंस्कारका र विवाहसंस्कारका विषयमा खास गरि ब्राह्मणले अत्यन्तै विचार पुर्‍याउन पर्छ। वैदिक हिन्दुधर्मको संरक्षणका लागि यो कुरा अत्यन्त आवश्यक र महत्त्वपूर्ण छ। एस विषयमा अरु कुराको हाम्रो **वैदिक धर्म मूल रूपमा** भन्ने (२०६२) ग्रन्थमा विवेचना गरिएको छ। आचार-विचारको परम्पराको संरक्षणका लागि शुद्धकुलीन ब्राह्मणकुलमा आचार-विचारसम्पन्न शास्त्रज्ञ र शास्त्रधर्मको रक्षा हुनपर्छ भन्ने र शास्त्र-

व्यवस्था र तिनको
धर्मको रक्षा गर्न यथाशक्ति प्रयत्नशील रहने कुलवृद्धमण्डलीको (बुडापाकाहरुको समितिको)
धार्मिक-सांस्कृतिक अनुशासनमा सम्बद्ध कुलका व्यक्तिहरु रहने व्यवस्था पनि गर्नपर्छ।

गुरु-शिष्यहरुको र पुरोहित-यजमानहरुको सम्बन्ध

जरो घरघरमा फैलाउने र रक्षा गर्ने तत्त्व हुन्। स्व-
गुरु-पुरोहित-ब्राह्मणहरु भनेका वैदिकसनातनवर्णाश्रमधर्मको "सर्वाधिको ब्राह्मणस् तु जायते हि स्वकर्मणा।
धर्ममा अडिने ब्राह्मणका डरले नै क्षत्रियादिले पनि स्वधर्म छोड्दैनन् भन्ने क्षत्रियाद्या नाऽन्यथा स्व-धर्मं
तत्तेजसोऽनु तेजांसि सन्ति च क्षत्रियादिषु॥ स्वधर्मस्थं ब्राह्मणं हि दृष्ट्वा बिभ्यति चेतरे। ब्राह्मणको वैदिक समाजमा
चाऽतः समाचरेत्" (शुक्रनीति ३।२७४, २७५) इत्यादि वचनअनुसार पनि स्वधर्मसेवि गुरु-पुरोहितब्राह्मणहरु
सामाजिक र राष्ट्रिय महत्त्व पनि धेरै छ। वैदिकसनातन-वर्णाश्रमधर्मका मुख्य संरक्षक र प्रचारक पुरस्कार लिने, नानाप्रपञ्च
नै हुन्। विविध-ग्राम-नगर-तीर्थ-क्षेत्रहरुमा नियत वास गर्ने, नानाप्रकारका मनुष्यले दिएका धनि-बलि-शोषक-सामन्त-
गर्ने मठमा बस्ने, उज्ज्वल वस्त्र लगाउने, आँफ्ना निम्ति पकाएको मिठो-मसिनो अन्न खाने, यात्रा गर्ने, धनसङ्ग्रह
हरुको स्वार्थपूर्ति गर्ने र मनोविनोद गर्ने प्रवचन गर्ने, भारतवर्षबाहिरका समुद्रपारिका म्लेच्छदेशको पाखण्ड-
गर्ने, वेद-वेदाङ्गोपाङ्ग-स्मृति-पुराणादि-शास्त्रको प्रामाण्य ध्वस्त र समाप्त पार्ने, कथितवैदिकसन्न्यासाश्रमधारि, मुख्य संरक्षक र
धर्मानुसारि कथित सन्न्यासि-साधु-सन्तहरु त एस वेदादिशास्त्रानुसारि धर्मका आचार्य वा गुरु वा अन्नप्राशन,
प्रचारक हुनै सक्तैनन्। वैदिक-सनातन-वर्णाश्रमधर्मिहरुका घरमा प्रतिवर्ष तिथिपर्व, श्राद्ध, नामकरण,

व्रतबन्ध, विवाह इत्यादि केइनकेइ धार्मिक कृत्य हुञ्छन्। तिनमा गुरु-पुरोहित-ब्राह्मणहरुको आवश्यकता पर्छ। ब्राह्मण विना गरेको कुनै पनि वैदिक धर्मकृत्य फलदायि हुँदैन भन्ने शास्त्रको उपदेश छ। जस्तै–

देवेभ्यश् च पितृभ्यश् च यो दद्याद् यज्ञकर्मसु। दानं होमं बलिं चैव विना विप्रेण निष्फलम्॥–भविष्यपुराण २।१।५।१६।

विना विप्रं च यो धर्मः प्रयासफलमात्रकः। भुञ्जते चाऽसुरास् तत्र प्रेता भूताश् च राक्षसाः॥–भविष्यपुराण २।१।५।१७।

देवेभ्यश् च पितृभ्यश् च यो दद्याद् यज्ञकर्मसु। दानं होमं बलिं चैव विना विप्रेण निष्फलम्॥–पद्मपु., सृष्टिखण्ड ४६।११७।

विष्णुर् ब्राह्मणरूपेण विचरेत् पृथिवीमिमाम्। ब्राह्मणेन विना कर्म सिद्धिं प्राप्नोति नैव हि॥–पद्मपु., स्वर्गखण्ड ६१।४८–४९।

विप्राऽभ्यनुज्ञा सर्वस्य कर्ममात्रस्य सर्वदा। सम्पत्करी च साद्गुण्यकारिणी च तथा स्मृता॥–लौगाक्षिस्मृति, पृ.२२४।

यत् कर्म वैदिकं तत् तु विप्रसाक्षिकमाचरेत्। कर्म ब्राह्मणराहित्ये साद्गुण्यं नाऽधिगच्छति॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२२९।

तेसैले वैदिक धार्मिक जीवनयात्रामा गुरु-पुरोहित ब्राह्मण नभैनहुने कुरा हुन्। तेसैले हाम्रा परम्परामा गुरु-शिष्यको र पुरोहित-यजमानको सम्बन्ध पनि पिता-पुत्त्रादिको सम्बन्धजस्तै साधारणतया अविच्छेद्य मानिएको छ। गुरु वा शिष्य वा पुरोहित वा यजमान ठुलै अनाचारि दुराचारि भएमा मात्र एकले आर्कालाइ छोड्न हुने, विना समुचित कारण एकले आर्कालाइ छोड्ने व्यक्ति दोषि मानिने कुरा हाम्रा परम्परामा मानिंदै आएको देखिञ्छ। जस्तै–

अनाहिताग्निः शतगुरयज्वा च सहस्रगुः। सुरापो वृषलीभर्ता ब्रह्महा गुरुतल्पगः॥

असत्प्रतिग्रहे युक्तः स्तेनः कुत्सितयाजकः। अदोषस् त्यक्तुमन्योन्यं कर्मसङ्करनिश्चयात्॥–कौटलीय अर्थशास्त्र ३।१४।

ऋत्विजं यस् त्यजेद् याज्यो याज्यं चर्त्विक् त्यजेद् यदि। शक्तं कर्मण्यदुष्टं च तयोर् दण्डः शतंशतम्॥–मनुस्मृति ८।३८८।

आजभोलि भने यो सम्बन्ध अत्यन्तै शिथिल भएको देखिन्छ। चिन्नुनजान्नुका बाउनलाइ यजमानले गुरु-पुरोहित बनाउने र चिन्नुनजान्नुका यजमानलाइ बाउनभनाउँदाहरुले धार्मिक कृत्य गराउने गरेको देखिन्छ। एस्तो व्यवहार गर्नाले वर्णाश्रमधर्मको जरो नै कुइँदै जान्छ, शास्त्रको अनुशासन भताभुङ्ङ हुन्छ, समाज अव्यवस्थित हुन पुग्छ, धर्मको रूप विग्रन्छ, धर्मकर्म पापकर्ममा परिणत हुन्छ। तसर्थ तेस्तो व्यवहार अत्यन्तै अनुचित हो। राम्ररि नचिनेका व्यक्तिलाइ कन्या दिने, श्राद्धादिमा ब्राह्मण बनाउने र नमस्कार गर्ने काम पनि नगर्नु भन्ने वचनहरु पनि देखिन्छन्। जस्तै—

यस्य देशं न जानाति नामगोत्रे त्रिपूरुषम्। कन्यादानं पितृश्राद्धं नमस्कारं च वर्जयेत्॥—इतिहासोपनिषद्, पृ.१६।

यस्य शीलं न जानीयात् स्थानं त्रिपुरुषं कुलम्। कन्यादाने तथा श्राद्धे न वृणीयात् कदाचन॥

—संस्कारगणपति, पृ.१८३; श्राद्धकाशिका, पृ.४३६।

ब्राह्मणमद्य विदेयं पितृमन्तं पैतृमत्यमृषिमार्षेयम्।—माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-मन्त्रार्षसंहिता ७।४६।

तथा विप्राः प्रकर्तव्याः श्राद्धदानाय सर्वदा। अविज्ञातः प्रकर्तव्यो ब्राह्मणो नैव जानता॥

यस्याऽपि ज्ञायते वंशः कुलं त्रिपुरुषं तथा। आचारश् च तथा राजँस् तं विप्रं सन्निमन्त्रयेत्॥—पद्मपु., भूमिखण्ड ६७।२५-२७।

यस्मिन् दोषाः प्रदृश्येरन् सद्भिर् वा वर्जितस् तु यः। जानीयाद् वाऽपि संवासाद् वर्जयेत् तं प्रयत्नतः॥

—वायुपुराण २।१७।६; ब्रह्माण्डपुराण ३।१५।६।

ब्राह्मणाऽतिक्रमो नास्ति नाऽऽचरेद् यो व्यवस्थितिम्। ज्वलन्तमग्निमुत्सृज्य न हि भस्मनि हूयते॥—स्कन्द. प्रभास.१।२०७।६४।

राम्ररि परीक्षा गरेर यज्ञादि कर्ममा शास्त्रसम्मत अधिकारि हो भन्ने नजानिएका व्यक्तिलाइ यज्ञ गराउने, वेद पडाउने र उपनयन (व्रतबन्ध) गर्ने काम नगर्नु भन्ने पनि शास्त्रवचन देखिन्छ। जस्तै—

नाऽपरीक्षितं याजयेत्, नाऽध्यापयेत्, नोपनयेत्।–विष्णुधर्मसूत्र २९।४,५,६।

पापशील शिष्य-यजमानहरुले आँफुले गरेका पाप गुरु-पुरोहितमा लगेर पुछ्ने हुनाले पनि गुरु-पुरोहितहरुले शिष्य-यजमानहरुलाइ पाप गर्नबाट रोक्नपर्ने, पापशील व्यक्तिलाइ शिष्य-यजमान बनाउन नहुने र बनाइसकेको भएपनि पापकर्मबाट छुटाउन नसकेमा तिनलाइ छोडिदिन पर्ने देखिञ्छ। भ्रूणहत्या गर्ने व्यक्तिले आँफ्नो पाप उसको अन्न खाने व्यक्तिमा पुछ्ने, दुश्चरित्र स्त्रीले आँफ्नो पाप आँफ्ना पतिमा पुछ्ने, चेलाले र यजमानले आँफ्नो पाप गुरु-पुरोहितमा पुछ्ने र चोर-डाँकाहरुले आँफ्नो पाप राजामा पुछ्ने भन्ने शास्त्रवचन पाँइञ्छ। जस्तै–

अन्नादे भ्रूणहा मार्ष्टि पत्यौ भार्याऽपचारिणी। गुरौ याज्यश् च शिष्यश् च स्तेनो राजनि किल्बिषम्॥–मनुस्मृति ८।३१७।

शास्त्रीय वस्तुस्थिति उक्त प्रकारको भएको हुनाले गुरुशिष्य-पुरोहितयजमान-सम्बन्ध जोपाइसित स्थापित र स्थिर हुन गारो पर्ने हुनाले हिजोसम्म प्रायः सबै ब्राह्मणहरु सामान्यतया सदाचारि नै भएका वेलामा ब्राह्मणहरुले ठुला विद्वान् नभएपनि आँफ्नै पिता, ज्येष्ठभ्राता (दाजु), पितृव्य (जेठाबाउ, काञ्छाबाउ) इत्यादिलाइ गुरु बनाउने र ज्वाइँ-भानिचहरुबाट ऋत्विक्-पुरोहितको काम लिने गर्दै आएको बुजिञ्छ। मनुस्मृतिमा पनि अरु विद्वान् सत्पात्र तटस्थ ब्राह्मण नपाय्येमा मातामह, मामा, भानिच, ससुरा, गुरु, छोरिका छोरा, ज्वाइँ, फुपु-ठुलिमा-सानिमाका पति-पुत्त्र इत्यादिलाइ पनि देवकार्य-पितृकार्यमा ब्राह्मण बनाउन हुने कुरा पाँइञ्छ (३।१४७,१४८)। एस्तै-एस्तै कुरा याज्ञवल्क्य-स्मृतिमा पनि छ (१।२२०)। ऐले भने प्रायः सबका सब ब्राह्मणहरु र तिनका ज्वाइँ-भानिचहरु वैदिक अध्ययनका र धर्मकृत्यका ज्ञानका दृष्टिले हेर्दा अपठित मूर्ख र आचारपालनका दृष्टिले विचार गर्दा टुप्पि काट्ने, यथाशक्ति नित्य-स्नान-सन्ध्योपासन-ब्रह्मयज्ञ-तर्पणसम्म पनि नगर्ने, लशुन-प्याज छ्यापि-च्याउ कुखुरा मदिरा भट्टिका दालभात समेत

जे पनि खाने सर्वभक्षि, अनाचारि दुराचारि भ्रष्टाचारि तथा भावले पतित र अर्थकाममात्रपरायण (धन कमाउन मात्र र मोजमजा गर्नतिर मात्र ध्यान दिने) तथा म्लेच्छका आशामुखि र म्लेच्छसेवि-म्लेच्छदेशगामि समेत हुँदै गएका देखिए-काले र ऐले गुरु-पुरोहितको काम गर्ने व्यक्तिहरुमा शास्त्रज्ञान र धर्मभावना सारै न्यून हुँदै गएकाले समेत ऐले वैदिक-धर्म-कर्मकाण्ड-सिद्धान्त सारै सङ्कटमा पर्न गएको देखिन्छ। एसको बचाउका लागि आस्तिक वैदिक सदाचारि निश्छल विद्वान् ब्राह्मणहरु जागरूक हुनपर्ने र अरु आस्तिक सज्जनहरुले उनिहरुलाइ सहयोग गर्नपर्ने हुन आएको छ।

विशेष गरेर श्राद्धमा अत्त्यन्त शुद्ध हुनपर्ने सात कुराहरु

(१) श्राद्ध गर्ने भूमि, (२) श्राद्ध गर्नेको शरीर, (३) श्राद्ध गर्नेको मन, (४) श्राद्ध गर्ने व्यक्तिकि पत्नी, (५) श्राद्ध गर्ने धन, (६) श्राद्धमा प्रयुक्त हुने मन्त्र र (७) श्राद्धमा भोजन गर्ने ब्राह्मण एति सात कुराको शुद्धिको श्राद्धमा विशेष विचार राख्नपर्छ भन्ने शास्त्रवचन पाँइन्छ। जस्तै—

शरीर-द्रव्य-दारा-भू-मनो-मन्त्र-द्विजन्मनाम्। शुद्धिः सप्तसु विज्ञेया श्राद्धकाले विशेषतः ॥—स्कन्दपु., प्रभासखण्ड १।२०५।१७।

ब्राह्मण अपवित्र हुन जाने कारणहरु र श्राद्ध निष्फल हुने कारणहरु

एस प्रसङ्गमा पतनीयकर्म (पतित हुने काम) गर्ने, लसुन प्याज छ्यापि च्याउ कुखुरा इत्यादि अभक्ष्य (खान नहुने कुरा) खाने, मद्यादि अपेय (पिउन नहुने कुरा) पिउने, कुखुरा-बङ्गुर पाल्ने, होटेलमा वा सर्वजात सराबर भएका भोजभतेरमा खानपान गर्ने, चाण्डाल-अन्त्यजहरुका स्त्रीमा गमन गर्ने, तिनको अन्न खाने, तिनको दान लिने; टुप्पि काट्ने, यथाशक्ति नित्यस्नान नगर्ने, स्वेच्छाले सन्ध्योपासन छोड्ने, अपवित्र स्थलमा अपवित्र वस्त्र पैरेर आचमन-बलिहरण-

प्राणाग्निहोत्र (औछनि हाल्ने, बल हाल्ने पञ्चग्रास खाने काम) नगरि दाल-भात खाने; मासु, नुन, दुद, दै, मद्य, पानि, पकाएको अन्न इत्यादि ब्राह्मणका लागि अतिअविक्रेय (सारै नै बेच्न नहुने) कुरा बेच्ने, समुद्रपार-म्लेच्छदेश जाने, विजातिविधर्मिहरुसित सहवास-सहभोजन इत्यादि गरेर समुचित प्रायश्चित्त (पतिया) नगर्ने इत्यादि प्रकारका अशुद्ध ब्राह्मणादि व्यक्तिहरुले गरेका कर्म देवता-पितृमा लाग्दैनन् भन्ने तल लेखिएका वचन पनि याँहाँ विशेष स्मरणीय छन्—

छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम्। पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद् द्विजः॥—मनुस्मृति ५।१९।

यस्य कायगतं ब्रह्म मद्येनाऽऽप्लाव्यते सकृत्। तस्य व्यपैति ब्राह्मण्यं शूद्रत्वं च स गच्छति॥—मनुस्मृति ११।९७।

चण्डालाऽन्त्यस्त्रियो गत्वा भुक्त्वा च प्रतिगृह्य च। पतत्यज्ञानतो विप्रो ज्ञानात् साम्यं तु गच्छति॥—मनुस्मृति ११।१७५।

सद्यः पतति मांसेन लाक्षया लवणेन च। त्र्यहेण शूद्रो भवति ब्राह्मणः क्षीरविक्रयात्॥—मनुस्मृति १०।९२।

सदोपवीती चैव स्यात् सदा बद्धशिखो द्विजः। अन्यथा यत् कृतं कर्म तद् भवत्ययथाकृतम्॥—कूर्मपुराण २।१२।७।

शिखां छिन्दन्ति ये केचिद् वैराग्याद् वैरतोऽपि वा। पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः॥—लघुहारीत., आनन्दा., श्लो.१८।

मध्यच्छिन्ना यदा चूडा प्राजापत्येन शुध्यति।—आङ्गिरसस्मृति, श्लो.५८।

न जनमियात् नाऽन्तमियात्।—बृहदारण्यकोपनिषत् १।३।१०।

न म्लेच्छविषये श्राद्धं कुर्यात्, न गच्छेन् म्लेच्छविषयम्।—विष्णुधर्मसूत्र ८४।१,२।

म्लेच्छदेशे तथा रात्रौ सन्ध्यायां च विशेषतः। न श्राद्धमाचरेत् प्राज्ञो म्लेच्छदेशे न च व्रजेत्।

—शङ्खस्मृति १४।३०, द्र.- निर्णयसिन्धु, पृ.२६८।

उत्तरेण पतङ्गस्य दक्षिणेन तु कैकटम्। देशस् त्रैशङ्कवो नाम विवर्ज्यः श्राद्धकर्मणि॥
कारस्कराः कलिङ्गाश् च सिन्धोरुत्तरमेव च। चातुर्वर्ण्यविहीनाश् च ये च देशा नराधिप॥
अन्येष्वपि च देशेषु तद्देशजनदर्शनम्। वर्जयेच् छ्राद्धकाले तु पतितानां विशेषतः॥—विष्णुधर्मोत्तरपुराण १।१४१।२–५।

सिन्धोरुत्तरपर्यन्तं तथोदीच्यतरं नरः। पापदेशाश् च ये केचित् पापैरध्युषिता जनैः॥
शिष्टैस् तु वर्जिता ये वै ब्राह्मणैर् वेदपारगैः। गच्छतां रागसम्मोहात् तेषां पापं न नश्यति॥
—ब्रह्माण्डपुराण ३।१४।८१,८२, द्र.— वायुपुराण २।१६।७०,७१।

सन्ध्यावन्दनहीनस् तु सर्वदाऽशुचिरेव हि। श्रौतस्मार्तसमाचारे नाऽधिकारी विशेषतः॥—पराशरपुराण ९।३०।

कर्माऽयोग्यो भवेन् मर्त्यः पतितो यदि सर्वथा। कर्माऽयोग्येन यत् कर्म कृतं च नरकाय हि॥—शिवपुराण ७।२।१३।८।

अशुद्धेन तु यद् दत्तमुद्दिश्याऽशुद्धमेव च। नोपतिष्ठति तत् सर्वमन्तरिक्षे विनश्यति॥—मूल गरुडपुराण २।४।१५७।

न गृह्णन्ति सुराः पूजां पितरः पिण्डतर्पणम्। स्वेच्छया च द्विजातेश् च त्रिसन्ध्यरहितस्य च॥—ब्रह्मवैवर्तपु. प्रकृतिखण्ड २३।३०।

दत्तमाचारहीनेन न प्रतीच्छन्ति देवताः। पितरश् च महाभाग ऋषयश् च तपोधनाः॥—विष्णुधर्मोत्तरपुराण ३।२५०।३।

समुद्रपार म्लेच्छदेश गएमा र विदेशि-विधर्मिहरुसित सहवास-सहभोजनादि गरेमा कस्ता प्रायश्चित्तले द्विजाति चोखिञ्छ र स्वकर्ममा अधिकारि हुञ्छ भन्ने कुरा स्वाद्ध्यायशालाबाट प्रकाशित **"काशिनिवासिभिर् विद्वद्भिर् ब्राह्मणैर् दत्ता भारतवर्षबहिर्गमन-विधर्मि-विदेशि-सहवास-सहभोजनादि-दुरित-प्रायश्चित्तव्यवस्था"** (२०४९) भन्ने ग्रन्थमा प्रतिपादित छ। प्रायश्चित्त गर्दा शास्त्रधर्मको रक्षा हुनपर्छ भन्ने र यथाशक्ति शास्त्रको मर्यादा राख्न र धर्मको पालना गर्न प्रयास गर्ने गुरु-पुरोहित-ब्राह्मण-कुलवृद्धहरुका सम्मतिअनुसार गर्नपर्छ।

259.3C
आ४४र
ACC NO
15087

श्राद्धमा गृहशुद्धि र वस्त्रशुद्धि

श्राद्ध गर्दा घर पोत्नु, घरका लुगाफाटाहरु सबै धुनु भन्ने आँफ्ना वेदशाखाका सूत्रको वचन त देखिँदैन, तथापि धर्मकृत्यहरु सबै र विशेष गरि श्राद्ध धेरै चोखिनिति गरेर चोखो भएर गर्नपर्ने भन्ने शास्त्रवचनहरु भएकाले श्राद्धका अगिल्ला दिन घर पोत्ने लुगा धुने इत्यादि चोखिनितिका काम गर्ने गरिएको देखिञ्छ। त्यो कुरा उचितै र शास्त्रसम्मतै पनि देखिञ्छ। एस विषयमा पुराणको वचन निर्णयसिन्धुमा पनि देखिञ्छ। जस्तै–

वस्त्रशौचादि कर्तव्यं श्वःकर्तास्मीति जानता। स्थानोपलेपनं कृत्वा ततो विप्रान् निमन्त्रयेत्॥–वाराहपुराणवचन, निर्णय., पृ.२८४।

श्राद्धमा मुण्डन

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका सूत्रग्रन्थमा श्राद्धका अगिल्ला दिन श्राद्धकर्ताले अनिवार्य रूपमा मुण्डन गर्नैपर्छ भन्ने विधान स्पष्ट रूपमा भएको नमानिएको पनि देखिञ्छ। तथापि आजभोलि आचार-विचारमा शिथिलता आएको हुँदा सर्वप्रायश्चित्त-गोदान गरेर श्राद्ध गर्ने गरिएकाले र प्रायश्चित्तका लागि मुण्डन आवश्यक भएकाले होला श्राद्धका अगिल्ला दिन मुण्डन गर्ने नङ काट्ने गरिएको पाँइञ्छ। त्यो कुरा उचितै पनि देखिञ्छ। पुराणमा श्राद्धका लागि मुण्डन गर्नैपर्छ भन्ने वचन पनि पाँइञ्छ। जस्तै–

व्रतानामुपवासानां श्राद्धादीनां च संयमे। न करोति क्षौरकर्म सोऽशुचिः सर्वकर्मसु॥

–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ३०।३८; देवीभागवत ९।३३।४२–४३।

श्राद्धकर्ताकि पत्नीले मुण्डन गर्न नपर्ने भएपनि श्राद्धका अगिल्ला दिनमा पिनाहरुले टाउको समेत न्ह्वाउने र नङ काट्ने गर्नपर्छ।

श्राद्धकै दिन भने मुण्डन गर्न हुँदैन भन्ने मरीचिको भनिएको वचन पाँइन्छ। जस्तै–

षष्ठ्यां पर्वसु पक्षादौ भद्रारिक्तातिथिष्वपि। पाते श्राद्धे व्रताहे च वर्ज्यं क्षौरं निशासु च॥–निर्णयसिन्धु, पृ.२८७।

एकभक्त (एकछाकि) वा हविष्यभोजन

श्राद्धका अगिल्ला दिन एक छाक हविष्यवस्तु मात्र खाने नियम छ। यो कुरा कात्यायनश्रौतसूत्रका दर्शपूर्णमासयागका नियमबाट परोक्षरूपमा अवगत हुन आउँछ। एसमा मुख्य रूपमा अपराह्णकालमा घिउ-भात खाने विधान छ। एस्ता नियम गरेका दिन बेलुका वनका रुखका फल वा वनमा आँफै उत्पन्न भएका ओषधि (फल पाकेपछि बोट सुक्ने वा तेसमा फेरि फल नलाग्ने जातका वस्तु) मात्र खान हुञ्छ अर्थोक खान हुँदैन भन्ने कुरा पनि कात्यायन-श्रौतसूत्रमा छ। श्राद्धका अगिल्ला दिन नियममा बसेर ब्राह्मणलाइ निमन्त्रणा गर्ने गर्नुपर्छ भन्ने पुराणको वचन पनि पाँइञ्छ–

श्राद्धस्य दिवसे प्राप्ते पूर्वेद्युर् नियमाऽन्वितः। निमन्त्रयीत विप्रेन्द्रान् विप्रलक्षणसंयुतान्।
एकभुक्तं ब्रह्मचर्यमन्त्यजाद्यैरभाषणम्। दन्तधावनमभ्यङ्गं नखकेशनिकृन्तनम्॥
कर्ता कुर्वीत पूर्वेद्युस् त्यक्त्वा चैव परेऽहनि॥–पद्मपुराण, पातालखण्ड १०५।९३–९५।

केइ हविष्य *(एकछाकिका दिनमा पनि खान हुने)* वस्तुहरु र आमिष *(एकछाकिका दिन खान नहुने)* वस्तुहरु

बाख्रि-गाइ-भैंसिको दुद, दै, तर, नौनि, घिउ; अमृतफल (बेलौंति [अम्बा], नस्पति, स्याउ), नौनि नझिकेको बाक्लो मोइ, आँप, सुन्ताला, अमिलि, अदुआ, उखु, उखुबाट बनेका गुडबाएक अरु पदार्थ, केराउ, काउनो, नाबो धान, केरा, गउँ, जामुनो, जिरा, मरिच, तिल, दारिम, अनार, अमला, ठुलो बँगेर, नरिबेल, कटहर, पिप्ला, पिंडालु, गाबा (कर्कलो), मुङ, दाख, राता आलु, जौ, बेथे, व्रीहि (भदैया धान, घैया), शालिधान (जडन), सुठो, सामा, सेतो मुला, भिंडि (रामतोरियाँ), करेलो, घिरम्लो सिदेनुन, ओल (काँच), हर्रो इत्यादि वस्तु हविष्य मानिएका छन्। इ वस्तु एकछाकिका दिन पनि खान हुने मानिएका छन्।

लौको, रहर, गहत, कुबिन्नो, कोदो, गुड, चना, मसुरो, (मकै), ज्यामिर, बिमिरो, ज्योत्स्निका (चिचिन्नो), पान, तेल, ब्राह्मणबाट किनिएका रसहरु, भट्ट (भटमास), पर्बर, पालुङ्ङो, बर्रो, मह, मास, ठुलो मुङ, मासु, रातो मुला, सेतो आलु, बोडि, राजमाष (सिंबि), भेण्टा, वंशाङ्कुर (तामा), सिन्कि, गुन्द्रुक-पिना, हिङ, बोजो, बिरेनुन, प्राणिको अङ्ग, लौसि; तामाका भाँडामा राखिएको गाइको घिउ, दुद, दै; डोबिल्काको पानि, कुबिन्नो, कैथ, दुइपल्ट पकाएको अन्न, डडेको अन्न इत्यादि वस्तु आमिष मानिएका छन्। इ वस्तु एकछाकिका दिन खान नहुने मानिन्छन्। हविष्य र आमिष पदार्थको विवरण पण्डित हरिनाथ प्याकुर्‍यालका सङ्कल्परत्नावलीमा पनि पाँइन्छ। पद्मपुराणका पाताल-खण्डका उनासियौं अध्यायमा र उत्तरखण्डका चौरान्नब्बेऔं अध्यायमा पनि हविष्यको र आमिषको गणना पाँइन्छ।

एकछाकिका दिनका अरु नियम

श्राद्धका एकछाकिका दिनमा मासु खान, मैथुन गर्न (स्त्रीसहवास गर्न), असत्य बोल्न र खाटमा सुत्न हुँदैन भन्ने कुरा कात्यायनश्रौतसूत्रबाट परोक्ष रूपमा बुजिन आउँछ। ब्राह्मण-निमन्त्रण गरेपछि क्षौरकर्म गर्न, असावधानि गर्न, वेदाध्ययन गर्न (वेद पढ्न), रिसाउन, बिटुलो हुन हुँदैन इत्यादि भन्ने वचनहरु पनि देखिञ्छन्। जस्तै–

निमन्त्र्य विप्राँस् तदहर् वर्जयेन् मैथुनं क्षुरम्। प्रमत्ततां च स्वाध्यायं क्रोधाऽशौचे तथाऽनृतम्॥–वृद्धमनुवचन, निर्णय. पृ.२८७।

क्षयाहपूर्वदिवसे स्नात्वा चैकाशनो भवेत्। अधश्शायी ब्रह्मचारी निशि विप्रान् निमन्त्रयेत्॥–बृहन्नारदीयपुराण १।२८।२।

निरामिषं सकृद् भुक्त्वा भुक्तसर्वजने गृहे। निमन्त्रयीत पूर्वेद्युरुपगम्य द्विजोत्तमान्॥

–हेमाद्रि, श्राद्ध., पृ.१०१३, द्र.– पृ.१०३१, ११५१; वीरमित्रोदय, श्राद्धप्रकाश, पृ.१०८।

भुञ्जन्ति विप्रकोशेषु पितरोऽन्तर्हिताः सदा। तस्माद् विप्रान् पितॄन् विद्यात् पितृवत् तान् प्रपूजयेत्॥–स्मृतिसन्दर्भ, पृ.२३८५।

निमन्त्रितान् हि पितर उपतिष्ठन्ति तान् द्विजान्। वायुवच् चाऽनुगच्छन्ति तथाऽऽसीनानुपासते॥–मनुस्मृति ३।१८९।

ब्राह्मणैः सह चाऽश्नन्ति पितरो ह्यन्तरिक्षगाः। वायुभूताश् च तिष्ठन्ति भुक्त्वा यान्ति परां गतिम्॥
निमन्त्रितास् तु ये विप्राः श्राद्धपूर्वदिने खग। प्रविश्य पितरस् तेषु भुक्त्वा यान्ति स्वमालयम्॥–गरुडपुराण २।१०।२४–२६।

पूर्वेऽह्नि रात्रौ विप्राग्र्यान् कृतसायन्तनाऽशनान्। गत्वा निमन्त्रयेद् देव-पित्रुद्देशसमन्वितः॥–पाराशरमा., आचार., पृ.६९७।

श्राद्धकर्ता च पूर्वेद्युः सन्ध्याद्युपासने कृते। श्वः श्राद्धं करिष्यामीति अशक्तो वाचयेत् सुतान्।
इत्युक्त्वा गुणसम्पन्नान् ब्राह्मणान् पूर्ववासरे। निमन्त्रयीत तान् भक्त्या नियोगाख्यानपूर्वकम्॥–व्याघ्रपाद., श्लो.२७७–२७८।

श्राद्धकर्ता पूर्वदिने रात्रौ विप्रान् निमन्त्रयेत्। कृतभुक्तिक्रियानेव तत्पूर्वं न निमन्त्रयेत्।
निमन्त्रणात् परं तेषां भुक्तिकर्म विशेषतः। निन्दितं शास्त्रजालेन तस्मात् तन् न तथाऽऽचरेत्॥–स्मृतिसन्दर्भ–६, पृ.१८४।

श्राद्धका लागि ब्राह्मण-निमन्त्रण

श्राद्धका लागि ब्राह्मण-निमन्त्रण गर्दा गृहशुद्धि, वस्त्रशुद्धि, मुण्डन, नखनिकर्तन (नङ काट्ने काम), स्नान इत्यादि गरेर अपराह्णमा हविष्यभोजन पनि गरेर रातमा ब्राह्मणका घरमा गै भोजन गरिसकेका ब्राह्मणलाइ वैश्वदेव-ब्राह्मणको वा पितृब्राह्मणको कामका लागि भनेर यथोचित बोलि पारेर विधिपूर्वक निमन्त्रणा गर्नपर्ने शास्त्रको मुख्य विधान छ। निमन्त्रित ब्राह्मणमा पितृ सन्निहित हुञ्छन् वा वास गर्छन् भन्ने कुरा पनि स्मृति-पुराणहरुमा प्रतिपादित छ। निमन्त्रित ब्राह्मणले पनि मैथुन गर्न र भोजनादि अरु काम पनि गर्न हुँदैन, अरु शास्त्रोक्त नियमहरुको पनि पालना गर्नपर्छ। किन्तु कलिकालले गर्दा तथा ब्राह्मणहृदय नभएका भस्मभूत निस्सत्त्व ब्राह्मणलाइ ब्राह्मण भनेर पुज्ने र दान दिने परम्पराले गर्दा सदाचारि विद्वान् ब्राह्मणहरुका कुलको र परम्पराको रक्षा हुन प्रायः नसक्नाले र राजादेखि रङ्क-सम्मका व्यक्ति गल्दै म्लेच्छसंस्कृतिमा विस्तारै ढल्दै जानाले पनि आजभोलि नेपाल-भारतमा श्राद्धका लागि आवश्यक मानिएका वेद पडेका शुद्ध सदाचारि स्वतन्त्र अनपाश्रित्यजीवि (कसैको पनि विशेष आड नलागि जीविका चलाउने) विद्वान् ब्राह्मण प्रायः पाँइँदै-नपाँइने स्थिति उत्पन्न भएको हुनाले उक्त शास्त्रोक्त प्रकारले ब्राह्मण-निमन्त्रण गर्ने प्रचलन प्रायः देखिँदैन। श्राद्धकै दिन निमन्त्रणको विधि सामान्य ब्राह्मणमा वा कुशवटुमा गर्ने गरिएको देखिञ्छ।

श्राद्धवेला

आमश्राद्ध (काँचा अन्नले गरिने श्राद्ध) पूर्वाह्णमा, एकोद्दिष्टश्राद्ध मध्याह्नमा, पार्वणश्राद्ध अपराह्णमा र वृद्धिश्राद्ध (आभ्युदयिकश्राद्ध वा नान्दीमुखश्राद्ध) प्रातःकालमा गर्नपर्छ भन्ने शास्त्रवचन पाँइञ्छ। जस्तै–

आमश्राद्धं तु पूर्वाह्णे एकोद्दिष्टं तु मध्यमे। पार्वणं चाऽपराह्णे तु प्रातर् वृद्धिनिमित्तकम्॥–हारीतवचन, निर्णयसिन्धु, पृ.३३५।

सामान्यतया १६ घडिसम्म भएका तिथिमा एकोद्दिष्टश्राद्ध गर्ने र २२ घडि सम्म भएका तिथिमा पार्वणश्राद्ध गर्ने सामान्य व्यावहारिक चलन साधारण पण्डित-पुरोहितहरुले लोकमा चलाएको पनि बुजिञ्छ। एस विषयमा मसिनो विचार कालमाधवादि ग्रन्थमा गरिएको छ। पछिल्लो दिनमा तिथिले सारै नै थोरै मात्र मध्याह्नकाल भेटेमा अपराह्णकाल नै पितृको वेदप्रतिपादित मुख्य काल भएकाले र अगिल्ला दिन अपराह्णकालमा त कर्मपर्याप्ततिथि भेटिने हुँदा एकोद्दिष्टश्राद्ध पनि अपराह्णकालमा नै गर्ने गरि अगिल्लै दिन गर्नु उचित देखिञ्छ। एस्तो स्थिति २०५७ संवत्‌को मार्गकृष्णको अष्टमीमा परेको देखिञ्छ।

वेदानुकूल रूपको लगधमुनिले बनाएको मूल वेदाङ्गज्योतिषग्रन्थका सिद्धान्तको अनुकूल रूपको, १९६० संवत्‌सम्म पनि नेपालका शासकीय व्यवहारमा प्रचलितै रैआएको कैथिमितिपत्रको तिथिगणना गर्ने पद्धतिको मूल वैदिक तिथिव्यवस्थामा त चतुर्दशीबाएक अरु तिथि घटबड नहुने, नटुट्ने, एक सूर्योदयदेखि आर्को सूर्योदयसम्म नै एउटै तिथि रहने हुँदा एस प्रकारले क्षयतिथिका सन्देहको निर्णय गर्नपर्ने स्थिति नै आउँदैन। चतुर्दशीश्राद्ध र अमावसीश्राद्ध मात्र कैलेकैँ एकै दिन पर्ने हुञ्छन्। एस विषयमा परिशिष्टमा दिइएको 'वैदिककालज्ञानम्' भन्ने प्रकरण हेर्नुहोस्।

श्राद्धका सङ्कल्पमा कालको उल्लेख

श्राद्ध मूल वैदिकधर्मको कृत्य भएकाले एसका सङ्कल्पमा कालको उल्लेख गर्दा वैदिक पाँचवर्षे युगका व्यवस्थाको कुनै उल्लेखै नगर्ने सूर्यसिद्धान्तका वा तदनुसारि प्रचलित पञ्चाङ्गका अवैदिक बार्हस्पत्य-संवत्सरादि-कालका व्यवस्थालाइ छोडिदिएर लगधप्रोक्त मूल वेदाङ्गज्योतिषअनुसारका वैदिक पञ्चवर्षात्मक युगका संवत्सरादि वर्षहरुको, सौर-चान्द्र (सूर्यको गति-स्थितिलाइ समेत विचारमा राखेर चन्द्रमाका गतिअनुसार गनिने) प्रभवादि वर्षको, वैदिकपद्धतिको सौरचान्द्र अयनको र तेस्तै ऋतु-मास-पक्ष-तिथिहरुको उल्लेख गर्नु समुचित देखिन्च। वैदिक वत्सरारम्भ-अयनारम्भादिको निर्णय गर्ने रीति **वैदिक-मन्त्र-सङ्ग्रह**का (२०५२) परिशिष्टमा (पृ.१३७) र एसै पद्धतिका परिशिष्टमा पनि देखाइएको छ र वाराणसीस्थ सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालयको 'सारस्वती सुषमा' भन्ने पत्रिकाका ५० औं वर्षका ३-४ अङ्कमा (२०५२) प्रकाशित **'वेदाङ्गज्योतिषं युगवर्षायनर्तुमासाधिमासादिगणना च'** भन्ने निबन्धमा तेस कुराको स्पष्टीकरण गरिएको छ। वैदिक संवत्सरादि पाँच वर्षहरुको ज्ञान गर्ने रीति साझाप्रकाशनका 'गरिमा' भन्ने पत्रिकामा प्रकाशित निबन्धमा (२०५८, वैशाख, पृ.७५-८१) देखाइएको छ। वाराणसीका चौखम्बा-विद्याभवनबाट प्रकाशित (२००५ सन्) **वेदाङ्गज्योतिष**को विस्तृत संस्कृत भूमिका र व्याख्यान तथा सङ्क्षिप्त हिन्दि भूमिका र व्याख्यान भएको हाम्रो **कौण्डिन्न्यायनव्याख्यान**मा पनि यो कुरा स्पष्ट गरिएको छ। वैदिक धर्मकर्ममा चान्द्र नै ऋतु लिन पर्छ भन्ने कुरा शास्त्रवचन देखाइ 'गरिमा' पत्रिकामा (२०५५ पुस, पृ.५१-५५) नै प्रकाशित निबन्धमा प्रतिपादित गरिसकिएको छ। निर्णयसिन्धु-धर्मसिन्धुका प्रारम्भमा पनि श्रौत-स्मार्त (श्रुतिमा र स्मृतिमा बताइएका) धर्मकृत्यमा चान्द्र प्रभवादि-संवत्सरको र चान्द्रऋतुको उल्लेख नै प्रशस्त भएको कुरा लेखिएकै छ। वाराणसीको

सम्पूर्णानन्द-संस्कृतविश्वविद्यालयको अनुसन्धानपत्रिका सारस्वती सुषमामा (वर्ष ५१, अङ्क १-४, पृ.१०४-१३४) प्रकाशित (२०५३) प्रमोदवर्धन कौण्डिन्न्यायनका लेखमा पनि सम्पूर्ण वैदिक कृत्यमा वर्ष, अयन, ऋतु, मास, तिथि सबै नै सूर्यगतिसापेक्ष चान्द्रमानका नै लिनपर्ने कुरा स्पष्ट गरिएको छ। वैदिक वर्ष-अयन-ऋतु-मास-पक्ष-तिथिहरुको कामचलाउ गणना गर्न चल्तिका पञ्चाङ्गपत्रहरुको (पात्राहरुको) पनि उपयोग गर्न सकिन्छ। चल्तिका पञ्चाङ्गपत्रमा **"मकरे सायनार्कः"** भन्ने लेखिएका दिनमा अथवा सबैभन्दा थोरै दिनमान लेखिएका दिनहरुको माझाका दिनमा शुक्लपक्षको कुनै तिथि भए तेसै शुक्लपक्षका प्रतिपदामा वैदिक नववर्षको आरम्भ हुन्छ, उक्त दिनमा कृष्णपक्षको कुनै तिथि परेको भए त्यो तिथि नवमी वा त्योभन्दा पैलेइको तिथि भए त्यो कृष्णपक्षभन्दा पैलेइको शुक्लपक्षका प्रतिपदामा नै वैदिक नववर्षको आरम्भ हुन्छ, त्यो तिथि दशमी वा त्योभन्दा पछिको तिथि परेको भए आउँदो अम्सिमा पूर्ण हुने चान्द्रमास वैदिक अधिकमास (मलमास) हुन्छ र तेस आउँदो अम्सिपछिको शुक्लप्रतिपदामा वैदिक नववर्षको आरम्भ हुन्छ। वेदाङ्गज्योतिषअनुसार नववर्षारम्भ सूर्यका दृक्सिद्ध (आँखाले छायाहरु हेरेर जान्न सकिने) उदगयनारम्भको (उत्तरायणको आरम्भको) (सबैभन्दा छोटो दिनको) नजिकको अगाडिको शुक्लप्रतिपदामा र वैदिक अधिकमास परेका वर्षमा कैलेकैँ उक्त उदगयनारम्भको नजिकैको पछाडिको शुक्लप्रतिपदामा पनि हुन्छ। यो कुरा बुज्न २०५५, २०५६, २०५७ संवत्का पञ्चाङ्गपत्रहरु (पात्राहरु) हेरे हुन्छ। नयराजपन्तको "वेदाङ्गज्योतिष-अनुसारको वर्षारम्भ उत्तरायणको प्रारम्भको दिनमा अर्थात् सबभन्दा छोटो दिन हुने दिनमा पर्दछ" भन्ने भनाइ (लिच्छविसंवत्को निर्णय, ने.रा.प्र.प्र., २०४३, पृ.११०) वैदिक धार्मिक वर्ष-अयन-ऋतु-मासहरुका गणनाका दृष्टिले हेर्दा अशुद्ध हो। वैदिक नववर्षारम्भका दिनमा नै वैदिक चान्द्र उत्तरायणको, वैदिक चान्द्र शिशिर ऋतुको र वैदिक चान्द्र तपोमासको (वैदिक चान्द्र माघमासको) पनि प्रारम्भ हुन्छ। अनि क्रमैले वैदिक चान्द्र तपस्यमास (वैदिक चान्द्र

फाल्गुनमास) इत्यादि मासहरु र वैदिक वसन्तादि ऋतुहरु पनि आउँछन्। दर्शश्राद्ध लेखिएका दिनका भोलिपल्ट शुक्लपक्षको र वैदिकमासको प्रारम्भ हुञ्छ। वैदिक वर्ष-अयन-मासहरु ऋतुबद्ध हुन्, नक्षत्रबद्ध हैनन्। वैदिक धार्मिक वर्ष, अयन, ऋतु, मास, पक्ष, तिथि सबै सौरचान्द्र हुन्। केवल सौर (सूर्यका गतिअनुसार मात्र गनिने) वा केवल चान्द्र (चन्द्रमाका गति-स्थितिअनुसार मात्र गनिने) हैनन्। सबै पक्षका तिथिहरु अहोरात्रात्मक (पूरा एक दिन एक रातका, एक सूर्योदयदेखि आर्को सूर्योदय नभइञ्जेल रहने) हुञ्छन् र क्रमैले आउँछन्। तिथि अहोरात्रात्मक हुने हुनाले नै वेदादि-ग्रन्थमा तिथिशब्दका स्थानमा अहश्शब्द प्रयोग भएको देखिन्छ (माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-संहिता २२।२८, २७।४५; माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शतपथब्राह्मण १२।८।३।१४, १४।६।८।९; सामवेदमन्त्रब्राह्मण १।५।१५; आपस्तम्बधर्मसूत्र २।७।१।१–२१; मनुस्मृति ३।२७७, ४।९६, ११।१८२; याज्ञवल्क्यस्मृति २।६।२८५; महाभारत ११।२१।१३, १४।६३।१८, १४।६५।१४)। कुनै पनि तिथि बड्दैन। चतुर्दशीबाएक अरु तिथि कैलेइ पनि टुट्तैनन्। चन्द्रमाको स्थिति अनुसार वर्षदिनमा प्रायः कुनै ६ ओटा चतुर्दशी तिथि कुनै रूपमा टुट्छन् वा घट्छन्। एक वैदिक नववर्षारम्भदेखि आर्को वैदिक नववर्षारम्भसम्ममा १३ चान्द्रमास (शुक्लपक्षको प्रतिपदादेखि अम्सिसम्मको मैना) भएमा तेस वर्ष उत्तरायणका वा दक्षिणायनका अन्त्यमा वैदिक अधिकमास पर्छ। क्षयमास कैलेइ पनि पर्दैन। एस विषयको विस्तृत विवरण एसै ग्रन्थका परिशिष्टमा हेर्नुहोस्। सारणीमा २०३२ संवत्देखि २०७१ संवत्सम्म परेका वैदिक नववर्षारम्भदिन, उत्तरायणारम्भदिन र वेदाङ्गज्योतिषअनुसारका अधिकमासहरु पनि दिइएका छन्। एस्तै आधारमा मासहरु गनेर पितृको क्षयतिथिको मास-पक्षको निरूपण गर्नपर्छ र तेसै अनुसार सङ्कल्प र श्राद्धकर्म गर्नपर्छ। एस विषयमा थप जिज्ञासा भए हाम्रो कौण्डिन्न्यायनव्याख्यानसहित **वेदाङ्गज्योतिष** (चौखम्बाविद्याभवन, वाराणसी, सन् २००५) पनि हेर्नुहोला।

सङ्कल्पमा देश र काल छासमिस गर्नुभन्दा देशको उल्लेख सिद्ध्याइ कालको उल्लेख गर्ने गर्नु उचित देखिञ्छ। प्रस्तुत पद्धतिमा सङ्कल्प दिंदा हेमाद्रिको सङ्कल्पलाइ ध्यानमा राखिएको भएपनि हेमाद्रिको **'अष्टमे श्वेतवाराहकल्पे'** भन्ने प्रयोग नमिल्दो र **'एकतमे'** भन्ने प्रयोग अपाणिनीय देखिएकाले तेसमा संशोधन गरिएको छ। श्राद्धमा सङ्कल्प छोड्करि रूपमा मात्र गरेपनि हुञ्छ। तसर्थ श्राद्धको मूल सङ्कल्प छोट्करिमा नै दिइएको छ।

श्राद्धमा पाक गर्ने (पकाउने) व्यक्ति

श्राद्धमा पाक सके आँफैले गर्ने नसके विवाहिता सुशीला धर्मपत्नीबाट गराउने, त्यो पनि हुन नसके सदाचारि औरस छोरो (आफ्नै जातिकि वैधरूपमा विवाहिता धर्मपत्नीमा आँफैले जन्माएको छोरो), अरु सदाचारि सगोत्र बन्धु; अविधवा गुरुमा, माइजु, फुपु, दिदि-बैनि, छोरि-बुआरि इत्यादिबाट गराउने कुरा शास्त्रमा पाँइञ्छ। तथापि पत्नीद्वारा पाक गराउनु उत्तम कुरा मानिएको छ। जस्तै—

पत्नी पाकं यदा कुर्यात् पुत्रः पुष्पकुशान् हरेत्। किं गयायां यदि श्राद्धं स्वकाले स्वगृहे भवेत्॥
स्वगोत्रा सुभगा नारी भ्रातृभर्तृसुतान्विता। गुरुशुश्रूषणोपेता पित्रन्नं कर्तुमर्हति॥
आचार्यानी मातुलानी पितृमातृस्वसा स्वसा। एता ह्यविधवाः कुर्युः पितृपाकं सुता स्नुषा॥
बहुप्रजास् तु या नार्यो भ्रातृमत्यः कुलोद्भवाः। पञ्चाशत्परितोऽब्दानां यदि वा विधवा अपि॥ —प्रजापतिस्मृति, श्लो.५६–५९।
स्नुषापक्वामृतान्नं यैः पितृभिर् नोपलभ्यते। पुत्रिणस् तेन ते न स्युः पुत्रेणेति मनीषिणः॥—लौगाक्षिस्मृ., स्मृतिसन्–६, पृ.४००।

सात मैनाभन्दा बडिको गर्भ भएकि गर्भिणी स्त्रीले, झगडालु मुखाले स्त्रीले, रँगाएको रातो कालो निलो वस्त्र लाएका स्त्रीले, केश फिँजाएका स्त्रीले, चोलो नलाएका स्त्रीले, रोगिणी स्त्रीले, उक्त नातासम्बन्ध नपरेका अन्य गोत्रका स्त्रीले पनि श्राद्धको पाक गर्न उचित हुँदैन। पाक गर्ने स्त्रीले हाँस्न र धेरै बोल्न पनि हुँदैन।

सप्तमासाधिके गर्भे गर्भिण्या यत् तु पच्यते। हव्यं देवा न गृह्णन्ति कव्यं च पितरस् तथा॥—यतिधर्मसङ्ग्रह, पृ.११२।

मुक्तकेशा तु या नारी रक्तवस्त्रा कथञ्चन। हसते वदते चैव निराशाः पितरो गताः॥—व्याघ्रपादस्मृति, स्मृतिसन्दर्भ, पृ.२४९९।

श्राद्धमा दीप

श्राद्धका प्रारम्भमा दीप बाल्ने र अन्त्यमा दीपाच्छादन गर्ने कुरा प्रचलित नेपालि पुर्बिया ब्राह्मणहरुका श्राद्ध-पद्धतिहरुमा देखिञ्छ। किन्तु तेस कुराको सङ्केत शुक्लयजुर्वेदिहरुको कात्यायनश्राद्धकल्पसूत्रमा पाइँदैन। प्रचलित उक्त श्राद्धपद्धतिका सम्पादकहरुले तेस दीपको प्रयोजन स्पष्ट रूपमा बुजेजस्तो पनि देखिँदैन। कसैले केइ कसैले केइ ठानेजस्तो बुजिञ्छ। दियो बाल्ने ठाम र श्राद्ध गर्ने ठाम फरक देखिनाले र दियो हिंडाउने कुरा चल्तिका पद्धतिहरुमा उल्लिखित नभएकाले पनि यो विषय विशेष विचारणीय देखिञ्छ। वस्तुतः त्यो रातमा ब्राह्मण निमन्त्रण गर्दा लौकिक आवश्यकताले गर्दा ब्राह्मणका आँगनमा बालिने गरेको दीप जस्तो देखिञ्छ। कुनै लघुस्मृति-पुराणबाट अन्यथा देखिएमा पनि त्यो कुरा कात्यायनश्राद्धकल्पसूत्रमा सूचित वा आकाङ्क्षित मान्न भने कुनै आधार देखिँदैन।

श्राद्धमा शय्यादिदान

श्राद्धमा सत्पात्र पितृब्राह्मणलाइ वा मातृब्राह्मणलाइ अर्घ दिइ गन्धपुष्पधूपदीपवासोदान (श्रीखण्डचन्दन-फुल-धूप-दीप-वस्त्रहरुको दान) गरेर सक्नेले दण्ड; कमण्डलुप्रभृति जलपात्र (पानिका भाँडा); छाता, जुत्ता, आसन, शय्या, चामर, आदर्श (दर्पण), कङ्कत (काँय्यों) इत्यादि गृहोपकरण (घरका सामान); भक्ष्य-भोज्यादि (खाने कुरा); फल; भोजनपात्र (खाने भाँडा) इत्यादि भाण्ड; सुवर्णालङ्कारादि अलङ्कार (अम्ठि इत्यादि गहना); हात्ति, घोडा, रथ, गाडा इत्यादि यान (वाहन); गाइ, भैंसि, गोरु, ऊँट इत्यादि पशु; भूमि, गृह (घर), पुस्तक इत्यादि कुरा जेजे सकिन्छ पितृले पाँउन् भनि दान गर्नु उत्तम कुरा हो भन्ने विषय पनि स्मृतिपुराणादिमा पाँइन्छ। एस विषयमा हेमाद्रिको श्राद्धकल्प (पृ.६७८-७४४) र वीरमित्रोदयको श्राद्धप्रकाश पनि अवलोकनीय छन्।

श्राद्धमा टक्र्याउन पर्ने वस्तु

श्राद्धका लागि खाने कुरा बनाउँदा आँफ्नो शक्तिअनुसार हुँदासम्म राम्रा वस्तु भुजा, खिर, रोटि, पुआ, फुरौला, दाल, तर्कारि, अचार, सिखर्नि इत्यादि राम्ररि बनाउन पर्छ। भनिएको पनि छ—

ततोऽन्नं बहुसंस्कारं नैकव्यञ्जनमव्ययम्।
चोष्यं पेयं समृद्धं च यथाशक्त्युपकल्पयेत्॥—औशनसस्मृति ५।१९, स्मृतिसन्दर्भ, पृ.१५८०।

श्राद्धमा प्रशस्त कुराहरु र निन्दित कुराहरु

व्रीहि (भदैया धान, घैया), शालिधान (हेमन्तऋतुमा पाक्ने धान, जडन), जौ, गउँ, मुङ, माष, नाबो धान, अलैंचि, सुखमेल, सुठो, मरिच, हिङ, गुड, चिनि-मिस्रि, कपुर, सिदेनुन, साँभरिनुन, कटहर, नरिबेल, केरा, ठुलो बँगेर; गाइको दुद, दै, घिउ, खिर; मह, मासु इत्यादि श्राद्धका लागि **हविष्य** मानिञ्छन् भन्ने कुरा याज्ञवल्क्यस्मृतिका मिताक्षरा टीकामा (१।२४०) उल्लिखित छ। एस विषयमा हेमाद्रिका चतुर्वर्गचिन्तामणिका परिशेषखण्डका श्राद्धकल्पमा, वीरमित्रोदयका श्राद्धप्रकाशमा र निर्णयसिन्धुमा पनि धेरै कुरा छन्। श्राद्धमा नचल्ने केइ कुरा महाभारतका अनुशासनपर्वमा (९१।३८–४४) पनि छन्। विष्णुधर्मसूत्रमा (७९।१–१८), शङ्खस्मृतिमा (१४।१५–१६,१९–२१), प्रजापतिस्मृतिमा (श्लो.१२६–१२९) र उशनसस्मृतिमा (३।१४३–१४५) पनि एस विषयका वचन पाँइञ्छन्।

नेपालि समाजमा रायोको साग, निउरो, सिप्लिघान, फर्सिका मुण्टा, आलुमुलाको तर्कारि, चिचिन्नाको तर्कारि, घिरम्लाको तर्कारि, फर्सिको तर्कारि, गाबाको (कर्कलाको) तर्कारि, भँडि-करेलाको अचार, काँक्राको अचार, ओलको (काँचको) अचार, मइनकाँडाको अचार इत्यादि पदार्थ श्राद्धमा चलेका देखिञ्छन्। भैँसिका दुद-दै-घिउहरु पनि चलेकै देखिञ्छन्। ब्राह्मणहरुलाइ वा पितृलाइ वा कर्तालाइ मनपर्ने भक्ष्य (चबाएर खाइने), भोज्य (जिउराले खेलाएर खाइने), लेह्य (चाटेर खाइने), चूष्य (चुसेर खाइने), पेय (पिइने) इत्यादि पदार्थहरु श्राद्धमा दिइने कुरा मिताक्षरामा (१।२४०) प्रतिपादित देखिञ्छ। एसबाट विशेष तीव्र निषेध नभएका तेस्ता वस्तुहरु श्राद्धमा प्रयोगमा ल्याउन सकिने कुरा देखिन आउँछ।

माथि आमिषमा गनिएका अरु कुरा र भैंसिका र चम्रिका दुद, दै, घिउ, खिर श्राद्धका लागि अयोग्य हुन् भन्ने कुरा पनि मिताक्षरामा (१।२४०) उल्लिखित छ। ब्राह्मणका लागि अभक्ष्य कुराहरु पनि श्राद्धमा प्रयोगमा ल्याउन हुँदैन भन्ने कुरा पनि लघुस्मृति-पुराणहरुमा भनिएको पाँइञ्छ।

श्राद्धका लागि प्रशस्त (ग्राह्य) र निन्दित (त्याज्य) कुराहरुमा विभिन्न ग्रन्थहरुमा केइ मतभेद पनि देखिञ्छ, कतै विहित र कतै निषिद्ध भएका वस्तुहरु विकल्पले ग्राह्य मानिञ्छन्। तेस्ता कुरा तल कोष्ठभित्र () राखि देखाइएका छन्। एस विषयमा तलका कुरा सामान्यतया स्मरणीय छन्—

भाँडामा— सुनका, चाँदिका, तामाका, (काँसका) भाँडा प्रशस्त छन्, (नएँ भए वा हातले बनाएका भए माटाका भाँडा पनि राम्रै मानिञ्छन्), सालका पातका दुना-टपरि पनि राम्रै मानिञ्छन्; फलमका भाँडा निन्दित छन्। केराको पात पनि निन्द्य छ।

फलमा— अनार, अमला, (अमारो), अमिलि, आँप, आरु, ओखर, कटहर, काँक्रो, केरा, खर्बुजो, चिउरि, छोहोरा, डुम्रि, तिंदु, दाख, दारिम, नरिबेल, बँगेर, बडहर, (बिमिरो), बेल, बेलौंति, सुन्ताला, स्याउ इत्यादि गुलिया स्वादिला फलहरु प्रशस्त छन्; (कैथ), (जामुनो), (ज्यामिर), पँदेल, लौसि इत्यादि फल निन्दित छन्।

फुलमा (पुष्पमा)— अगस्तिफुल, आँपको मञ्जरी, कमलको फुल, चमेलि, चाँपको फुल, (ब्राह्मणपूजनमा जाइ), जुइ, तगारे फुल, तिलको फुल, तुलसीमञ्जरी, दुबो, पारिजात, बेलि, भृङ्गिराज, मालति इत्यादि र अरु सेता हल्का पएँला मन्द-मधुर गन्ध भएका फुलहरु प्रशस्त छन्; असुरो, आँक, करबिर, कुन्दपुष्प, केतकि, गुम्पाति

[द्रोणपुष्पी, गाण्टे फुल वा गाण्टे झार], जपापुष्प [बारमासे], (जाइ), (तुलसीपत्र), धतुरो, पलाश, पाटला [गुलाफ], फलेदो, बेलपत्र, पानिमा फुल्ने बाएक अरु सबै राता फुल र चर्को गन्ध भएका फुल पनि निन्दित छन्।

अन्नमा— काउनो, केराउ, गौं, जौ, तिल, नाबोधान, भदैया धान [=व्रीहिं], मास, मुङ, शालिधान, (सामा) इत्यादि प्रशस्त छन्; कोदो, गहत, (चना), जुनेलो, (राजमाष, बोडि), भट्ट, मकै, मसुरो, रहर इत्यादि निन्दित छन्।

सागपातमा— (आलु), ओल [काँच], कालशाक [नरिचोपाटको साग?], कुरिलो, (कोइरालो), परबर, (पिँडालु), बेथे, लामा मुला, (सर्सिमको तोरिको साग) इत्यादि प्रशस्त छन्; कुबिन्नो, गाजर, गाण्टे मुला, पालुङ्ङो, बाँसको तामा, भेण्टा, लुँडे, लौको, सुप, सेतो सिँबि, सोइजन [=शिग्रु] इत्यादि निन्दित छन्।

कटुकद्रव्यमा (मसलामा)— अदुवा, अलैंचि, कपुर, चाबो, (जिरा), (दालचिनि), पिप्ला, मरिच, ल्वाङ, सुखमेल, सुठो, सुपारि, (हिङ) प्रशस्त मानिएका छन्; बोजो, सुप इत्यादि निन्दित मानिएका छन्।

गन्धमा (चन्दनमा)— श्रीखण्ड, अगरु, कुङ्कुम इत्यादि प्रशस्त र अबिर रक्तचन्दन इत्यादि निन्दित छन्। केसरि बेसार इत्यादि वर्जनीय नमानिएपनि शास्त्रमा प्रशंसनीय पनि मानिएका छैनन्।

धूपमा— घृतमिश्रित अगरु, कपुर, गोकुलधूप, धुपि, श्रीखण्ड प्रशस्त छन् र कस्तूरी इत्यादि प्राणिका अङ्गबाट बनेका र सारै चर्को गन्ध भएका धूपहरु निन्दित छन्। निख्लो घिउ वा निख्ला अगरु इत्यादि पनि प्रशंसनीय छैनन्।

दीपमा— गाइ-भैंसिका घिउमा भिजाएका वा तिलका तेलमा भिजाएका बत्ति प्रशस्त छन् र बोसाले वा बोसाहरु परेका घिउ-तेलले भिजाएका बत्ति निन्दित छन्। तोरिका तेलमा भिजाएका बत्ति कामचलाउ हुन्।

आसनमा– रेसमि कपडा; नेपालकम्बल (काम्लो), कुशासन, सालका पातको लोष्टो; खमारिको वा सल्लाको वा कदमको वा सिप्लिघानको वा वास्तविक शास्त्रीय शमीको काठको पिर्का उत्तम मानिञ्छन्; फलामका किला ठोकेको पिर्का निन्दित छ।

धनमा– आँफ्ना-आँफ्ना वर्णका लागि शास्त्रमा विहित अर्थात् ब्राह्मणादिका लागि याजन-अध्यापन-प्रतिग्रहादि वृत्तिले कमाएको धर्म्य धन श्राद्धका लागि प्रशस्त छ र ब्राह्मणादिका लागि रक्षा व्यापार सेवा इत्यादि अन्यवर्णवृत्तिले वा विकर्मले आर्जेको; सबै वर्णका लागि जुआ, किर्ते काम, ठगि, कालो बजारि, घुसखोरि, बट्टा (कमिसन), चोरि, डकैति, लुट इत्यादि अन्यायले आर्जेको; पतितबाट आएको, अन्त्यज-म्लेच्छादिबाट आएको, कन्याको शुल्कका रूपमा आएको, पितृकार्यका लागि भनि मागिएको इत्यादि प्रकारको धन निन्दित छ–

स्ववृत्त्योपार्जितैर् वित्तैः श्राद्धद्रव्यं समाहरेत्। सुप्रतिग्रहजैर् वित्तैर् ब्राह्मणानां प्रशस्यते।
रक्षणाऽऽप्तैर् नरेन्द्रस्य वैश्यस्य क्षेत्रसम्भवैः। शूद्रस्य पण्यलब्धैश् च श्राद्धं कर्तुं प्रयुज्यते॥–स्कन्दपुराण ६।२१७।४, ५।

अन्यायोपगतैर् द्रव्यैराहूय द्विजसत्तमान्। धर्माभिकाङ्क्षी यजते न धर्मफलमश्नुते॥–ब्रह्माण्डपुराण ३।६६।७९।

असदद्रव्यकृतं श्राद्धं पितॄणां निरयप्रदम्।–लोहितस्मृति, श्लो.४०४, स्मृतिसन्दर्भ, पञ्चम भाग, पृ.२७३९।

तत् सद् द्रव्यं ब्राह्मणस्य याजनाऽध्यापनादिभिः। सम्प्राप्तं यद् विशेषेण स्वीयोर्वीसम्भवं च यत्॥
धान्यादिकं शाकमूलशलाटुफलमूलकम्। न्यायार्जितमिति प्रोक्तं योग्यं सत्कर्मणां सदा॥–लोहितस्मृति, श्लो.३९१, ३९२।

श्राद्धभूमिबाट पर हटाउन पर्ने कुराहरु

कानां खोरुन्ना इत्यादि अङ्गभङ्ग भएका व्यक्ति, पतितहरु, कुष्ठि, खटिर्‍याहा, पुल्कस, नास्तिक, कुखुरा, सुँगुर, कुकुर, सङ्कीर्ण-योनि-विप्र, पतित सम्बन्धि, अपाङ्क्तेय ब्राह्मण, यथाकाल संस्कार नभएका मनुष्य, जेजस्तो नीच काम पनि गर्ने व्यक्ति, जे पनि खाने व्यक्ति, रजस्वला, नपुंसक इत्यादि कुरा श्राद्धभूमिमा नजिक परेको र तेस्ताले श्राद्धकर्म गरेको देखेको राम्रो हुँदैन भन्ने शास्त्रोपदेश देखिन्छ। जस्तै–

हीनाङ्गः पतितः कुष्ठी व्रणी पुक्कस-नास्तिकौ। कुक्कुटः शूकरः श्वानो वर्ज्याः श्राद्धेषु दूरतः॥

–देवलवचन, हेमाद्रिश्राद्धकल्प, पृ.५१५, कूर्मपुराण २।२२।३४।

घ्राणेन सूकरो हन्ति पक्षवातेन कुक्कुटः। श्वा तु दृष्टिनिपातेन स्पर्शेनाऽवरवर्णजः॥–मनुस्मृति ३।२४१।

नाऽश्नन्ति पितरस् तस्य यत्र कुक्कुर-कुक्कुटौ।–भविष्यपुराण ४।२०५।९५।

सङ्कीर्णयोनिर् विप्रश् च सम्बन्धी पतितश्च यः। वर्जनीया बुधैरेते निवापे समुपस्थिते॥–महाभारत, अनुशासनपर्व ९१।४४।

ब्राह्मणाश् चाऽप्यपाङ्क्तेया नराः संस्कारवर्जिताः। सर्वकर्मकरा ये च्च सर्वभक्षाश् च ये नराः॥
एतान् श्राद्धे न पश्येत् तु पितृयज्ञेषु सुन्दरि। एते पश्यन्ति यच् छ्राद्धं तच् छ्राद्धं राक्षसं विदुः॥–वाराहपुराण १९०।२३-२५।

रजस्वलाश् च षण्ढाश् च श्वानसूकरकुक्कुटाः। यथा श्राद्धं न पश्यन्ति तथा कार्यं विजानता॥–विष्णुधर्मोत्तरपु.१।१४१।५–६।

फलमका भाँडाहरु, हँस्सिया (आँसि), खुर्पा, चुलेसि, स्याँगि, चक्कु, कर्द, अरु शस्त्र-अस्त्र इत्यादि पनि श्राद्धभूमिमा राख्न हुँदैन।

श्राद्धकर्ममा रिसाउन र हतपत गर्न हुँदैन

श्राद्धका कर्म गर्दा रिसाउन हुँदैन, धैर्यसित गर्नपर्छ, हतपत गर्न हुँदैन। भनिएको पनि छ, जस्तै—

त्रीणि श्राद्धे पवित्राणि दौहित्रः कुतपस् तिलाः। त्रीणि चाऽत्र प्रशंसन्ति शुद्धिमक्रोधमत्वराम्॥

—मनु.३।२३५; वासिष्ठधर्मसूत्र ११।३५, पद्मपु.सृष्टि.५०।२७०–२७१; भविष्यपु.१।१८५।२०, स्कन्दपु.७।१।२०५।१३।

क्रोधेनैव च यद् दत्तं यद् दत्तं त्वरया पुनः। यातुधाना विलुम्पन्ति यच् च पापोपपादितम्॥—औशनस., स्मृतिसन्दर्भ, पृ.१५८३।

श्राद्धमा मांसप्रयोग र वैदिकशास्त्र

गृह्यसूत्रहरु, श्राद्धकल्पसूत्रहरु, धर्मसूत्रहरु इत्यादि सूत्रग्रन्थहरुमा, मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि स्मृतिहरुमा, भागवतादि एकदुइ वैष्णव-तन्त्रप्रधान पुराणबाएक प्रायः अरु सबै पुराणहरुमा, वाल्मीकिरामायणमा (१।४९।६–१०), महाभारतमा, स्मृतिहरुका सबै पुराना व्याख्याहरुमा, धर्मशास्त्रनिबन्ध-ग्रन्थहरुमा समेत सबै ग्रन्थमा श्राद्धमा मासुको प्रयोग गर्ने कुरा विहित देखिञ्छ। याज्ञवल्क्यस्मृतिका विक्रमाब्दका बारौँ शतकतिरका मिताक्षरा टीकाका रचयिताले र याज्ञवल्क्यस्मृतिका तेरौँ शतकतिरका अपरार्कव्याख्याकारले पनि (१।२६०-२६१) श्राद्धमा मासु कलिवर्ज्य हो भन्ने कुराको उल्लेख गरेका छैनन्, श्राद्धीय हविष्य वस्तुमा मासुलाइ गनेकै छन् (१।२४०)। मिताक्षरामा (१।२६०,२६१) उल्लिखित पुलस्त्यको “मुन्यन्नं ब्राह्मणस्योक्तं मांसं क्षत्रियवैश्ययोः। मधुप्रदानं शूद्रस्य सर्वेषां चाऽविरोधि यत्” भन्ने वचनबाट पनि श्राद्धमा मांस कलिवर्ज्य (कलियुगमा त्याग गर्नपर्ने) नमानिएको कुरा स्पष्ट हुञ्छ। एस वचनको मिताक्षराको व्याख्या-

अनुसार त ब्राह्मणका लागि मुन्यन्न प्रधान भएको कुरा मात्र बुजिञ्छ, ब्राह्मणका लागि पनि श्राद्धमा मांस वर्जनीय नै हो भन्ने कुरा त बुजिँदैन। उक्त पुलस्त्यको वचनको मात्र भर पर्ने हो भने त मह शूद्रले मात्र श्राद्धमा प्रयोग गर्न हुने मान्न पर्ला, तेसो त मानिँदैन। मधु (माक्षिक) त श्राद्धमा अत्यावश्यक नै मानिएको छ **"यच् छ्राद्धं मधुना हीनं तद् रसैः सकलैरपि। मिष्टान्नैरपि संयुक्तं तत् पितॄणां न तृप्तये॥ अणुमात्रमपि श्राद्धे यदि न स्याद् धि माक्षिकम्। नामापि कीर्तयेत् तस्य पितॄणां तुष्टये यतः"** (स्कन्दपुराण ६।२२१।४२,४३)। श्राद्धका वेदमन्त्रमा **"मधु मधु मधु"** भन्ने पाठ पनि छँदैछ। तसर्थ मिताक्षराकारले पनि उनका समयमा कलिमै पनि ब्राह्मणका लागि पनि श्राद्धमा मांस अनिषिद्ध नै मानेको देखिञ्छ।

वैक्रमाब्दका तेरौं शतकतिरका कुल्लूकभट्ट सम्मले पनि मनुस्मृतिका सम्बद्ध प्रकरणका व्याख्यामा (३।२६६-२७२) श्राद्धमा मासु कलिवर्ज्य हो भन्ने कुरा लेखेका छैनन्। कुल्लूकभन्दा पुराना गोविन्दराजले त 'शब्दले जे बुजाउँछ त्यो तेसै रूपमा लिनपर्छ नत्र शब्दबाट बुजिने धर्ममा पनि कसरि विश्वास हुन्छ?' **(यत् शब्दो बोधयति तत् तथैव प्रतिपादनीयम्, अन्यथा शब्दप्रमाणकधर्मार्थलाभेऽपि कः आश्वासः)** भनेर एस्ता प्रकरणको तानतुन गरेर अन्यथा अर्थ गर्ने कुरालाइ खण्डित नै गरेका पनि छन् (मनु.५।४१–४२)।

१५०५ संवत्मा काशिमा लेखिएका कात्यायनश्राद्धकल्पसूत्रव्याख्या श्राद्धकाशिकामा पनि श्राद्धमा मासु कलिवर्ज्य मानिएको छैन, त्याँहाँ **"यच् चाऽभ्यधायि कलियुगविषयो मांसनिषेध इति तदप्यसङ्गतम्"** भनि धेरै प्रमाणवचन देखाइ श्राद्धमा मासु कलिवर्ज्य हो भन्ने कुराको खण्डनै गरिएको छ (भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ.४७३-४७४)। साथै त्याँहाँ **"तस्माद् विहितहिंसादौ श्राद्धादिकर्मसु च मांसभक्षणे विधिरितरत्र निषेध इति सिद्धम्"** (पृ.४७३) भनि श्राद्धमा मासु खानु भन्ने विधि नै हो भन्ने सिद्धान्त निष्कर्षरूपमा दिइएको छ। **"संयावं कृशरं मांसं शष्कुलीं**

पायसं तथा। आत्मार्थे न प्रकर्तव्यं देवतानां प्रकल्पयेत्" इत्यादि विधायक वचन (भविष्य.४।२०५।१३६, महाभारत, अनु.१०४।४१) पनि स्मरणीय छन्। "पितृदेवताऽतिथिपूजायामप्येव पशुं हिंस्यात्" (वासिष्ठधर्मसूत्र ४।५), "वध्याश् च धर्मार्थे" (गौतमधर्मसूत्र २।८।३७) "यज्ञार्थं ब्राह्मणैर् वध्याः प्रशस्ता मृगपक्षिणः। भृत्यानां चैव वृत्त्यर्थमगस्त्यो ह्याचरत् पुरा॥ बभूवुर् हि पुरोडाशा भक्ष्याणां मृगपक्षिणाम्। पुराणेष्वृषियज्ञेषु ब्रह्मक्षत्रसवेषु च॥" (मनुस्मृति ५।२२,२३), "मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि। अत्रैव पशवो हिंस्या नाऽन्यत्रेत्यब्रवीन् मनुः॥ एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वाऽर्थविद् द्विजः। आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम्॥" (मनुस्मृति ५।४१,४२) इत्यादि विधान पनि छन्।

श्राद्धमा मासुको प्रयोग अगिदेखि नै कलिवर्ज्य मानिएको भए कलियुगकै विक्रमसंवत्का बारौँ शताब्दीदेखि सोरौँ-सत्रौँ शताब्दीसम्मका कृत्यकल्पतरु, स्मृत्यर्थसार, स्मृतिचन्द्रिका, स्मृतिरत्नाकर, चतुर्वर्गचिन्तामणि (हेमाद्रि), पाराशरमाधवीय, श्राद्धविवेक इत्यादि पुराना धर्मशास्त्रनिबन्धहरुमा श्राद्धमा ग्राह्य-वर्ज्य-मांसका (विहित र निषिद्ध मासुका) लामालामा विवरण दिनु निष्प्रयोजन हुने हुनाले र ति ग्रन्थमा तेस्ता विवरण दिइएकाले ति धर्मशास्त्रनिबन्धका कर्ताहरुले श्राद्धमा मासु कलिवर्ज्य नमानेको देखिन्छ। वैक्रमाब्दका सत्रौँ शतकतिरकै मित्रमिश्रका वीरमित्रोदयका श्राद्धप्रकाशमा पनि श्राद्धमा मांसप्रयोगको निरूपण गर्ने प्रकरणमा (पृ.५०-५४) श्राद्धमा मासु कलिवर्ज्य हो भन्ने कुरा उल्लिखित देखिँदैन। पुराणसंहिताहरु पनि कलिकालका लागि नै बनेकाले र अनेक पुराणसंहिताहरुमा श्राद्धमा मासुको विधान देखिएकाले (अग्निपुराण ११७।४४-४८, १६३।३०-३३; कूर्मपु.२।२०।४०-४४, २।२२।५४,६७,६८; मूलगरुडपु.१।९९।३७, ३८; २।३४।५२; नारदीयपु.१।२८।६२; १।५१।१४१-१४४; पद्मपु.सृष्टि.९।६२,६३,१५२-१५९, १०।५३-५४, ३३।८०-८४, ८५; पद्मपु.स्वर्ग.५६।३६-४२; ब्रह्मवैवर्तपु.४।८५।२६, ब्रह्माण्डपु.उपोद्घात.१९।३-११; ६३।१२, ब्रह्मपु.

५।४८-४९, १११।२३-३०, ११२।११८-१२०, ११३।१११,११२; भविष्यपु.१।१८३।४, १।१८६।२९; मत्स्यपु.१५।३४-३६, १७।३०-३५, मार्कण्डेयपु. २६।४८, २९।२-८, २९।३१-३५, ३२।२-४; वायुपु.२।२१।४-१२; वराहपु.१८७।३८-४०, विष्णुपु.३।१६।१-३; स्कन्दपु. ४।४०।१०, १७; ६।४९।१९, ६।२२०।५, ६, २९-३२, ६।२२१।३-५, २५-३०; विष्णुधर्मोत्तरपु.१।१४०।४९-५०, १।१४२।४३-५१; सौरपु.१९।२६; देवीपु.९७।४ इत्यादि) पुराणसंहिताकारले पनि श्राद्धमा मासु कलिवर्ज्य नमानेको नै देखिन्छ। रामानुजीयादि आंधुनिक वैष्णवहरुले सात्त्विक पुराण भनेर विशेष मान्ने मूल गरुडपुराणमा, नारदीयपुराणमा, पद्मपुराणमा, वराहपुराणमा र विष्णुपुराणमा पनि श्राद्धमा दिइएको मासुले पितृको विशेष तृप्ति हुने कुरा बताइएकै छ। जस्तै मूल गरुडपुराणमा—

हविष्यान्नेन वै मासं पायसेन तु वत्सरम्। मात्स्य-हारिणकौरभ्र-शाकुन-च्छाग-पार्षतैः ॥
ऐण-रौरव-वाराह-शाश-मांसैर् यथाक्रमम्। मासवृद्ध्याऽपि तुष्यन्ति दत्तैरिह पितामहाः ॥—१।९९।३७,३८।

कलियुगमै व्यवहारका लागि रचिएको कौटलीय अर्थशास्त्रमा पनि देवपितृकार्यमा मासुको प्रयोग हुने कुरा **"लोम-दोह-वाहन-प्रजननोपकारिणां क्षुद्रपशूनामादाने तच् च तावच् च दण्डः, प्रवासने चाऽन्यत्र देवपितृकार्येभ्यः"** (४।१३) भन्ने वाक्यमा सूचित भएको छ। हाम्रा परम्परावादि पण्डित-पुरोहितहरुमा प्रायः पाइने आँफ्नो इतिहास प्रतिको चेतनाको र विवेकदृष्टिको न्यूतनाले गर्दा उनिहरु एस्ता कुरा केलाउन असमर्थ रहेका पाँइन्छन्।

१६६८ संवत्मा काशिमा लेखिएका निर्णयसिन्धुमा नै पनि आँफ्ना मतमा श्राद्धमा मासुको प्रयोग नियतै भएको कुरा **"मांसमधुनोः श्राद्धे नियतत्वं गम्यते"** भनेर देखाइ (पृ.२९०) वैष्णवबृहत्पराशरस्मृतिको र वैष्णवतन्त्रप्रधान भागवतपुराणको वचनका आधारमा श्राद्धमा मासुको प्रयोग नगर्ने कुरा देखाइएको छ र वैष्णवतन्त्रप्रधानै बृहन्नारदीयपुराणका

वचनका आधारमा अरु विवेचना गरिएको छ। तथापि तेस प्रकरणका अन्त्यमा श्राद्धमा एकपल्ट दिइएका वार्ध्रीणसका (छागविशेषका) मासुले पितृको १२ वर्षसम्म तृप्ति हुञ्छ भन्ने मनुस्मृतिको वचनको (३।२७१) उल्लेख गरेर विवेचना टुंग्याइएको छ। एसबाट निर्णयसिन्धुकारका मतमा पनि श्राद्धमा मासु कलिवर्ज्य नमानिएको कुरा झल्कञ्छ।

निर्णयसिन्धुभन्दा पछि लेखिएको नीलकण्ठभट्टको श्राद्धमयूखमा चाइँ बृहन्नारदीयपुराण-भागवतपुराणादि वैष्णव-तन्त्रप्रधान पुराणका र वैष्णवबृहत्पराशरस्मृतिका वचनका आधारमा श्राद्धमा मासुको प्रयोग कलिवर्ज्य मानिएको र कलिमा पनि श्राद्धमा मासुको प्रयोग गर्न हुञ्छ भन्ने-र-गर्नेहरुलाइ *"स्मृतिज्ञम्मन्य"* समेत भनेर नराम्ररि आक्षेप गरेको पनि देखिञ्छ। नीलकण्ठ भट्टले बृहन्नारदीयपुराणमा र बृहत्पराशरस्मृतिमा पनि श्राद्धमा मासुको प्रयोग अनुमतै छ भन्ने कुरा देखाउने **"यथाचारं प्रदेयं च मधुमांसादिकं तथा"** (बृ.ना.पु. १।२८।६२), **"भक्ष्यं प्राणात्यये मांसं श्राद्धयज्ञोत्सवेष्वपि। कृत्वा च विधिवच् छ्राद्धं पश्चात् तत् स्वयमश्नुते॥"** (बृ.परा.स्मृ.६।३२३-३२४), **"सर्वथाऽन्नं यदा न स्यात् तदैवाऽऽमिषमाश्रयेत्। ब्राह्मणश् च स्वयं नाऽद्यात् तच् च श्वाऽऽदिहतं यदि॥"** (बृ.परा.स्मृ. ७।३०१), **"एवं पञ्चमखान् कुर्वन् मधु-*मांसा*-ऽऽज्य-पायसैः। स सन्तर्प्य पितॄन् देवान् मनुष्यान् स्वर्गमाप्नुयात्॥"** (बृ.परा.स्मृ.६।८०–८१), **"ये खण्ड-*मांस*-मधु-पायस-सर्पिरन्नैर् देशे च कालसहिते च सुपात्रदत्तैः। प्रीणन्ति देवमनुजान् पितृवंशजातान् तेषां नृणां तु पितरो वरदा भवन्ति॥"** (बृ.परा.स्मृ.७।३९८) इत्यादि वचनमा पनि गजनिमीलिका (देखेको-नदेखेइ) गरेका छन्।

१८४७ संवत्मा लेखिएको हिजोअस्तिको ग्रन्थ धर्मसिन्धुमा पनि कलिवर्ज्य भन्ने वचनका र पुराना धर्मशास्त्रनिबन्धकारहरुले वैष्णवतन्त्रप्रधान हुनाले व़ास्ता नगरेका भागवतपुराणका वचनका आधारमा नै विठोवादेवताका भक्त वैष्णव काशीनाथोपाध्यायले श्राद्धमा मासुको प्रयोग गर्न नहुने कुरा लेखेका छन् (निर्णयसागर, द्वितीयावृत्ति, सन्१९०४,

पृ.२९२)। तथापि श्राद्धमयूखकारका समयमा पनि श्राद्धमा स्मृतिशास्त्रानुसार मासुको प्रयोग गर्न हुञ्छ र सक्नेले र आँफु मासु खानेले श्राद्धमा मासुको प्रयोग गर्नपर्छ भन्ने र प्रयोगै गर्ने विद्वान्हरु पनि भएको कुरा उनैका लेखबाट पनि झल्कञ्छ। १६२८ संवत्मा रचिएका मुहूर्तमार्तण्डका वचनको उल्लेख गर्ने (पारस्करगृ.सू.१।८।२१) गदाधरदीक्षितले बनाएको कात्यायनश्राद्धकल्पसूत्रको भाष्यमा पनि श्राद्धमा ब्राह्मणलाइ दिइने भोज्य पदार्थमा मासुको उल्लेख पाँइञ्छ (पञ्चभाष्ययुक्त पुस्तक, पृ.४५९)। इ सबै कुराबाट श्राद्धमा मासुको प्रयोग नगर्ने चलन अगिअगि पनि जैन-बौद्धादिका जड अहिंसावादका प्रभावबाट र अर्वाचीन कालमा पनि पाखण्डकोटिका चार्वाक-जैन-बौद्धतुल्य भै श्रौत अग्नीषोमीय-पशुयागको पनि निन्दा गर्ने वैष्णवहरुका प्रभावबाट नै वैदिकहरुमा पनि भ्रमवश चल्न गएको देखिञ्छ। तेसैले शैव-वैष्णवादि पनि बौद्धादि झैँ नै श्राद्धका दिनमा बोलचाल गर्न अयोग्य मानिएका देखिञ्छन्–

कुवृत्तयो वेदमार्गदूषणोन्मुखशास्त्रगाः। तथागताः सौगताश् च तल्लोका कालिकागमाः।
शैवागमप्रधानाश् च विष्ण्वागमपरा अपि। कापालिकाश् च नग्नाश् च वाच्याः स्युर् नैव सर्वथा।
पैतृकेषु विशेषेण दर्शादिष्वखिलेषु वै। विशेषेण मृताहेषु तत्राऽपि पुनरप्यति॥–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ–६, पृ.३९१।

मैथिल र बङ्गालि ब्राह्मणहरुले भने परम्परागत आचारप्राप्त रूपमा श्राद्धमा माछा-मासुको प्रयोग आजभोलि पनि गरिरहेकै बुजिञ्छ। श्राद्धमा मासुको प्रयोग श्रीदत्तका श्राद्धकल्पमा (पृ.२६,२७,२९,५६,६३) र रुद्रधरका श्राद्ध-विवेकमा (पृ.१००) पनि देखाइएको छ। रामचन्द्रझाका श्रीवाचस्पतिमिश्रविरचिता प्रतिसंस्कृता वाजसनेयिनां श्राद्ध-पद्धतिः भन्ने ग्रन्थमा (चौखम्बाविद्याभवन, वाराणसी, सन् १९९३) पनि एकादशाहकृत्यका प्रकरणमा (पृ.४१) "ओम् पित्रे त्वा जुष्टं प्रोक्षामि" भनि छागको प्रोक्षणको कुरा गरिएको देखिञ्छ (पृ.४१)। मैथिलपण्डित त्रिलोकीनाथमिश्रले

रचेको **पितृकर्मनिर्णय** भन्ने २००८ संवत्‌मा उनैले प्रकाशित गरेको ग्रन्थमा पनि मत्स्यमांसनिर्णय भन्ने प्रकरणमा पनि कलिमा पनि श्राद्धमा मत्स्यमांस अनिषिद्ध भएको कुरा देखाइएको छ। मैथिलहरुको एस आचारलाइ समुद्रसंयान (समुद्रयात्रा गर्नु) शीधुपान (मद्यपान) व्यभिचार इत्यादिलाइ झैँ शास्त्रविरुद्ध हो भन्ने घोषित गरिएको पनि देखिँदैन। क्षत्रिय हुम् भन्नेहरुमा पनि श्राद्धमा मासुको प्रयोगको प्रचलन अद्यापि रहेकै बुजिञ्छ। *"दाङ्गमा बाहुनहरूले नै सम्वत् १९२० सम्म वार्षिक श्राद्धमा खसी काट्‌थे भन्ने कुरा त्यस बेलाका बूढापाकाहरूबाट सुनिन्थ्यो, ठकुरीहरू अझै काट्‌दै छन्"* भन्ने कुरा दाङका टेकनाथ गौतमका 'पुनर्विवाहविमर्श' (ने.रा.प्र.प्र., २०५५) भन्ने ग्रन्थमा (पृ.७३) देखिञ्छ। **काठमाण्डुका हिन्दु नेवारहरुमा पनि श्राद्धमा मासुको प्रयोग गर्ने परम्परा आइराखेकै बुजिञ्छ।**

अगिपछि आँफु भने आँफुखुसि मासु (वृथामांस) खाने श्राद्धमा पितृलाइ भने मासु नदिने कुरा शास्त्रानुकूल हैन भन्ने देखिञ्छ। आँफ्नो जे आहार छ देवतापितृलाइ पनि तेसैको समर्पण गर्ने सामान्य सिद्धान्त छ– **"यदाहारो भवेत् तेन पूजयेत् पितृदेवताः"** (पद्मपु. स्वर्ग.५८।४), **"यदन्नं पुरुषोऽश्नाति तदन्नास् तस्य देवताः"** (स्कन्दपु.६।२२०।४९), **"यदन्नः पुरुषो भवति तदन्नास् तस्य देवताः"** (वाल्मीकिरामायण, अयोध्या.१०३।३०, १०४।१५), **"यदन्ना हि नरा राजन् तदन्नास् तस्य देवताः"** (महाभारत अनुशासनपर्व ६६।६१)। आजभोलि हाम्रा शास्त्रको मर्यादा तोड्न कटिबद्ध भएका पश्चिमा-हरुको नुन खाएका मान्छेहरु अवैध मत्स्य-मांस-मद्यहरु भने खाने र देवता-पितृहरुलाइ श्रुति-स्मृति-पुराणका विधान-अनुसार मांसोपहार (बलि) दिने कुराको भने चर्को निन्दा र विरोध गर्ने गर्दै छन्। तेसैका लहैलहैमा दकुरेर अरु पनि तेस्तो कुरा गर्छन्। यो शास्त्रविरुद्ध कुरा हो। देवता-पितृलाइ चडाएर मासु खानु शास्त्रले अनुमति दिएको कुरा हो र देवता-पितृलाइ नचडाइ आँफुले मासु खानु सामान्यतया शास्त्रले निषेध गरेको कुरा हो। शास्त्रबाट नियन्त्रित भएर मासु खानु अनिन्द्य कुरा हो र मनपरि मासु खानु तेसका तुलनामा धेरै नै निन्द्य कुरा हो।

श्राद्धमा भोजन गर्ने ब्राह्मणले मासु खान्न भन्न नहुने, श्राद्धादिमा शास्त्रका नियमले दिएको मासु नखाने मान्छे नरक पर्ने वा २१ जन्मसम्म पशु हुने भन्ने कुरा पनि वासिष्ठधर्मसूत्र, मनुस्मृति, व्यासस्मृति, कूर्मपुराण, पद्मपुराण, विष्णुधर्मोत्तर-पुराण इत्यादि ग्रन्थमा स्पष्टै छन्। ति सबै वचनको उद्धरण गरेर साध्य छैन; मनुस्मृतिप्रभृतिका केइ वचन एस्ता छन्—

नियुक्तस्तु यथान्यायं यो मांसं नाऽत्ति मानवः। स प्रेत्य पशुतां याति सम्भवानेकविंशतिम्॥—मनु.५।३५; स्मृतिसन्., पृ.१५८४।

न किञ्चिद् वर्जयेच् छ्राद्धे नियुक्तस् तु द्विजोत्तमः। न मांसं प्रतिषेधेत न चाऽन्यस्याऽन्नमीक्षयेत्॥

—कूर्मपुराण (काशिराजन्याससंस्करण) २।२२।६७; औशनसस्मृति, स्मृतिसन्दर्भ, पृ.१५८४।

चिकित्सका देवलका वृद्धा *नियमधारिणः*। सोमविक्रयिणश्चैव श्राद्धे नाऽर्हन्ति सत्कृतिम्॥—वृद्धगौतम., स्मृतिसन्., पृ.२०१५।

निमन्त्रितस् तु यो विप्रो विधिवद् हव्यकव्ययोः। मांसादीन्यपि भुञ्जानः प्रायश्चित्तीयते न च॥—वृद्धगौ., स्मृतिसन्., पृ.२०३२।

न श्राद्धे प्रतिषेधश् च प्रकर्तव्यः कथञ्चन। न च त्याज्यं समुच्छिष्टं तेन भुञ्जामहे ततः॥—स्कन्दपुराण ६।२२०।३१–३२।

यथैवाऽश्राद्धभोजित्वं यथा वाऽमांसभोजनम्। श्रेयसे विहितं धर्म्यं न सर्वत्र निषिध्यते॥

—कुमारिलभट्ट (तन्त्रवार्तिक १।३।४, आनन्दाश्रम., पृ.१०९)।

धर्ममा शास्त्रलाइ नै मुख्य प्रमाण मान्ने, धर्ममा लोकको प्रसिद्धिभन्दा शास्त्रको प्रसिद्धि नै बलवान् हुन्छ भन्ने जैमिनीयधर्ममीमांसासूत्रादिका "शास्त्रस्था वा तन्निमित्तत्वात्" (जै.ध.मी.सू. १।३।९) "अशुद्धमिति चेन् न शब्दात्" (ब्र.मी.सू. ३।१।२५) "शब्दप्रमाणका वयम्, यच् छब्द आह तदस्माकं प्रमाणम्" (पाणिनीयव्याकरणभाष्य, पस्पशाह्निक, २।१।१, वार्तिक ५) इत्यादि निर्णयमा ध्यान दिने आस्तिक वैदिक सज्जन विद्वान्हरुले एस विषयमा राम्ररि विचार गर्नुहोला। फेरि पुराणहरुका "ये नियोगाँश् च शास्त्रोक्तान् धर्माऽधर्मविमिश्रितान्। पालयन्तीह ये वैश्य न ते यान्ति

यमालयम्" (पद्मपु. स्वर्ग. ३१।३९), "प्रवृत्तौ च निवृत्तौ च श्रुतिशास्त्रोक्तमेव च। आचरन्ति महात्मानस् ते नराः स्वर्गगामिनः" (पद्मपु. भूमि.९६।३६, पाताल. ९६।८९-९०), "क्रिया च शास्त्रनिर्दिष्टा रागद्वेषविवर्जिता। कर्तव्याऽहरहः श्रद्धापुरस्कारेण शक्तितः" (मार्कण्डेयपु. १६।५९-६०), "एवं सर्वेन्द्रियारम्भान् वेदपूर्वान् समाचरेत्। ब्राह्मणो भूतिसम्पन्नो य इच्छेद् भूतिमात्मनः" (हरिवंश ३।२४।१५), "तस्माच् छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ। ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि" (गीता १६।२४), "प्रवृत्तिं वचनात् कुर्वन् निवृत्तिमपि कर्मणाम्। एवं व्यवहरेन् नित्यं गृहस्थोऽपि हि मुच्यते" (प्रजापतिस्मृति, श्लो.१४६) इत्यादि वचनहरुको मनन पनि गर्नुहोला। पितृकर्ममा मासु प्रयोज्य भएको कुरा वेदका "वह वपां जातवेदः पितृभ्यः" (मा.वा.शु.य.वे.३५।२०, छान्दोग्यमन्त्रब्राह्मण २।३।१८, आपस्तम्ब(गृह्यकर्म)मन्त्रपाठ, आश्वलायनगृह्यसूत्र २।४।१३, पारस्करगृह्यसूत्र ३।३।९, गोभिलगृह्यसूत्र ४।४।२१) भन्ने मन्त्रले र "यं ते मन्थं यमोदनं यन् मांसं निपृणामि ते। तेते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः" भन्ने मन्त्रले (शौनकिहरुको अथर्ववेद १८।४।४२) तथा शतपथब्राह्मणका "अथ या रोहिणी श्येताक्षी सा पितृदेवत्या यामिदं पितृभ्यो घ्नन्ति" (३।३।१।१४) भन्ने वाक्यले पनि देखाएका छन्। एसबाट वेदमा पनि पितृकर्ममा मासुको प्रयोग गर्ने विधान भएको कुरा स्पष्ट हुन्छ। आँफ्ना शाखाका मन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्रहरुको, परिशिष्टग्रन्थहरुको, जैमिनीयधर्ममीमांसासूत्रको र अरु महास्मृति-अनुस्मृति-पुराण-इतिहासादि ग्रन्थहरुको पनि भरपर्दो र समूल अध्ययन र आवश्यक विवेचनशक्ति पनि नदेखाउने र परीक्षामा उत्तीर्ण हुने-गराउने मात्र दृष्टिले धर्मशास्त्रग्रन्थ पढ्ने-पढाउने व्यक्तिहरुका भनाइका भरमा नपर्नुहोला। **यो शास्त्रार्थ शास्त्र-धर्म-रक्षाका पक्षमा गरिएको हो भन्ने कुरामा पनि राम्ररि ध्यान दिनुहोला।** साथै हिंसा-अहिंसाका विषयमा महाभारतका वनपर्वमा (२०८।२३–३४) गैरो विचार गरेर "अहिंसायां

तु निरता यतयो द्विजसत्तमाः। कुर्वन्त्येव हि हिंसां ते यत्नादल्पतरा भवेत्" भन्ने निष्कर्ष दिइएको छ, शान्तिपर्वमा (१५।२०-२५) पाँनि खाँदा पनि हिंसा हुञ्छ भनि **"उदके बहवः प्राणाः पृथिव्यां च फलेषु च। न च कश्चिन् न तान् हन्ति किमन्यत् प्राणयापनम्"** भनिएको छ, साथै तिहिँ (१३०।२८) **"अन्यत्र राजन् हिंसाया वृत्तिर् नेहाऽस्ति कस्य चित्। अप्यरण्यसमुत्थस्य एकस्य चरतो मुनेः"** भन्ने उल्लेख छ र सात्त्वततन्त्रप्रधान वैष्णवग्रन्थ भागवतमा पनि (१।१३।४६) **"अहस्तानि सहस्तानामपदानि चतुष्पदाम्। फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम्"** भनेर जीवलाइ खाएर नै जीव बाँच्तछ भन्ने कुरा देखाइएको छ तथा मनुस्मृतिमा पनि (५।३०) **"नाऽत्ता दुष्यत्यदन्नाद्यान् प्राणिनोऽहन्यहन्यपि। धात्रैव सृष्टा ह्याद्याश् च प्राणिनोऽत्तार एव च"** भनि सृष्टिचक्रको प्रकृति नै हिंसामय छ भन्ने कुरामा लोकको ध्यान आकृष्ट गरिएकै छ भन्ने कुरामा पनि विचार पुऱ्याउनुहोला। वराहपुराणमा (अध्याय ८) पनि अन्नका बीजहरु खाँदा पनि हिंसा हुने कुरा उपाख्यान देखाइ स्पष्ट गरिएको छ भन्ने कुरा पनि नबिर्सिनुहोला।

भारतवर्षको र धर्मशास्त्रनिबन्धग्रन्थहरुको पनि इतिहासको आँफुलाइ चेतना भएको लक्षणै नदेखाउने, अज्ञान-भ्रमादिले भएका व्यवहारमा र आँफ्ना वेदका शाखाका सूत्रादिबाट सिद्ध अनादिपरम्परामा विवेक पुऱ्याउन नसकि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाको कात्यायनश्राद्धकल्पसूत्र राम्ररि पड्दै नपडि बुज्दै नबुजि नेपालि पुर्बिया ब्राह्मणहरुका प्रचलित श्राद्धपद्धतिहरु धेरै अंशमा तेसका प्रतिकूल भएको कुरा देख्नै नसकि जतापाइ जेलाइ पनि *"अनादिकालदेखि प्रचलित परम्परा" "वैदिक सनातन परम्परा"* भनिदिने, **"अतो माषान्नमेवैतन् मांसार्थे ब्रह्मणा कृतम्। पितरस् तेन तृप्यन्ति श्राद्धं कुर्यान् न तद् विना॥ यथा बलिष्ठं मांसत्वान् माषान्नमपि तत्समम्। सौगन्धिकं च स्वादिष्ठं मधुरं द्रव्यभेदतः"** (प्रजापतिस्मृति, श्लो.१५२, १५३, स्मृतीनां समुच्चयः, *आनन्दाश्रममुद्रणालय*, १९२९ सन्;

पृ.९७), **"विना मांसं तु यच् छ्राद्धं कृतमप्यकृतं भवेत्। क्रव्यादाः पितरो यस्मादलाभे पायसादयः"** (ब्रह्मोक्तयाज्ञवल्क्य-संहिता ४।९२, श्राद्धकाशिका, भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ.४७२), **"सर्पिर् मांसमिति प्रथमः कल्पः। अभावे तैलं शाकमिति"** (आपस्तम्बधर्मसूत्र २।८।२।१४-१५) इत्यादि स्मृतिलाइ देख्तै नदेखि **"नैष स्थाणोरपराधो यदेनमन्धो न पश्यति"** (निरुक्त १।५।२) भन्ने वचनलाइ चरितार्थ गर्दै *"श्राद्धमा मासुको अनुकल्प माषान्न (फुरौला) हो, नेपालीहरुको श्राद्धमा फुरौला नभई हुँदैन भन्ने कुरा धर्मशास्त्रका कुनै ग्रन्थमा लेखिएको छैन। यस्ता प्रमाणहीन र कपोलकल्पित कुरा गरेर साधारण जनतालाई भ्रममा पार्नु बुद्धिमत्ता होइन"* (ऋतम्भरा, म.संस्कृत-विश्वविद्यालय, वर्ष ३, अङ्क ६, २०५६; पृ.७५) इत्यादि मनपरि लेख्ने, कुन स्वशाखासूत्रको असन्दिग्ध गुरुपरम्पराऽऽगत वचन हो, कुन परशाखाको वचन हो, कुन महास्मृतिको वचन हो, कुन अनुस्मृतिको वचन हो, कुन सामान्यवचन हो, कुन राम्ररि चिनिएको जानिएको मूल ग्रन्थको प्रामाणिक वचन हो, कुन राम्ररि नजानिएको सन्दिग्ध ग्रन्थको वचन हो भनि विवेक गर्न नसक्ने, एउटा सन्दिग्ध र अनिर्ज्ञातमूलक अर्वाचीनजनविरचित **"कलौ न पलपैतृकम्"** (सारोद्धार गरुडपुराण भनिएको नौनिधिरामविरचित भ्रमजनक ग्रन्थ ११।३७) भन्ने वचनका आँफुले ठानेका अर्थका भरमा स्वशाखाश्रुति-सूत्र-स्मृति-पुराण-धर्मशास्त्र-महानिबन्धहरुका कुरालाइ पाखा लाउन तम्सिने र **"दारवान् यो द्विजः श्राद्धे नो दद्यान् मांसमध्वरे। स दुरात्मा दुराचारो वेदमार्गस्य दूषकः"** (श्राद्धकाशिका, भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ.४३६, ४७२), **"न युगानां न देशानां न विप्राणां द्विजोत्तमाः। धर्मशास्त्रेषु वै भेदो दृश्यते मांसभक्षणे"** (श्राद्धकाशिका, पृ.४७३), **"शोभासौकर्यहेतूक्तिकलिकालवशेन वा। यज्ञोक्तपशुहिंसादित्यागभ्रान्तिमवाप्नुयुः"** (कुमारिलभट्ट, तन्त्रवार्तिक १।३।४) इत्यादि सयन् वचनलाइ नदेख्ने वा देखेर पनि देखेको नदेखेइ गर्ने (द्र.– ऋतम्भरा, वर्ष ३, अङ्क ६, २०५६; पृ. ७०-८०), शास्त्रीयधर्मका विषयमा उच्छृङ्खल वेदशास्त्रविरोधि तर्कको प्रयोग गर्ने इत्यादि प्रकारका वेदस्मृतिपुराणरूप शास्त्रमा श्रद्धा नभएका व्यक्तिहरुले फैलाएका

भ्रमजालमा नपर्नुहोला। गीताप्रेस-गोरखपुरका पुस्तकहरुमा पनि वैष्णवसम्प्रदायको अधिक प्रभाव भएको हुनाले गीता-प्रेसले प्रचारित गरेको जोषणरामपाण्डेय-लालविहारिमिश्र-रामकृष्णशास्त्रिहरुले बनाएको भनिएको स्वशाखाश्रुति-सूत्रादिको विशेष विचार नभएको **अन्त्यकर्मश्राद्धप्रकाशले** (पृ.२३) फैलाएका भ्रमात्मक कुरामा पनि नअल्झिनुहोला। **"कलौ न पलपैतृकम्"** भन्ने वचन हिजोअस्तिका नौनिधिरामका सारोद्धार गरुडपुराणमा देखिन्छ (११।३७), मूल गरुड-पुराणमा यो वचन छैन। कसैले कुनै ग्रन्थमा कतैकतै गन्ध पाइने कुनै रूपका अतिरञ्जनापूर्ण कुनै कुरालाइ लिएर भारत-तिरका पण्डितहरुले गरेका मिथ्या प्रचारका सुरमा "पहिलेका ऋषिमुनिले मांस काटेर हवन गर्थे र बाँकि रहेका हविश्शेष-बाट जस्ताको तस्तै पशु बनाउँथे र पो मासु खान हुञ्छ भन्थे" भन्ने खालको धारणा लिएको पनि पाँइञ्छ। किन्तु श्रुति-स्मृति-पुराणहरुका विधिवाक्य नै धर्मकर्ममा प्रमाण हुने र मानिने हुँदा तेस्ता श्रुति-स्मृति-वाक्यका विधानका विरुद्ध कुरा शङ्कराचार्यादिले भने पनि धर्ममा प्रमाण हुँदैनन् भन्ने कुरा बुज्नु आवश्यक छ। ईश्वर मानिएका श्रीकृष्णले पनि **"तस्माच् छास्त्रं प्रमाणं ते कार्याऽकार्यव्यवस्थितौ"** (गीता १६।२४) भनेको भन्ने कुरा सबैले सुनेकै छम्। तसर्थ धर्म-कर्ममा श्रुति-स्मृति-पुराणका विधि-निषेधअनुसारै काम गर्नपर्छ। मांसभोजनका विषयमा वैदिक शास्त्रोक्त विशेष कुरा जान्न इच्छुक वैदिक शास्त्रप्रेमि सज्जनहरुले काठमाण्डुको वाल्मीकिविद्यापीठको 'मर्यादा' पत्रिकाको २३औं पूर्णाङ्कमा (२०५१) प्रकाशित **"लशुन-प्याजहरू नखाने र मासु खाने नेपाली ब्राह्मणहरूको परम्परा : एक शास्त्रीय विवेचना"** भन्ने आमोदवर्धन कौण्डिन्न्यायनको लेख (पृ.१७-२८) तथा 'वैदिक धर्म मूल रूपमा' भन्ने ग्रन्थको द्वितीय संस्करणको **"मधुपर्कमा मांसप्रयोगको विचार"** भन्ने (पृ.३८८-३९२) र **"मांसभोजनविचार"** भन्ने प्रकरण (पृ.४४८-४५६) पनि हेर्नुहोला। वाराणसीस्थ सम्पूर्णानन्द-संस्कृतविश्वविद्यालयको सारस्वती सुषमामा (वर्ष ६०, अङ्क १,२; वि.सं.२०६२, पृ.१२९-१८२) प्रकाशित **"श्राद्धे मांसप्रयोगस् तदीयवेदशास्त्रप्रामाण्यविचारश् च"** भन्ने हाम्रो निबन्ध पनि पढ्नुहोला।

तसर्थ अगिपछि आँफुखुसि वा देवतालाइ बलिदिएका वेला मासु खाने व्यक्तिले श्राद्धमा मासुको प्रयोग गर्नु शास्त्रसम्मत र उचित देखिञ्छ। सर्वथा मासु नखाने व्यक्तिले श्राद्धमा मासुको प्रयोग नगरेर मासुको स्थानापन्न (प्रतिनिधिका रूपमा) माषका फुरौलाको प्रयोग गरे पनि हुने देखिञ्छ।

पिण्डमा प्रयुक्त हुने वस्तु, पिण्डपरिमाण र पिण्ड सेलाउने काम

नाना वेदशाखाहरुका र तदनुसारि नाना स्मृति-पुराणका विधानहरुलाइ गाजेमाजे पारेर उल्लेख गरि अध्येतालाइ कुइराको कागजस्तो बनाइदिने र दिग्भ्रममा पार्ने ऋग्वेदि आश्वलायनसूत्रानुयायि कमलाकरभट्टका १६६८ संवत्मा काशिमा पूर्ण गरिएका निर्णयसिन्धुमा 'मह घिउ तिल मिलाएर पिण्ड दिनु' भन्ने वायुपुराणको भनिएको वचन दिइएको हुनाले हो कि *'पिण्ड अष्टाङ्ग हुञ्छ'* भनिएकाले (पृ.३२१) हो, किन हो पिण्ड बनाउँदा केरा-चिनि-दैहरुसम्म हालेपनि नेपालि पुर्बिया उपाध्याय ब्राह्मणहरुले दाल-तर्कारि-अचारहरु नहाल्ने गरेको पाँइञ्छ। कृष्णमिश्र-गदाधरादि कसैकसैले माषान्न (मासको फुरौला दाल इत्यादि) पिण्डमा वर्जनीय भनेको पनि देखिञ्छ; किन्तु कात्यायनश्राद्धकल्पसूत्रमा **"सर्ब्बमन्नमेकतोद्धृत्त्य"** भन्ने वचन भएको, तेसको कर्कोपाध्यायले **"सर्वमन्नमेकस्मिन् पात्रे उद्धरेत्, स चाऽयं सर्वशब्दः शालिसूपाऽपूपापेक्षया, न तु यावत्परिमाणं किञ्चित् सिद्धं तत् सर्वमिति"** भनि श्राद्धका लागि बनाइएका भात, दाल, रोटि, पुआ इत्यादि सबै प्रकारका अन्न पस्केर भन्ने व्याख्या गरेको (भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ.४५८), श्राद्धकाशिकामा पनि **"सर्वशब्दः सूपाद्यपेक्षो न यावद्वाचकः"** भन्ने स्पष्टीकरण गरिएको (पृ.४७८), गदाधरले पनि **"सर्वमन्नं सर्वप्रकारकं माषान्नवर्जं पिण्डपर्याप्तमेकस्मिन् पात्रे उद्धरेत्"** भनेको (पृ.४६१), हेमाद्रिले पनि

"सर्वमन्नमेकस्मिन् पात्रे उद्धरेत्। सर्वशब्दः प्रकृतान्नजातिसर्वत्वार्थः। अतो मांसपायसौदनापूपसूपादिजातीयेभ्यः प्रकृत-श्राद्धप्रयोगार्थं साधितेभ्यः सर्वेभ्योऽन्नेभ्यः किञ्चित्-किञ्चिदादाय पिण्डपर्याप्तपरिमाणमन्नसमुदायमेकस्मिन् पात्रे सम्भृत्येत्येतदुक्तं भवति" भनि मासु, खिर, भात, रोटि, दाल इत्यादि जातका सबै प्रकारका अन्न लिएर पिण्ड बनाउने कुरा भनेको हुनाले (हेमाद्रि, श्राद्धकल्प, पृ.१४०५) र "सर्वान्नप्रकारमादाय पिण्डान् निदध्यात्" (पृ.१४०६–१४०७) पनि भनेको हुनाले तथा स्मृत्यर्थसारमा पनि "सार्ववर्णमन्नाद्यं पिण्डार्थमुद्धृत्य" भनेको (पृ.५४), श्रीदत्तले श्राद्धकल्पमा पनि "सर्वस्मादेव श्राद्धशेषादुष्णं किञ्चिदन्नमुद्धृत्यैकत्र चमसादिपात्रे कृत्वा मध्वाज्यतिलव्यञ्जनाग्नौकरणशेषसहितमादाय बिल्वोपमाँस् त्रीन् पिण्डान् पित्रादिभ्यः कृत्वा" (पृ.३१) भनेको र "श्राद्धशेषान्नपानव्यञ्जनादिनिर्मितं पिण्डं प्रदाय" (पृ.६३) पनि भनेको, रुद्रधरले श्राद्धविवेकमा पनि "ततः श्राद्धशेषमन्नं सर्वव्यञ्जनतिलमधुघृतयुतमेकीकृत्य तेन बिल्वपरिमाणपिण्डं निर्माय" (पृ.१०३) भनेको हुनाले, अथर्वपरिशिष्टमा पनि "सर्वान्नप्रकारमुद्धृत्याऽऽज्येन संनीय त्रीन् पिण्डान् संहतान् निदधाति" (४४।४।४) भनेको हुनाले तथा यजुर्वेदिहरुले माषान्नवर्जन (मासबाट बनेका खाद्यपेयपदार्थ पिण्डमा नहाल्ने काम) नगर्नु भन्ने लघुस्मृतिवचन "यजुषां पिण्डदाने तु माषान्नं यः परित्यजेत्। स वै नरकमाप्नोति निराशाः पितरो गताः" (व्याघ्रपादस्मृति, श्लो.२११, स्मृतिसन्दर्भ, पृ.२५१०) इत्यादि पनि पाँइने र एइ पक्ष माध्यन्दिनीय-वाजसनेयिहरुको आँफ्ना शाखाका सूत्रको "सर्ब्बमन्नमेकतोद्धृत्त्य" भन्ने वचनको विशेष अनुकूल हुनाले तथा मैथिलहरुमा पिण्डमा तर्कारि हाल्ने प्रचलन रैआएकाले (द्र.– श्राद्धविवेक, पृ.१०३) समेत "दद्याद् यद्यद् द्विजातिभ्यः शृतं वा यदि वाऽशृतम्। तेनाऽग्नौकरणं कुर्यात् पिण्डाँस् तेनैव निर्वपेत्" (श्राद्धकाशिका, पृ.४९४) "यद्यद् भुक्तं द्विजैरन्नं तत्तदाय वित्तरः। स्थालीपाकं तिलोपेतं दक्षिणाशामुखस् ततः॥ अवनिज्य तिलान् दर्भान् पिण्डार्थमवनीतले।

तस्मिँश् च निर्वपेत् पिण्डान् गोत्रनामकपूर्वकम्॥" (बृ.परा.७।२६४–२६५, स्मृतिसन्दर्भ, पृ.८१६), "पितॄनन्नेन येनैव समुद्दिश्य द्विजोत्तमान्। तर्पयिष्यन्ति तेनैव पिण्डान् दास्यन्ति भक्तितः॥" (स्कन्दपु.नागर.२१६।७०–७१) इत्यादि वचनअनुसार पनि श्राद्धका दिन ब्राह्मणलाइ ख्वाउन बनाइ ख्वाएर पाकभाण्ड (पकाएका भाँडा) इत्यादिमा शेष रहेका भुजाभात-खिर-दाल-तर्कारि-अचार-समेतका सबै नै वस्तुहरु अलिअलि लिइ मुछेर पिण्ड बनाउन पर्ने तथा ब्राह्मणले खाएका र पिण्डमा मिलाइएका वस्तुहरु मात्र श्राद्धका दिन श्राद्धकर्ताहरुले खान हुने, अरुथोक खान नहुने कुरा समेत आँफ्नो शाखाको श्राद्धकल्पसूत्र कात्यायनश्राद्धकल्पसूत्रका र "मांसमन्नं तथा शाकं गृहे यच् चोपसाधितम्। न च तत् स्वयमश्नीयाद् विधिवद् यन् न निर्वपेत्" इत्यादि (मार्कण्डेयपुराण २६।४८, द्र.– ब्रह्माण्डपुराण ३।११।३३–३४, स्मृतिचन्द्रिका, श्राद्ध. पृ.२०६, हेमाद्रि.श्राद्ध. पृ.१५१७, श्राद्धकाशिका, पृ.४८५) अरु स्मृति-पुराणहरुका वचनहरुसमेतका विचारबाट देखिन आएको छ। याज्ञवल्क्यस्मृतिमा पनि "सर्वमन्नमुपादाय" (१।२४२) इत्यादि भनिएको छ। तेसका व्याख्यामा विश्वरूपले "उपशब्दोऽवयवोपादानार्थः सर्वस्मादन्नादवयवश आदायेत्यर्थः" भनि पिण्डका लागि सबै प्रकारका अन्नबाट थोरैथोरै लिने कुरा स्पष्ट गरेका छन्। याज्ञवल्क्यस्मृतिका तेसै वचनका व्याख्यामा स्मृतिचन्द्रिकामा पनि "श्राद्धार्थपाकसिद्धं सर्वप्रकारकमन्नं स्तोकंस्तोकमुद्धृत्य क्वचित् पात्रे समवदाय" भनेर श्राद्धमा ब्राह्मणभोजनका लागि निष्पन्न (तयार) गरिएका सबै प्रकारका अन्नको पिण्डमा प्रयोग हुने कुरा स्पष्ट गरिएको छ (श्राद्धकाण्ड, पिण्डदानविधिप्रकरण, पृ.३६२)। धर्मसिन्धुमा पनि परिवेषणप्रकरणमा "परिवेषणकाले एव तत् सर्वप्रकारमन्नं पिण्डार्थं पिण्डपात्रे परिवेषणीयमिति सागरे" भन्ने उल्लेख छ (पृ.३०५)। त्याँहाँ पिण्डदानप्रकरणमा पनि "अग्नौकरणशेषयुतसर्वान्नेन मधुसर्पिस्तिलमिश्रेण पिण्डान् पत्न्या कारयित्वा" भन्ने उल्लेख छ (पृ.३०८)। आश्वलायनगृह्यसूत्रमा पनि

"यद्यदन्नमुपभुक्तं तत्तत् स्थालीपाकेन सह पिण्डार्थमुद्धृत्य" (४।७।२७) भनि ब्राह्मणहरुले जेजे खाए त्योत्यो सबै प्रकारको अन्न पिण्डमा प्रयुक्त हुने कुरा बताइएको देखिञ्छ। आश्वलायनगृह्यपरिशिष्टमा पनि **"भुक्तशेषात् सार्ववर्णिकमन्नं पिण्डार्थं विकिरार्थं च पृथगुद्धृत्य"** भनेको पाँइञ्छ (२।१६)। गोभिलस्मृतिमा (कात्यायनस्मृतिमा वा छन्दोगपरिशिष्टमा) पनि **"यावदर्थमुपादाय हविषोऽर्भकमर्भकम्। चरुणा सह सन्नीय पिण्डान् दातुमुपक्रमेत्"** भनिएको छ (१७।१९, स्मृतिसन्दर्भ, पृ.१३६४)। एसबाट कात्यायनश्राद्धकल्पसूत्रमा मात्र पिण्डका लागि सबै प्रकारका ब्राह्मण-भुक्तशेष (ब्राह्मणभोजनपछि पकाएका भाँडा इत्यादिमा बाँकि रहेका) अन्न-व्यञ्जनहरु प्रयोगमा ल्याउने कुरा गरिएको हैन, अन्त पनि तेस्तो कुरा धेरै ठाममा पाँइञ्छ भन्ने कुरा स्पष्ट हुञ्छ। हेमाद्रिको उक्त कात्यायनश्राद्धकल्पसूत्रका अंशका व्याख्याको निर्णयसिन्धुमा पनि पिण्डदानप्रकरणमा **"हेमाद्रावपि सर्वशब्दस्य प्रकृतार्थत्वात् सर्वान्नग्रहणमुक्तम्"** भनि सङ्क्षेपमा उल्लेख गरिएकै छ (पृ.३२१)। श्राद्धमयूखमा पनि **"सर्वमन्नमेकत उद्धृत्य"** भन्ने वचनको **"सर्वशब्दः प्रकृतान्नजातिसर्वत्वार्थः"** भन्ने अर्थ गरिएको छ (पृ.९७)। त्याँहाँ उक्त व्याख्याका प्रसङ्गमा **"तेन माषा अपि ग्राह्या एव"** भन्ने निर्णय दिइएको छ। निर्णयसिन्धुमा पनि पिण्डदानप्रकरणमा **"केचित् पिण्डेषु माषान् वर्जयन्ति······ अत्र मूलं चिन्त्यम्"** भनि पिण्डमा माषान्न सबैका लागि वर्जित नभएको कुरा देखाइएकै छ (पृ.३२१)। एस्तैएस्तै कुरा धर्मसिन्धुमा पनि छ (पृ.३०८)। एस विषयमा आस्तिक वैदिक विद्वान्हरुले विशेष विचार गर्नुहोला; **राजादेखि रङ्कसम्म सबैलाइ सन्मार्गमा चल्न प्रेरणा गर्ने अटल ज्योतिका रूपमा रहेको, रागद्वेषादि-मनुष्यदोष-रहित अनादि अपौरुषेय वेदादिशास्त्रका रूपमा रहेका स्वशाखाश्रुतिसूत्रको र नानावेदशाखामूलक स्मृति-पुराणशास्त्रको महत्त्व सारै धेरै भएका कुरामा र तिनको यथाशक्ति अधिकतम सम्मान गर्नु आँफ्नो कर्तव्य भएको र लोककल्याणका लागि पनि परमोपयोगि**

भएका कुरामा ध्यान दिएर, शास्त्रार्थको अनुसरणमा हूलको उपयोग छैन शास्त्रविधि के हो त्यो राम्ररि ठम्याएर काम गर्नु मात्र आवश्यक छ भन्ने महाभारतको **"एक एव चरेद् धर्मं नास्ति धर्मे सहायता। केवलं विधिमासाद्य सहायः किं करिष्यति"** (शान्तिपर्व १९३।३२) भन्ने वचनमा र शास्त्रका विधि-निषेधका आधारमा मात्र धर्म-अधर्मको निर्णय गर्नपर्छ भन्ने कुरा निश्चित रूपमा बताउने वैदिकधर्ममीमांसकशिरोमणि कुमारिलभट्टको **"तस्मादनुग्रहं पीडां तदभाव-मपास्य च। धर्माऽधर्मार्थिभिर् नित्यं मृग्यौ विधिनिषेधकौ"** (श्लोकवार्तिक, चोदनासूत्रं, श्लो.२४८-२४९) भन्ने वचनमा पनि राम्ररि विचार गर्नुहोला। **यो शास्त्रार्थ मूल शास्त्रको प्रामाण्यको रक्षाका लागि गरिएको हो भन्ने कुरामा पनि विशेष ध्यान दिनुहोला र शास्त्रका व्यवस्थालाइ आचरणमा ल्याइ शास्त्रको प्रामाण्य र मर्यादा बचाइ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुलाइ आँफ्नो शास्त्र चिनेर तेसलाइ समात्न र तेसबाट अनुशासित हुन प्रेरणा दिने काम पनि गर्नुहोला,** आँफ्ना शाखाका मन्त्र-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्ट इत्यादि ग्रन्थ गुरुमुख गरेर पड्दै नपडेका, तिनका धर्माचरणव्यवस्थाको मेलोमेसो नै नपाएका, आँफ्ना शाखाका मन्त्र छोडेर अरु नै वाक्यको प्रयोग गरेर स्वशाखोक्त धर्मकृत्य गर्नु र स्वशाखा-श्रुतिसूत्रका विधान छोडेर अनिर्ज्ञातमूल लघुस्मृतिपुराणका वचनका पछाडि दकुर्नु अनिवार्य छ भन्ने, अर्वाचीन भ्रष्ट संशयसिन्धु ग्रन्थहरुको म्लेच्छप्रवर्तित शिक्षाप्रणालीले परीक्षा उत्तीर्ण गर्न अधकल्चो शिक्षा लिएका, तिनै भ्रष्टग्रन्थबाट पनि बुज्न सकिनेसम्म कुरा पनि राम्ररि नबुजेका, वैदिक मूल धर्ममार्गका विषयमा कुइराको कागजस्तो हुन पुगेका, शासकीय उच्च पदमा पुगेका समेत व्यक्तिका हास्यास्पद भनाइहरुका बहकाइमा नपर्नुहोला। शासक-धनिकादि-नियन्त्रित निकायका पुस्तक-पुस्तिका-पत्र-पत्रिकादिप्रकाशन-प्रचारणहरुमा शास्त्रको र धर्मको भन्दा अरु नै कुराको प्रमुखता रहने सम्भावना सँधै हुञ्छ भन्ने कुरामा ध्यान दिनुहोला। मूल वैदिक-

मार्गका अनुयायि आस्तिक सज्जनहरुले उक्त प्रकारका व्यक्तिहरुका र प्रकाशनहरुका भनाइको भर नगरि **आँफुले पनि यथाशक्ति शास्त्र केलाइ यथाशक्ति शास्त्रोक्त रूपमा धार्मिक कृत्य गर्नु होला र मूल शास्त्र नै धर्ममा मुख्य प्रमाण हुन् भन्ने कुरा सुरक्षित समेत गरेर वैदिक धर्ममार्गलाइ उज्यालो पार्नुहोला।**

पिण्डको मुख्य द्रव्यमा चाइँ कात्यायनश्राद्धकल्पसूत्रमा घृतौदन (भुजाभात) नै लिइएको देखिञ्छ। अरु ग्रन्थबाट अवस्थानुसार ओदन (भात), पायस (खिर), संयाव (मनभोग, हलुवा), मांस, सक्तु (सातु), पिण्याक (पिना), गुड, शाक इत्यादि यथासम्भव ग्राह्य मानिएका देखिञ्छन्– **"सक्तुभिः पिण्डदानं च संयावैः पायसेन वा। कर्तव्यमृषिभिः प्रोक्तं पिण्याकेन गुडेन वा॥"** (देवीपुराणको र ब्रह्मपुराणको वचन, निर्णयसिन्धु, पृ.३६१), **"ओदनाऽऽमिषसक्तूनां शाकमूलफलादिषु। प्रथमेऽहनि यद् दद्यात् तद् दद्यादुत्तरेऽहनि॥"** (भविष्यपुराण, निर्णयसिन्धु, पृ.४१२)।

एकोद्‌दिष्टश्राद्धमा पिण्ड बेलजत्रो वा नरिबेलजत्रो दिनु भन्ने विधान निर्णयसिन्धुमा देखाइएका अङ्गिरा इत्यादिका वचनमा देखिञ्छ– **"कपित्थबिल्वमात्रान् वा पिण्डान् दद्याद् विधानतः। कुक्कुटाण्डप्रमाणान् वाऽऽमलकैर् बदरैः समान्॥ एकोद्दिष्टे सपिण्डे तु कपित्थं तु विधीयते। नारिकेलप्रमाणं तु प्रत्यब्दे मासिके तथा। तीर्थे दर्शे च सम्प्राप्ते कुक्कुटाण्डप्रमाणतः। महालये गयाश्राद्धे कुर्यादामलकोपमम्॥"** (निर्णयसिन्धु, पृ.३२१)।

पिण्ड सेलाउँदा पिण्ड गाइलाइ, (गर्भाधान गर्न नसक्ने बुडो साँडेलाइ) वा बाख्रालाइ (गर्भाधान गर्न नसक्ने बुडो बोकालाइ) वा ब्राह्मणलाइ दिन पर्छ, अथवा अग्निमा वा तलाउमा वा खोलाका वा नदीका जलमा हालिदिन पर्छ–

एवं निर्वपणं कृत्वा पिण्डाँस् ताँस् तदनन्तरम्। गां विप्रमजमग्निं वा प्राशयेदप्सु वा क्षिपेत्॥–मनुस्मृति ३।२६०।

श्राद्धमा वसन्तादि-पूजा वा पिण्डपूजा

चलितका श्राद्धपद्धतिहरुमा भएका **"वसन्ताय नमस् तुभ्यम्"** इत्यादि लौकिक मन्त्रले गरिने समेत दुवै पिण्ड-पूजाहरु कात्यायनश्राद्धकल्पसूत्रमा छैनन्। याज्ञवल्क्यस्मृतिमा र अरु ठुला ग्रन्थहरुमा पनि छैनन्। मनुस्मृतिको (३।२१७) वचनले मेधातिथि-कुल्लूकभट्टहरुले भने झैँ ऋतुलाइ र पितृहरुलाइ छुट्टाछुट्टै मानेर छुट्टाछुट्टै नमस्कार गर्न भनेको नभै ऋतुहरुलाइ र पितृहरुलाइ अभिन्नै मानेर **"नमो वः"** इत्यादि मन्त्रले नै नमस्कार गर्नु भनेको हो भन्ने कुरा एस विषयमा मनुस्मृतिको एस प्रकरणको उपजीव्य (आधार) आश्वलायनश्रौतसूत्रका (२।७२) समेत विचारबाट बुजिन्छ। श्राद्धकाशिकामा आएको उक्त वचनको **"पितॄनिव"** (पृ.४८३) भन्ने पाठ पनि विशेष विचारणीय देखिन्छ। वस्तुतः कात्यायनश्राद्धकल्पसूत्रका विधिअनुसार **"नमो वः पितरो रसाय"** इत्यादि वैदिक मन्त्रले वसन्तादिऋतुरूप पितृहरुको पुटाञ्जलिकरणरूप (जम्लाहात गरि गरिने) पूजा हुने र **"गृहान् नः पितरो दत्त"** इत्यादि मन्त्रको जप पनि हुने हुँदा फेरि **"वसन्ताय नमस् तुभ्यम्"** इत्यादि लौकिक मन्त्रले पिण्डको पूजा गरिरनु आवश्यक र उचित देखिँदैन। यो **"वसन्ताय नमस् तुभ्यम्"** इत्यादि मन्त्रले गरिने पूजा **"नमो वः पितरो रसाय"** इत्यादि वैदिक मन्त्रको उक्त प्रकारको प्रयोग गर्ने व्यवस्था नभएका शाखाका अध्येताहरुका लागि वा वैदिक मन्त्रको उपयोग गर्ने शास्त्रीय अधिकार नभएका अद्विजधर्मिहरुका (शूद्र-सङ्करवर्णादिका) लागि लघुस्मृतिपुराणादिमा कतै विधान गरिएको होला; **"नमो वः पितरो रसाय"** इत्यादि मन्त्रहरुको प्रयोगको आँफ्ना वेदशाखा-सूत्रको स्वरूप बुज्न नपाएका अपठित अविवेकि पद्धतिसम्पादकहरुले त्यो भिन्नशाखामूलक (अरु शाखाबाट आएको) लघुस्मृति-पुराणादिको विधान माध्यन्दिनीय-

वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि द्विजातिका श्राद्धपद्धतिमा पनि समाविष्ट गरिदिएका होलान् भन्ने देखिन्छ। कुनै-कुनै लघुस्मृतिहरुमा र महाभारतमा पनि कुनै प्रकारको पिण्डपूजाको उल्लेख भएजस्तो लाग्छ। कुनै पिण्डपूजा हेमाद्रिले र गदाधरले पुटाञ्जलि-र-सूत्रदानका साथमा गर्ने सङ्केत गरेको भएपनि चल्तिका पद्धतिहरुमा पिण्डको आघ्राण गरेर (सुँगेर) पिण्ड पत्रपात्रीमा (टपरिमा) उठाएपछि "वसन्ताय नमस् तुभ्यम्" इत्यादि लौकिकमन्त्रले गरिने पिण्डपूजा पनि समाविष्ट गरिएको देखिन्छ। पिण्डको आघ्राण (सुँग्ने काम) गरिसकेपछि पिण्डको पूजा गर्नु उचित देखिँदैन भनि श्राद्धचिन्तामणिकारले भनेका छन् अरे। किन्तु आँफ्ना सूत्रमा नभएको अनाकाङ्क्षित कर्म आँफ्ना सूत्रका कर्मको प्रयोगप्राशुभाव (प्रयोगमा निरन्तरता) बिगारेर बिचमा कोच्न ल्याउनु अनुचित देखिनाले त्यो लघुस्मृतिले बताएको पिण्डपूजा गर्ने पक्षमा आघ्राण गरि (सुँगेर) पिण्ड उठाएपछि नै त्यो गर्नु उचित देखिन्छ। अञ्भ साँच्चै भन्नि हो भने त ब्राह्मण उठाइ ब्राह्मणलाइ विधिवत् बिदा गरिसकेपछि पिण्डसेलाउनुभन्दा मात्र अगि त्यो आगन्तुक पिण्डपूजा गर्न मनलाग्नेले गर्नेगरे राम्रो हुने जस्तो लाग्छ। पिण्डपूजा गरेर मात्र लोकको पितृभक्ति दृढ हुने भन्ने कुरा पनि केइ देखिँदैन, श्राद्धमा आवश्यक अन्य खाद्यपेयादि-सामग्रीसमाहरण (खानेपिने इत्यादि सामग्री जोड्ने), पुष्पकुशाहरण (फुल-कुश ल्याउने), जलाहरण (पानि ल्याउने), दार्वाहरण (दाउरा ल्याउने), गन्धपेषण (मसला पिन्ने), पाकसहयोग, परिवेषणसहयोग (भाग लाउन टक्र्याउन सहायता गर्ने) इत्यादि कर्म पितृभक्तिपूर्वक गरेमा पनि त्यो दृढ हुनसक्ने नै देखिन्छ। रुद्रधरका वाजसनेयिहरुकै श्राद्धविवेकमा र मैथिलहरुका वर्तमानकालमा प्रचलित तरुण-वाचस्पतिमिश्रानुसारि वाजसनेयि-श्राद्धपद्धतिहरुमा पनि "वसन्ताय नमस् तुभ्यम्" इत्यादि पौराणमन्त्रले गरिने पिण्डपूजा समाविष्ट देखिँदैन भन्ने कुरा पनि स्मरणीय छ।

श्राद्धका दिनमा गर्न हुने र गर्न नहुने केइ काम

श्राद्धका दिनमा श्राद्धकर्ताले दाँत माँज्न हुँदैन। तातो पानिले न्ह्वाउन सामान्यतया हुँदैन। तेल घसेर न्ह्वाउन पनि हुँदैन। मध्याह्नस्नान गरेपछि शुद्ध सेतो धोति फेरेर ब्राह्मण श्राद्धकर्ताले शुद्धिका लागि निदारमा श्रीखण्डचन्दनको स्वसूत्रानुसार यथाविधि अनुलेपन (निदारमा लेपन गर्ने काम) गर्न हुन्छ। विशेष शरीरसंस्कारका लागि काम्य गन्धादि-ग्रहण गर्न हुँदैन। तिलकपुण्ड्रहरुको विधान वैदिकलाइ हैन, वैष्णवशैवशाक्तादि तान्त्रिकलाइ मात्र हो (द्रष्टव्य– **वैदिक धर्म मूल रूपमा,** २०६२, पृ.४१७–४१८)। श्राद्धका दिनमा पान खान हुँदैन, श्राद्धशेष नखान पनि हुँदैन। स्त्रीभोग गर्न, औषध खान र आर्काको अन्न खान पनि हुँदैन। श्राद्धका दिनमा सन्ध्योपासन गर्नैपर्छ। सन्ध्योपासनका एतिञ्जेल प्रकाशित आह्निकका र गीताप्रेसका समेत सबै पद्धतिहरु माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुको सन्ध्योपासनको उपदेश गर्ने आधारभूत मूल ग्रन्थ कात्यायनत्रिकण्डिक-स्नासूत्रका दृष्टिले हेर्दा अशुद्ध देखिएकाले स्वाद्ध्यायशालाकुटुम्बले "माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां कात्यायन-त्रिकण्डिक-स्नानसूत्रोक्ता **सन्ध्योपासनपद्धतिः"** भन्ने ग्रन्थ विस्तृत नेपालि भूमिकाका साथमा प्रस्तुत गरेको छ (२०५६)।

दन्तधावनताम्बूलं स्नेहस्नानमभोजनम्। रत्यौषधं परान्नं च श्राद्धकृत् सप्त वर्जयेत्॥–द्र.– व्याघ्र., स्मृतिसन्दर्भ, पृ.२५०५।

पुनर्भोजनमध्वानं भाराऽध्ययनमैथुनम्। दानं प्रतिग्रहं होमं श्राद्धभुक् त्वष्ट वर्जयेत्॥–स्मृतिसन्दर्भ, पृ.१४६०, २५०५।

श्राद्धका दिनमा हलो-ठेको बार्नपर्छ; ढिकि, जाँतो, सुपो (नाङ्लो) चलाउन हुँदैन–

शुक्लैकादश्यमावास्यासङ्क्रान्त्यां श्राद्धवासरे। नरा-ऽश्व-गो-गजादीनां वाहनात् पातकी भवेत्॥–भविष्यपुराण २।२।७।४६–४७।

नित्यश्राद्धेऽप्यम्बुघटे यच् छ्राद्धं मासिकं भवेत्। तत्र गोमहिषादीनां वाहने नास्ति दूषणम्॥—भविष्यपुराण २।२।७।५०।
अमावास्यां पितृश्राद्धे मन्थनं यस् तु कारयेत्। तत् तक्रं मदिरातुल्यं घृतं गोमांसवत् स्मृतम्॥—स्कन्दपुराण ७।१।२०६।५६।
घरट्टोलूखलोत्थौ च यत्र शब्दौ व्यवस्थितौ। शूर्पस्य वा विशेषेण तच् छ्राद्धं व्यर्थतां व्रजेत्॥—स्कन्दपुराण ६।२१७।४६।

श्राद्धका दिनमा स्वाध्यायाध्यन (ब्रह्मयज्ञ) गर्न हुँदैन। धर्मको मूल वेद र वेदको ज्ञानको र संरक्षणको मूल ब्रह्मयज्ञ भए पनि ब्राह्मणहरुमा नै पनि ब्रह्मयज्ञका विषयमा चेतना र पर्याप्त ज्ञान नभएको जस्तो बुजिएकाले स्वाद्ध्यायशालाकुटुम्बले विस्तृत विवेचनात्मक भूमिका भएको **ब्रह्मयज्ञपद्धति** पनि प्रकाशित गरेको छ (२०५९)। कात्यायनश्राद्धकल्पसूत्रमा श्राद्धका दिनमा ब्रह्मयज्ञादिरूप स्वाध्यायाध्ययनको (आँफ्ना शाखाको वेद पढ्ने कामको) निषेध गरिएकाले सूत्रकारका शैलीविशेषबाट तेसपछि गरिने ब्रह्मयज्ञाङ्गरूप (ब्रह्मयज्ञका अङ्‌गका रूपमा गरिने) नित्य देवादिदिव्यमनुष्य-दिव्यपितृ-यम-स्वपितृको तर्पण र ब्रह्मादिको अर्चन (सम्बद्ध मन्त्रले गरिने स्तुति), सूर्योपस्थान-दिग्‌देवतानमस्कार-ब्रह्मादिनमस्कार-मुखविमार्जनहरु पनि अर्थात् निषिद्ध हुन आएका बुजिञ्छन्। श्राद्धका दिनमा ब्रह्मयज्ञको वा स्वाध्यायाध्ययनको (आँफ्ना शाखाको वेद पढ्ने कामको) निषेध धेरै ग्रन्थहरुमा देखिञ्छ। क्षयाहश्राद्धका दिनमा तर्पण नगर्नु भन्ने सङ्‌ग्रहकारको वचन पनि निर्णयसिन्धुमा (पृ.३४६) र श्राद्धमयूखमा (पृ.११५) पनि उल्लिखित छ। तथापि तेसको निर्णयसिन्धुकारले र श्राद्धमयूखकारले ठिक प्रकारले तात्पर्य बुज्न नसकेको देखिञ्छ। अन्य शाखाका वृद्धयाज्ञवल्क्यस्मृत्यादिका मतमा क्षयाहश्राद्धभन्दा अगि नित्यतर्पण नहुने, श्राद्ध समाप्त भएपछि तर्पण-देवतार्चनादि हुने कुरा देखिञ्छ। यो कुरा श्राद्धकाशिकामा उद्‌धृत वृद्धयाज्ञवल्क्यका भनिएका वचनबाट देखिञ्छ। जस्तै—

एकोद्‌दिष्टे निवृत्ते तु तथा विप्रविसर्जने। नित्यं कर्म ततः कुर्यात् तर्पणं देवतार्चनम्॥—पृ.४९७।

ऋग्वेदिका लघ्वाश्वलायनस्मृतिमा पनि एस्तै व्यवस्था देखिन्छ। जस्तै–

तर्पणं कुरुते पित्रोः श्राद्धात् पूर्वं मृतेऽहनि। निराशाः पितरस् तस्य स च गच्छेदधोगतिम्॥–२४।३।

हेमाद्रिका श्राद्धकल्पमा (पृ.११६१, ११७०), पुरुषार्थचिन्तामणिमा (पृ.५३२) र धर्मसिन्धुमा (पृ.३१८) पनि क्षयाहश्राद्धका दिनमा पनि नित्यतर्पण गर्नपर्ने कुरा गरिएको छ। तथापि यो पक्ष कात्यायनश्राद्धकल्पसूत्रको अनुकूल नभएको देखिन्छ। तसर्थ उपर्युक्त व्यवस्थाहरुबाट विभिन्नशाखामा विभिन्न व्यवस्था भएको देखिएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि कात्यायनत्रिकण्डिकस्नानसूत्रानुसारि कात्यायनश्राद्धकल्पसूत्रका अनुयायि द्विजातिका दैनिक रूपमा गरिने नित्य श्राद्धबाएक अरु सबै श्राद्धका दिनमा स्वाध्यायाध्ययनको (ब्रह्मयज्ञको) लोप हुने हुनाले ब्रह्मयज्ञपछि गरिने ब्रह्मयज्ञाङ्ग नित्यतर्पण पनि तिनले तेस दिन गर्न नहुने देखिन्छ। निर्णयसिन्ध्वादिमा उद्धृत सङ्ग्रहकारको वचन कात्यायनश्राद्धकल्पसूत्रको अनुकूल हुनाले एस सूत्रका अनुयायिहरुका लागि त्यो मिल्दोजुल्दो वा अविरोधि नै कुरा देखिन्छ। सङ्ग्रहकारको त्यो वचन एस्तो छ–

पित्रोः क्षयाहे सम्प्राप्ते यः कुर्यान् नित्यतर्पणम्। आसुरं तद् भवेच् छ्राद्धं तत् तोयं रुधिरं भवेत्॥
सर्वदा तर्पणं कुर्याद् *ब्रह्मयज्ञपुरस्सरम्*। मृताहे नैव कर्तव्यं कृतं चेन् निष्फलं भवेत्॥–निर्णयसिन्धु, पृ.३४६।

श्राद्धका दिन श्राद्ध गर्नेले र श्राद्धभोजन गर्ने ब्राह्मणले बिटुलो हुन, रिसाउन, हतपत गर्न, असावधान हुन, टाडा बाटो हिण्न, मैथुन गर्न, धेरै परिश्रम गर्न र वेदादि पढ्न-पडाउन हुँदैन; सत्यवादि हुनपर्छ। श्राद्धका दिनमा पिण्डदान नभएसम्म वैश्वदेवहोम, बालकभोजन, देवतालाइ नैवेद्यार्पण, भिक्षा दिने काम समेत गरिँदैन भन्ने शास्त्रवचन पाँइन्छ।

गृह्याग्नि भएका माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुले चाइँ वैश्वदेवपाकबाट नै देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ गरि शेष अन्नले श्राद्ध गर्नपर्छ, गृह्याग्नि नभएका तर पञ्चमहायज्ञ सम्म गर्नेहरुले श्राद्ध सकेर श्राद्धशेष अन्नले देवयज्ञादि गर्नपर्छ। ब्रह्मयज्ञ चाइँ श्राद्ध गर्ने गृह्याग्नि भएका वा नभएका माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुले कसैले पनि श्राद्धका दिनमा श्राद्धभन्दा अगि वा पछि पनि गर्न हुँदैन। श्राद्धभोजनपछि फेरि भोजन गर्न पनि हुँदैन।

आँफुलाइ वर्णाश्रमधर्मि भन्न पनि नसक्ने, भारतवर्षबाहिर समुद्रपार म्लेच्छदेशहरुमा पनि जाने, स्वगोत्रमा सन्तुष्ट नभै अच्युतगोत्रादि अँगाल्ने, वेदसूत्रविमुख भै दायाँ-बायाँ लाग्ने, देवलकादि, वैष्णव शैव शाक्त इत्यादि तन्त्रमार्गका बृहद्ब्रह्मसंहितादि ग्रन्थका विशेष अनुयायि इत्यादि वैष्णव-शैवादिहरुले मात्र विष्णु-शिवहरुको पूजा गरि तिनका आगमका विधानअनुसार भोग लगाएका अन्नले श्राद्ध गर्नेगर्छन्। भनिएको पनि छ—

हरेर् निवेदितं सम्यग् देवेभ्यो जुहुयाद् हविः। पितृभ्यश् चाऽपि तद् दद्यात् सर्वमानन्त्यमाप्नुयात्॥

—पद्मपुराण, उत्तरखण्ड २५३।१०७–१०८; २५५।९६।

विष्णोर् निवेदितान्नेन यष्टव्याः सर्वदेवताः। पितरोऽतिथयश् चैवमिति वेदेषु निश्चितम्॥—ब्रह्मवैवर्तपु., कृष्णजन्म.३७।२३।

यः श्राद्धकाले हरिभुक्तशेषं ददाति भक्त्या पितृदेवतानाम्।
तेनैव पिण्डात् सुतिलैर् विमिश्रादाकल्पकोटिं पितरः सुतृप्ताः॥—स्कन्दपुराण ७।४।४३।७।

हरेर् निवेदितं भक्त्या यो दद्याच् छ्राद्धकर्मणि। पितरस् तस्य यान्त्येव तद् विष्णोः परमं पदम्॥

—(वैष्णव)वृद्धहारीतस्मृ.११।३२१, आनन्दाश्रम, पृ.३५४; स्मृतिसन्दर्भ, द्वितीय भाग, ८।३२०–३२१, पृ.१२३०।

वैष्णव-शैव-शाक्तादि आगमका दीक्षा नलिएका मूल वैदिक परम्पराका स्वशाखाश्रुतिसूत्रादिका मुख्य अधिकारि वर्णाश्रमधर्मि द्विजातिले श्राद्ध गर्न भनि हविष्य भोजन गरेर बसेको हुनाले श्राद्धका दिनमा विष्णुपूजा, शालग्रामशिलापूजा, शिवपूजा, पञ्चायतनदेवतापूजा इत्यादि पूजा गर्न हुँदैन, गर्न पर्दैन; तिन पिँडिलाइ पिण्ड दिएपछि तिभन्दा अगिका सबै पितृ तृप्त र प्रसन्न भए झैँ एकोद्दिष्ट श्राद्धको दिन तिनै एक पितृलाइ पिण्ड दिएकाबाट नै त्यो दिन सबै देउता-पितृ तृप्त र प्रसन्न हुने कुरा बुजिन्छ; तेसमा पनि ति पूजामा विशेष आग्रह भएकाहरुले पनि त्यो पूजा श्राद्ध सकेपछि मात्र गर्न हुन्छ, श्राद्धभन्दा अगि गर्न हुँदैन। एस विषययमा तलका वचन मननीय छन्—

तत्र श्राद्धदिने यत्नाद् देवतान्तरपूजनम्। न कुर्यादेव नितरां यदि कुर्यात् प्रमादतः।
कुप्यन्ति पितरस् त्वेनं तस्मात् तं परिवर्जयेत्॥
शिवं शैवाः समभ्यर्च्य केशवं वैष्णवा अपि। श्राद्धं कर्तव्यमेवेति कुर्वन्ति प्रददन्ति च॥
न तथा वैदिकाः कुर्युः किन्तु श्राद्धाय यत् पुनः। भिन्नपाकाद् देवपूजावैश्वदेवादिकं चरेत्॥—कपिलस्मृ., स्मृतिसन्दर्भ, पृ.२५५२।

दानाध्ययनदेवार्चाजपहोमव्रतादिकम्। न कुर्याच् छ्राद्धदिवसे प्राग् विप्राणां विसर्जनात्॥
—आङ्गिरसस्मृति, श्लो.१०२३, स्मृतिसन्दर्भ, पञ्चम भाग, पृ.३०५५।

गृहेऽपि शिशुदेवानां यतीनां ब्रह्मचारिणाम्। श्राद्धपाको न दातव्यो यावत् पिण्डान् न निर्वपेत्॥
—व्याघ्रपादस्मृति, श्लो.१८१, स्मृतिसन्दर्भ, चतुर्थ भाग, पृ.२५०८; द्र.- निर्णयसिन्धु, पृ.२९६।

महात्मानः प्रोचुरिति तण्डुलक्षालनोदकम्। श्राद्धात् पूर्वं गवां पानकार्यार्थं न नियोजयेत्॥—मार्कण्डेयस्मृ., स्मृतिसन्-६, पृ.१६२।

एवं विधानतः (स्मार्तेन विधिना) श्राद्धं कृत्वा स्वविभवोचितम्। आब्रह्म स्तम्बपर्यन्तं जगत् प्रीणाति मानवः॥
—हेमाद्रि, श्राद्धकल्प, पृ.११; द्र.- मूलगरुडपुराण २।१०।६०-६१।

उत्तमः पैतृको यज्ञस् तत्र सर्वेऽपि दैवताः। पितरश् चाऽपि तुष्यन्ति ब्राह्मणोऽत्राऽऽदिकारणम्॥—स्मृतिसन्दर्भ–६, पृ.३७८।

महेन्द्र-रुद्र-नासत्य-सूर्या-ऽग्नि-वसु-मारुतान्। विश्वेदेवान् ऋषिगणान् वयांसि मनुजान् पशून्॥

सरीसृपान् पितृगणान् यच् चाऽन्यद् भूतसंज्ञकम्। श्राद्धं श्रद्धाऽन्वितः कुर्वन् तर्पयत्यखिलं हि तत्॥

—विष्णुपुराणवचन, हेमाद्रिकृत चतुर्वर्गचिन्तामणिको परिशेषखण्डको श्राद्धकल्प, पृ.११-१२ (द्र.– विष्णुपु.३।१४।१,२)।

श्राद्धशेषभोजन

श्राद्धका दिन श्राद्धका कर्ताले श्राद्धशेष खानैपर्छ। एकादशीले पनि श्राद्धशेषभोजन रोकिँदैन। कोइकोइ शिवरात्री-रामनवमी-कृष्णाष्टमीमा श्राद्धशेषभोजन नहुने श्राद्धशेषको अवघ्राण (सुँग्ने काम) मात्र हुने कुरा गर्छन्। तथापि त्यो व्यवस्था शैव-वैष्णवविशेषहरुका लागि भएको बुजिञ्छ। शापमूलक राम-कृष्णादि मानुषावतारहरु विशेष शुभ र ब्राह्मणहरुका लागि विशेष पूज्य पनि नमानिएका र वाराह-नारसिंहादि शुभ दिव्यावतारहरु नै ब्राह्मणहरुका लागि विशेष पूज्य मानिएका देखिएकाले (द्र.– वायुपुराण २।३६।८७, पद्मपुराण सृष्टिखण्ड १३।२४४–२४७, वैष्णववृद्धहारीतस्मृति, आनन्दाश्रम, ८।१९२; स्मृतिसन्दर्भ, पृ.१०९२) समेत मूल वैदिक परम्पराका ब्राह्मणहरुका निम्ति त्यो व्यवस्था मान्य हुँदैन। तसर्थ वैदिकहरुले जुनसुकै तिथिमा श्राद्ध भए पनि श्राद्धशेष खानैपर्छ। भनिएको पनि छ—

भुञ्जीत पितृसेवितम्।—याज्ञवल्क्यस्मृति १।२४९।

वैश्वदेवं ततः कुर्यान् निवृत्ते पितृकर्मणि। इष्टैः सह ततः शान्तो भुञ्जीत पितृसेवितम्॥—मत्स्यपुराण १६।५५।

ततश् च वैश्वदेवान्ते सभृत्यसुतबान्धवः। भुञ्जीताऽतिथिसंयुक्तः सर्वं पितृनिषेवितम्॥

—मत्स्यपुराण १७।६२; स्मृतिचन्द्रिका, श्राद्ध., पृ.४०९; पाराशरमाधवीय, आचारकाण्ड, पृ.७६१।

श्राद्धं कृत्वा तु यो विप्रो नैव भुङ्क्ते कदाचन। हव्यं देवा न गृह्णन्ति कव्यानि पितरस् तथा॥–दाल्भ्य., स्मृतिसन्दर्भ, पृ.२९३८।
श्राद्धं कृत्वा तु यो मूढो न भुङ्क्ते पितृसेवितम्। इष्टैः पुत्रैर् बन्धुभिश् च ब्राह्मणैर् ब्रह्मवादिभिः॥
आचार्यैर् गुरुभिः सद्भिरागताभ्यागतैरपि। पितरो नैव तृप्ताः स्युर् भुञ्जीयात् तेन तृप्तितः॥–आङ्गिरसस्मृ. श्लो.१०८५–१०८६।

श्राद्धाङ्गतर्पण (श्राद्धको अङ्गका रूपमा गरिने तर्पण)

श्राद्धाङ्गतर्पण गर्न पर्ने कुरा कात्यायनश्राद्धकल्पसूत्रादिमा छैन, याज्ञवल्क्यस्मृत्यादिमा पनि छैन। तसर्थ अरु कतिपय लघुस्मृति-पुराणादिमा तेसको सङ्केत वा विधान भएको पाय्येपनि र निर्णयसिन्धुमा पनि श्राद्धाङ्गतर्पण हुने कुरा बताय्येको (पृ.३४४–३४५) भए पनि कात्यायनश्राद्धकल्पसूत्रका अनुयायिहरुका लागि त्यो आवश्यक देखिँदैन। स्वधावाचन गराइ दिइएका जलले नै अन्यग्रन्थोक्त तर्पणले गर्ने काम गर्ने देखिञ्छ। श्राद्धाङ्गतर्पणमा जुन पितृलाइ पिण्ड दिइञ्छ उनै पितृलाइ मात्र तर्पण दिने कुरा मानिएको पाँइञ्छ (स्मृतिसन्दर्भ, पृ.३०२४, षष्ठभाग, पृ.२०९; पुरुषार्थ-चिन्तामणि, पृ.५३१, धर्मसिन्धु, पृ.३१८, संस्काररत्नमाला, पृ.१०५३)। तेस्तो तर्पण गर्ने पद्धति त हाम्रा चल्तिका पद्धतिहरुमा देखिँदैन। ब्रह्मयज्ञाङ्ग-तर्पणको पद्धति नै एकोद्दिष्टश्राद्धाङ्ग पनि भनेर प्रायः सबैले श्राद्धपद्धतिका आदिमा दिएको पाँइञ्छ। श्राद्धका दिन ब्रह्मयज्ञ नहुने हुनाले ब्रह्मयज्ञाङ्गतर्पण पनि हाम्रा शाखामा श्राद्धका दिन चाइँ नहुने नै देखिञ्छ। अरु तर्पण स्वशाखाश्रुतिसूत्रविहित (आँफ्ना शाखाका वेदले र सूत्रले बताएको) नहुनाले आवश्यक देखिँदैनन्। तसर्थ संस्कृत-विश्वविद्यालयका कर्मकाण्डभास्करका (२०५४, २०५७) र श्राद्धविधिका (२०५७) समेत चल्तिका श्राद्धपद्धतिका सम्पादकहरुले एस विषयको राम्रो आकलन गर्न नसकेको देखिञ्छ। नानाशास्त्रमा देखिएका

स्नानाङ्गतर्पण-सन्ध्योपासनाङ्गतर्पण-गायत्रीजपाङ्गतर्पण-ब्रह्मयज्ञाङ्गतर्पण-श्राद्धाङ्गतर्पणहरुको विवेक गर्न नसक्ने, माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका श्राद्धका दिनमा ब्रह्मयज्ञ निषिद्ध भएको कुरासम्म पनि नबुजेका अविज्ञहरुले पनि श्राद्धाङ्गतर्पणको निर्णय दिन तम्सनु नस्वाउँदो कुरा देखिञ्छ।

श्राद्ध मुख्य रूपमा कुन शास्त्रले बताएअनुसार गर्नपर्छ?

श्रुति (वेद), स्मृति र पुराण गरि शास्त्र तिन वर्गका छन्। श्रुतिमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरि चार प्रकारका वेद छन्। ऋग्वेदादिका धेरै शाखा छन्। शाखाभित्र मुख्य रूपमा मन्त्रसंहिता र ब्राह्मणग्रन्थ आउँछन्। स्मृतिमा शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दश्शास्त्र र ज्योतिष इ छओडा वेदाङ्गस्मृतिहरु (महास्मृतिहरु) र मनुस्मृति याज्ञवल्क्यस्मृति इत्यादि अनेक अनुस्मृति छन्। महास्मृतिमध्ये कल्पशास्त्रभित्र पर्ने श्रौतसूत्र-गृह्यसूत्रहरु वेदका प्रत्येक शाखाका आँफ्ना-आँफ्ना छन्। पुराणमा अग्निपुराणादि १८ महापुराण र १८ उपपुराण तथा अरु औपपुराण पनि छन्। उक्तशास्त्रहरुमा श्राद्धका विषयमा अनेक मतभेद पनि छन्। श्रुतिस्मृतिपुराणले प्रतिपादन गरेको धर्म मुख्य रूपमा वर्णाश्रमव्यवस्थाअनुसारको छ। वर्णहरुमा ब्राह्मणको स्थान पैलो छ। एस स्थितिमा श्राद्धका मन्त्रहरु सामान्यतया ब्राह्मणहरुका आँफ्नाआँफ्ना शाखाका वेदमन्त्रसंहितामा हुञ्छन्, श्राद्धका विधायक वचन सामान्यतया आँफ्नाआँफ्ना-शाखाका ब्राह्मणग्रन्थमा हुञ्छन्, श्राद्धको प्रयोगको राम्रो प्रतिपादन सामान्यतया आँफ्ना-आँफ्ना शाखाका श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्टसूत्र-ग्रन्थहरुमा हुञ्छ। तसर्थ आँफ्नो शाखासूत्रको ठेगान नभएका अब्राह्मणहरुले, वैदिक शाखासूत्र-विशेषमा अधिकार नभएका ब्रह्मबन्धुहरुले वा आँफुलाइ अनादिपरम्परासिद्ध ब्राह्मण नमानि खशसमुदायको अर्वाचीन कृत्रिम विभाजनले बनेका ब्राह्मण मान्ने भ्रष्टहरुले पनि जुन पायो तेइ पद्धतिले श्राद्ध गरेपनि; र शास्त्रीय वेदाध्ययन-

व्यवस्थाको नै तिरस्कार, ब्राह्मणधर्मको अनादर, धर्मकै आभासीकरण र श्रौत कर्मसम्मको पनि क्षणिक स्वार्थका लागि राजनीतिकीकरण गर्ने, वैदिक परम्पराका **अधीति-बोधा-ऽऽचरण-प्रचारण-क्रम**लाइ (पैलेइ आँफ्ना वेदका मन्त्रसंहिता र ब्राह्मणग्रन्थ विधिपूर्वक राम्ररि पढ्ने, अनि तिनले बताएका कर्मको स्वरूप राम्ररि बुज्ने, अनि ति कर्महरू आँफ्ना अधिकारअनुसार यथाशक्ति शास्त्रव्यवस्थाअनुसार गर्ने, अनि वेदोक्त कर्मको शिष्य-पुत्त्र इष्ट-मित्र तथा श्राद्धालुहरुमा वेदको र वैदिक धर्मको संरक्षणका दृष्टिले प्रचार गर्ने शास्त्र-शिष्ट-सम्मत क्रमलाइ) व़ास्तै नगर्ने, जानिजानि जीवनभर अशुद्धै रूपमा दर्शपूर्णमासयागादि गर्ने, चातुर्मास्य-निरूढपशुबन्ध-सोमयागादिका काल-अधिकारि-सामग्री-अनुष्ठान-क्रम-धनव्यवस्थाको शास्त्रीयता-अशास्त्रीयताको विचारै नगर्ने, **"ऋत्विगात्मा धनं जाया शुद्धं यस्य चतुष्टयम्। तस्या-ऽग्निहोत्रं स्वर्गाय नरकायेतरत् स्मृतम्"** {सत्याषाढश्रौतसूत्रभाष्यमा (१९।७) मातृदत्ताचार्यले देखाएको स्मृतिवचन}, **"आधानं येन सूत्रेण तेनैवेज्यादिकाः क्रियाः। अन्यथा यत् कृतं कर्म तत् फलं न प्रयच्छति"** (कृष्णभट्टकृत निर्णयसिन्धु-टीकामा प्रदर्शित वचन, पृ.११७१-११७२) इत्यादि वचनको व़ास्तै नगर्ने, अवैध अपवित्र साधन र अशुद्ध विधि इत्यादिले गरिएका यज्ञले दैव बल नबडाइ आसुर बल नै बडाउने काम गर्छ भनेर पुराणहरुले *(मत्स्यपु.२४६।४४,८५; वामनपु.३१।८३-८५, ९२।५५)* तथा ठिक प्रकारले नगरिएका यज्ञबाट जनतामा आतङ्कादि भयको स्थिति पैदा हुञ्छ भनेर शास्त्रले *(कूर्मपु.१।३०।४, ब्रह्माण्ड.२।३१।३६, मत्स्य. १४४।३५-३६, लिङ्ग. १।४०।४-५, वायु.१।५८।३६, स्कन्द. १।२।४०।२२१)* सचेत गराउँदागराउँदै पनि तेसको व़ास्तै नगर्ने, **"नेमं लौकिकमर्थं पुरस्कृत्य धर्मांश् चरेत्"** (लौकिक प्रयोजनलाइ अगि सारेर धर्म नगर्नु) (आपस्तम्बधर्मसूत्र १।७।१।१) इत्यादि धर्मशास्त्रोपदेशको सोजै लङ्घन गर्ने, अरुले सचेत गराउँदा गराउँदै स्वशाखाश्रुतिसूत्रको यज्ञक्रम र विधान छाड्ने, अविज्ञ लोकका आँखामा छारो हालेर आँफ्नो स्वार्थ सिद्ध गर्न पाए पुग्ने, राजादेखि रङ्कसम्म सबैलाइ सन्मार्गमा चल्न प्रेरित गर्ने अटल ज्योतिका रूपमा रहेको

वेदादिशास्त्रको सम्मान गर्न आवश्यकै नमान्ने, सम्बद्ध विषयमा कुनै आधारभूत ज्ञान नै नभएका राजनीतिक व्यक्तिहरुका मुखबाट आँफुले गरेका क्रियाकलापको प्रशंसा र प्रचार गराइ जनतामा भ्रम फैलाउन पनि नहिच्किचाउने, पुरानो इतिहास मासेर समेत चौतारो लाएर धर्म गरेको ढोङ गर्ने इत्यादि प्रकारका व्यक्तिहरुले वा अज्ञहरुले वा **बुट-बन्दुक-गुट-र-कालाधनका पुटका** सुरमा चल्ने, ढोङका लागि धर्म गरेको देखाउने लोकवञ्चकहरुले लोकापवाद टार्ने वा लोकका आँखामा छारो हाल्ने मात्र दृष्टिले जुनपायो तेइ पद्धतिले श्राद्ध गरे झैँ गरेपनि; **शास्त्र-धर्म-सत्य-न्यायका मार्गमा चल्ने, वैदिक-सनातन-वर्णाश्रमधर्मका मुख्य अधिकारि, आँफ्नो शाखासूत्र निश्चित भएका, वेद-स्मृति-पुराणमा श्रद्धा राख्ने, शुद्धकुलीन धर्मकाम आस्तिक विज्ञ द्विजातिहरुले भने मुख्य रूपमा आँ-आँफ्ना शाखाका मन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्टसूत्रहरुका मन्त्र-विधानादिका अनुकूल रूपमा नै श्राद्ध गर्नपर्छ।**

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि कुलमा जन्मेका द्विजातिहरुले कात्यायनश्राद्धकल्पसूत्र-अनुसार नै एकोद्दिष्टश्राद्धादि श्राद्ध गर्नपर्छ। आँफ्नो कुल माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाऽध्यायिको कुल भएनभएको कुरा उपनयनका (व्रतबन्धका) तथा विवाहका कन्यादानादिका सङ्कल्पमा तथा अन्यत्र पनि सङ्कल्पहरुमा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि भनेर उच्चारण गर्ने परम्परा भएनभएका समेत कुराहरुबाट बुज्नपर्छ। शाखासूत्रको ठेगान नभएकाहरुको ब्राह्मणत्व नै सन्देहमा पर्छ। "ब्रह्म जानाति ब्राह्मणः" भन्ने उक्ति प्रसिद्ध छ। ब्रह्म भनेको शब्दब्रह्म (वेद) र परब्रह्म (परमात्मा) पनि भएकाले शब्दब्रह्मरूप वेदसित ब्राह्मणको विशेष सम्बन्ध एस उक्तिले पनि देखाउँछ। पाणिनिको "ब्राह्मोऽजातौ" भन्ने सूत्रबाट (अष्टाध्यायी ६।४।१७१) जन्मसिद्ध जातिमा नै ब्राह्मण-शब्द प्रयुक्त हुने कुरा बुजिन्छ। तसर्थ ब्राह्मणजातिको वेदसित विशेष सम्बन्ध देखिन्छ। तेसमा पनि ऋग्वेदादि वेदका

नानाशाखामध्ये आँफ्ना कुलपरम्पराले विधिवत् अध्ययन गर्दै आएको वेदशाखासित ब्राह्मणको विशेष सम्बन्ध हुञ्छ। वेदशाखासम्बन्ध स्पष्ट नभएका व्यक्तिको ब्राह्मणत्व नै सन्देहास्पद हुन जाञ्छ।

आँफ्ना शाखाका ग्रन्थहरुका आधारमा नै श्राद्ध गर्नपर्ने कुरा विधिपूर्वक स्वशाखाग्रन्थहरुको र धर्ममीमांसा-शास्त्रको पनि राम्रो अध्ययन गरेका व्यक्तिहरु आँफै सहजै बुज्न सक्छन्। तेस्तो अध्ययन गर्न नसकेका व्यक्तिहरुले ति ग्रन्थ पडेका आप्तजनका (शास्त्र जान्ने र सत्य बोल्ने आफन्तका) वा तेस्ता आप्तजनको उपदेश सुनेका आप्तजनका उपदेशबाट बुज्न सक्छन्। लघुस्मृति-पुराणहरुमा पनि मुख्य रूपमा कुनैनकुनै वेदशाखाको अनुसरण गरेर श्राद्धादिकर्म बताइएका हुञ्छन्। कतैकतै पुराणमा सच्छूद्रादिका लागि पौराण मन्त्र प्रयोग गरेर गरिने श्राद्धादि कर्म पनि बताइएका हुञ्छन्। ति वैदिक द्विजातिका लागि हैनन्। एस्ता कुरामा वैदिक द्विजातिले विचार पुऱ्याउनपर्छ, अल्मलिन हुँदैन। वैदिक द्विजातिले आँफ्ना-आँफ्ना शाखासूत्रमा बताएअनुसारै श्राद्धकर्म गर्नपर्छ भन्ने कुरा बुजाउने वचनहरु लघुस्मृति-पुराणहरुमा पनि पाँइञ्छन्। आँफ्ना शाखासूत्र अनुसारै श्राद्ध गर्नपर्छ भन्ने वचन पनि धेरै नै पाँइञ्छन्। जस्तै—

चतुर्णामपि वेदानां *शाखाः* सन्ति सहस्रशः। अज्ञानादल्पशास्त्रार्था मोहयन्ति पदेपदे॥—प्रजापतिस्मृ. स्मृतीनां समुच्चयः, श्लो.६।

पार्वणानि मयोक्तानि विपरीतानि तानि ते। अथर्वणास् तर्पयन्ति *तद्वेदोक्तमतं यथा*॥—प्रजापतिस्मृति, श्लो.१९४ (आनन्दा.)।

सर्वस्मात् प्रकृतादन्नात् पिण्डान् मधुतिलान्वितान्। पितृमातामहादीनां दद्यात् *गृह्यविधानतः*॥—हेमाद्रिको श्राद्धकल्प, पृ.१४२८।

तस्माद् विद्वान् सूत्रवेदविहितं यावदेव वै। तावदेव प्रकुर्वीत सर्वसौख्याय केवलम्॥

आत्मनो ब्राह्मणानां च भोक्तॄणां शास्त्रवर्त्मनः। यथावदेव कुर्वीताऽधिकं शास्त्रविरोधि यत्।

सर्वं सम्यक् परित्याज्यं विहितं यत् तदाचरेत्॥—आङ्गिरसस्मृति, श्लोक ८४८–८५०; स्मृतिसन्दर्भ, पृ.३०३७।

ब्राह्मणैः क्षत्रियैर् वैश्यैः श्राद्धं *स्वचरणोदितम्*। स्वधर्ममनुतिष्ठद्भिर् दातव्यं धर्मपूर्वकम्॥–ब्रह्मपुराण १११।३।

श्राद्धेषु पुष्टिं मनुजा लभन्ते श्राद्धेन विप्रास् त्रिदिवे च वासः।
श्राद्धं प्रयत्नेन ततश्च कुर्यात् *स्वकल्पसूत्राभिहितं* यथावत्॥–विष्णुधर्मोत्तरपुराण ३।२८८।५३।

एवं सन्तर्प्य विधिना कृत्वा होमादिकं नरः। श्राद्धं सपिण्डकं कुर्यात् *स्वतन्त्रोक्तविधानतः*॥–स्कन्दपु. प्रभास. १।२३६।३३।

स्वगृह्योक्तेन मार्गेण दद्यात् पिण्डान् पृथक्पृथक्। दद्यादिदं साक्षतं च पितृसाद्‌गुण्यहेतवे॥–शिवपुराण ६।१२।७६।

देवादींस् तर्पयित्वाऽथ श्राद्धं कृत्वा यथाविधि। *स्ववेदशाखाविहित*मर्घ्याऽवाहनवर्जितम्॥–वायुपु.२।४८।७,१८; २।४९।२१।

सत्यमेतन् महाभाग यत् पृष्टोऽस्मि नृपोत्तम। श्राद्धस्य बहवो भेदाः *शाखाभेदैर् व्यवस्थिताः*॥–स्कन्दपु. नागरखण्ड २१५।२५।

बह्वल्पं वा *स्वगृह्योक्तं* यस्य यावत् प्रकीर्तितम्। तस्य तावति शस्त्रार्थे कृते सर्वः कृतो भवेत्॥–प्रथमयज्ञपार्श्व, श्लो.८२।

निर्णयसिन्धु-धर्मसिन्धुका कुरा आँफ्ना शाखासूत्रका अनुकूल भए मात्र ग्राह्य हुञ्छन्

निर्णयसिन्धु संशयसिन्धु भनेर पनि प्रसिद्ध भएकाले र माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका मूल ग्रन्थहरुको राम्रो ज्ञान नभएका ऋग्वेदि आश्वलायनशाखाका अनुयायि कमलाकरभट्टले बनाएको हुनाले, धर्मसिन्धु पनि तेस्तै प्रकारका बिठोवादेवताका भक्त वैष्णव काशिनाथोपाध्यायले बनाएको हुनाले ति ग्रन्थको मत्रै भरपर्न हुँदैन, ति ग्रन्थका कुराहरु आँफ्ना शाखासूत्रका अनुकूल वा अविरोधि भएमा मात्र मान्न हुञ्छ, नत्र मान्न हुँदैन। एस विषयमा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि ब्राह्मणहरुले राम्ररि विचार पुऱ्याउनपर्छ।

आँफ्नो शाखासूत्र छोडेर अरु शास्त्रका आधारमा धर्मकर्म गर्न हुँदैन

श्राद्ध गर्दा मात्र हैन कुनै पनि आँफ्ना शाखामा भएका धर्मकर्म गर्दा ब्रह्मबन्धुहरुले वा अब्राह्मणहरुले जे गरेपनि वेदशाखासूत्रविशेषका अधिकारि शुद्धकुलीन ब्राह्मणहरुले विना सङ्कट आँफ्नो शाखासूत्र छोडेर अरु शास्त्रका आधारमा धर्मकर्म गर्न हुँदैन। एस विषयमा पनि शास्त्रहरुमा धेरै वचन पाँइन्छन्। जस्तै–

आँफ्ना शाखाका ऋषिलाइ अप्रमाण मानेर अरु शाखामा बताएअनुसार कर्म गर्दा नरकका कालकोठरिमा पर्नपर्छ भन्ने वचन–

यः स्वशाखोक्तमुत्सृज्य परशाखोक्तमाचरेत्। अप्रमाणमृषिङ् कृत्वा सोऽन्धे तमसि मज्जति॥

–वसिष्ठवचन, संस्कारगणपति, वाराणसी, १९९५वै., पृ.१०।

आँफ्ना शाखासूत्रादिशास्त्रको अपमान गर्नेलाइ भ्रूणहत्यातुल्य पाप लाग्छ इत्यादि भन्ने वचन–

स्वशास्त्रे विद्यमाने यः परशास्त्रेण वर्तते। भ्रूणहत्यासमं तस्य स्वशास्त्रमवमन्यतः॥–बौधायनश्रौ.सू., दिल्लि,१९८२सन्, २९।८।

छन्दोवदेव सूत्राणि भवन्ति खलु सूरिणाम्। वेदोक्तमपि सूत्रोक्ततुलितं वैदिकोत्तमाः॥

नाऽङ्गीकुर्वन्ति बाढं वै सूत्रकारास् तु तेऽखिलाः। सर्ववैदिकविज्ञानशालिनः किल वै यतः॥–स्मृतिसन्दर्भ–६, पृ.२७५।

यः स्वसूत्रमतिक्रम्य परसूत्रेण वर्तते। अप्रमाणमृषिं कृत्वा सोऽप्यधर्मेण युज्यते॥–विष्णुधर्मोत्तरपुराण २।१२७।४८-४९।

आँफ्ना गृह्यसूत्रले विधान गरेअनुसार कर्म गर्नाले द्विजाति कृतार्थ हुन्छ र तेसो नगर्नाले पतित हुन्छ भन्ने वचन–

स्वगृह्यचोदितं कर्म द्विजः कुर्वन् कृती भवेत्। अन्यथा पतितो भूयात् सर्वधर्मबहिष्कृतः॥

—बृहन्नारदीयपुराण, दिल्लि १९८४ सन्, १।२४।१०।

शास्त्रमा बताइएका अनेक पक्षहरुमध्ये आँफ्ना शाखाका गृह्यसूत्रले बताएका पक्षको नै ग्रहण गर्नपर्छ, आँफ्ना शाखाका गृह्यसूत्रमा नभएको कुरा भए अरु पक्षको आँफ्ना इच्छाले ग्रहण गर्न सकिञ्छ भन्ने वचन—

सर्वेषामपि पक्षाणां स्वगृह्योक्तं विधीयते। स्वगृह्योक्तस्य चाऽभावे ग्रहणं स्वेच्छया भवेत्॥—श्राद्धकाशिका, पृ.४८३।

आँफ्ना शाखाका मन्त्र छोडेर कर्म गर्न नहुने कुरा बताउने वचन—

शक्त्यभावे तु तूष्णीकं यद् वा वैदिकमुत्तमम्। कर्ममात्रं सूत्रशास्त्रादाचारादिप्रचोदितम्॥
तन्मात्रमेव कुर्वीत तेन कर्म न दुष्यति। वेदोक्तमन्त्रलोपे तु कर्म तत् तु प्रणश्यति॥—लौगाक्षि, स्मृतिसन्दर्भ-६, पृ.२२८-२२९।

आँफ्ना शाखाका मन्त्र-ब्राह्मण-सूत्रहरु र तिनका अनुकूल अरु स्मृति-पुराणादि ग्राह्य हुने र अरु ग्राह्य नहुने विषयमा कातीय-मन्त्रभ्रान्तिहरसूत्रको तल लेखिएको वचन विशेष अनुसरणीय र मननीय छ—

अनाद्यनन्ता वै वेदा बह्वाचारप्रदर्शकाः। वेदविद्भिरतः कल्पाः प्रोक्तास् तत्त्वप्रदर्शकाः॥
सर्वे स्ववेदकल्पोक्तं कर्म कुर्युरतन्द्रिताः। मन्त्रद्रव्यादिषु स्वत्वादधिकारोऽन्यथा न हि॥
ज्ञानतः सर्ववेदेषु स्वकल्पेष्वधिकारिणः। प्रामाण्यमादौ ज्ञात्वैव श्रुतिकल्पस्मृतीषु च॥
बलाबलं च तत्राऽपि विरोधात् स्वत्वदर्शनात्। वेदाः प्रमाणमङ्गानि परिशिष्टाः ससाधनाः॥
स्मृतयश् च पुराणानि तेषां स्वत्वे विशेषतः। श्रुत्योर् विरोधे स्वत्वादौ स्वश्रुतिश् च बलीयसी॥
मन्त्रचोदनयोर् मन्त्रः प्रयोगित्वाद् बलं यतः। श्रुतिकल्पविरोधे तु श्रुतिर् वै कल्पसाधनात्॥

विरोधे कल्पकल्पयोः स्वकल्पः स्वश्रुतिक्रमात्। कल्पस्मृतिविरोधे तु कल्प एव प्रयोगितः॥
स्मृत्योर् विरोधे सम्प्राप्ते स्वस्मृतिः कल्पसाधनात्। स्मृतिर् बलीयसी ज्ञेया द्वैधे स्मृतिपुराणयोः॥
स्मृतीनां श्रुतिमूलत्वात् पुराणं स्मृतिसाधनम्। एवं बलाबलं ज्ञात्वा श्रुतिकल्पस्मृतीषु च॥
कर्माणि फलयुक्तानि कुर्युः कर्मविदोऽनिशम्। ज्ञात्वा कर्माणि यः कुर्यात् साङ्गानि विधिपूर्वकम्॥
फलं ब्रह्मार्पणं कृत्वा ब्रह्मलोकं स गच्छति।—मन्त्रभ्रान्तिहरसूत्र, श्लोक ९९–१०९।

आँफ्ना गृह्यसूत्रले बताएका प्रयोगका बिचमा अनाकाङ्क्षित अरु कर्म मिसाउन हुँदैन

हुन त हेमाद्रिजत्तिका धर्मशास्त्रनिबन्धकारले पनि श्राद्धकल्पमा (पृ.७४८–७५९) सामान्यतया सर्वशास्त्रोपसंहार गरेर कर्म गर्नपर्छ भनेको पाँइन्छ; तथापि त्यो कुरा मूल वैदिक शास्त्रमर्यादाका परम्पराको अनुकूल नहुनाले र अशक्य हुनाले पनि ग्राह्य देखिँदैन। सर्वगुणोपसंहार अशक्य हो भन्ने कुरा ब्रह्ममीमांसासूत्रका शारीरकमीमांसाभाष्यमा शङ्करले पनि मानेका छन् (३।३।५८)। आँफ्ना शाखामा बताएका गृह्यकर्ममा बिचबिचमा अरु शाखाका अनाकाङ्क्षित (विकल र अपूर्ण अङ्गलाइ पूर्ण गर्न नभै नहुने कर्म बाएक अरु) कर्म ल्याएर मिसाउने व्यक्तिले नरकका काल-कोठरिमा पर्नपर्ने हुञ्छ भन्ने वचनै पाँइञ्छ। जस्तै—

स्वशाखोक्तं परित्यज्य परशाखोक्तमाचरेत्। *मिश्रितं वा प्रकुर्वीत* सोऽन्धे तमसि मज्जति॥

—कातीय-मन्त्रभ्रान्तिहरसूत्र, (मुम्बई, १९४३ सन्) श्लो.१२, पृ.६४९।

आँफ्ना गृह्यसूत्रमा जति बताएको छ तेति नगरेर अरुले बताएको गर्दा र आँफ्ना गृह्यसूत्रले बताएका कर्मका प्रयोगका बिचबिचमा अरु कर्म मिसाउँदा गरेको कर्म नगरेजस्तै हुञ्छ भन्ने वचन पनि देखिञ्छ। जस्तै—

यावदुक्तं स्वस्वगृह्ये न कृतं तावदेव तत्। परोक्तं वा *विमिश्रं वा* कृतमप्यकृतं भवेत्॥—कातीय-मन्त्रभ्रान्तिहरसूत्र, श्लो. ९३।

एक सूत्रकारले बताएका कर्मका प्रयोगहरुमा आर्का सूत्रकारले वा अरु स्मृतिपुराणादिले बताएका अनाकाङ्क्षित कर्मको समुच्चय (मिश्रण) हुँदैन भन्ने फलितार्थको प्रतिपादन गर्ने शिष्टवचन पनि देखिञ्छ। जस्तै—

प्रयोगः सूत्रकारोक्तो *न समुच्चयमर्हति*। समुच्चये यतस् तस्य न निष्पत्तिर् न च क्रमः॥

—कर्मप्रदीप १।३।३ (प्रभा), एसियाटिक सोसाइटि, १९०९ सन्, पृ.५२।

कल्पमेकं समाश्रित्य प्रवृत्तेऽपि च कर्मणि। *न मिश्रयेत्* प्रयोगाँस् तान् कल्पयोरव्यवस्थयोः॥

—कृष्णभट्टकृतनिर्णयसिन्धुटीका, पृ.११७१।

एस विषयमा गरुडपुराण प्रेतकल्पका विषयमा लोकमा व्याप्त भ्रम हटाउनका लागि र आँफ्ना गृह्यसूत्रादिमा विहित कर्म पुराणादिअनुसार हैन गृह्यसूत्रादिअनुसारै गर्नपर्छ भन्ने कुरामा ध्यान आकृष्ट गर्नका लागि पनि वाराणसीको चौखम्बाविद्याभवनबाट हामिले प्रकाशित गराइएको मूल **गरुडपुराण**को ४९ अध्याय भएको हिन्दिअनुवादसहित प्रेत-कल्पका भूमिकामा पनि केइ विशेष कुरा लेखिएका छन्।

कात्यायनश्राद्धकल्पसूत्रको परिचय

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुको श्राद्धहरुको मौलिक स्रोत **मन्त्रसंहिता**का पिण्डपितृयज्ञ-महापितृयज्ञका मन्त्रहरु र मा.वा.**शतपथब्राह्मण**को पिण्डपितृयज्ञ-महापितृयज्ञ-प्रकरण हो। तिनैको अनुविधान गर्दै

कात्यायनश्रौतसूत्रमा पिण्डपितृयज्ञको र महापितृयज्ञको प्रयोग बताइएको छ। **"पिण्डपितृयज्ञवदुपचारः पित्र्ये"** इत्यादि उल्लेख गर्दै रचिएका **कात्यायनश्राद्धकल्पसूत्र**मा पार्वणश्राद्ध, एकोद्दिष्टश्राद्ध, सपिण्डीकरणश्राद्ध, आभ्युदयिकश्राद्ध, पितृलाइ विशेष तृप्ति दिने वस्तुहरु र काम्यश्राद्धतिथिहरु बताइएका छन्। एस श्राद्धकल्पसूत्रका **कर्कोपाध्याय**कृत व्याख्या, कृष्णमिश्रकृत श्राद्धकाशिका व्याख्या र **गदाधर**कृत व्याख्या भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्रका संस्करणका परिशिष्टमा मुद्रित रूपमा उपलब्ध छन्। भारतका हथुआशासनक्षेत्रका शासक कृष्णप्रतापशर्मसाहिले अधिकारिजनहरुमा निश्शुल्क वितरण गर्न १९५२ वैक्रमाब्दमा मुद्रित प्रकाशित गराएका भाष्यचतुष्टययुक्त पारस्करगृह्यसूत्रका संस्करणमा पनि श्राद्धकल्पसूत्रका कर्कभाष्य र गदाधरभाष्य मुद्रित छन्। एस सूत्रको **हलायुध**को व्याख्या पनि कृष्णमिश्रबाट र गदाधरबाट उल्लिखित भएको छ, किन्तु त्यो देख्न पाइएको छैन। वाराणसीस्थ चौखम्बा-सुरभारतीप्रकाशनका पारस्करगृह्यसूत्रका हरिहरभाष्य-गदाधरभाष्ययुक्त संस्करणमा पनि हरिहरभाष्यसहित कात्यायनत्रिकण्डिकस्नानसूत्र र गदाधरभाष्यसहित कात्यायनश्राद्धकल्पसूत्र मुद्रित छन्। कात्यायनश्राद्धकल्पसूत्रका वचनहरुको उल्लेख याज्ञवल्क्य-स्मृतिका व्याख्याता बालक्रीडाकार विश्वरूप (१।२२५) र मिताक्षराकार-विज्ञानेश्वर (१।२२५) इत्यादि प्राचीन सबैजसो धर्मशास्त्रनिबन्धकारहरुले गरेका छन्। **हाम्रा पार्वणश्राद्धादि-श्राद्धको पद्धति बताउने मूल ग्रन्थ एइ हो।** एसको मूल-मात्रको मुद्रण पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिताका मुम्बयीसंस्करणका परिशिष्टमा, मूलमात्रपारस्कर-गृह्यसूत्रका परिशिष्टमा र वैद्य नारायणशर्माका आह्निकसूत्रावलिमा पनि भएको छ। अन्त पनि मुद्रण भएको होला। यो ग्रन्थ सुलभै छ। एसको अर्थ राम्ररि बुज्न भने कात्यायनश्रौतसूत्रको पनि राम्ररि अध्ययन गर्नपर्छ।

श्राद्धादि धर्मकर्ममा शास्त्रोक्त विधिको अनुसरणको आवश्यकता

अन्य धर्मकर्ममा झैँ श्राद्धमा पनि शास्त्रले बताएको विधिको अनुसरण गर्नपर्छ। शास्त्रविधानको निन्दा वा लङ्घन गर्न हुँदैन। शास्त्रोक्त विधिको अनुसरण गर्नाले नै पितृले र कर्ताले पनि श्राद्धको राम्रो फल पाउँछन्। एस विषयमा पनि शास्त्रमा विभिन्न वचन पाँइन्छन्। जस्तै–

अप्रामाण्यं च वेदानामार्षाणां चैव कुत्सनम् (शास्त्राणां चाऽभिलङ्घनम्)। अव्यवस्था च सर्वत्र एतन् नाशनमात्मनः॥

–वासिष्ठधर्मसूत्र १२।४१, महाभारत, शान्तिपर्व ७९।१९, अनुशासनपर्व ३७।११।

विधि नमिलेको वा मन्त्र नमिलेको श्राद्ध गर्नाले तेस श्राद्धको फल पितृले पाउँदैनन्, त्यो श्राद्ध राक्षसका भागमा जान्छ भन्ने वचन–

मन्त्रहीनं क्रियाहीनं यच् छ्राद्धं परिविष्यते। त्रिभिर् वर्णैर् नरश्रेष्ठ तं भागं रक्षसां विदुः॥–महाभारत, अनुशासनपर्व २३।९।

धर्म नछोडि न्यायले आर्जन गरिएका शुद्ध द्रव्यले, विधिअनुसार, शुद्ध मन्त्रले, शुद्ध शास्त्रोक्त देशमा, तेस्तै कालमा, शुद्ध कर्ताले शुद्ध मनले कर्म गरेमा मात्र पूर्ण फल हुन्छ भन्ने वचनहरु–

द्रव्यशुद्धिः क्रियाशुद्धिर् मन्त्रशुद्धिश् च भूमिप। भवेद् यदि तदा पूर्णं फलं भवति नाऽन्यथा॥–देवीभागवत ३।१२।७।

देश-काल-क्रिया-द्रव्य-कर्तॄणां शुद्धता यदि। मन्त्राणां च तदा पूर्णं कर्मणां फलमश्नुते॥–देवीभागवत ४।४।४५-४६।

पुण्यदेशे पुण्यकाले योग्यकाले विशेषतः। विधिश्रद्धासमायुक्तं कृतं कर्म विशिष्यते॥–लौगाक्षिस्मृति, स्मृतिसन्.–६, पृ.२७३।

चित्तं च वित्तं च नृणां विशुद्धं शस्तश् च कालः कथितो विधिश् च।
पात्रं यथोक्तं परमा च भक्तिर् नृणां प्रयच्छन्त्यभिवाञ्छितानि॥
—वराहपुराण १३।४८; विष्णुपुराण ३।१४।२०; स्कन्दपुराण आवन्त्यखण्ड १।१६।२२।

काले कर्म प्रकुर्वीत काले तिष्ठन्ति देवताः। वरमेकाऽऽहुतिः काले नाऽकाले कोटिसङ्ख्यया॥
अकाले कुरुते कर्म काले प्राप्ते न कारयेत्। कालातीतं तु यत् कर्म अकृतं तं विनिर्दिशेत्॥—व्याघ्रपादस्मृति, श्लो.१६४,१६५।

अकाले यत् कृतं कर्म विधिशौचविवर्जितम्। अकृतं तद् विजानीयात् पुनरिज्याश्रुतेर् बलात्॥—पुरुषार्थचिन्तामणि, पृ.४१२।

शास्त्रमा बताइएको विधिअनुसार धर्मकर्म गर्नाले थोरै कर्मको पनि सारै धेरै फल हुन्छ, विधि छोडेर कर्म गर्नाले धेरै कर्मको पनि सारै थोरै फल हुन्छ; शास्त्रोक्त विधिअनुसार गरेको कर्मको अक्षय फल हुन्छ, शास्त्रोक्त विधि छोडेर गरेको कर्मको फल हुँदैन; तेस्ता विधिहीन कर्महरुको फल असुरहरुले हर्छन् इत्यादि कुरा बुजाउने शास्त्रका वचनहरु पाँइञ्छन्। जस्तै—

यथोक्तं कुरुते यस् तु विधिवत् सुकृतं नरः। स्वल्पं मुनिवरश्रेष्ठ मेरुतुल्यं भवेत् फलम्॥
विधिहीनं तु यः कुर्यात् सुकृतं मेरुमात्रकम्। अणुमात्रं तदाप्नोति फलं धर्मस्य नारद॥—पद्मपुराण, उत्तरखण्ड ६१।१३,१४।

स्नानं दानं जपो होमो देवपूजा द्विजार्चनम्। अक्षयं जायते सर्वं विधिवच् चेद् भवेत् कृतम्॥—स्कन्दपु., प्रभास. २।१३।१०।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः। न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥—गीता १६।२३।

विधिदृष्टं तु यत् कर्म करोत्यविधिना तु यः। न फलं किञ्चिदाप्नोति क्लेशमात्रं हि तस्य तत्॥.....

श्रद्धाविधिसमायुक्तं कर्म यत् क्रियते नृभिः। शुचिशुद्धेन भावेन तदानन्त्याय कल्पते॥
विधिहीनं भावदुष्टं कृतमश्रद्धया च यत्। तद् हरन्त्यसुरास् तस्य मूढस्य त्वकृताऽऽत्मनः॥

—योगयाज्ञवल्क्यवचन, हेमाद्रि श्राद्धखण्ड, पृ.८८३-८८४।

यः कश्चित् कुरुते धर्मं विधिं हित्वा दुरात्मवान्। न तत्फलमवाऽऽप्नोति कुर्वाणोऽपि विधिच्युतः॥

—लघुहारीतस्मृति ३।३, स्मृतिसन्दर्भ, पृ.९७९।

स्वाऽभिप्रायकृतं कर्म विधिज्ञानविवर्जितम्। क्रीडाकर्मेव बालानां तत् सर्वं स्यान् निरर्थकम्॥

—आङ्गिरसस्मृति, उत्तराङ्गिरस १।१०, स्मृतिसन्दर्भ–५, पृ.३०६६; द्र.- पाराशरमाधवीय, प्रथमभाग, पृ.२९१।

कुन विधिवाक्यअनुसार, कस्ता अधिकारिले, के फलका लागि, केकस्ता सामग्रीले, केकस्ता देशमा, केकस्ता कालमा, कुन पदार्थक्रमले, कुन रीतिले कर्म गर्नपर्छ भन्ने कुरा शास्त्रवचनबाट पैला नै राम्ररि निश्चय गरेर शास्त्रानुसार धर्मकर्म गर्ने, वेदादिशास्त्रमा श्रद्धा भएको, तिनको निन्दा नगर्ने, विचारवान् व्यक्ति मात्र गरेको धर्मकर्मको राम्रो फल पाउने अधिकारि हुञ्छ भन्ने धर्मतत्त्वज्ञ मनीषिहरुको वचन देखिञ्छ। जस्तै—

पूर्वं निश्चित्य शास्त्रार्थं यथावत् कर्मकारकः। अवेदनिन्दको धीमानधिकारी व्रतादिषु॥

—हेमाद्रिकृत चतुर्वर्गचिन्तामणि, व्रतखण्ड, वाराणसी १९८५ सन्, पृ.३२५।

देशं कालं युक्तपात्रं युक्तं चाऽयुक्तमेव च। शास्त्रदृष्ट्या समालोच्य पश्चाद् धर्मं समाचरेत्॥—लोहितस्मृति, श्लो.५२६–५२७।

ततोऽहं तदनादृत्य पितुर् हस्तनिदर्शनम्। शास्त्रप्रामाण्यसूक्ष्मं तु विधिं पिण्डस्य संस्मरन्॥
ततो दर्भेषु तत् सर्वमददं भरतर्षभ। शास्त्रमार्गानुसारेण तद् विद्धि मनुजर्षभ॥
ततः सोऽन्तर्हितो बाहुः पितुर् मम जनाऽधिप। ततो मां दर्शयामासुः स्वप्नान्ते पितरस् तथा॥

प्रीयमाणास् तु मामूचुः प्रीताः स्म भरतर्षभ। विज्ञानेन तवाऽनेन यन् न मुह्यसि धर्मतः॥
त्वया हि कुर्वता शास्त्रं प्रमाणमिह पार्थिव। आत्मा धर्मः श्रुतं वेदाः पितरश् चर्षिभिः सह॥
साक्षात् पितामहो ब्रह्मा गुरवोऽथ प्रजापतिः। प्रमाणमुपनीता वै स्थिताश् च न विचालिताः॥
तदिदं सम्यगारब्धं त्वयाऽद्य भरतर्षभ॥—महाभारत, अनुशासनपर्व ८४।१९–२५।

शास्त्रको र शास्त्रविधिको पालनामा ब्राह्मणको विशेष उत्तरदायित्व

समाजमा धर्ममर्यादाको, सामाजिक न्यायको र आदर्शको स्थापना गर्नपर्ने र शास्त्रज्योतिका आधारमा राजादेखि रङ्कसम्म सबैलाइ सन्मार्गमा चल्न प्रेरणा गर्नपर्ने ब्राह्मणवर्ग नै आत्मविस्मृतिले गर्दा शास्त्रविधिविमुख र म्लेच्छसेवा-वसरापेक्षि हुँदै जानाले नेपालि राष्ट्र नै धर्ममर्यादाविहीन् दीन हीन विपन्न ऋणग्राहि परावलम्बि मगन्ते हुन पुगि आत्म-गौरवानुभूतिका सबै आधार गुमाउँदै गै सारै नै दुरवस्थामा पुगेको देखिञ्छ। एस अवस्थामा पैलेइ ब्राह्मणवर्गले नै शास्त्रज्योतिबाट प्रेरणा लिइ आँफैले आँफ्नो उद्धार गर्न र अनि राष्ट्रको उद्धार गर्ने प्रयास गर्ने काम गर्न पनि तत्पर हुनु परमावश्यक हुन आएको छ। एस विषयमा पनि ब्राह्मणवर्गले राम्ररि ध्यान दिनपर्छ।

वैदिक द्विजातिहरुले शुद्ध वैदिक मन्त्रले नै धर्मकर्म गर्नपर्छ

वैदिक-सनातन-वर्णाश्रमधर्माऽनुयायि शुद्धकुलीन द्विजातिहरुले शुद्ध वेदमन्त्रले नै धर्मकर्म गर्नपर्छ।

शुद्ध वेदमन्त्र भनेको कस्तो वेदमन्त्र हो?

शुद्ध वेदमन्त्र भन्नाले शास्त्रीय अधिकार भएका गुरुका मुखबाट विधिपूर्वक श्रद्धाभक्तिपूर्वक वेद पडेका र सुपरिचित शास्त्रीय अधिकारि व्यक्तिलाइ मात्र विधिपूर्वक वेद पडाउने गुरुका मुखबाट विधिपूर्वक सुनेर पडिएको, स्वर-वर्ण ठिकठिक रूपमा उच्चारण गरिएको मन्त्र भन्ने बुजिञ्छ। नियोजकका सुरमा वा आँफ्नै सुरमा पनि अमर्यादित भएर विनाशास्त्रीय नियम, अयोग्य व्यक्तिसित अध्ययन-अध्यापन समेतका नौ प्रकारका सम्पर्क नगर्नु भन्ने शास्त्र-व्यवस्थाको (मिताक्षरा ३।२६१, स्कन्दपुराण ७।१।२०७।५६–५७) लङ्घन गरि अज्ञातकुलशील अज्ञातसंस्कार भारत-वर्षबहिर्निवासि समेतका अनाचारि अमर्यादित र वेदमन्त्रको दुरुपयोग पनि गर्नेजस्ता जस्तापाइ जोपाइ व्यक्तिहरुलाइ पनि जस्तापाइ रीतिले वेदमन्त्र पडाउने, कार्याऽकार्यादिका शास्त्रमर्यादाको बाध्यताले हैन हाँसिखुसि नै लङ्घन गर्ने, वेदवेदाङ्ग-शास्त्रश्रद्धारहित नास्तिकजस्ता परवश वा परमुखापेक्षि व्यक्तिले पडाएको वेदमन्त्र शुद्ध मानिँदैन। वर्णाश्रम-व्यवस्थाको मर्यादा, वैदिक सदाचारको मर्यादा र वेदाध्ययनाऽध्यापनविधिको पालना नहुने कथित गुरुकुलमा पडिएका वेदमन्त्र पनि शुद्ध मानिँदैनन्। अवैध भेडाबाख्रे चालले सामूहिक व्रतबन्ध गर्ने गराउने इत्यादि प्रकारका शिक्षकका मुखबाट सुनेर पडिएको वेदमन्त्र पनि शुद्ध मानिँदैन। विना आचार-विचार शिक्षकका मुखबाट सुनेर पडेको वा आँफै पुस्तक हेरेर अक्षर चिनेका भरमा मात्र पडेको वेदमन्त्र पनि शुद्ध मानिँदैन। अवैध चालले भेडाबाख्रे सामूहिक व्रतबन्ध भएका व्यक्ति, भक्ष्याऽभक्ष्य-पेयाऽपेय-कार्याऽकार्य इत्यादिका शास्त्रमर्यादाको हाँसिखुसि लङ्घन गर्ने व्यक्ति, टुप्पि काट्ने स्नान-सन्ध्योपासन नगर्ने इत्यादि व्यक्ति, समुद्रपार-म्लेच्छदेश जाने व्यक्ति इत्यादि भ्रष्टाचारि व्यक्तिले पडेको वेदमन्त्र पनि शुद्ध मानिँदैन। आँफ्ना श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्टसूत्रहरुले विधान गरेका कर्ममा तिनै सूत्रले विनियोग

गरेका मन्त्रको प्रयोग मात्र शुद्ध र उचित मानिञ्छ; अरु पौराणिकमन्त्रको प्रयोग उचित मानिँदैन। तेसैले प्रचलित श्राद्ध-पद्धतिहरुमा गरिएका पौराणिकमन्त्रहरुको प्रयोग वैदिक कर्मका मुख्य अधिकारि द्विजातिका लागि उचित हुँदैन। वैदिक ब्राह्मणहरुले शुद्ध वैदिकै मन्त्रले कर्म गर्नपर्छ भन्ने कुरा लघुस्मृति-पुराणहरुमा स्पष्ट गरिएको पनि देखिञ्छ। जस्तै—

संस्कारवद्भिः कर्तव्यं वेदस्याऽध्ययनं द्विजैः। शुद्धस्य फलवत् तत् स्यादन्यथा निष्फलं स्मृतम्॥—वीरमि., संस्कार., पृ.५१७।

ऋक्पादमप्यधीयीत मार्गेणोक्तेन धर्मवित्। न त्वेव चतुरो वेदानन्यायेन कदाचन॥—वीरमि.संस्कार. व्यासवचन, पृ. ५२६।

असंयमेन येऽधीता न त्रायन्ति कदाचन। ऋगेका संयमस्थेन अधीता पारयत्यपि॥—बृहद्योगियाज्ञवल्क्यस्मृति ११।१६।

मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्या प्रयुक्तो न तमर्थमाह।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात्॥—पाणिनीयशिक्षा, श्लो.५२।

दुरिष्टैर् दुरधीतैश् च दुराचारैर् दुरागमैः। विप्राणां कर्मदोषैस् तैः प्रजानां जायते भयम्॥
—कूर्मपुराण १।३०।४, ब्रह्माण्डपुराण २।३१।३६, मत्स्यपुराण १४४।३५–३६।

न वैदिकः पुराणोक्तैः कर्माणि मनुभिश् चरेत्। वेदोक्तैरेव तैर् मन्त्रैर् निखिलानि समाचरेत्॥
कर्ममध्ये पुराणोक्तमन्त्रोच्चारणमात्रतः। नश्येत् तु वैदिकं कर्म तस्मात् तु न तथाऽऽचरेत्॥—आङ्गिरसस्मृ., स्मृतिसन्., पृ.२९४९।

वेदाक्षरैकशून्यस्य पुराणान्तर्गताः पराः। श्लोकाः के चन सम्प्रोक्ताः स्नानसन्ध्यादिकर्मसु॥
न वैदिकः पुराणोक्तैर्मन्त्रैः कुर्यात् कथञ्चन। किञ्चित् कर्मापि तस्मात् तैर् वैदिकैरेव वाऽऽचरेत्॥—कण्व. स्मृतिसन्. पृ.२८८४।

यो वेदकर्मणां मध्ये पौरुषग्रन्थमध्यगान्। अवशाद् वाक्यखण्डाँस् तान् प्रवदेत् कर्म तद् ध्रुवम्।
वैकल्यं प्रतिपद्येत विषयुक्तमिवाऽमृतम्॥—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२२।

ब्राह्मणः श्रुतिसम्पन्नः स्वधर्मनिरतः सदा। स वैदिकं जपेन् मन्त्रं लौकिकं न कदाचन॥– देवीभागवत ११।३।१२-१३।

तेसैले शास्त्रीय अधिकारप्राप्त गुरुले शास्त्रीय अधिकारप्राप्त योग्य चेलालाइ शास्त्रोक्त विधिले नै वेदमन्त्र पडाउन पर्छ। घरायसि रूपमा गुरुमुख गरि ४० अध्याय वेद र कर्मकाण्ड पडेका स्वतन्त्र गुरुबाट यथासम्भव नियममा रहि ४० अध्याय वेद र कर्मकाण्डलाइ परमावश्यक **वैदिक-मन्त्र-सङ्ग्रह**मा सङ्गृहीत मन्त्रहरु पड्न कर्मकाण्ड सिक्न चाहने सबै अधिकारि जनलाइ पिता, माता इत्यादि गुरुजनले प्रेरणा पनि गर्नपर्छ।

एस स्थितिमा हाम्रा प्रचलित श्राद्धपद्धतिमा वारंवार प्रयोगमा ल्याइएको **"देवताभ्यः पितृभ्यश् च"** इत्यादि श्लोकमन्त्र शूद्रोचित नमस्कारमन्त्र हो भन्ने मत पनि याज्ञवल्क्यस्मृतिव्याख्या मिताक्षरामा (१।१२१) उल्लिखित छ भन्ने कुरामा पनि ध्यान दिनु उचित देखिञ्छ।

आँफुले विधिपूर्वक नपडेकाले र अन्य कारणले अमन्त्र हुन पुगेका वेदमन्त्रले र स्वशाखासूत्रमा विधान गरिएका क्रियामा अन्यथाभाव हुनजानाले अक्रिया हुनपुगेका क्रियाले गर्दा मन्त्रहीन र क्रियाहीन हुन पुगेको श्राद्ध पितृले पाउँदैनन्, त्यो श्राद्ध राक्षसका भागमा पर्नजाञ्छ भन्ने कुरा पनि महाभारतबाट बुजिञ्छ। जस्तै–

मन्त्रहीनं क्रियाहीनं यच् छ्राद्धं परिविष्यते। त्रिभिर् वर्णैर् नरश्रेष्ठ तं भागं रक्षसां विदुः॥–अनुशासनपर्व २३।९।

चल्तिका स्नान-सन्ध्योपासनादि नित्यकर्मका संस्कारहरुका र श्राद्धादि कर्मका पनि वैदिक मन्त्रहरुको यथार्थ स्वरूप बुज्न स्वाद्ध्यायशालाकुटुम्बले प्रकाशित गरेको "माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि-निरग्निकद्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-वैदिक-मन्त्र-सङ्ग्रहः [सपरिशिष्टः]" भन्ने, मूलमा वेदमन्त्रहरु

तथा परिशिष्टमा नित्यसदाचारकर्म-शान्तिकपौष्टिककर्म-वार्षिककर्म-तीर्थविशेषस्नानादिकर्मका वैदिक-पौराणिक-मन्त्रहरु र स्तोत्रहरु तथा ज्योतिषसम्बन्धि प्रमुख कुराहरु पनि भएको ग्रन्थ हेर्नु उचित छ।

मन्त्रको प्रयोग गर्दा सम्बद्ध मन्त्रका देवता ऋषि छन्द र मूल विनियोग पनि जान्ने र मन्त्रको अर्थ पनि जान्ने विद्वान्ले प्रयोग गरेका मन्त्र बर्ता प्रभावकारि हुन्छन् भन्ने वेदज्ञ ऋषिमुनिको उपदेश छ।

शूद्रादिले पुराणका मन्त्रले श्राद्धादि कर्म गर्नपर्छ

शूद्रहरुले र शूद्रसधर्मा अन्य सङ्करजातिहरुले त वैदिकमन्त्रले कर्म गर्न हुँदैन, पौराणिक मन्त्रले धर्मकृत्य गर्नपर्छ। एस विषयमा नेपालि गुरुपुरोहितहरु अलमलिएको र शूद्रसधर्मादि वेदाध्ययनार्थक उपनयन (व्रतबन्ध) नहुने सङ्करजातिका मनुष्यलाइ पनि वैदिकमन्त्रको प्रयोग गरि धर्मकृत्य गराउने गरेको बुजिन्छ। तेसो गर्नु धर्मशास्त्रविरोधि र सारै नै अनुचित तथा निंन्द्य कुरा हो। एस विषयमा काशिमा **पौराणकर्मदर्पण** भन्ने ठुलो ग्रन्थ १९५३ संवत्मै छापिएको रहेछ र ऐले तेसको पुनर्मुद्रण पनि भएको छ। गुरुपुरोहितहरुले त्यो ग्रन्थ हेर्नु उचित र आवश्यक देखिन्छ।

श्राद्धादि वैदिक कर्मकाण्डमा संस्कृतभाषाको आवश्यकता

वैदिक कर्मकाण्डमा संस्कृतभाषाको नै प्रयोग गर्नपर्छ। अरु अपभ्रंशभाषाको प्रयोग गर्न हुँदैन। स्तुति-भजनकीर्तनमा त अपभ्रंशभाषाको पनि प्रयोग हुनसक्छ भन्ने कुरा भागवतमा (११।२७।४५) र पद्मपुराणमा (पातालखण्ड ९५।१०७-१०८) पनि आएको छ र तलको संस्कृत लोकोक्तिले पनि सूचित गरेको छ–

मूर्खो वदति विष्णाय धीरो वदति विष्णवे। उभयोस् तु फलं तुल्यं भावग्राही जनार्दनः॥

वैदिक मुख्य कर्मकाण्डमा भने शुद्ध संस्कृतभाषाको नै प्रयोग गर्नपर्छ। तेसमा पनि **"पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः"** भन्ने सिद्धान्तअनुसार श्राद्धमा प्रयोग गरिने संस्कृतभाषा शुद्ध र राम्ररि वाक्य मिलेको हुनपर्छ भन्ने कुरामा विशेष ध्यान दिनपर्छ। श्राद्धका दिन शुद्धभाषा (संस्कृतभाषा) मात्र बोल्नपर्छ, अशुद्ध अपभ्रंश भाषा उच्चारण गर्न हुँदैन भन्ने पनि शास्त्रवचन देखिञ्छ। कर्तव्य पदार्थ सम्जाउने प्रयोगपद्धति पनि विधायकवाक्यमा भएका शब्दहरुकै प्रयोग गरेर बनाउनपर्ने कुरा मीमांसकशिरोमणि कुमारिलभट्टले पनि सूचित गरेको पाँइञ्छ (तन्त्रवार्तिक १।३।२४, आनन्दाश्रम, पृ.१९६)। प्राचीन पद्धतिकारहरुको पनि तेस्तै प्रवृत्ति देखिञ्छ। एस विषयमा राम्रो दृष्टि नपुऱ्याउनाले वा अङ्ग्रेजले अगि प्रार्थनादिमा ल्याटिनभाषाको प्रयोग गर्थे ऐले त्यो छोडेर अङ्ग्रेजिकै प्रयोग गर्न थाल्या छन्, हामिले पनि अब संस्कृत छोडेर आधुनिक लोकभाषाकै प्रयोग गर्नपर्छ भनि धर्ममा पनि अङ्ग्रेजैलाइ अनुकरणीय मान्ने भावनाले वा अरु कुनै अनुचित कारणले वैदिक-कर्मकाण्डका पद्धतिहरु पनि आधुनिक-लोकभाषामा लेख्ने-लेखाउनेतिर पनि, तेस्तै खालका, आँफ्नो क्षुद्र स्वार्थका लागि मूल वैदिक मर्यादालाइ र वैदिक-सनातन-वर्णाश्रमधर्म-परम्परालाइ षड्यन्त्रपूर्णरूपले मास्न प्रवृत्त हुने माञ्छेहरु, शासकनियन्त्रित निकायहरु र विविध कुतत्त्वका पुच्छर लेखक तथा पत्रपत्रिकाहरु पनि लागेको देखिञ्छ। त्यो कुरा सर्वथा अशास्त्रीय हो, अनुचित हो। श्राद्धकर्म गर्दा गराउँदा बीचबीचमा अपभ्रंशभाषा बोल्नै हुँदैन, संस्कृतै भाषा बोल्नपर्छ। श्राद्ध गर्नेले पनि श्राद्ध गर्नुभन्दा अगि नै श्राद्धपद्धति पडेर श्राद्ध गराउनेले संस्कृतमा भनेको कुरा बुजेर कर्म गर्न सक्ने सम्म त हुनै पर्छ। एस विषयमा तल लेखिएका वचनहरु पनि मननीय छन्—

तथा सत्कर्मकालेषु *भाषा या लौकिकी च सा। वर्जनीया प्रयत्नेन* तच्चित्तज्ञानशुद्धये॥
दिव्यभाषा सदा ग्राह्या वैदिकेन महात्मना। विशेषात् कर्मकालेषु *ततोऽपि श्राद्धकर्मसु॥*

—कण्वस्मृति, श्लो.४७२-४७४, स्मृतिसन्दर्भ, पृ.२९०३।

कर्मकालेषु पुण्येषु मौनकालेऽथवा तथा। दिव्यया भाषया नूनं सम्भाषेतैव धर्मतः॥—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ–६, पृ.१९।

न चाऽश्रु पातयेत् कर्ता *नाऽशुद्धां गिरमीरयेत्।* न चोद्वीक्षेत भुञ्जानान् न च कुर्वीत मत्सरम्॥
न दीनो नाऽपि वा क्रुद्धो न चैवाऽन्यमना नरः। एकाग्रमाधाय मनः *श्राद्धङ्* कुर्यात् सदा बुधः॥

—ब्रह्माण्डपुराणवचन, पाराशरमाधवीय, प्रथमभाग, पृ.७४७-७४८।

नाऽप्रोक्षितं स्पृशेद् वस्तु *न वदेन् मानुषीं गिरम्।* न चोद्वीक्षेत भुञ्जानं न चैवाऽश्रूणि पातयेत्॥
दैवे पित्र्ये च सर्वत्र जप-होमाऽऽदि-कर्मसु। मौनं कुर्यात् प्रयत्नेन सकलं फलमाप्नुयात्॥

भन्ने वचन पनि धर्मसिन्धुमा देखिन्छ (धर्मसिन्धु, निर्णयसागर, द्वितीयावृत्ति, १९०४ सन्, पृ.२९७)।

संस्कृतभाषाको उच्चारण गर्दा वर्ण-स्वरहरुको शुद्ध रूपमा उच्चारण गर्नपर्छ। नेपालिमा प्रायः नभएका संस्कृतका दीर्घ अवर्ण, ऋकार, लृकार, एकार, ओकार, अनुस्वार, विसर्ग, दन्तोष्ठ्य वकार, तालव्यशकार, मूर्धन्य षकार इ वर्णहरुको शुद्ध उच्चारण योग्य गुरुसित समुचित गुरुसम्मान गरेर सिकि प्रयोग गर्नपर्छ। संस्कृतवर्णहरुको शुद्ध उच्चारण गर्ने आधारभूत ज्ञान प्राप्त गर्न हाम्रो वेदाङ्गशिक्षाविमर्शाख्य व्याख्या र हिन्दि व्याख्या पनि भएको वाराणसीको चौखम्बाविद्याभवनबाट प्रकाशित **पाणिनीयशिक्षा**को (१९९८, २००४ सन्), हाम्रै व्याख्या भएको **नारदीयशिक्षा**को (२००२ सन्) पनि अनुशीलन गर्नु उपयोगि हुन्छ। प्रस्तुत ग्रन्थकारको साझाप्रकाशनले प्रकाशित गरेको (२०३१)

नेपाली वर्णोच्चारणशिक्षाबाट पनि एस विषयमा सहायता पाउन सकिन्छ। वेदका सबै वर्णहरुको यथार्थ ज्ञान गर्न त ५००० वर्षको भारतवर्षको संस्कृतवाङ्मयका शिक्षाग्रन्थका इतिहासमा अद्वितीय स्थान राख्ने सर्वाङ्गपूर्ण महाशिक्षारूप **कौण्डिन्न्यायनशिक्षा**को (२०४९ वै.) विशेष अध्ययन नै आवश्यक हुन्छ। प्रारम्भिक संस्कृत भाषा सिक्न चाहानेहरुले स्वाद्ध्यायशालाकुटुम्बले प्रकाशित गरेका **व्यावहारिकं संस्कृतम्** भन्ने सचित्र क्रमबद्ध पाठ्यपुस्तकका प्रथम भाग (२०५० वै.), द्वितीय भाग (२०५३ वै.) र तृतीय भाग (२०५८ वै.) पढ्नु उपयोगि हुन्छ।

कर्मकाण्डपद्धतिको अध्ययनको आवश्यकता

अज्ञानले, असामर्थ्यले, गुरु नपाउनाले, जीविकामा सारै कष्ट हुनाले, व्यवहारमा सङ्कट पर्नाले र विषम-देश-काल-परिस्थितिले गर्दा वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृति-पुराण-रामायण-महाभारतादि शास्त्रको यथोचित रूपमा अध्ययन गर्न नसकेपनि आँफुले नगरि-नहुने कर्मकाण्डका पद्धतिहरुको सम्म भनेपनि गुरुपुरोहित हुनेहरुले मात्र हैन द्विजाति कर्ताहरुले पनि श्रद्धापूर्वक विधिवत् अध्ययन गर्न आवश्यक छ। नेपालका गामठाममा पनि परम्परामा एस्तै गर्दै आइ-एको हो। गुरु-पुरोहितहरुले कर्म गराउँदा पद्धतिको उच्चारण गर्दा कर्ताहरु तेसमा आएका संस्कृत पद-वाक्यहरुको अर्थ सम्म त बुजेर भनेअनुसार कर्म गर्न सक्ने हुनैपर्छ। तेति सम्मको ज्ञान पनि नभएकाहरुलाइ त वास्तवमा कर्म गर्ने मुख्य अधिकारै नहुने कुरा हाम्रा शास्त्रहरुको पूर्वापर विचार गर्दा बुजिन्छ। कर्मका बिचमा संस्कृतभाषाबाएक अरु अपभ्रंश-भाषा बोल्नै नहुने कुरा शास्त्रवचनहरुबाट देखिएकाले पनि यो कुरा बुजिन आउँछ।

हाम्रा पण्यवीथिमा (बजारमा) पाँइने श्राद्धपद्धतिहरु

आजभोलि पण्यवीथिमा (बजारमा) पाँइने नेपालि पुर्बिया ब्राह्मणहरुका श्राद्धपद्धतिहरु कसले कैले कुन वेद-शाखाका अध्येताहरुका लागि कुनकुन ग्रन्थका आधारमा बनाएका हुन् भन्ने निश्चय गर्न गारो भएको छ। वैदिक-कर्म-काण्डपद्धतिमा कुन शाखासूत्रअनुसार विरचित हो भन्ने कुरा स्पष्ट रूपमा उल्लिखित हुनपर्नेमा ति पद्धतिमा त्यो कुरा पनि उल्लिखित देखिँदैन। भारतवर्षमा कलियुगका प्रारम्भदेखि नै विभिन्न कालमा बडेका चार्वाक-वैष्णव-शैव-शाक्त-जैन-बौद्धहरुका क्रियाकलापले गर्दा वैदिक अध्ययन र धर्माचरण शिथिल हुन थालेको बुजिन्छ। कलियुगका अड्तिसौँ शतकमा कासिमपुत्त्र इमादुद्दीन मुहम्मदादिको सिन्धुप्रदेशमा प्रवेश भएपछि र एकचालिसौँ शतकमा गजनिनिवासि तुरुष्क मुसल्बान सुबुक्तगीनपुत्त्र महमूदले भारतवर्षको पश्चिमिभागमा प्रभासक्षेत्रको सोमनाथमन्दिरसम्म अनेकवार लुट मच्चाएपछि भारतवर्षमा वैदिकधर्माचरण शिथिल हुँदै गएको देखिन्छ। कलियुगाब्दका त्रिचालिसौँ शतकमा भारत-वर्षको मुख्य शक्तिकेन्द्र दिल्लि मुसल्बान शासक गोरदेशवासि पारसि मुसल्बान अलाउद्दीनवंशज सामपुत्त्र शहाबुद्दीन मुहम्मदको अधीनमा परेपछि त वैदिक-सनातन-वर्णाश्रमधर्मि-समाजमा सारै धेरै विशृङ्खलता आइ वैदिक अध्ययन-बोध-आचरण-प्रचारणहरुमा (वेद राम्ररि पड्ने, वेदोक्त कर्म राम्ररि बुज्ने, वेदोक्त कर्मको यथाशक्ति आचरण गर्ने र त्यसको आँफ्ना शिष्य-पुत्त्र इष्ट-मित्रादिमा प्रचार गर्ने काममा) विशेष शिथिलता आएको बुजिन्छ। एस्तै अवस्थामा क्रियाशील भएका मिथिलाका श्रीदत्तले, रुद्रधरले र तरुणवाचस्पतिमिश्रले बनाएका श्राद्धपद्धतिहरुको र काशितिर अर्वाचीनकालमा लेखिएका ग्रन्थहरुको पनि हाम्रा चल्तिका श्राद्धपद्धतिहरुमा प्रभाव परेजस्तो देखिन्छ। तिनमा पुराणमा बताइएका अथर्ववेदिश्राद्धपद्धतिको पनि मिश्रण स्पष्ट रूपमा देखिन्छ। ति पद्धतिहरु चुरोमा कात्यायनश्राद्धकल्पसूत्रकै

अनुकूल भएपनि कात्यायनश्रौतसूत्र र कात्यायनश्राद्धकल्पसूत्र देख्तै नदेखेका वा तिनको राम्रो अध्ययन गर्न नपाएका वा नसकेका वा नगरेका वा ति ग्रन्थको ठिक प्रकारले अध्ययन गर्ने योग्यता वा चेतना नै नभएका व्यक्तिले आर्कांका लहैलहैमा दकुरेर बनाइएका वा थपघट गरिएका वा सम्पादन गरिएका वा सार्दासार्दै बिगारिएका बुजिञ्छन्। आँफ्ना शाखाका मन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-परिशिष्ट-ग्रन्थहरुको, जैमिनीय धर्ममीमांसा-शास्त्रको र अरु महा-स्मृति-अनुस्मृति-पुराण-इतिहासादि ग्रन्थहरुको पनि भरपर्दो र समूल अध्ययन र आवश्यक विवेचनशक्ति नभएपनि राजा-रजौटा-धनि-बलि-शोषक-सामन्तका आश्रित वा सेवक वा विशेष अनुकूल हुनाले लोकमा प्रभावशालि र आँफ्ना ग्रन्थका प्रचारमा विशेष समर्थ हुनपुगेका व्यक्तिहरुले लेखेका अशुद्ध र त्रुटिपूर्ण कर्मकाण्डपद्धतिग्रन्थहरुको नै लोकमा अगिदेखि नै विशेष प्रचार हुँदैआएको देखिञ्छ। वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृति-पुराणादिशास्त्रका गम्भीर विद्वान्हरुले लेख्न बोल्न नसकेको वा नपाएको वा तिनका लेखको वा भनाइको प्रचार हुन नसकेको बुजिञ्छ। उक्त पद्धतिहरु आमश्राद्धका (काँचा अन्नले गरिने श्राद्धका) हुन् कि सिद्धान्नश्राद्धका (पकाएका भुजा, खिर, तर्कारि, अचार, दाल इत्यादि अन्नले गरिने श्राद्धका) हुन् भन्ने कुरामा पुरोहित-यजमानहरु अल्मलिएका देखिञ्छन्। आमान्न राखेर श्राद्ध गर्छन्; आमान्न-श्राद्धमा नगर्नु भनिएका तृप्तिप्रश्नादि पनि गर्चन्। यो पनि पद्धतिकै अस्पष्टता हो कि पद्धतिसम्पादकहरुको मूढता हो विचारणीय छ। तेसैले हाम्रा कर्मकाण्डपद्धतिहरुमा मूल शास्त्रका आधारमा संशोधन गर्नपर्ने कुरा धेरै नै रैआएका देखिञ्छन्। आँफ्ना शाखाका गृह्यसूत्रमा प्रतिपादित नामकरणादि संस्कार तथा अन्त्येष्टि-श्राद्ध इत्यादि कर्मकाण्डका पद्धतिहरुमा रहेका अनगिन्ति अशुद्धिहरुको उल्लेख २०४५ संवत्मा नै प्रकाशित **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थका प्रथमसंस्करणमा (पृ.६६) गरिसकिएको हो। ति अशुद्धिहरुका स्पष्ट सङ्केतहरु **वैदिक-मन्त्र-सङ्ग्रहमा** (२०५२) गरि-सकिएका छन्। एस विषयमा जीवनवृत्तिका लागि परीक्षा उत्तीर्ण गर्न म्लेच्छप्रवर्तित शिक्षाप्रणालीले अर्वाचीन संशय-

सिन्धुग्रन्थहरुको अधकल्चो शिक्षा लिएका, वैदिक मूलधर्ममार्गका विषयमा कुइराको काग हुन पुगेका व्यक्तिका अबोधमूलक टीका-टिप्पणी अस्वीकार्य छन् र तिनको उत्तर स्वाद्ध्यायशालाकुटुम्बका द्वितीय स्वधर्म-सन्देशले दिइ-सकिएको छ। रत्नपुस्तकभण्डारले अगि प्रकाशित गरेको श्राद्धविधि, पण्डित दुर्गाप्रसाद लम्सालले सम्पादन गरेको श्राद्धविधि, हाम्रा प्रचलित नित्यकर्मपद्धतिहरुमा संस्कारपद्धतिहरुमा र श्राद्धपद्धतिहरुमा रहेका स्वशाखाश्रुतिसूत्रविरुद्ध (आँफ्ना शाखाका वेदका र सूत्रका विरुद्ध) कुराहरुको निर्देश गर्ने हाम्रो माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखा-ध्यायि-निरग्निकद्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-**वैदिक-मन्त्र-सङ्ग्रहको** प्रकाशन (२०५२) भएपछि सम्पादित प्रकाशित गरिएको भएपनि जस्ता पायो तेस्तै भ्रष्ट अशुद्ध अव्यवस्थित अपरिष्कृत ग्रन्थहरु पनि काम देखाउन धर्ममा भ्रम फैलिने समेत गरि हतारहतारमा भटाभट प्रकाशित गर्ने संस्कृतविश्वविद्यालयले प्रकाशित गरेका **कर्मकाण्ड-भास्करका** (२०५४, २०५७) श्राद्धखण्डका दधिराम मरासिनिले लेखेका भनिएका श्राद्धपद्धतिहरु, लाहुरेका गुरुबा भनिएका र समुद्रपार-म्लेच्छदेशमा गै कर्मकाण्ड गराएर आएका भनेर पत्रिकामा उल्लिखित (जनआस्था साप्ताहिक २०५६।६।१२) हुनाले स्वेच्छाले सकल-श्रुति-स्मृति-पुराणशास्त्रको मर्यादा नाघि काम गर्ने भनि चिनिएका ऋषिरामशर्मा घिमिरेले सम्पादन र सङ्कलन गरेका भनिएका संस्कृत-विश्वविद्यालयबाट प्रकाशित (२०५७) **श्राद्धविधि** भन्ने ग्रन्थका श्राद्धपद्धतिहरु, जनकशिक्षासामग्रीकेन्द्रले प्रकाशित गरेको (२०४७) कर्मकाण्डपाठ्यपुस्तकको (कक्षा ९ र १०) दोस्रो भागको एकोद्दिष्टश्राद्धको पद्धति, सर्खारि पाठ्यक्रमविकासकेन्द्रले प्रकाशित गरेको नवमकक्षाको दामोदरकोइराला-तीर्थराजआचार्य-ऋषिरामपोखे्रलहरुका सहयोगले परिष्कृत गरिएको भनिएको **कर्मकाण्डम्** भन्ने पाठ्यपुस्तकको (२०५७) एकोद्दिष्टश्राद्धको पद्धति, काशितिरबाट प्रकाशित त्रिमूर्तिप्रकाशनका, बाबुमाधवप्रसादका र जयनेपालप्रकाशनका समेत आजसम्म मुद्रित भएका सबै नेपालि एकोद्दिष्टश्राद्धपद्धतिहरु र अरु पार्वणश्राद्धादिपद्धतिहरु समेत सबै बजारु

श्राद्धपद्धतिहरु एउटै काँटका देखिञ्छन्। ति सबै नै कात्यायनश्राद्धकल्पसूत्रका दृष्टिले हेर्दा सारै नै भ्रष्ट र अशुद्ध देखिञ्छन्। ति पद्धतिहरु गतानुगतिक अज्ञहरुका वा वेदशाखासूत्रको ठेगान नभएका ब्रह्मबन्धुहरुका वा लोकापवादका डरले मात्र श्राद्ध गरे झैँ गर्ने अज्ञ नास्तिकहरुका वा **"लोभमोहाभिभूतस्य रागद्वेषान्वितस्य च। न धर्मे जायते बुद्धिर् व्याजाद् धर्मं करोति च"** (शान्तिपर्व २७३।६) इत्यादि महाभारतका प्रकरणले बताएका कुराका उदाहरणका रूपमा रहेका व्यक्तिहरुका लागि अनुसरणीय भएपनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि कात्यायनश्रौतसूत्र-कात्यायनत्रिकण्डिकस्नानसूत्र-कात्यायनश्राद्धकल्पसूत्रहरुका अनुयायि शुद्धकुलीन आस्तिक धर्मकाम उद्‌बुद्ध द्विजातिहरुका लागि अनुसरणीय देखिँदैनन्। ति पद्धतिहरुको प्रशंसा र अन्धाधुन्ध प्रचार गर्नमा बाउको कृतिलाइ छोराहरु, गुरुका कृतिलाइ चेलाहरु, राजाका कृतिलाइ सैनिकहरु विवेचन नगरिकनै पड्छन् र सराउँछन् पनि भन्ने **"पितुर् गुरोर् नरेन्द्रस्य सुत-शिष्य-पदातयः। अविविच्यैव काव्यानि स्तुवन्ति च पठन्ति च"** यो राजशेखरको काव्यमीमांसाको दशम अध्यायको उक्तिलाइ चरितार्थ गर्नेहरु लागेका हुन्। तेस्तै व्यक्तिले ति पद्धतिलाइ *"शास्त्रानुकूल परिष्कार"* भएका, *"शास्त्र र परम्पराको समन्वय"* भएका, *"शास्त्रानुसार परिष्कार"* गरेर बनाइएका पद्धति भनेका हुन्। शास्त्रज्ञ विज्ञ तटस्थ जनले तेसो भनेका हैनन्। ति पद्धति सर्वथा अशास्त्रीय हुन्। ति पद्धतिहरुमा श्राद्धादि वैदिक कर्मप्रयोग स्वशाखासूत्राऽनुसार व्यवस्थित हुञ्छन् भन्ने सकल-श्रुति-स्मृति-पुराण-शिष्ट-सम्मत सिद्धान्तका दृष्टिले र स्वशाखासूत्रका दृष्टिले के-कस्ता के कति त्रुटि छन् भन्ने कुरा स्वाद्ध्यायशालाकुटुम्बले अगि नै प्रकाशित गरेका **वैदिक-मन्त्र-सङ्ग्रह**का (२०५२) उपोद्घातबाट, सम्बद्ध प्रकरणहरुका मन्त्रका परिचयवाक्यहरुबाट तथा टिप्पणीहरुबाट र एकोद्दिष्टश्राद्धका विषयमा चाइँ प्रस्तुत एकोद्दिष्टश्राद्धपद्धतिसित उक्त श्राद्धविधिहरुका एकोद्दिष्ट-श्राद्धपद्धतिको तुलना गरि गरिने अध्ययनबाट विवेकशील पाठकहरुलाइ स्पष्ट हुनसक्ला भन्ने धारणा लिइएको छ। एस विषयमा कतिपय कुराको स्पष्टीकरण

कान्तिपुर पत्रिकामा (२०५११६१९, २०५२१५१२६) र हिमालयटाइम्स पत्रिकामा (२०५३१६११५) तथा चल्तिका श्राद्ध-पद्धतिहरुका पिण्डदानमन्त्रहरु नै पनि अशुद्ध वा स्वशाखाप्रतिकूल भएका विषयमा गोरखापत्रमा (२०५६१६११९) पनि लेखिसकिएको पनि छ। तसर्थ वैदिक-सनातन-वर्णाश्रमधर्मका अनुयायि आस्तिक धर्मकाम सज्जनहरुले सर्खारि कार्यालयबाट स्वीकृत वा संस्कृत-विश्वविद्यालयबाट प्रकाशित ग्रन्थ भनेर पनि ति ग्रन्थमा भर पर्न नहुने देखिञ्छ। शासक-नियन्त्रित संस्कृतविश्वविद्यालय, प्रज्ञाप्रतिष्ठान, पाठ्यक्रमविकासकेन्द्र इत्यादि निकायहरुमा र धनिक वार्धुषिक वाणिजकहरुबाट चलाइने प्रकाशनकार्यहरुमा शास्त्रको र धर्मको मर्यादाको भन्दा अर्थोकै कुराको प्रधानता हुनसक्ने कुरामा दृष्टि पुऱ्याइ **आस्तिक सज्जन माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि द्विजवरहरुले कुनै पनि धार्मिक निर्णयहरु र कर्मकाण्डपद्धतिहरु वास्तवमा शास्त्रको अनुकूल भए-नभएका कुरामा ध्यान दिएर यथाशक्ति आँफुले पनि शास्त्र केलाएर वा तेसो गर्न नसके शास्त्र-धर्म-रक्षापरायण आस्तिक सज्जन स्वतन्त्र अनपाश्रित्यजीवि (कसैको पनि विशेष आड नलागि जीविका चलाउने) शुद्धकुलीन स्वशाखामन्त्र-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्रादि ग्रन्थ राम्ररि पडेका समुद्रपार म्लेच्छदेश नजाने आचारनिष्ठ शास्त्रधर्मरक्षाबुद्धि भएका विद्वान् ब्राह्मणहरुलाइ सोधेर तिर्नलाइ प्रयोगमा ल्याउने वा नल्याउने निर्णय र काम गर्नपर्ने देखिञ्छ।**

नेपालि कुमाइँ ब्राह्मणहरुका डाकुरनाथशर्माले लेखेको भनिएको, प्रेमराज पाण्डेले सम्पादन गरेको भनिएको र खिलविलासपन्तबाट प्रस्तुत गरिएको समेत उपलब्ध तिनोटै श्राद्धविधि कुमाउँतिरकै कुनै व्यक्तिले बनाएका श्राद्ध-विधिमा आधृत बुजिञ्छन्। ति पनि कात्यायनश्राद्धकल्पसूत्रका पूर्णरूपमा अनुकूल त देखिँदैनन्।

गुप्तराज राजोपाध्यायले प्रकाशित गरेको (२०४६), वैदिक मन्त्रको प्रयोग नभएको, क्षयतिथिश्राद्धलाइ एक-पार्वणश्राद्धका रूपमा देखाउने, नेवारि-ब्राह्मणहरुले चलाउने भनिएको श्राद्धविधि भने अद्विजधर्मिको (सच्छूद्र-वर्णसङ्करादिको) श्राद्धविधिजस्तो देखिन्छ। तेसमा पिण्डमा मांसको प्रयोग पनि देखाइएको छ (पृ.१५,१६), पिण्डमा आगम-नैवेद्य चडाउने विषयमा स्वकुलाचारअनुसार गरिने राँगाको मासुको प्रयोग पनि देखाइएको छ (पृ.२७-२८)।

मिथिलातिरका र काशितिरका पण्यवीथिमा पाँइने आधुनिक प्रचलनका श्राद्धपद्धतिहरु र **गीताप्रेस**-गोरखपुरले प्रकाशित गरेको जोषणरामपाण्डेय-अग्निहोत्रिहरुले बनाएको **अन्त्यकर्म-श्राद्धप्रकाश** (२०६२ वै.) पनि कात्यायनश्राद्ध-कल्पसूत्रका पूर्ण अनुरूप त देखिँदैनन्। सबैतिर अज्ञानको र उपेक्षाभावकै साम्राज्य चलेजस्तो देखिन्छ।

श्राद्धपद्धतिका विषयमा अज्ञान र उपेक्षाभाव

एस विषयमा हामिभन्दा अगिका हाम्रै माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका अध्येता वा अनुयायि मानिएका नेपाल-भारतका व्यक्तिहरुमध्ये महाराजगुरु, राजगुरु, राजपुरोहित, महामहोपाध्याय, महोपाध्याय, कर्मकाण्ड-सागर, साहित्यसुधाकर, विद्याभूषण, विद्वच्छिरोमणि, पण्डितराज, न्यायरत्न, दर्शनालङ्कार, वेदविद्यापारावारीण, वेद-मणि, वेदाचार्य, धर्ममीमांसाचार्य, धर्मशास्त्राचार्य, धर्मशास्त्रमनीषि, धर्मशास्त्रधुरीण, महापण्डित, दीक्षित, अग्निहोत्रि इत्यादि पदवी धारण गर्ने र सुवर्णतुलादानादि नानादान लिएका द्रव्यले धनिक र कुलीन भएम् भण्ठान्ने समेत व्यक्तिहरुले पनि विशेष विचार गरेर गएको देख्न पाइएको छैन। त्याँहाँ दानवराज्यमा वेद जान्ने समुद्रजस्ता गम्भीर

विद्वान्‌हरु खेतिपातिमा दलिन्थे, मूर्खहरु श्राद्धहरुमा भोजन गर्थे भन्ने अर्थ भएको **"तत्र वेदविदः प्राज्ञा गाम्भीर्ये सागरोपमाः। कृष्यादिष्वभवन् सक्ता मूर्खाः श्राद्धान्यभुञ्जत"** (महाभारत, शान्ति.२२८।७४-७५) भन्ने श्रीवर्णित त्याज्य दानवचरित्र सम्जाउने स्थिति नै नेपाल-भारतमा रैआएको जस्तो देखिञ्छ। एस स्थितिमा उक्त पदवीधारकहरुले पनि पितामाताको एकोद्दिष्टश्राद्ध गर्दा उक्त प्रकारका बजारु पद्धतिले नै गरे कि अरु कुनै शुद्ध पद्धतिले गरे? आँफुले कुनै शुद्ध पद्धतिले श्राद्ध गरेका भए तेस शुद्ध पद्धतिका विषयमा तथ्य कुरा प्रकाशित गरि श्रद्धालु आस्तिक जनता प्रति किन अनुग्रह गरेनन्? वेदविद्याको रक्षा गर्नलाइ नै ब्रह्माजिले ब्राह्मणहरुलाइ दान लिने अधिकार दिनु भएको हो भन्ने शास्त्रका वचन तिनिहरुले पडेसुनेका थिएनन्? कसरि उनिहरु अर्थोपार्जनमा वा धनसम्पत्ति बडाउनैमा वा शासकका काम बोकेर तिनलाइ रिजाएर खानैमा वा कामोपभोगमा वा **"अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्"** इत्यादि पाणिनीय व्याकरणका सूत्रका अर्थका परिष्कार रट्‌नमा वा द्रव्यगुणादिका, कारणादिका र अनुमानका अवयवहरुका र हेत्वाभासादिका लक्षणका परिष्कार घोक्नमा वा काव्यलक्षणादिका विचार गर्नमा वा रसभावादिपूर्ण काव्य पड्‌नमा वा तेस्ता काव्यको रचना गर्ने प्रयास गर्नमा वा अरु एस्तै प्रकारका कुनै कुरामा भुलेर वैदिकधर्मका अतिमहत्त्वपूर्ण वाहक कर्मकाण्डपद्धतिका प्रयोगका विषयमा मूर्खवत् सबै नै गतानुगतिक झैँ भएर गए होलान्? कसरि तिनिहरुले मूर्ख-धनि-बलि-शासकहरुको अनुग्रह प्राप्त गर्नमा लालायित भएर वा त्यो अनुग्रह प्राप्त गरेर फुरुङ्ङ परेर मूर्ख-धनि-बलि-शासकहरुका आशापाशमा बाँधिएर नै जीवन गुजारेर जान रुचाए होलान्? कसरि तिनिहरु *'सरातमा बिरालो बाँद्‌ने'* भन्ने उक्तिलाइ चरितार्थ गरेर वा **"यद्यपि शुद्धं लोकविरुद्धं नाऽऽचरणीयम्"** भन्ने नीतिमा मात्र भर परेर आँफ्ना घरभित्र प्रयोगमा आउने श्राद्धविधिजस्ता निजि धार्मिक विषयमा पनि आँफ्नो मूल शास्त्र छोडेर लौकिक नीति अँगालेर व्यवहार

गरेर गए होलान्? *वैदिकधर्मको मूल मर्म नै शास्त्रमा श्रद्धा गर्नुमा र शास्त्रबाट अनुशिष्ट हुनुमा छ भन्ने कुरामा र लौकिक धर्मका र शास्त्रीय धर्मका भेदका विषयमा पनि उनिहरुको ध्यान किन गएनछ होला?* भीष्म पितामहले बाउका हातमा पिण्ड नदिएर शास्त्रमा भने अनुसार कुशमाथि नै पिण्ड दिएको भन्ने **"*शास्त्रप्रामाण्यसूक्ष्मं तु विधिं* पिण्डस्य संस्मरन्। ततो दर्भेषु तत् सर्वमददं भरतर्षभ॥"** (महाभा., अनु.८४।२०), **"नैष *कल्पे* विधिर् दृष्ट इति सञ्चिन्त्य चाऽप्यहम्। कुशेष्वेव ततः पिण्डं दत्तवानविचारयन्॥"** (हरिवंश १।१६।२१, शिवपु.५।४०।२१) इत्यादि वचनहरुले र **"*शास्त्रार्था*तिक्रमाद् भीतं रामं दशरथोऽब्रवीत्। तारितोऽहं त्वया पुत्र रुद्रलोकमवाप्नुयाम्॥ त्वं च राज्यं चिरं कृत्वा पालयित्वा द्विजान् प्रजाः। यज्ञान् सदक्षिणान् कृत्वा विष्णुलोकं व्रजिष्यसि॥"** (वायुपुराण २।४९।७६-७८, बृ.नार.२।४६।४१-४४), **"शन्तनुः प्राह सन्तुष्टः *शास्त्रार्थे निश्चलो* भवान्। त्रिकालदृष्टिर् भवतु चाऽन्ते विष्णुश्च ते गतिः"** (वायुपुराण २।४९।८२, बृ.नार.२।४६।३९,४०) इत्यादि वचन समेतले सूचित गरेका **स्वकल्पशास्त्रमा बताएकै पद्धतिले श्राद्ध गर्नपर्छ** भन्ने सिद्धान्तमा तिनको दृष्टि कसरि पुगेनछ होला? वैदिकपरम्परामा वेदादिशास्त्रको सम्यक् अध्ययन-बोध-आचरण-प्रचारणको क्रम (पैलेइ वेदादि शास्त्र राम्ररि पढ्ने, अनि तिनको अर्थ राम्ररि बुज्ने, अनि वेदादिशास्त्रले उपदेश गरेका कर्महरु यथाशक्ति गर्ने, अनि तिनको शिष्य-पुत्र इष्टमित्रादिमा उपदेश-प्रचार गर्ने क्रम) मान्य रैआएकामा १००० वर्ष जति अगिदेखि नै वेदादिशास्त्रको सम्यक् अध्ययन र बोध नै कसरि सारै नै दुर्बल रैआएका रहेछन् होला? कसरि **"अन्धेनैव नीयमाना यथाऽन्धाः"** (अन्धाले डोऱ्याइएका अन्धाजस्ता) भन्ने उक्ति नै चरितार्थ हुँदैआएको रहेछ होला? इत्यादि प्रश्नहरु विचारशील व्यक्तिहरु सबैका हृदयमा अवश्य उब्जेलान् र तिनका उत्तरहरु पनि उनिहरुका हृदयमा अवश्य नै स्वतः स्फुरित पनि होलान्। भूतकालका नेपालका कसकसले वैदिककर्मकाण्ड-

सम्बद्ध कस्ताकस्ता केके ग्रन्थ बनाएका रहेछन् भन्ने ज्ञान गर्न स्वाद्ध्यायशालाकुटुम्बबाट प्रकाशित **कतिपय-नैपाल-संस्कृत-ग्रन्थकार-परिचयः** भन्ने ग्रन्थ (२०४८ वै.) पढ्नु उचित छ।

प्रस्तुत एकोद्दिष्टश्राद्धपद्धतिको प्रकाशनको आवश्यकता

उक्त परिस्थितिमा आजभोलिका हाम्रा समाजमा चल्तिमा रहेका पण्यवीथिमा (बजारमा) देखिएका श्राद्ध-पद्धतिहरु माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदशाखाध्यायि कात्यायनश्रौतसूत्रकात्यायनत्रिकण्डिकस्नानसूत्रकात्यायन-श्राद्धकल्पसूत्रानुयायि आस्तिक द्विजातिहरुका लागि स्वीकार्य रूपका नदेखिएकाले र धर्ममा कस्तै ठुलो बनाइएका वा मानिएका भएपनि कुनै पनि व्यक्तिविशेषका आचरण मात्र निर्णायक नहुने, असन्दिग्ध मूल शास्त्र नै निर्णायक हुने हुँदा हामिले अगिकाले एसै गरेर गएका रछन् भन्दै शास्त्रव्यवस्थाप्रतिकूल रूपमा धर्मकर्म गर्न सके-लागे-पुगेसम्म उचित हुँदैन भन्ने कुरा मान्नै पर्ने, तेसो नमानेमा त शास्त्रार्थ व्यर्थ नै मान्नपर्ने र ठुला प्रयासले गर्दै आइएको वेदादि-शास्त्रको रक्षाको पनि प्रयोजन नहुने आपत्ति आइलाग्ने हुनाले समेत स्वशाखासूत्रअनुसारै एकोद्दिष्टश्राद्ध गर्न चाहाने उक्त द्विजाति महानुभावहरुलाइ पनि उपयोगि होस् भनि स्वशाखासूत्रको पूर्णतया अनुकूल रूपमा पनि प्रयोगमा ल्याउन सकिने गरि यो एकोद्दिष्टश्राद्धपद्धति मुद्रित गराइ प्रकाशित गराउने प्रयास गरिएको हो। यो पद्धति शास्त्रीय रूपमा वेद पढ्नका लागि गरिने शास्त्रोक्त वैध उपनयन (व्रतबन्ध) हुने र वेदमन्त्रसंहितादि पढ्ने परम्परागत शास्त्रीय अधिकार भएका वैदिक कर्मकाण्डका मुख्य अधिकारि शुद्धकुलीन सुसंस्कृत सदाचारि द्विजातिका लागि हो, अरु अनुकल्पविधिले उपनयनादि हुनेहरुका लागि हैन।

प्रस्तुत एकोद्दिष्टश्राद्धपद्धतिका विशेष कुरा

एस एकोद्दिष्टश्राद्धपद्धतिमा कात्यायनश्राद्धकल्पसूत्रअनुसार एकोद्दिष्टश्राद्धमा नगरि-नहुने कर्म देखाउने भाग ठुला मोटा अक्षरमा छापिएका छन्; आँफ्ना सूत्रले सूचित नगरेका वा आकाङ्क्षा नगरेका हुनाले नगरेपनि हुने वा प्रयोग-प्राशुभाव (प्रयोगको निरन्तरता) समेत बिगार्ने र अनाकाङ्क्षित (अनपेक्षित) समेत हुनाले गर्नै नहुने भएपनि चलनचल्तिका पुराना पद्धतिमा भएका सबै कुराहरु परम्पराऽऽगत भन्दै प्रयोगमा ल्याउन चाहानेहरुलाइ पनि प्रस्तुत मुद्रित पुस्तक ग्राह्य बनाउन, तुलनात्मक अध्ययनमा सहयोग पुऱ्याउन र स्वसूत्रोक्त पदार्थमा र आगन्तुक पदार्थमा विवेक गर्न सजिलो पार्न पनि तेस्ता आगन्तुक कर्म देखाउने भाग झिना साना अक्षरमा छापिएका छन्।

हाम्रा पुराना परम्परागत पद्धतिहरुमा पनि नभएका, धनि-बलिहरुका आश्रित र प्रयोज्य हुनाले समेत नाना-परिबन्दले आँफ्ना पद्धति विविध रूपमा सार्वजनिक सम्पत्तिले समेत छपाउन समर्थ भएका आधुनिक अविज्ञ लेखक-सम्पादकहरुले मनलाग्दि थपेका दीपको पूजा, गणेशादिस्मरण, कुशबटुप्रतिष्ठा, नीविकरणको वेदमन्त्र, कुशबटुग्रन्थि-मोचन, कुशबटुग्रन्थिमोचनका मन्त्रहरु, दीपाच्छादनमन्त्र, हरेराम हरेराम इत्यादिको उच्चारण इत्यादि विषयहरुलाइ भने याँहाँ कुनै स्थान दिइएको छैन।

चलनचल्तिका श्राद्धपद्धतिमा भएका तर कात्यायनश्राद्धकल्पसूत्रग्रन्थका विधानसित सोजै बाजेका वा शास्त्र-वचनहरुसित मेलै नखाने कुराहरुलाइ भने उक्त सूत्रअनुसार प्रायः परिवर्तित रूप पनि दिइएको छ।

श्रुति-स्मृति-पुराण-रामायण-महाभारतहरुका श्राद्धप्रयोग-सम्बन्धि नानाप्रकरणहरु आँफै पडेर केलाइ प्राचीन-नवीन अनेक धर्मशास्त्रनिबन्धग्रन्थहरुको पनि छानबिन गरि श्राद्धसम्बन्धि अनेक कुराहरु भूमिकामा केइ विस्तृतै रूपमा समाविष्ट गरेर प्रस्तुत गरिएको एस्तो धर्मशास्त्रीय-विवेचनयुक्त मूल वैदिक पद्धतिग्रन्थ एकहजारवर्षजतिदेखि आँफ्ना वेदका शाखाका सूत्रले विधान गरेका वैदिक कर्मकाण्डका क्षेत्रमा छाएको अज्ञान-अन्धकारलाइ चिर्दै एस हिमवत्खण्डमा सर्वप्रथम उदाएकामा स्वधर्मपालनका लागि एस हिमवत्खण्डमा स्थायि आश्रय लिएका वैदिक-सनातन-वर्णाश्रमधर्मानुयायि ब्राह्मणहरुका वंशधर ब्राह्मणहरुले गौरवानुभूति गर्न सक्ने गरि यो एकोद्दिष्टश्राद्धपद्धति प्रस्तुत गरिएको छ।

एस पद्धतिका सम्बन्धमा भन्न पर्ने अरु प्रमुख कुराहरु सङ्क्षेपमा तल दिइएका छन्—

१. एस पद्धतिमा वैदिक मन्त्रहरुको छपाइ अरु पाठक पुरोहितहरुका आँखाका बानिलाइ ध्यानमा राखि चल्तिका अरु पद्धतिको जस्तै नै राखिएको छ। वस्तुतः याँहाँको यो वैदिक मन्त्रहरुको छपाइ ति मन्त्र सामान्यतया सम्जाउनमात्र काम लाग्छ। वैदिक मन्त्र त गुरुमुख गरेर शुद्ध रूपमा घोकेर पडेका आधारमा नै शुद्ध रूपमा प्रयोग गर्नपर्छ। व्यञ्जन-द्वित्वादिको र यमहरुको (विलक्षण वर्णविशेषहरुको) पनि तिनमा उच्चारण हुनैपर्छ। एस विषयमा **वैदिक-मन्त्र-सङ्ग्रह**को उपोद्घात पड्नुहोला र वैदिक-मन्त्र-सङ्ग्रहमा दिइएका मन्त्रहरुका रूपमा पनि ध्यान दिनुहोला।

(तर्पणका विषयमा जान्न पर्ने कुरा)

२. प्रचलित श्राद्धपद्धतिहरुमा संलग्न तर्पणपद्धति कात्यायनत्रिकण्डिकस्नानसूत्रका दृष्टिले सारै नै भ्रष्ट देखिएकाले प्रस्तुत श्राद्धपद्धतिमा संलग्न तर्पण-पद्धतिलाइ पनि स्वसूत्रानुसार अनपेक्षित कुरालाइ कोष्ठभित्र राखि सूत्रमा भएका कुरालाइ कात्यायनत्रिकण्डिकस्नासूत्रमा भएका विधानको अनुरूप बनाउने काम गरिएको छ। शुक्लयजुर्वेदकै बैजवापादि अन्य शाखामा अन्यथा विधान भएको कुरा बृहद्योगियाज्ञवल्क्यस्मृति इत्यादिबाट बुजिन आएपनि एस तर्पणपद्धतिलाइ पूर्णतया उक्त स्नानसूत्रको नै अनुकूल पारिएको छ। हाम्रा सूत्रमा आहरणीय पदार्थमा जौको उल्लेख नभएकाले देवादितर्पणमा जौ चाइँदैन। हाम्रा सूत्रकारका उपदेशअनुसार दिव्यपितृसम्मका सबैलाइ एक-एक अञ्जलि र यमादि सबैलाइ तिन-तिन अञ्जलि दिने हो। अरु लघुस्मृति-पुराणादिका वचन हाम्रा शाखामा लाग्दैनन्। तर्पण पनि आँफ्ना शाखासूत्रअनुसारै गर्ने हो भन्ने कुरा वैदिक अधीति-बोधा-ऽऽचरण-प्रचारण-व्यवस्था-परम्पराबाटै स्वतःसिद्ध छ। एस विषयमा विशेष वचन पनि पाँइञ्छन्। जस्तै—

देवानृषीन् पितृँश्चाऽपि *स्वशाखाचोदितान्* परान्। तर्पयीतैव विधिना तत्तत्तीर्थेन नाऽन्यतः ॥—लौगाक्षि., स्मृतिसन्.–६, पृ.३००।

स्नात्वा तु तर्पयेद् देवानृषीन् पितृगणानपि। *स्वसूत्रोक्तेन मार्गेण* पुनराचम्य वाग्यतः ॥—पराशरपुराण ९।२१।

देवान् ब्रह्मऋषींश् चैव तर्पयेदक्षतोदकैः। तिलोदकैः पितॄन् भक्त्या (पितॄन् भक्त्या तिलैः कृष्णैः) *स्वसूत्रोक्तविधानतः* ॥

—कूर्मपुराण २।१८।८६; हेमाद्रि.श्राद्ध., पृ.९२२; वीरमित्रोदय, आह्निक., पृ.३४०।

देवपितृमनुष्यादीन् *स्वशाखाविधिचोदितान्*। एकैकाञ्जलिना तृप्तिं प्रथमान्तेन कारयेत् ॥—वीरमित्रोदय, आह्निक., पृ.३४४।

एवं मनुष्यतर्पणे *स्वगृह्ये* विशेषाऽनुक्तौ एकाञ्जलिना अञ्जलिद्वयस्य विकल्पः ॥—वीरमित्रोदय, आह्निक., पृ.३४४ इत्यादि।

पाँनि दिने वाक्यहरु पनि प्रस्तुत पद्धतिमा मूल वैदिकपद्धतिकारहरुका प्रवृत्तिको अनुसरण गरि स्वशाखाश्रुति-सूत्रादिका अनुकूल बनाइएका छन्। ओङ्कारको तान्त्रिक रूपको हैन वैदिक रूपको नै प्रयोग गर्नपर्ने भएकाले ओङ्कार तदनुसार नै छापिएको छ। यो कुरा वैदिकपरम्पराको पूर्ण अनुकूल छ। एस कुराको विशेष विचार वैदिक-मन्त्रसङ्ग्रहका टिप्पणीमा प्रस्तुत गरिसकिएको छ (पृ.१)। पितृको क्रम पनि प्रस्तुत पद्धतिमा आँफ्नै शाखाको कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको अनुकूल बनाइएको छ। आचारमयूखमा (पृ.७५) बोपदेवको भनाइ भनिएको "ताताम्बात्रितयम्" इत्यादि श्लोकको क्रम हाम्रा शाखामा लाग्दैन। एस विषयको अरु विचार वैदिक-मन्त्र-सङ्ग्रहका तर्पणप्रकरणका टिप्पणी-हरुमा प्रस्तुत गरिसकिएको छ। त्यो तेइँ हेर्नुहोला (पृ.१६, टि.२)। यो तर्पण ब्रह्मयज्ञाङ्ग नित्यतर्पण हो। यो ब्रह्मयज्ञाङ्ग नित्यतर्पण कात्यायनश्राद्धकल्पसूत्रका अनुयायिले श्राद्धका दिन गर्न नहुने भए पनि अज्ञ पुरोहित-यजमानहरुले चलन-चल्तिमा भएको भनि तर्पण गर्न आग्रह गर्ने सम्भावना भएकाले तिनको मनाहारि बुजाउन यो तर्पणपद्धति याहाँ समाविष्ट गरिएको हो; तथापि स्वशास्त्रबाट यो तर्पण श्राद्धका दिन गर्न नहुने देखिएकाले एसलाइ साना झिना अक्षरले छापिएको छ। श्राद्धका दिनमा आँफ्ना सूत्रले ब्रह्मयज्ञको निषेध गरेको कुरा पत्तै नपाउने अविवेकि श्राद्धपद्धति-सम्पादकहरुले र धर्मशास्त्रनिबन्धकारहरुले श्राद्धका दिन पनि गर्नपर्ने भनि एस ब्रह्मयज्ञाङ्ग नित्यतर्पणका सम्बन्धमा बोलेका कुरा कात्यायनश्राद्धकल्पसूत्रका अनुयायिहरुका लागि सर्वथा अग्राह्य हुन् भन्ने कुरा बुज्नु आवश्यक देखिन आएको छ। अरु दिन ब्रह्मयज्ञाङ्ग तर्पण गर्दा पनि प्रस्तुत तर्पण-पद्धतिमा कोष्ठभित्र राखिएको स्वसूत्रले अपेक्षा नगरेको छड्के अक्षरमा

राखिएको भाग छोडिदिन उचित हुने कुरामा र काम्य यमतर्पण छोड्न सकिने कुरामा पनि ध्यान आकृष्ट गरिञ्छ। तर्पण गर्दा कुश अथवा मन्त्र (वचन) अथवा तिल अथवा सुन अथवा चाँदि केइ पनि नभैकन पाँनि मत्रै दिंदा त्यो पाँनि राक्षसले हर्ने हुंदा तर्पण गर्दा कुश, मन्त्र (संस्कृत तर्पणवाक्य) इत्यादिमा एकथोक-न-एकथोक अवश्य प्रयोगगर्नपर्छ—

दर्भैर् मन्त्रैस् तिलैर् हेम्ना रजतेन विना जलम्। दत्तं हरन्ति रक्षांसि तस्माद् दद्यान् न केवलम्॥—हेमाद्रि.श्राद्ध., पृ.११७९।

तर्पण गर्दा पितृको क्रम भने आँफ्ना शाखाका सूत्रका अनुसार नै प्रयोग गर्ने गर्नपर्छ—

पिता पितामहश् चाऽथ प्रपितामह एव च। माता पितामही चैव ततस् तु प्रपितामही॥१॥
ततः सपत्नमाता च तर्पणीयेति केचन। नैवम् माध्यन्दिनीयानां तच्छ्रुतेः प्रातिकूल्यतः॥२॥
पित्रादितर्पणादेव तस्यतस्याऽनुगा अपि। मात्रादयस् तर्पिताः स्युर् न स्यात् तत्तर्पणं पृथक्॥३॥
पितृत्रिकात् परं तर्प्यास् त्रयो मातामहादयः। तत आचार्यश् च विद्यागुरुः शिष्यस् ततः परम्॥४॥
ऋत्विक् ततस् तु पत्नी च पुत्रश् चाऽपि यथाक्रमम्। स्वस्य तातस्य च भ्राता श्वशुरो मातुलस् ततः॥५॥
पुत्री स्वस्य पितुर् मातुर् भगिन्यश् च ततः परम्। भागिनेयः सखा चैव मान्याः स्वहितकारिणः॥६॥
आप्ताश् च ब्रह्मयज्ञान्ते तर्प्यास् तीर्थे च तर्पणे। स्वशाखोक्तेर् बलादेवं कार्यं माध्यन्दिनीयकैः॥७॥

(द्र.– **"ततस् तर्पयेत् ..... मातामहानाचार्यगुरुशिष्यर्त्विग्ज्ञातिबान्धवान्"**—कात्यायन-त्रिकण्डिकस्नानसूत्र, कण्डिका ३)।

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका अध्येताहरुका लागि उक्त प्रकारको आँफ्ना शाखाको व्यवस्था भएको हुनाले तिनिहरुले बोपदेवले बनाएको **"तातात्म्बात्रितयम्"** इत्यादि पद्य घोक्न छोडि आँफ्ना शाखाका श्रुति-

सूत्रका व्यवस्थाको सारांश लिइ पुरोहित-यजमानहरुका सुविधाका लागि प्रस्तुत पद्धतिकारले बनाएको तलको पद्य घोक्न उचित छ—

तातादित्रितयं प्रतर्प्य च ततो मातामहादित्रयम् आचार्यं च गुरुं च शिष्यमथ च श्रौतादियज्ञर्त्विजम्।
पत्नीं पुत्रमथाऽऽत्म-तात-सहजान् पत्नीततं मातुलं पुत्रीं चाऽऽत्म-तता-ऽम्बिकाभगिनिकाश् चाऽऽप्तांश् च सन्तर्पयेत्॥

अर्थ– बाउ इत्यादि तिनलाइ (बाउ-बुडाबाउ-खुडाबाउलाइ) तर्पण दिएर तेसपछि मात्रलिपट्टिका जिबाउ इत्यादि तिनलाइ (जिबाउ-बुडाजिबाउ-खुडाजिबाउलाइ), वेदवेदाङ्ग सबै पडाउने गुरुलाइ, अरु वेद-वेदाङ्गभाग पडाउने मन्त्र सुनाउने गुरुलाइ, वेद-वेदाङ्ग पडाएका र मन्त्र सुनाएका शिष्यलाइ, श्रौत-स्मार्त-यज्ञमा ऋत्विक् हुने पुरेतलाइ, पत्नी-लाइ, छोरालाइ, (उपनयन भएकि बियादान नभएकि छोरिलाइ), अनि आँफ्ना दाजुभाइलाइ, बाउका दाजुभाइलाइ, पत्नीका बाउलाइ (ससुरालाइ), मामालाइ, बियादान गरेर दिइसकिएकि छोरिलाइ, आँफ्ना दिदिबैनिलाइ, बाउका दिदिबैनिलाइ, आमाका दिदिबैनिलाइ, आफन्तहरुलाइ (भानिचलाइ, मित्रलाइ र अरु आफन्तलाइ) पनि तर्पण दिनु। [याँहाँ प्रयुक्त ततशब्द वेद-वेदाङ्गमा प्रयुक्त शब्द हो र तातशब्दको पर्याय हो।]

३. श्राद्धमा सङ्कल्प कतिवेला गर्ने र कतिपल्ट गर्ने भन्ने विषयमा विभिन्न मत र प्रयोगहरु देखिएका छन् तापनि स्वसूत्रमा तेस विषयको विशेष सङ्केत नभएकाले याँहाँ हेमाद्रिप्रभृति कतिपय धर्मशास्त्रनिबन्धकारले देखाए झैँ नै (हेमाद्रि, श्राद्धखण्ड, पृ.११५३) मुख्य सङ्कल्प ब्राह्मणनिमन्त्रणभन्दा अगि देखाइएको छ।

(तर्पण गर्दा पिण्ड दिँदा पितृको नाम लिने विषयमा व्यवस्था)

४. पितृको नाम लिने सम्बन्धमा लघुस्मृति-पुराण-वचनहरुमा नाना प्रकार देखिएकामा आँफ्ना शाखाका श्रुति-सूत्रहरुका प्रयोगशैलीको अनुकूल चाइँ पक्ष समातेर आँफ्नो सम्बन्ध-पितृनाम-गोत्र-स्वरूपहरुको क्रमैले उल्लेख गर्ने सिद्धान्त एस पद्धतिमा अँगालिएको छ। एस पक्षका अनुकूल लघुस्मृति-पुराणवचनहरु पनि अनेक पाइएका छन् (द्र.- वैदिक-मन्त्र-सङ्ग्रह, पृ.१४, टि.२)। गोत्रशब्दका स्थानमा सगोत्रशब्दको प्रयोग गर्नु राम्रो भन्ने कुरा पनि कतै पाँइञ्छ। एस विषयमा स्वाद्ध्यायशालाकुटुम्बको दोस्रो स्वधर्मसन्देशका रूपमा प्रस्तुत **"वैदिक-मन्त्र-सङ्ग्रहका सात मन्त्रहरुका विषयमा प्रचारित भ्रमको निराकरण"** भन्ने पुस्तिका(२०५६)मा पर्याप्त विचार प्रस्तुत गरिसकिएको छ (पृ.३५-३६)। निर्णयसिन्धुमै पनि **"सम्बन्धं प्रथमं ब्रूयान् नामगोत्रे तथैव च। वस्वादिरूपतां चाऽपि स्वपितॄणामनुक्रमात्"** (पृ.३०१) इत्यादि सङ्ग्रहकारादिका वचन पनि छँदैछन्। श्राद्ध वैदिक पितृयज्ञ भएकाले श्राद्धकर्ताको र पितृको नाम लिँदा वेदाङ्गज्योतिषअनुसार जन्मनक्षत्रका देवताका आधारमा राखिएका नाम नै श्राद्धमा पनि लिनुपर्ने व्यवस्था हो। स्त्रीको नाम लिँदा देवी जोड्ने परम्परा देखिन्छ तापनि त्यो परशाखामूलक बुजिञ्च। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुले पारस्करगृह्यसूत्रअनुसार शर्मा नै जोड्न पर्ने हो।

(कर्मपात्रनिर्माण)

५. कर्मपात्रनिर्माणमा **"यद् देवा"** इत्यादि मन्त्रहरुको के काममा प्रयोग गर्ने भन्ने विषयमा माथि उल्लिखित चल्तिका श्राद्धपद्धतिका सम्पादकहरु अल्मलिएका देखिञ्छन्, प्रस्तुत पद्धतिमा श्राद्धकाशिकादि ग्रन्थमा उल्लिखित

कात्यायनादिका वचनका आधारमा ति मन्त्रको प्रयोग र हेमाद्रिका श्राद्धकल्पको अनुकूल रूपमा कर्मपात्ररचनाप्रकार
देखाइएको छ। आँफ्ना सूत्रका अनुसार त लोटामा पानि लिए हुन्छ, कर्मपात्र चाइँदैन।

६. स्वधाशब्दको मुख्य अर्थ पितृलाइ खान दिइने अन्न-जलादि भएकाले आसनदानवाक्यमा अर्थका दृष्टिले पनि
स्वधाशब्दको प्रयोग अनुपपन्न (नमिल्दो) भएको र स्वधाशब्दको निषेध गर्ने **“आसनाऽऽवाहनयोरर्घे तथाऽक्षय्येऽवनेजने।**
क्षणे स्वाहा-स्वधावाणीं न कुर्यादब्रवीन् मनुः” भन्ने र **“पितृभ्यो निखिलं दद्यात् स्वधाकारेण धर्मवित्। अक्षय्यमासनं**
चैव वर्जयित्वाऽर्घमेव च” भन्ने स्पष्ट वचन समेत श्राद्धकाशिकामा (पृ.४५०) देखाइएको हुँदाहुँदै पनि चल्तिका उक्त
श्राद्धपद्धतिहरुमा स्वधाशब्दको प्रयोग गरिएको देखिन्छ। प्रस्तुत पद्धतिले स्वसूत्रमा आसनदान विहित भएपनि आसन-
दानवाक्यको सङ्केत नभएकाले आसनदान विनावचन तूष्णीम्भावले (नबोलिकन) नै गर्ने कुरा मानेको छ। एस्तो कुरा
आसनदानवाक्य झिना साना अक्षरमा छापिएकाबाट नै बुज्न सकिन्छ। एस्तै कुरा अन्यत्र पनि बुज्नपर्छ।

७. भूस्वामिपितृलाइ अन्नदान गर्ने कुरा स्वशाखासूत्रमा विहित देखिँदैन। वैदिकशास्त्रमा ब्राह्मणका घरखेतमा
राजा पनि शास्त्रीय रूपमा स्वामि नमानिने तथा वन, पर्वत, नदीका तीर, तीर्थ पनि शास्त्रीय रूपमा स्वामि नभएका नै
मानिने हुँदा (महाभारत, अनुशासनपर्व ६६।३५-३६; कूर्मपुराण २।२२।१७)) त्याँहाँ श्राद्ध गर्दा लघुस्मृति-पुराणादिका
वचनअनुसारै पनि कुनै भूस्वामिपितृलाइ अन्नदान गरिरन पर्दैन भन्ने कुरा प्रस्तुत पद्धतिले अँगालेको छ र सम्बद्ध
भागलाइ झिना साना अक्षरमा प्रस्तुत गरिएको छ। (द्र.– स्मृतिसन्दर्भ, पृ.१५७९)।

८. कात्यायनश्राद्धकल्पसूत्रमा **“हुतशेषन् दत्त्वा पात्रमालभ्य जपति”** (होम गरेर शेष रहेको अन्न ब्राह्मणलाइ
दिएर भोजनपात्र छोएर जप्छ) भन्ने व्यवस्था भएको हुँदा अग्नौकरण (होम) नहुने हुनाले हुतशेष नहुने एकोद्दिष्टश्राद्धमा

[वैदिक धार्मिक कृत्यहरु अमुक (फलाना) अयनमा, अमुक ऋतुमा; अमुक मैनामा, अमुक पक्षमा, अमुक तिथिमा, अमुक नक्षत्रमा, अमुक वेलामा गर्नु भन्ने विविध विधानहरु वेदादिशास्त्रमा छन्। तसर्थ वैदिक अयन, ऋतु, मास, पक्ष, तिथि इत्यादिको ज्ञान आवश्यक हुञ्छ। वैदिक अयन, ऋतु, मास इत्यादि चल्तिका सूर्यसिद्धान्तादिमूलक पात्रामा लेखिएका अयन, ऋतु, मास इत्यादिभन्दा केइ फरक छन्, वैदिक अयनादि मुख्य रूपमा चान्द्र हुन्। वैदिक कर्मका सङ्कल्पादिमा चल्तिको पात्राका भरमा अयन, ऋतु इत्यादिको उल्लेख गर्नु उचित हुँदैन। नामकरण (न्वारान), अन्नप्राशन (पास्नि, भातख्वाइ), उपनयन (व्रतबन्ध), विवाह, और्ध्वदेहिक-कर्म (किरिया), श्राद्ध, श्रौतस्मार्तकर्म इत्यादि वैदिक धर्मकृत्य हुन्। तिनको समयनिर्धारण गर्दा र सङ्कल्प गर्दा लगधमुनिप्रोक्त वेदाङ्गज्योतिष-अनुसार निश्चित गरिएका काललाइ लिनपर्छ। लगधमुनिप्रोक्त **वेदाङ्ग-ज्योतिषको** संस्कृतमा विस्तृत भूमिका तथा **कौण्डिन्न्यायनव्याख्यान** भन्ने व्याख्या र हिन्दिमा सङ्क्षिप्त भूमिका तथा व्याख्या पनि वाराणसीको चौखम्बा विद्याभवनबाट प्रकाशित गराइसकिएको छ (२००५ सन्)। तेसैको मुख्य आधारमा सङ्क्षिप्त वैदिक कालज्ञान याँहाँ प्रस्तुत गरिएको हो। अब संस्कृत श्लोकहरुको अर्थ र स्पष्टीकरण याँहाँ प्रस्तुत गरिञ्छ।]

तिथि, करण, नक्षत्र, विष्कम्भादि योग र वार इ पाँच दिनरूपकालका अङ्ग हुन् भन्ने कुरा माञ्छेहरु माञ्छन् [तेसमा सावनदिनभन्दा अभिन्न तिथिको र नक्षत्रको मात्र उल्लेख वेदमा पाँइञ्छ। करण, योग र वार आथर्वण ज्योतिषमा पाँइञ्छन्। तिनमा योगको उल्लेख स्पष्ट छैन। हरिवंश-चरकसंहिता–सुश्रुतसंहिता–भरतनाट्यशास्त्र–आश्वलायनगृह्यसूत्रपरि-शिष्टहरुमा पनि योगको उल्लेख छैन। वारको उल्लेख महाभारतमा र मनु-स्मृति-याज्ञवल्क्यस्मृतिहरुमा पनि पाइँदैन। वारको धारणा अरबदेशहरु-बाट भारतवर्षमा पसेको मानिञ्छ। मूल वैदिक धर्ममा वारको महत्त्व छैन। तेसैले पञ्चाङ्ग भन्ने कुरा पनि मूल वैदिक परम्पराको हैन। पात्रोलाइ तिथिपत्र भन्नु वैदिकपरम्पराको अनुकूल कुरा हो]॥१॥

सूर्योदयात् प्रभृति यो यावत् सूर्योदयम् परम्।
कालस् तत् सावनदिनं वैदिकैः परिकीर्तितम्॥२॥

एक सूर्योदयदेखि आर्को सूर्योदय नभइञ्जेलको काललाइ वैदिक-हरुबाट सावन-दिन भनिएको छ। [सोमयागको सोमसवनका लागि गनिने एक दिन भएको हुनाले सावन-दिन भनिएको हो। मूल वैदिक परम्परामा

अहोरात्रविभागेषु अहश् चाऽऽद्यं प्रकीर्तितम्।
अहान्यस्तमयाऽन्तानि उदयाऽन्ता च शर्वरी ॥३॥
प्रातःकालः सङ्गवश् च मध्याह्नश् चाऽपराह्णकः।
सायाह्नश् चेति भागाः स्युस् तुल्यमाना दिनस्य च ॥४॥
पूर्वाह्णश् चाऽथ मध्याह्नोऽपराह्ण इति वा त्रयः।
समानमाना भागाः स्युर् दिने ह्यन्वर्थनामकाः ॥५॥

१ सावनदिन भन्नु र १ तिथि भन्नु सामान्यतया एउटै कुरा हुन्छ] ॥२॥

रात-दिनको विभागमा दिन पैलो बताइएको छ (रात दोस्रो बताइएको छ)। सूर्य अस्ताउँदा दिन समाप्त हुन्छ, सूर्य उदाउँदा रात समाप्त हुन्छ (द्र.- महाभारत, आश्वमेधिकपर्व ४४।१८) [नारिका रुम देखिने गरि उज्यालो भएपछि दिनको प्रारम्भ मानिन्छ, रातको १२ बजे मिति (डेट) फेरिने र वार फेरिने कुरा पनि वैदिक धार्मिक कृत्यमा मान्य हुँदैन] ॥३॥

प्रातःकाल, सङ्गव, मध्याह्न, अपराह्ण, सायाह्न इ पाँचोडा दिनका सूर्योदयदेखि सूर्यास्तसम्मको कालका बराबर रूपमा लगाइएका पाँच भाग हुन् [दिनका इ पाँच भाग वेददेखि नै प्रसिद्ध छन्] ॥४॥

पूर्वाह्ण, मध्याह्न र अपराह्ण इ तिनोडा दिनका बराबर रूपमा लगाइएका सार्थक नाम भएका भाग हुन् ॥५॥

त्रिंशन्मुहूर्तोऽहोरात्रः पक्षस् ते दश पञ्च च।
पक्षौ पूर्वाऽपरौ शुक्लकृष्णौ मासस् तु तावुभौ ॥६॥
चन्द्रस्याऽदर्शनाच् चैव यावदन्यददर्शनम्।
मासश् चन्द्रमितस् तस्य पक्षौ द्वौ शुक्लकृष्णकौ ॥७॥
शुक्ले पक्षे तथा कृष्णे पक्षयोरुभयोरपि।
दिनानि प्रथमाऽऽद्यानि तिथयस् ताः प्रकीर्तिताः ॥८॥

तिस मुहूर्तहरुको एक अहोरात्र हुन्छ, अर्थात् एक रात-दिनमा (एक सूर्योदयदेखि आर्को सूर्योदयसम्ममा) तिस मुहूर्त हुन्छन्। [मुहूर्तरूप काल वेदैदेखि प्रसिद्ध छ]। १५ अहोरात्रको एक पक्ष हुन्छ। [यो प्रायिक कुरा हो, वर्षदिनका २४ पक्षमध्ये प्रायः ६ पक्षचाइँ १४ अहोरात्रका हुन्छन्।] पूर्वपक्ष शुक्लपक्ष हो, अपरपक्ष कृष्णपक्ष हो। ति दुवै पक्षको एक (चान्द्र) मैना हुन्छ [वेददेखि अमरकोशसम्म देखिने एस कुराले वैदिक परम्परामा मैना मुख्य रूपमा चान्द्र नै लिइने कुरा प्रष्ट हुन्छ] ॥६॥

चन्द्रमाको एक अदर्शनदेखि (एक अम्सि गएदेखि) आर्को अदर्शन-सम्म (आर्को अम्सिसम्म) एउटा चान्द्रमास भनिन्छ। तेसका शुक्लपक्ष र कृष्णपक्ष हुन्छन्। शुक्लपक्षमा र कृष्णपक्षमा दुवै पक्षमा प्रथम-द्वितीय-तृतीयादि जो दिन हुन्छन् ति तिथि भनिएका छन्। [वैदिक परम्परामा शुक्लपक्षमा सँधै १५ दिन नै हुन्छन्, कृष्णपक्षमा कैलेकैले चतुर्दशी टुटेर

प्रतिपच् च द्वितीया च तृतीया च चतुर्थ्यपि।
पञ्चमी चैव षष्ठी च सप्तमी चाऽष्टमी ततः ॥९॥

नवमी दशमी चैकादशी च द्वादशी तथा।
त्रयोदशी चाऽथ चतुर्दश्यथो पौर्णमास्यमे ॥१०॥

उभयोः पक्षयोरन्तौ पञ्चदश्यौ प्रकीर्तिते।
उक्तं तत् पर्व प्रतिपत्पञ्चदश्योर् यदन्तरम् ॥११॥

---

१४ दिन मात्रै हुञ्छन्। शुक्लपक्षका प्रतिपदादि तिथिलाइ र कृष्णपक्षका प्रतिपदादि तिथिलाइ पनि पात्रामा १,२,३ इत्यादि रूपमा लेख्ने चलन छ। पूर्णिमालाइ १५ भनेर जनाउने चलन छ भने अम्सिलाइ ३० भनेर जनाउने चलन छ। चल्तिका पात्रामा तिथिका घडिपला पनि लेखिएका हुञ्छन्। वैदिक धर्ममा भने तिथि एक सूर्योदयदेखि आर्को सूर्योदयसम्म अखण्ड रूपमा नै मानिञ्छन्, घडिपलाको विचार हुँदैन] ॥७–८॥

तिथिहरुमा प्रतिपदा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी, अष्टमी, नवमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, चतुर्दशी, पूर्णिमा इ शुक्लपक्षका तिथि हुन्, प्रतिपदा, द्वितीया, तृतीया, चतुर्थी .... अमावास्या इ कृष्णपक्षका तिथि हुन् ॥९–१०॥

दुवै पक्षका अन्तिम तिथि पञ्चदशी पनि भनिएका छन्, पञ्चदशीको र प्रतिपदाको अन्तराललाइ (जोर्निलाइ) पर्व भनिएको छ ॥११॥

नामानुसारं च शुभाऽशुभाः प्रतिपदादयः।
नन्दा भद्रा जया रिक्ता पूर्णा च तिथयः क्रमात् ॥१२॥

करणानि कौस्तुभं च बवं बालव-कौलवे।
तैतिलं च गराजिर् वा-णिजं विष्टिर् बवादिकम् ॥१३॥

क्रमाच् शुक्लप्रतिपदस् तिथ्यर्धेषु भवन्ति हि।
कृष्णाऽन्ते शकुनिश् चतुष्-पदं च नागमेव च ॥१४॥

नामअन्सार शुभ र अशुभ हुने प्रतिपदादि तिथि क्रमैले नन्दा, भद्रा, जया, रिक्ता र पूर्णा भनिञ्छन् (नन्दा=१,६,११; भद्रा=२,७,१२; जया=३,८, १३; रिक्ता=४,९,१४; पूर्णा=५,१०,१५/३०) ॥१२॥

तिथिको आदालाइ करण भञ्छन्। करण शुक्लपक्षका प्रतिपदादेखि क्रमैले तिथिको आदा-आदामा कौस्तुभ (किंस्तुघ्न), बव, बालव, कौलव, तैतिल, गराजि (गर), वाणिज (वणिक्), विष्टि, बव, बालव ... इत्यादि रूपले आउँछन्, कृष्णपक्षका अन्त्यमा तिन तिथ्यर्धहरुमा क्रमैले शकुनि, चतुष्पद र नाग करण हुञ्छन्। [इ करणको आथर्वणज्योतिषमा उल्लेख छ। हरिवंशमा, चरकसंहितामा, सुश्रुतसंहितामा र भरतनाट्यशास्त्रमा तथा आश्वलायनगृह्यसूत्रपरिशिष्टमा पनि करणको उल्लेख छ। करण तिथिकै आदाभाग भएकाले तिथिबाटै गतार्थ हुने हुँदा धर्मकृत्यका सङ्कल्पमा इनको उल्लेख नगरे पनि हुने देखिञ्छ। तथापि हेमाद्रिले महासङ्कल्पमा करणको

नक्षत्राणि कृत्तिकाश् च रोहिणी मृगशीर्षकम्।
आर्द्रा पुनर्वसू पुष्यस् ततोऽश्लेषा मघास् तथा ॥१५॥
पूर्वफल्गुन्यौ च फल्गुन्यौ तथैवोत्तरे अपि।
हस्तश् चित्रा च स्वातिश् च विशाखे चाऽनुराधिका: ॥१६॥

ज्येष्ठा मूलञ् च पूर्वाश् चाऽषाढास् ता उत्तरा अपि।
श्रवणश् च श्रविष्ठाश् च ततश् शतभिषक् परः ॥१७॥
पूर्वभद्रपदे चैवोत्तरभद्रपदे अपि।
रेवत्यश्वयुजौ चाऽपभरण्यश् चाऽप्यनुक्रमात् ॥१८॥

उल्लेख हुने कुरा देखाएकाले याँहाँ पनि इनको उल्लेख गरिएको हो। करणको सजिलोसित ज्ञान गर्न करणचक्र तल दिइएको छ] ॥१३–१४॥

नक्षत्रहरु (१) कृत्तिका, (२) रोहिणी, (३) मृगशीर्ष, (४) आर्द्रा, (५) पुनर्वसु, (६) पुष्य (तिष्य), (७) अश्लेषा, (८) मघा, (९) पूर्वफल्गुनी, (१०) उत्तरफ़ल्गुनी, (११) हस्त, (१२) चित्रा, (१३) स्वाति, (१४) विशाखा, (१५) अनुराधा, (१६) ज्येष्ठा, (१७) मूल, (१८) पूर्वाषाढा, (१९) उत्तराषाढा, (२०) श्रवण, (२१) धनिष्ठा, (२२) शतभिषक्, (२३) पूर्वभद्रपद, (२४) उत्तरभद्रपद, (२५) रेवती, (२६) अश्वयुक्, (२७) अपभरणी (भरणी) हुन्।

[ऐले लोकमा अश्विनी, भरणी, कृत्तिका इत्यादि गणना चलेको भए पनि वेदमा, वेदाङ्गज्योतिषमा, याज्ञवल्क्यस्मृतिमा र कतिपय पुराणहरुमा समेत कृत्तिकादि नक्षत्रगणना देखिएकाले याँहाँ कृत्तिकादि गणना दिइएको हो। सङ्कल्पमा नक्षत्रको वचन र विभक्ति मिलाउँदा 'कृत्तिकासु नक्षत्रे', 'रोहिण्यां नक्षत्रे' इत्यादि भन्नपर्छ। तसर्थ कृत्तिकासु, रोहिण्याम्, मृगशीर्षे, आर्द्रायाम्, पुनर्वस्वोः, पुष्ये (तिष्ये), अश्लेषासु, मघासु, पूर्वफल्गुन्योः, उत्तरफल्गुन्योः, हस्ते, चित्रायाम्, स्वातौ (स्वात्याम्), विशाखयोः, अनुराधासु, ज्येष्ठायाम्, मूले (मूलबर्हण्याम्), पूर्वाषाढासु, उत्तराषाढासु, श्रवणे, श्रविष्ठासु (धनिष्ठासु), शतभिषजि, पूर्वभद्रपदयोः, उत्तरभद्रपदयोः, रेवत्याम्, अश्वयुजोः, अपभरणीषु (भरणीषु) एस्ता रूपको प्रयोग गर्नपर्छ। वैदिक मूल परम्परा राम्ररि नबुजेका हरिनाथ प्याकुन्याल इत्यादि अरु पण्डितले देखाएका रूप उचित हैनन्] ॥१५–१८॥

यत्राऽहोरात्रके यस्य नक्षत्रस्य तु सन्निधौ।
भवेच् चन्द्रस् तस्य तद् धि नक्षत्रमिति कथ्यते ॥१९॥

जुन अहोरात्रमा जुन नक्षत्रका समीपमा चन्द्रमा रहञ्छन् त्यो नक्षत्रलाइ तेस अहोरात्रको नक्षत्र भनिञ्छ [कृत्तिका (गुजमुजे) रोहिणी, मृगशीर्ष (तिनतारे नेरको), हस्त, चित्रा, स्वाति, अनुराधा, ज्येष्ठा (रातो तारो) इत्यादि कतिपय नक्षत्र आकाशमा स्पष्ट रूपमा देखिञ्छन्] ॥१९॥

चन्द्रचारेषु चन्द्रस्य कृत्तिकास्वम्बया सह।
यदा योगो भचक्रस्य तदाऽऽरम्भो हि वैदिकः ॥२०॥

ततस्तद्भानामन्यदीयमते प्रारम्भतः परम्।
पञ्चमांशत्रये प्रायोऽतीते ह्यादिस् तु वैदिकः ॥२१॥

"अग्निः प्रजापतिः सोमो रुद्रोऽदितिर् बृहस्पतिः।
सर्पाश् च पितरश् चैव भगश् चैवाऽर्यमाऽपि च ॥२२॥

सविता त्वष्टाऽथ वायुश् चेन्द्राग्नी मित्र एव च।
इन्द्रो निर्ऋतिरापो वै विश्वेदेवास् तथैव च ॥२३॥

चन्द्रमाका भ्रमणमा चन्द्रमाको कृत्तिकाका ताराहरुमध्ये पैलो अम्बानामको तारासित जुन समयमा योग हुञ्छ तेइ समयमा वैदिकहरुका मतमा नक्षत्रचक्रको प्रारम्भ हुञ्छ॥२०॥

अरुका मतमा चल्तिका पात्रामा तिति नक्षत्रको प्रारम्भ जैले हुञ्छ तेसपछि तेस नक्षत्रको भोगकालका पाँच भागको लगभग तिन भाग बिते-पछि वैदिकहरुका मतमा तेस नक्षत्रको प्रारम्भ मानिञ्छ॥२१॥

कृत्तिकादि नक्षत्रका देवता क्रमैले (१) अग्नि, (२) प्रजापति, (३) सोम, (४) रुद्र, (५) अदिति, (६) बृहस्पति, (७) सर्प, (८) पितृ,

विष्णुर् वसवो वरुणोऽजएकपात् तथैव च।
अहिर्बुध्न्यस् तथा पूषा अश्विनौ यम एव च ॥२४॥

नक्षत्रदेवता एता एताभिर् यज्ञकर्मणि।
यजमानस्य शास्त्रज्ञैर् नाम नक्षत्रजं स्मृतम् ॥२५॥"

(९) भग, (१०) अर्यमा, (११) सविता, (१२) त्वष्टा, (१३) वायु, (१४) इन्द्राग्नि, (१५) मित्र, (१६) इन्द्र, (१७) निर्ऋति, (१८) अप्, (१९) विश्वेदेवाः, (२०) विष्णु, (२१) वसु, (२२) वरुण, (२३) अज एकपात्, (२४) अहिर्बुध्न्य, (२५) पूषा, (२६) अश्विनीकुमार र (२७) यम इ हुन्, यज्ञकर्मका लागि यजमानको नक्षत्रनाम इनै देवताबाट राख्न पर्छ भनि शास्त्र जान्नेहरुले भनेका छन्। [वैदिक परम्परामा नक्षत्र-अनुसारको नाम 'चुचेचोला अश्विनी' इत्यादिअनुसार राखिँदैन, नक्षत्रका देवताअनुसार राखिञ्छ; जस्तै कृत्तिका नक्षत्रमा जन्मेका जातकको नाम 'अ-इ-उ-ए कृत्तिका' भन्ने भनाइअनुसार नराखेर कृत्तिकाका देवता अग्नि भएकाले अग्निगुप्त, अग्निजुष्ट, अग्नित्रात, अग्निदत्त, अग्निदिष्ट, अग्निपात, अग्निरात, अग्निलात, अग्निदयिता, अग्निपालिता, अग्निरक्षिता इत्यादि रूपमा राखिञ्छ। श्रौतस्मार्तयज्ञकर्मका लागि नक्षत्रनाम उक्त प्रकारले राखेपछि फलितज्योतिषमा विशेष आग्रह हुनेहरुले चुचेचोला इत्यादिअनुसार राशिको नाम पनि राख्तै गरे पनि हुञ्छ।] ॥२२-२५॥

सूर्यचन्द्रस्थितिवशाद् योगा विष्कम्भकादयः।
भवन्ति तेषां नाम्नैव विज्ञेयञ् च शुभाऽशुभम्॥२६॥

१ २ ३ ४ ५
विष्कम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस् तथा।
६ ७ ८ ९ १०
अतिगण्डः सुकर्मा च धृतिः शूलश् च गण्डकः॥२७॥
११ १२ १३ १४ १५
वृद्धिर् ध्रुवश् च व्याघातो हर्षणो वज्र एव च।
१६ १७ १८ १९ २०
सिद्धिस् तथा व्यतीपातो वरीयान् परिघश् शिवः॥२८॥

सूर्यका र चन्द्रमाका स्थितिअनुसार विष्कम्भादि योग हुन्छन्, तिनको शुभत्व र अशुभत्व नामैअनुसार जान्नपर्छ। मानिसहरुबाट विष्कम्भ, प्रीति, आयुष्मान्, सौभाग्य, शोभन, अतिगण्ड, सुकर्मा, धृति, शूल, गण्ड, वृद्धि, ध्रुव, व्याघात, हर्षण, वज्र, सिद्धि, व्यतीपात, वरीयान्, परिघ, शिव, सिद्धि, साध्य, शुभ, शुक्ल, ब्रह्मा, ऐन्द्र र वैधृति इ २७ योग-हरु सङ्कल्पमा भन्न पर्ने मानिएका छन्। [इ योगहरुको मूल वैदिक परम्परामा विशेष उल्लेख देखिँदैन। शाकद्वीप(इरान-अफगानिस्तान)बाट आएका मगब्राह्मण आर्यभटका अनुयायि लल्लका रत्नकोष भन्ने ग्रन्थका आधारमा बनाइएको भनिएको श्रीपतिको रत्नमाला भन्ने वैक्रमाब्दका एगारौँ बारौँ शतकतिरको मुहूर्तग्रन्थमा विष्कम्भादि योगको उल्लेख भएको

२१ २२ २३ २४ २५ २६ २७
सिद्धिस् साध्यश् शुभश् शुक्लो ब्रह्मा ऐन्द्रश् च वैधृतिः।
इति योगास् तु सङ्कल्पे कीर्तनीया जनैस् स्मृताः॥२९॥

आदित्यश् चाऽथ सोमश् च मङ्गलश् च बुधोऽपि च।
बृहस्पतिश् शुक्र-शनी स्युः क्रमाद् वासराधिपाः॥३०॥

तपस्-तपस्यौ च मधु-माधवौ शुक्रकः शुचिः।
नभो-नभस्यौ चेषोर्जौ सहाश् चैव सहस्यकः॥३१॥

कुरा इतिहासलेखकहरुले लेखेका छन्। तसर्थ वैदिककर्मका सङ्कल्पमा विष्कम्भादियोगको उल्लेख अत्यावश्यक देखिँदैन]॥२६–२९॥

आइतवार, सउँवार, मङ्लवार, बुदवार, बीवार, सुकवार, सन्सरवार इ सात वारहरु हुन्। [इ लोकव्यवहारमा ऐले अत्यन्त प्रसिद्ध छन्, तर वैदिक परम्पराका मूल ग्रन्थमा इ वारको उल्लेख छैन। तसर्थ इनको पनि वैदिक धार्मिक कृत्यका सङ्कल्पमा उल्लेख अत्यावश्यक देखिँदैन]॥३०॥

तपः (तपाः), तपस्य, मधु, माधव, शुक्र, शुचि, नभः (नभाः), नभस्य, इष, ऊर्ज, सहः (सहाः), सहस्य [इ वैदिकहरुका वेदमन्त्रसंहिताहरुमा पनि उल्लिखित भएका मैनाहरुका मुख्य नाम हुन्। इनको उल्लेख पुराण-अमर-कोषसम्ममा पनि पाँइन्छ। इनलाइ माघ, फागुन, चइत्, बैसाक इत्यादि पनि भन्ने गरिएको देखिन्छ। तथापि लगधमुनिले बनाएको वेदाङ्गज्योतिषको

सूर्यगत्यनुगौ चान्द्रौ वैदिकद्विजसम्मतौ।
द्वौद्वौ तपःप्रभृतिकौ मासावृतुरिहोदितः ॥३२॥

परिनिष्ठित परिभाषाअनुसार जुन कालको अवधि तपोमास भनिन्छ, तेइ कालको अवधि माघ भनिन्छ भन्ने बुज्नपर्छ। ऐलेका चल्तिका अवैदिक पात्राले माघ भनेको मैनालाइ नै वैदिकहरुको तपोमास भन्ने ठान्न हुँदैन। लगधमुनिका व्याख्याअनुसार सूर्यको उत्तरायणारम्भको दिन (अर्थात् पात्रामा लेखिएका सबैभन्दा थोरै दिनमान भएका दिनहरुका माझ्राको दिन) जुन शुक्लप्रतिपदादेखि अमावास्यासम्मको चान्द्रमासका प्रारम्भका २४ दिनभित्र पर्छ त्यो चान्द्रमास वैदिक तपोमास वा माघमास हुञ्छ। पच्चिसौँ-छब्बिसौँ इत्यादि दिनमा त्यो दिन परे तेस्तो चान्द्रमास वैदिक अधिकमास (मलमास) हुञ्छ र तेस अधिकमासपछि आउने शुक्लप्रतिपदामा लाग्ने चान्द्रमास वैदिक तपोमास वा वैदिक माघमास हुञ्छ]॥३१॥

वैदिक ब्राह्मणका सम्मत तपोमास तपस्यमास इत्यादि सूर्यको गतिविशेषका अनुगामि दुइ-दुइ चान्द्रमासहरु एस वैदिकधर्मकृत्यमा एक ऋतु भनिएका छन्। [दुइ चान्द्रमासको एक ऋतु हुने कुरा वेदमन्त्रसंहितादेखि अमरकोशसम्म पनि देखिने वैदिक परम्पराबाट बुजिने हुनाले अवैदिक सूर्यसिद्धान्तका वा तेरौँ शताब्दीमा रचिएका सिद्धान्तशिरोमणिका वा कुनै प्रक्षिप्त पुराणवचनका लहैलहैमा लागेर वैदिकहरुले ऋतुहरुलाइ दुइ सौरमासले बन्ने मानेर धर्मकृत्य गर्न र सङ्कल्पमा उल्लेख गर्न पनि हुँदैन]॥३२॥

शिशिरश् च वसन्तश् च ग्रीष्मो वर्षास् तथा शरत्।
हेमन्तश् चेति ऋतवः क्रमान् मासद्वयात्मकाः ॥३३॥
उत्तरायणमत्रोक्तमृतुभिश् शिशिरादिभिः।
त्रिभिर् वर्षादिभिः प्रोक्तमृतुभिर् दक्षिणायनम् ॥३४॥

शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरत्, हेमन्त इ दुइ-दुइ चान्द्र मैनाका ऋतुहरु क्रमैले आउँछन्। [कालगणनाको आधारभूत वैदिक आर्तव (ऋतु-सम्बद्ध) वर्षको प्रारम्भ उक्त प्रकारको तपश्शुक्लप्रतिपदामा (वैदिक माघशुक्लप्रतिपदामा) शिशिर ऋतुका आदिमा हुञ्छ]॥३३॥

एस वैदिक धर्मकृत्यमा शिशिरादि तिन चान्द्र ऋतुहरुले (शिशिर-वसन्त-ग्रीष्महरुले) उत्तरायण वा उदगयन भनिएको छ, वर्षादि तिन चान्द्र ऋतुहरुले (वर्षा-शरत्-हेमन्तहरुले) दक्षिणायन भनिएको छ [एसरि वैदिक धर्मकृत्यमा अयन पनि सौरचान्द्र नै हुञ्छ, जुन चान्द्र मैनामा सूर्यको उदगयन लाग्छ तेसै चान्द्र मैनाका प्रारम्भका शुक्लप्रतिपदामा उदगयन पनि लाग्ने र जुन चान्द्र मैनामा सूर्यको दक्षिणायन लाग्छ तेसै चान्द्र मैनाका प्रारम्भका शुक्लप्रतिपदामा दक्षिणायन पनि लाग्ने मानिञ्छ। यो कुरा गए रात आधारातपछि वा आउँदो रात आधारात एता सूर्य-सङ्क्रमण हुने भए पनि सूर्योदयदेखि नै सौर मेषमास-वृषमासादि मासको १ गते गनिएजस्तै हो]॥३४॥

आर्यावर्ते तु मध्याह्नेऽहस्सु दीर्घतमा यदा।
शङ्कोश् छाया ततस् सूर्यः प्राप्नुयादुत्तरायणम् ॥३५॥
आर्यावर्ते हि मध्याह्नेऽहस्सु ह्रस्वतमा यदा।
शङ्कोश् छाया ततः सूर्यः प्राप्नुयाद् दक्षिणायनम् ॥३६॥
आर्यावर्ते ह्रस्वतमाद् दिनात् सौरोत्तरायणम्।
दिनाद् दीर्घतमात् सौरं दक्षिणायनमिष्यते ॥३७॥
सूर्यस्योदङ्मुखीभावात् षट्-सप्तादिदिनोत्तरा।
याऽमावास्या तत्र पूर्णे मासे वर्षं प्रवर्तते ॥३८॥

तस्य मासस्य या शुक्लप्रतिपत् तत एव च।
इज्यार्थं वर्षमयनमृतुर् मासश् च गण्यते ॥३९॥
तत्राऽयनं चोत्तरं स्यादृतुश् च शिशिरो भवेत्।
मन्त्रोक्तश् च तपा मासो माघो ब्राह्मणकीर्तितः ॥४०॥
तपोमासो वेदमन्त्रे श्रुतो लगधभाषितः।
यस् तत्राऽनादिसङ्केतस् तपश्शब्दस्य चोचितः ॥४१॥
तपोमासाऽभिन्न एव माघो वैदिकसम्मतः।
न त्वन्यो राशिमादायाऽर्वाचीनैः परिभाषितः ॥४२॥

आर्यावर्तमा दिनहरुमा मध्याह्नमा शङ्कुको (समतल भूमिमा सिदा गाडेको किलाको) छाया सबभन्दा लामो जैले हुञ्छ तैलेदेखि सूर्य उदगयनमा (उत्तरायणमा) लाग्छन्॥३५॥

आर्यावर्तमा दिनहरुमा मध्याह्नमा शङ्कुको छाया सबभन्दा छोटो जैले हुञ्छ तैलेदेखि सूर्य दक्षिणायनमा लाग्छन्॥३६॥

आर्यावर्तमा सबैभन्दा छोटो दिनबाट सूर्यको उत्तरायण र सबैभन्दा लामो दिनबाट सूर्यको दक्षिणायन मानिञ्छ॥३७॥

सूर्य उत्तरतिर फर्कने दिनबाट घटिमा छसातदिन परको जो अम्सि हुञ्च तेस अम्सिमा पूर्ण हुने चान्द्र मैनामा वैदिक सौरचान्द्र नववर्ष लाग्छ॥३८॥

तेस चान्द्र मैनाको जुन शुक्लपक्षको प्रतिपदा हुञ्छ तेसै दिनबाट वैदिक धार्मिक कृत्यका लागि (नएँ) वर्ष, (नएँ) अयन, (नएँ) ऋतु र (नएँ) मैना पनि गनिञ्छन्॥३९॥

त्याँहाँ अयन उत्तरायण हुञ्च, ऋतु शिशिर हुञ्च, मैना वेदमन्त्रमा भनिएको तपोमास हुञ्छ, एइ तपोमास ब्राह्मणग्रन्थमा माघ भनिएको छ॥४०॥

वेदमन्त्रमा सुनिएको र लगधबाट परिभाषित गरिएको जो तपोमासरूप काल छ तेसैमा तपःशब्दको अनादि सङ्केत मान्नु उचित छ॥४१॥

उक्त प्रकारको जुन तपोमास हुञ्छ तेससित कत्ति पनि भेद नहुने माघमास नै वैदिकहरुको सम्मत हुञ्छ, वेदमा, वेदाङ्गमा, मनुस्मृति-

एवं माघस् तपोऽभिन्नो यदा भवति निश्चितः।
तदा तपस्याद्यभिन्नाः फाल्गुनाद्याश् च निश्चिताः ॥४३॥

मासास् ते ऋतुबद्धा हि वेदमन्त्रेषु कीर्तिताः।
पाणिन्युक्तनिरुक्तिस् तु रूपसिद्धिप्रयोजना ॥४४॥

तस्मान् नक्षत्रबद्धत्वं मासानां वैदिकैरिह।
नैवाऽऽस्थेयं यतो वर्षं चाऽऽतर्वं वैदिकोचितम् ॥४५॥

याज्ञवल्क्यस्मृति-महाभारतहरुमा पनि नभएका मेष, वृष इत्यादि राशिलाइ लिएर अर्वाचीन जनले परिभाषित गरेका चलनचल्तिका अवैदिक पात्राका माघादि मास वैदिकहरुका सम्मत हुँदैनन्॥४२॥

एसरि जब माघमास लगधमुनिद्वारा परिभाषित तपोमासभन्दा भिन्न नहुने कुरा निश्चित हुञ्छ, अनि फाल्गुनादि मास पनि वेदमन्त्रोक्त तपस्यादि मासभन्दा भिन्न नहुने कुरा पनि निश्चित हुञ्छ॥४३॥

वेदमन्त्रहरुमा उल्लिखित तपस्-तपस्यादि ति मासहरु **ऋतुबद्ध** नै हुन्। पाणिनिले गरेको **'साऽस्मिन् पौर्णमासीति'** (अष्टाध्यायी ४।२।२१) भन्ने निर्वचन त शब्दरूपसिद्धिरूप प्रयोजनका लागि हो॥४४॥

तेस कारणले वैदिक धार्मिक कृत्यमा तपस्-तपस्यादिमासहरुको नक्षत्रबद्धत्व वैदिकहरुले मान्न हुँदैन, किन भने वैदिकहरुका लागि उचित सौरचान्द्र वर्ष पनि आर्तव छ नक्षत्रबद्ध छैन॥४५॥

सौरेऽयने सप्त दर्शाः सपञ्चषदिनेऽपि च।
यदा दर्शे सप्तमे तु पूर्णो मासस् तदाऽधिकः ॥४६॥

कृष्णपक्षे तु नवमीमप्यतिक्रम्य भास्करः।
यत्राऽयनान्तरं गच्छेद् मासोऽमान्तो हि सोऽधिकः ॥४७॥

वैदिकानां तु वर्षादि सौरचान्द्रं प्रकीर्तितम्।
अयनं विषुवं सूर्यान् मासं चन्द्रात् प्रतर्कयेत् ॥४८॥

पछाडिपट्टि पाँचछ दिन बडि भएका समेत एक सौर अयनमा जब ७ ओटा अम्सि पर्छन् तेस वेला सातौँ अम्सिमा पूर्ण हुने चान्द्रमास (द्वितीय शुचिमास [वैदिक द्वितीय आषाढ] वा द्वितीय सहस्यमास [वैदिक द्वितीय पौष]) वैदिक अधिकमास (मलमास) हुञ्छ॥४६॥

कृष्णपक्षमा नवमी पनि नागेर दशमी-एकादशीहरुमा सूर्य आर्को अयनमा जाञ्छन् भने त्यो अमान्त चान्द्रमास अधिकमास (मलमास) हुञ्छ। (वैदिक अधिकमास उत्तरायणका वा दक्षिणायनका अन्तमा मात्र पर्छ, अन्त पर्दैन)॥४७॥

वैदिकहरुका वर्ष, अयन, ऋतु इत्यादि सौरचान्द्र (अधिकमास-व्यवस्थाद्वारा सूर्यबाट नियन्त्रित र मुख्य रूपमा चान्द्र) मानिएका छन्। सौर अयन र विषुव सूर्यबाट र मैना चन्द्रबाट विचार गर्नु॥४८॥

द्वाभ्यां हि अयनाभ्यां स्याद् वर्षं सवँवत्सरादिकम्।
सवँवत्सरस् तु प्रथमो द्वितीयः परिवत्सरः ॥४९॥
ततश् चेदावत्सरश् च तुर्य इद्वत्सरः श्रुतः।
वत्सरः पञ्चमोऽब्दः स्यात् पञ्चाब्दस्य युगस्य च ॥५०॥
तेषां विपरिवर्तैश् च युगद्वादशकं स्मृतम्।
वैष्णवाद्याह्वयं चान्द्रवत्सरं वैदिकानुगम् ॥५१॥

वैष्णवम्[1] प्रथमन् तत्र बार्हस्पत्यन्[2] ततः परम्।
ऐन्द्रम्[3]आग्नेयञ्[4] च त्वाष्ट्रम्[5]आहिर्बुध्न्यञ्[6]च पित्र्यकम्[7] ॥५२॥

दुइ अयनहरुबाट संवत्सरादि १ वर्ष हुन्छ। वैदिक पाँच वर्षको युगको संवत्सर पैलो वर्ष, परिवत्सर दोस्रो वर्ष, तेसपछि (तेस्रो) इदावत्सर, चौथो इद्वत्सर भनेर वेदमन्त्रमा सुनिएको छ, पाँचौं वर्ष वत्सर भनेर सुनिएको छ [इ नाममा शाखाभेदले केइ भेद पनि छ] ॥४९–५०॥

ति पाँच वर्षहरुका घुमाइले वैदिकहरुका सिद्धान्तअनुसारका चान्द्रवर्षहरुले बन्ने वैष्णव-बार्हस्पत्यादि नाम भएका १२ युगहरुको समुदाय (युगसङ्घ) मानिएको छ॥५१॥

पैलो वैष्णव तेसपछि बार्हस्पत्य, ऐन्द्र, आग्नेय, त्वाष्ट्र, आहिर्बुध्न्य,

वैश्वदेवञ्[8] च सौम्यञ्[9] च ऐन्द्राग्नञ्[10] चाऽश्विनन्[11] तथा।
भाग्यञ्[12] चेति द्वादशैव युगानि कथितानि हि ॥५३॥
"स्वराक्रमेते सोमाऽर्कौ यदा साकं सवासवौ।
स्यात् तदाऽऽदियुगम् माघस् तपश्शुक्लोऽयनं ह्युदक् ॥५४॥"
चान्द्रा हि प्रभवाद्यास् तु तपश्शुक्लादिका मताः।
एते ह्यन्यैः क्वचिच् चैत्र-शुक्लाद्याः परिकीर्तिताः ॥५५॥

पित्र्य, वैश्वदेव, सौम्य, ऐन्द्राग्न, आश्विन र तेस्तै भाग्य समेत बार युगहरु बताइएका छन्॥५२–५३॥

जुन वेला धनिष्ठा नक्षत्रले सहित चन्द्रमा र सूर्य साथसाथ आकाशमा माथि आउँछन् (उदाउँछन्) त्यो वेला आदियुग (वेदाङ्गज्योतिषको युगगणनापद्धतिको पैलो युग) लाग्छ, माघ लाग्छ, तपश्शुक्ल (माघशुक्लपक्ष) पनि लाग्छ र उदगयन पनि लाग्छ। [यो श्लोक लगधमुनिप्रोक्त वेदाङ्गज्योतिषको हो (श्लो.६)। एसबाट नक्षत्र कालक्रमले फरक परे पनि सूर्यको उदगयनारम्भले वैदिक नववर्षारम्भको तपोमासको (माघ मैनाको) र शिशिरऋतुको निरूपणलाइ निर्देश गर्ने कुरा राम्ररि नै जनाएको छ]॥५४॥

वैष्णवादि पाँचवर्षे युगमा पर्ने चान्द्र प्रभव-विभवादि वर्ष तपश्शुक्लप्रतिपदामा (वैदिकमाघशुक्लप्रतिपदामा) प्रारम्भ हुने हुन्छन्। कसैले इ

संवत्सरादयश् चान्द्रा वेदोक्ता निश्चिता हि ते।
चान्द्र्या षष्ट्या हि युज्यन्ते न बार्हस्पत्यया क्वचित्॥५६॥

वैष्णवादियुगेष्वब्दा षष्टिः स्युः प्रभवादयः।
चान्द्रा हि वत्सरास् ते हि गार्ग्यादिमुनिकीर्तिताः॥५७॥

१ २ ३ ४ ५
"प्रभवो विभवः शुक्लः प्रमोदोऽथ प्रजापतिः।
६ ७ ८ ९ १०
अङ्गिराः श्रीमुखो भावो युवा धाता तथैव च॥५८॥

११ १२ १३ १४ १५
ईश्वरो बहुधान्यश् च प्रमाथी विक्रमो वृषः।
१६ १७ १८ १९ २०
चित्रभानुः सुभानुश् च तारणः पार्थिवोऽव्ययः॥५९॥

२१ २२ २३ २४ २५
सर्वजित् सर्वधारी च विरोधी विकृतिः खरः।
२६ २७ २८ २९ ३०
नन्दनो विजयश् चैव जयो मन्मथ-दुर्मुखौ॥६०॥

३१ ३२ ३३ ३४ ३५
हेमलम्बो विलम्बोऽथ च विकारी शार्वरी प्लवः।
३६ ३७ ३८ ३९ ४०
शुभकृच् छोभनः क्रोधी विश्वावसु-पराभवौ॥६१॥

प्रभवादि अर्वाचीन राशिमूलक परिभाषाअनुसारका चैत्रशुक्लप्रतिपदामा प्रारम्भ हुने हुन् भन्ने कुरा गरेका छन्। [वैदिकहरुका लागि चैत्रशुक्लप्रतिपदामा चान्द्र प्रभवादि वर्ष प्रारम्भ हुने कुरा मान्य छैन। मगब्राह्मण वराहमिहिरादिले बताएका बार्हस्पत्य प्रभवादि र तिनको वैदिक चान्द्र संवत्सर-परिवत्सरादिसित समानता पनि वैदिकहरुका लागि मान्य छैन]॥५५॥

वेदोक्त संवत्सर-परिवत्सरादि वर्ष मुख्य रूपमा चान्द्र हुन् भन्ने कुरा निश्चित छ, तिनिहरु चान्द्र साठिवर्षहरुसित नै प्रारम्भमा र समाप्तिमा साम्य राख्छन्, बार्हस्पत्य साठिवर्षहरुसित कैँ पनि साम्य राख्दैनन्॥५६॥

वैष्णवादि बार युगहरुमा प्रभवादि साठि वर्ष हुञ्छन्। ति चान्द्र साठि संवत्सरहरु गार्ग्यादि मुनिबाट बताइएका छन् [निर्णयसिन्धु]॥५७॥

(१) प्रभव, (२) विभव, (३) शुक्ल, (४) प्रमोद, (५) प्रजापति, (६) अङ्गिरा, (७) श्रीमुख, (८) भाव, (९) युवा, (१०) धाता, (११) ईश्वर, (१२) बहुधान्य, (१३) प्रमाथि, (१४) विक्रम, (१५) वृष, (१६) चित्रभानु, (१७) सुभानु, (१८) तारण, (१९) पार्थिव, (२०) अव्यय (व्यय), (२१) सर्वजित्, (२२) सर्वधारि, (२३) विरोधि, (२४) विकृति, (२५) खर, (२६) नन्दन, (२७) विजय, (२८) जय, (२९) मन्मथ, (३०) दुर्मुख, (३१) हेमलम्ब, (३२) विलम्ब, (३३) विकारि, (३४) शार्वरि, (३५) प्लव, (३६) शुभकृत्, (३७) शोभन, (३८) क्रोधि, (३९) विश्वावसु, (४०) पराभव,

४१ ४२ ४३ ४४ ४५
प्लवङ्गः कीलकः सौम्यः साधारण-विरोधकृत्।
४६ ४७ ४८ ४९ ५०
परिधावी प्रमादी च आनन्दो राक्षसोऽनलः ॥६२॥
५१ ५२ ५३ ५४ ५५
पिङ्गलः कालयुक्तश् च सिद्धार्थी रौद्र-दुर्मती।
५६ ५७ ५८ ५९ ६०
दुन्दुभी रुधिरोद्गारी रक्ताक्षी क्रोधनः क्षयः ॥६३॥"

---

(४१) प्लवङ्ग, (४२) कीलक, (४३) सौम्य, (४४) साधारण, (४५) विरोधकृत्, (४६) परिधावि, (४७) प्रमादि, (४८) आनन्द, (४९) राक्षस, (५०) अनल, (५१) पिङ्गल, (५२) कालयुक्त, (५३) सिद्धार्थि, (५४) रौद्र, (५५) दुर्मति, (५६) दुन्दुभि, (५७) रुधिरोद्गारि, (५८) रक्ताक्षि, (५९) क्रोधन, (६०) क्षय इ साठी चान्द्र प्रभवादि संवत्सर हुन्। [बार्हस्पत्यप्रभवादिमा ८५ वर्ष जतिमा एक वर्ष टुट्छ, १९८९ संवत्मा नेपालि पात्रामा तारण र पार्थिव संवत्सर बितेको र एक संवत्सर पार्थिव टुटेको कुरा उल्लिखित थियो। अब केइ वर्षपछि पनि एउटा संवत्सर टुट्दै छ। चान्द्रसंवत्सरहरुमा भने कैलेइ पनि तेस्तो हुँदैन। चान्द्र संवत्सरहरु टुटिकन सँधैं सरासर आउँचन्। श्रौत-स्मार्तकर्मका सङ्कल्पमा चान्द्र संवत्सर नै स्मरणीय हो बार्हस्पत्य संवत्सर स्मरणीय हैन भन्ने कुरा धर्मसिन्धुमा पनि प्रारम्भमै छ।]

चैत्रशुक्लप्रतिपदि कलेरब्दः प्रवर्तते।
अन्येषां तु मते यावतिथः षट्त्रिंशता ततः ॥६४॥
न्यूनः कृष्णयुगाब्दस् तु वैदिकानां प्रवर्तते।
तपश्शुक्लप्रतिपदि तत्पूर्वस्यामिति स्थितिः ॥६५॥

[इनको सङ्कल्पमा प्रयोग गर्दा अकारान्त नामहरुको त प्रभवापरनामके विभवापरनामके इत्यादि रूपमा प्रयोग गर्न सजिलै छ, अरुमा प्रजापत्यपरनामके, अङ्गिरोऽपरनामके, युवापरनामके, धात्रपरनामके, प्रमाथ्यपरनामके, चित्रभान्वपरनामके, सुभान्वपरनामके, सर्वजिदपरनामके, सर्वधार्यपरनामके, विरोध्यपरनामके, विकृत्यपरनामके, विकार्यपरनामके, शार्वर्यपरनामके, शुभकृदपरनामके, क्रोध्यपरनामके, विश्वावस्वपरनामके, विरोधकृदपरनामके, परिधाव्यपरनामके, प्रमाद्यपरनामके, सिद्धार्थ्यपरनामके, दुर्मत्यपरनामके, दुन्दुभ्यपरनामके, रुधिरोद्गार्यपरनामके, रक्ताक्ष्यपरनामके एस्ता रूपले प्रयोग गर्नपर्छ।]॥५८–६३॥

अरुका मतमा चैत्रशुक्लप्रतिपदामा कलिको जतिऔं वर्षको प्रारम्भ हुञ्छ, तेसबाट ३६ घट्ता जति हुञ्छ तेतिऔं कलिवर्षको वैदिकहरुका मतमा उक्त चैत्रशुक्लप्रतिपदा आउनुभन्दा अगिको तपःशुक्लप्रतिपदामा (वैदिक माघशुक्लप्रतिपदामा) प्रारम्भ हुञ्छ भन्ने सिद्धान्त छ॥६४–६५॥

तष्टाः कलियुगाब्दास् तु षष्ट्याऽऽदियुगसञ्चयः ।
लब्धः, शेषे पञ्चभिस् तु तष्टे लब्धं युगङ् गतम् ॥६६॥
शिष्टेऽत्र खे पञ्चमोऽब्दोऽन्यत्र तत्सङ्ख्यवत्सरः ।
सवँवत्सरादिषु ज्ञेयो वैदिकैर् ब्राह्मणैस् सदा ॥६७॥
संवत्सराद्यैर् वेदोक्तैः पञ्चकैः क्रमशः सदा ।
प्रवर्तमानैः षष्टिः स्युश् चान्द्रा हि प्रभवादयः ॥६८॥

उक्त रीतिले तपश्शुक्लप्रतिपदामा प्राप्त हुने कलिवर्ष सङ्ख्यालाइ साठिले भाग लिनु, आएको लब्धि कलियुग लागेपछि बितेका साठिवर्षे युगसङ्घको समूह हुञ्छ; शेषलाइ पाँचले भाग लिँदा आएको लब्धि वर्तमान साठिवर्षे युगसङ्घमा बितेका पाँचवर्षे वैष्णवादि युगको सङ्ख्या हुञ्छ; एसरि भाग लिँदा शेष शून्य भए लब्धि जति छ तेतियौँ वैदिक वैष्णवादि पाँचवर्षे युगको पाँचौ वर्ष वत्सर हुञ्छ, शेष १ वा २ वा ३ वा ४ भए वैदिक ब्राह्मणहरुले सँधैँ लब्धिभन्दा एक सङ्ख्यापछिको वैदिक पाँचवर्षे वैष्णवादि युगका संवत्सरादि पाँच वर्षहरुमध्ये क्रमैले पैलो वा दोस्रो वा तेस्रो वा चौथो वर्ष जान्नपर्छ॥६६—६७॥

सँधैँ क्रमैले घुमिरहने संवत्सर-परिवत्सरादि पञ्चवर्षात्मक वैदिक युगहरुले प्रभवादि चान्द्र साठि संवत्सरहरु हुञ्छन्॥६८॥

२. करणचक्रम्

तिथयः	शुक्लपक्षे		कृष्णपक्षे		तिथयः
	पूर्वार्धे	उत्तरार्धे	पूर्वार्धे	उत्तरार्धे	
१	कौस्तुभम्	बवम्	बालवम्	कौलवम्	१
२	बालवम्	कौलवम्	तैतिलम्	गराजिः	२
३	तैतिलम्	गराजिः	वाणिजम्	विष्टिः	३
४	वाणिजम्	विष्टिः	बवम्	बालवम्	४
५	बवम्	बालवम्	कौलवम्	तैतिलम्	५
६	कौलवम्	तैतिलम्	गराजिः	वाणिजम्	६
७	गराजिः	वाणिजम्	विष्टिः	बवम्	७
८	विष्टिः	बवम्	बालवम्	कौलवम्	८
९	बालवम्	कौलवम्	तैतिलम्	गराजिः	९
१०	तैतिलम्	गराजिः	वाणिजम्	विष्टिः	१०
११	वाणिजम्	विष्टिः	बवम्	बालवम्	११
१२	बवम्	बालवम्	कौलवम्	तैतिलम्	१२
१३	कौलवम्	तैतिलम्	गराजिः	वाणिजम्	१३
१४	गराजिः	वाणिजम्	विष्टिः	शकुनिः	१४
१५	विष्टिः	बवम्	चतुष्पदम्	नागम्	३०

३. वैदिकपञ्चवर्षात्मकयुग-चान्द्रषष्टिसंवत्सर-समन्वयोदाहरण-सारणी

वैदिक पञ्चवर्षात्मक वैष्णव बार्हस्पत्य इत्यादि १२ युगहरु वैदिक संवत्सर परिवत्सर इत्यादि ५ चान्द्रवर्षहरु तथा तदनुसारि वैदिक चान्द्र षष्टिसंवत्सरात्मक युगसङ्घ पनि कसरि घुम्छन् भन्ने कुरा बुज्न सजिलो पार्नका लागि तल एउटा सारणी प्रस्तुत छ। तेसमा वर्तमान चान्द्र-षष्टिसंवत्सरात्मक युगसङ्घको प्रारम्भदेखिको केइ विवरण प्रस्तुत गरिएको छ–

कलिसंवत्	वैष्णवादि युग	संवत्सरादि वैदिक वर्ष	चान्द्र प्रभवादि संवत्सर	प्रारम्भ हुने नेपालि मिति	वैदिक अधिकमास
५०४१	१ वैष्णव	१ संवत्सर	१ प्रभव	२०३२।८।१७ बु.	०३३।८।७–०३३।९।६
५०४२	१ वैष्णव	२ परिवत्सर	२ विभव	२०३३।९।७ म.	(द्वितीय सहस्य [पौष])
५०४३	१ वैष्णव	३ इदावत्सर	३ शुक्ल	२०३४।८।२६ आ.	
५०४४	१ वैष्णव	४ इद्वत्सर	४ प्रमोद	२०३५।८।१६ शु.	०३६।२।१२–०३६।३।१०
५०४५	१ वैष्णव	५ वत्सर	५ प्रजापति	२०३६।९।५ बृ.	(द्वितीय शुचि [आषाढ])
५०४६	२ बार्हस्पत्य	१ संवत्सर	६ अङ्गिरा	२०३७।८।२३ सो.	०३८।८।१२–०३८।९।११
५०४७	२ बार्हस्पत्य	२ परिवत्सर	७ श्रीमुख	२०३८।९।१२ आ.	(द्वितीय सहस्य [पौष])
५०४८	२ बार्हस्पत्य	३ इदावत्सर	८ भाव	२०३९।९।१ बृ.	
५०४९	२ बार्हस्पत्य	४ इद्वत्सर	९ युवा	२०४०।८।१९ सो.	०४१।८।८–०४१।९।८
५०५०	२ बार्हस्पत्य	५ वत्सर	१० धाता	२०४१।९।९ आ.	(द्वितीय सहस्य [पौष])

कलिसंवत् ✱	वैष्णवादि युग	संवत्सरादि वैदिक वर्ष	चान्द्र प्रभवादि संवत्सर	प्रारम्भ हुने नेपालि मिति ⊞		वैदिक अधिकमास
५०५१	३ ऐन्द्र	१ संवत्सर	११ ईश्वर	२०४२।८।२७	बृ.	
५०५२	३ ऐन्द्र	२ परिवत्सर	१२ बहुधान्य	२०४३।८।१७	म.	०४४।२।१४–०४४।३।११
५०५३	३ ऐन्द्र	३ इदावत्सर	१३ प्रमाथि	२०४४।९।६	सो.	(द्वितीय शुचि [आषाढ])
५०५४	३ ऐन्द्र	४ इद्वत्सर	१४ विक्रम	२०४५।८।२४	शु.	०४७।२।११–०४७।३।८
५०५५	३ ऐन्द्र	५ वत्सर	१५ वृष	२०४६।८।१४	बु.	(द्वितीय शुचि [आषाढ])
५०५६	४ आग्नेय	१ संवत्सर	१६ चित्रभानु	२०४७।९।२	सो.	
५०५७	४ आग्नेय	२ परिवत्सर	१७ सुभानु	२०४८।८।२०	शु.	०४९।८।१०–०४९।९।८
५०५८	४ आग्नेय	३ इदावत्सर	१८ तारण	२०४९।९।९	बृ.	(द्वितीय सहस्य [पौष])
५०५९	४ आग्नेय	४ इद्वत्सर	१९ पार्थिव	२०५०।८।२९	म.	०५२।८।७–०५२।९।६
५०६०	४ आग्नेय	५ वत्सर	२० अव्यय	२०५१।८।१७	श.	(द्वितीय सहस्य [पौष])
५०६१	५ त्वाष्ट्र	१ संवत्सर	२१ सर्वजित्	२०५२।९।७	शु.	
५०६२	५ त्वाष्ट्र	२ परिवत्सर	२२ सर्वधारि	२०५३।८।२६	बु.	०५५।२।१२–०५५।३।९
५०६३	५ त्वाष्ट्र	३ इदावत्सर	२३ विरोधि	२०५४।८।१५	आ.	(द्वितीय शुचि [आषाढ])
५०६४	५ त्वाष्ट्र	४ इद्वत्सर	२४ विकृति	२०५५।९।४	श.	०५७।८।११–०५७।९।१०
५०६५	५ त्वाष्ट्र	५ वत्सर	२५ खर	२०५६।८।२२	बु.	(द्वितीय सहस्य [पौष])

कलिसंवत्मा ३६ जोडेपछि युधिष्ठिरसंवत् वा महाभारतयुद्धाब्द हुन्छ। जस्तो कलिसंवत् ५०४१मा (५०४१+३६=) ५०७७ युधिष्ठिरसंवत् हुन्छ।
✱ कलिसंवत्मा ३६ जोडेपछि युधिष्ठिरसंवत् वा महाभारतयुद्धाब्द हुन्छ। जस्तो कलिसंवत् ५०४१मा (५०४१+३६=) ५०७७ युधिष्ठिरसंवत् हुन्छ।

⊞ इ मितिमा वैदिक तपोमासको शुक्ल पक्षको प्रतिपदा पर्छ। एस स्तम्भमा दिइएका इ मितिमा वेदाङ्गज्योतिषोक्त नववर्षको आरम्भ हुन्छ। इ दिनबाटै तिति वर्षमा वैदिक सौरचान्द्र उदगयनको र वैदिक सौरचान्द्र शिशिरऋतुको पनि आरम्भ हुन्छ, अनि दुइ-दुइ चान्द्रमैनामा वसन्तादि ऋतुहरु क्रमैले आउँछन्।

कलिसंवत्	वैष्णवादि युग	संवत्सरादि वैदिक वर्ष	चान्द्र प्रभवादि संवत्सर	प्रारम्भ हुने नेपालि मिति	वैदिक अधिकमास
५०६६	६ आहिर्बुध्न्य	१ संवत्सर	२६ नन्दन	२०५७।९।११ म.	
५०६७	६ आहिर्बुध्न्य	२ परिवत्सर	२७ विजय	२०५८।८।३० श.	
५०६८	६ आहिर्बुध्न्य	३ इदावत्सर	२८ जय	२०५९।८।१९ बृ.	
५०६९	६ आहिर्बुध्न्य	४ इद्वत्सर	२९ मन्मथ	२०६०।९।९ बु.	०६०।८।८–०६०।९।८
५०७०	६ आहिर्बुध्न्य	५ वत्सर	३० दुर्मुख	२०६१।८।२७ आ.	(द्वितीय सहस्य [पौष])
५०७१	७ पित्र्य	१ संवत्सर	३१ हेमलम्ब	२०६२।८।१७ शु.	०६३।२।१३–०६३।३।११
५०७२	७ पित्र्य	२ परिवत्सर	३२ विलम्ब	२०६३।९।६ बृ.	(द्वितीय शुचि [आषाढ])
५०७३	७ पित्र्य	३ इदावत्सर	३३ विकारि	२०६४।।८।२४ सो.	
५०७४	७ पित्र्य	४ इद्वत्सर	३४ शार्वरि	२०६५।८।१३ शु.	०६६।२।११–०६६।३।८
५०७५	७ पित्र्य	५ वत्सर	३५ प्लव	२०६६।९।२ बृ.	(द्वितीय शुचि [आषाढ])
५०७६	८ वैश्वदेव	१ संवत्सर	३६ शुभकृत्	२०६७।८।२० सो.	०६८।८।९–०६८।९।९
५०७७	८ वैश्वदेव	२ परिवत्सर	३७ शोभन	२०६८।९।१० आ.	(द्वितीय सहस्य [पौष])
५०७८	८ वैश्वदेव	३ इदावत्सर	३८ क्रोधि	२०६९।८।२९ शु.	
५०७९	८ वैश्वदेव	४ इद्वत्सर	३९ विश्वावसु	२०७०।८।१८ म.	०७१।८।७–०७१।९।६
५०८०	८ वैश्वदेव	५ वत्सर	४० पराभव	२०७१।९।७ सो.	(द्वितीय सहस्य [पौष])

द्रष्टव्य– द्वितीय सहस्य वा द्वितीय पौष अथवा द्वितीय शुचि वा द्वितीय आषाढ वैदिक अधिकमास हुन्।

४. वैदिक धर्मकृत्यका सङ्कल्पमा कालको उल्लेखको उदाहरण

एस वर्ष २०६३ संवत्का पुस ६ गते पर्ने वैदिक नववर्षारम्भका दिनका कालको वैदिक धर्मकृत्यका सङ्कल्पमा उल्लेख गर्न पर्दा २०६३ संवत्का चइतका ६ गते पर्ने चैत्रशुक्लप्रतिपदामा अरुले मान्ने कलिवर्ष (महाभारतयुद्धाब्द वा युधिष्ठिरराज्यारोहणाब्द) ५१०८; तेसमा ३६ घटाउँदा रहने ५०७२ वैदिकहरुको कलिवर्ष (कृष्णको स्वर्गारोहणदेखि गनिने वास्तविक कलिवर्ष) हुञ्छ। तेसको सङ्कल्पमा उल्लेख गर्दा **“पञ्चसु सहस्रेषु एकसप्ततौ च वर्षेषु गतेषु तदुत्तरे वर्षे प्रवृत्ते”** भन्नपर्छ। कलिवर्ष ५०७२ लाइ ६० ले भाग गर्दा लब्धि ८४ आयो र शेष ३२ रह्यो र कलियुग लागेपछि बितेका ६० वर्षे युगको सङ्ख्या ८४ भन्ने जानियो, तर तेसको सङ्कल्पमा उल्लेख गर्न पर्दैन, शेष ३२ लाइ पाँचले भाग गर्दा लब्धि ६ आएकाले चलिरहेका साठिवर्षे युगका वैष्णव-बार्हस्पत्यादि ६ युग बितेको र सातौं पित्र्ययुग चलिरहेको भन्ने जानियो, तेसको सङ्कल्पमा उल्लेख गर्दा **“सप्तमे पित्र्ये युगे”** भन्नपर्छ। ६० ले भाग गर्दा ३२ शेष रहेकाले प्रभवादि ६० संवत्सरमध्ये बत्तिसौं विलम्बनामकसंवत्सर लागेको भन्ने बुजियो, ३२ लाइ ५ ले भाग गर्दा २ शेष रहेकाले ५ वर्षे वैदिक युगका संवत्सर-परिवत्सरादि ५ वर्षमध्ये दोस्रो परिवत्सर लागेको भन्ने बुजियो र विलम्बनामक संवत्सर र परिवत्सर एउटै भएकाले सङ्कल्पमा उल्लेख गर्दा **“विलम्बाऽपरनामके परिवत्सराख्ये द्वितीये वर्षे”** भन्नपर्छ। उक्त दिनदेखि नै वैदिक सौरचान्द्र उदगयन (उत्तरायण) लाग्ने हुनाले सङ्कल्पमा उल्लेख गर्दा **“उदगयने”** वा **“उत्तरायणे”** भन्नपर्छ। उक्त दिनदेखि नै वैदिक सौरचान्द्र शिशिर ऋतु लाग्ने हुनाले सङ्कल्पमा उल्लेख गर्दा **“शिशिरे ऋतौ”** भन्नपर्छ। उक्त दिनदेखि नै वैदिक सौरचान्द्र तपोमास अथवा वैदिक माघमास लाग्ने हुँदा सङ्कल्पमा उल्लेख गर्दा **“तपसि मासे”** अथवा **“माघे मासे”** भन्नपर्छ, उक्त दिनदेखि शुक्लपक्ष लाग्ने हुनाले सङ्कल्पमा उल्लेख गर्दा **“शुक्ले पक्षे”** भन्नपर्छ। उक्त दिनमा प्रतिपत् वा प्रतिपदा तिथि लाग्ने भएकाले सङ्कल्पमा उल्लेख गर्दा **“प्रतिपदि तिथौ”** अथवा **“प्रतिपदायां तिथौ”** भन्नपर्छ। सङ्कल्पमा करणको पनि उल्लेख गर्ने भए

शुक्लपक्षका प्रतिपदाका दिनमा वेदाङ्गज्योतिषसिद्धान्तअनुसार दिनभर कौस्तुभ वा किंस्तुघ्न करण रहने र घाम अस्ताउँदा बव करण लाग्ने हुनाले सङ्कल्पमा उल्लेख गर्दा दिनभोरि **"कौस्तुभे करणे"** अथवा **"किंस्तुघ्ने करणे"** भन्नपर्छ। आथर्वण ज्योतिषमा कौस्तुभ भन्ने नै उल्लेख भएकाले **"कौस्तुभे करणे"** भन्नु नै उचित छ। उक्त दिनमा चल्तिका पात्रामा मूल नक्षत्र लेखिएकाले र वैदिक सिद्धान्तमा पनि तेइ नक्षत्र रहने हुनाले सङ्कल्पमा उल्लेख गर्दा **"मूले नक्षत्रे"** भन्नपर्छ। उक्त दिनमा पात्रामा वृद्धियोग लेखिएको हुनाले सङ्कल्पमा उल्लेख गर्दा **"एकादशे वृद्धौ योगे"** भन्नपर्छ। कर्मकालमा तिथि नै मुख्य भएकाले तिथिसम्मको मात्र उल्लेख गर्ने, करणको, नक्षत्रको र योगको उल्लेख सङ्कल्पमा नगर्ने गरे पनि हुञ्छ।

अरु वार, सूर्यको राशि इत्यादिको पनि सङ्कल्पमा उल्लेख गर्ने इच्छा भए चलनचल्तिअनुसार तिनको पनि सङ्कल्पमा उल्लेख गरे पनि हुञ्छ। इच्छा नभए वैदिक धर्मकृत्यका सङ्कल्पमा तिनको पनि उल्लेख नगरे पनि हुञ्छ।

शासकीय पञ्चाङ्गनिर्णायकहरुका हृदयमा मुख्य वैदिक परम्परामा श्रद्धा जागि धार्मिक जनहरुमा पनि समुचित चेतना आइ वेदाङ्गज्योतिषअनुसारको पात्रो पनि छापिन सक्ने वा चल्तिकै पात्रामा वेदाङ्गपद्धतिका वर्ष, अयन, ऋतु, मास, पक्ष, तिथि पनि समाविष्ट हुने परिस्थिति नभइञ्जेल वैदिक गुरु-पुरोहित-पण्डित-विज्ञब्राह्मणहरुबाट आँफुसित भएका सम्बद्ध वर्षका ऐलेका चल्तिका पात्रामा नै प्रत्येक पक्षका पृष्ठहरुका शिरमा उपर्युक्त नियमअनुसार हुन आउने कलि-संवत्को, वैष्णवादियुगको, संवत्सर-परिवत्सरादि संवत्सरको, प्रभव-विभवादि चान्द्र संवत्सरको, उत्तरायण-दक्षिणायनको, शिशिरादि ऋतुको, तपस्-तपस्यादि मासको वा वैदिक माघफाल्गुनादि मासको [अधिक शुचिमासको (द्वितीय आषाढको) अथवा अधिक सहस्यमासको (द्वितीय पौषको)] पनि उल्लेख गर्ने र तिनै पृष्ठका गतेहरुका देउरेतिर वैदिक तिथिका १,२,३, ...१५, १,२,३, ...३० इत्यादि अङ्क पनि लेखिराखेर पात्रो हेर्ने गर्ने र सङ्कल्पादिमा तिनैको प्रयोग गर्ने गर्न पनि सकिञ्छ।

वस्तुतः आजभोलि वैदिक तपःशुक्लप्रतिपदा (वैदिक माघशुक्लप्रतिपदा) कैले चलनचल्तिका पात्राका पौष-शुक्लप्रतिपदाकै दिन र कैले मार्गशीर्षशुक्लप्रतिपदाकै दिन पनि पर्छन्।

५. चल्तिको एकोद्दिष्टश्राद्धको सामान्य सामग्री

{मूल वैदिकपरम्पराअनुसार गरिने (प्रस्तुत श्राद्धपद्धतिका ठुला मोटा अक्षरमा प्रतिपादित मात्र कर्म गरि गरिने) एकोद्दिष्टश्राद्धका लागि ठुला अक्षरमा लेखिएका वस्तु मात्र पर्याप्त हुञ्छन्, कोष्ठभित्रका साना अक्षरमा लेखिएका वस्तु आवश्यक हुँदैनन्}

श्राद्ध गर्ने पुरुषका लागि– **सेतो धोएपछारिएको धोति, उपर्ना (रुमाल), नएँ जनै; कुशाङ्गुलीय** {कुशका मुन्द्रा (अङ्गुलीय, पवित्री)} ३, **आसन (लोष्टे)।**

[सर्वप्रायश्चित्तगोदानका लागि– पानिको लोटा (कमण्डलु), पञ्चपात्रा, आचमनी, दुनो, कुशको गाइ (पवित्र), गोनिष्क्रयद्रव्य, जल, चन्दन, अक्षता, फुल; दक्षिणाद्रव्य (दानप्रतिष्ठाद्रव्य), ब्राह्मण।]

{श्राद्धका दिन पनि तर्पण गर्ने आग्रह गरेमा तर्पणका लागि– पानिको लोटा (कमण्डलु), पञ्चपात्रा, आचमनी, दुइटा तामाका आरि (कोपरिहरु), जल, कुश, (जौ), काला तिल, अर्घौतो, खगौतो, (सूर्यार्घका लागि चन्दन, अक्षता, फुल, जल)}।

मुख्य श्राद्धकर्मका लागि– **श्राद्धभूमि लिप्न स्थानीय जातको शुद्ध गाइको गोबर; जल, जलपात्र;** (दियो, बत्ति, तिलको तेल, दियो राख्न टपरिमा वा बोहोतामा चामल) **ब्राह्मण, ब्राह्मणासन {वा कुशको ब्राह्मण, दुनो** (टपरिमा चामल)}, (पान, फुल, अक्षता; पादार्घ बनाउन काने दुनो, कुश, जल, चन्दन, अक्षता, जौ, काला तिल, फुल; मोटक, तिल, जल; कर्मपात्रार्थ तामाको आरि, जल, कुश, पवित्र, जौ, काला तिल, अक्षता, फुल, चन्दन; तिल; तिल, कुशत्रय वा फुल, मोटक; तिल, कुशत्रय), **द्विगुणदर्भरूप (मोटकरूप) आसन, हस्तार्घ बनाउन काने दुनो, पवित्र, जल, तिल,** (फुल, चन्दन); (मोटक, तिल, जल; तिन टुक्रा कुश); **ब्राह्मणपूजार्थ** (जल), **चन्दन, फुल,** (अक्षता, खालि पान), **धूप, दीप, जनै वा वस्त्र** (भेटि), (मोटक, तिल, जल),

(भूस्वामिपितृभाग, सिदा, तिल, घिउ, मह, जल; मोटक, तिल, जल; अन्नसङ्कल्पका लागि सिदा, काने दुना, तिल घिउ, मह, जल); काला तिल; ब्राह्मणभोजन-पिण्डादिका लागि टपरिहरु दुना र भुजा, खिर, घिउखिचडि, लड्डु, खजुरि (सेल), मनभोग (हलुवा), रोटि, पुआ, नानाप्रकारसंस्कृतनानाविधहृद्यमांसस्थानापन्न स्फुरितमाषवटक (फुरौला), नानाप्रकारका तर्कारि, अचार, चटनि, कन्द, मूल, फल, पानक (सर्बत), दुद, दै, सक्खर (चिनि), सिखर्नि, मह, घिउ, जल, दाल इत्यादि यथासम्भव भोज्यादिवस्तु (मोटक, तिल,जल); विकरार्थ भुजा खिर इत्यादि सबै प्रकारका अन्न, जल, काने दुनो (कुशत्रय, मोटक, तिल, जल); पिण्डवेदिका लागि चोखो माटो वा बालुआ; दर्भपिञ्जूलिका, अउल्टो, सकृदाच्छिन्न-द्विगुणदर्भहरु; (मोटक, तिल, जल) अवनेजन-जल; भुजा, खिर, खिचडि, लड्डु, रोटि, फुरौला, तर्कारि, अचार इत्यादि सर्वविध अन्नरूप पिण्डद्रव्य (मोटक, तिल, जल); (मोटक, तिल, जल), अवनेजनजल; तिन कार्पाससूत्रहरु (काँचा धागाहरु ३), (पिण्डार्चनद्रव्य जल, चन्दन, अक्षता, फुल, धूप, दीप, ऐक्षवादिनैवेद्य, ताम्बूल, यज्ञोपवीत, मोटक, तिल, जल); जल, फुल, यवाक्षता; (मोटक, तिल, जल), अक्षय्योदकार्थ जल; स्वधावाचनीय कुश, पवित्र, जल; (पिण्डपूजार्थ जल, चन्दन, अक्षता, फुल, कपुरवत्ति)।

दक्षिणाका लागि– दुनो, दक्षिणाद्रव्य, जल, चन्दन, अक्षता, फुल; कुश, जल; भूयसी दक्षिणाका लागि टपरि वा दुनो, दक्षिणाद्रव्य, जल, चन्दन, अक्षता, फुल; कुश, जल।

विविधपवित्रहरु सङ्कलनमा– ४ (गोदान-कुशब्राह्मण-हस्तार्घ-स्वधावाचनहरुका लागि)।

द्विगुणदर्भ(मोटक)हरु सङ्कलनमा– मुख्य वैदिक मार्गका पद्धतिमा २, (साना अक्षरमा लेखिएका कर्म पनि गर्ने खिचडि मार्गका पद्धतिमा १४)।

६. प्रस्तुत पद्धतिमा प्रयुक्त केइ प्रमुख शब्दहरुको अर्थ

अक्षताः=सग्ला जौहरु।

अनुज्ञापनम्=अनुमति लिने काम।

अन्तरीयम्=धोति।

अपिसृजेत्=मिसाओस्।

अपूपः=रोटि, पुआ।

अपोशनम्=(भोजन गर्नुभन्दा अगि) आचमन गर्ने पानि।

अभिघार्य=भिजाएर।

अभिरम्यताम्=(श्राद्धको आसनादि-नियमबाट मुक्त भएर) इच्छानुसार विहार गरियोस्।

अभ्यादध्यात्=हालोस्।

अरत्निमात्रः=एक मुडिहातको।

अरिष्टम्=कल्याणकारक (अशुभ नभएको)।

अवनेजनम्=खानभन्दा अगि र खाएपछि हातमुख धुने पानि।

अवनेनिक्ष्व=हातमुख धुनुहोस्।

अषाडवरागः=अमिलो-पिरो-गुलियो-नुनिलो अचार, चटनि।

आ तमनात्=ननिसास्सिएसम्म।

आमश्राद्ध= काँचो अन्नले (सिदा दान गरेर) गरिने श्राद्ध।

आमान्नम्=काँचो अन्न।

आयतमुखपात्रम्=फराकिलो मुख भएको भाँडो।

आवपेत्=हालोस्।

उत्तरापोशनम्=भोजन गरिसकेपछि आचमन गर्ने पानि।

उत्तरीयम्=उपर्ना।

उदपात्रम्=पानिको भाँडो (लोटा, अङ्खरा)।

उदस्थाली=लोटा (अङ्खरा)।

उपवीती=जनै र उपर्ना देउरे काँदमा पारेर छड्के गरि लगाएर दाइने हात जनै-उपर्ना-बाइर पारेको पुरुष (सव्य भएको पुरुष)।

उपस्थं कृत्वा=पन्थ मारेर।

उपास्येत्=चडाओस्।

उल्मुकम्=अउल्टो।

कन्दः=गानो।

कर्णिद्रोणकः=काने दुनो।

कर्माधिकारसिद्धिः= कर्म गर्ने अधिकारको प्राप्ति।

कायतीर्थम्=प्राजापत्यतीर्थ, दाइने हातका साइँलि-कान्छि-उम्लाहरुको फेदको हत्केलापट्टिको भाग।

कुशवटुः=कुशचट, दर्भवटु, कुशको ब्राह्मण।

कुशाङ्गुलीयम्= पवित्ररूप कुशले बनाइएको कुशको मुन्द्रो।

कृशरः=दाल-चामल-तिलको घिउ-हालेर पकाएको मिठो खिच्रो, घिउखिचडि।

क्षीरौदनः=खिर।

गन्धः=चन्दन।

गुग्गुलुधूपः=गोकुलधुप।

गोनिष्क्रयद्रव्यम्= गाइ किन्ने मूल्यका रूपमा टक्र्याइएको दामपैसा।

घृतौदनः=घिउ हालेर पकाएको भात (भुजा भात)।

चमसः=काठको कटौरा, कठौति।

चूष्यम्=चुसेर खाइने वस्तु।

दक्षिणाप्रवणाम्=दक्षिणतिर पानिढलो भएको।

दर्भः=कुश।

दर्भपिञ्जूलिका=कुशको आर्द्रमञ्जरीयुक्त वा शुष्कमञ्जरीयुक्त शलाका (अथवा पवित्र जस्ता दुइ वा तिन वा चार वा पाँच कुशहरुको सानो मुठो, कुशमुष्टिका)।

देवतीर्थम्=दाइने हातका उम्लाहरुका अग्रभाग।

द्विगुणदर्भः=मोटक, प्रचलनअनुसार दोब्याय्येको कुश।

नाणकः=मुद्रा, रुपियाँ पैसा।

निवीती=जनै र उपर्ना दाइने देउरे दुऔ काँदमा पारेर जनै र उपर्ना छातिमा माला झैँ सोजै लर्काएको पुरुष।

निस्वृत्य=निउरेर।

नीविः=अन्तरीयवस्त्रको (धोतिको) नाभिका समीपमा पारिएको गाँठो अथवा गाँठाको काम गर्ने अपवर्तिका (वेष्टन)।

नीविकरणम्=अन्तरीयवस्त्रको नाभिका समीपमा गाँठो पार्ने काम वा अपवर्तिका बनाउने काम (कसैका मतमा उक्त गाँठाका वा अपवर्तिकाका समीपमा तिल र कुशत्रय वा मोटक र फुल घुसार्ने काम, वास्तवमा यो मत शतपथश्रुतिको अनुकूल छैन)।

न्युब्जम्=घोउटिएको।

पक्वान्नम्=पकाएको अन्न, कृतान्न।

पत्रपात्री=पतरि (टपरि, ठहर, चारकुने)।

पत्रपुटम्=दुनो, बोहोतो।

परिवेषणम्=भोजन पस्कने टक्र्याउने काम।

पवित्रम्= टुप्पो भएको एक बित्ताको कुशको पात।

पातितदक्षिणजानुः=दाइने घुँडो भूमिसंलग्न गराएको पुरुष।

पातितवामजानुः=देउरे घुँडो भूमिसंलग्न गराएको पुरुष।

पादार्घः= पाउ धुने पानि।

पानकम्=गुडोदक, शर्करोदक, सर्बत।

पिण्डप्रतिपत्तिः=काम सिद्दिएको पिण्ड गोरु-बोका इत्यादिलाइ खान दिएर वा अग्निमा हालेर वा गैरा पानिमा सेलाएर तह लाउने काम।

पितृतीर्थम्=हातका बुडिउम्ला र चोरिउम्लाका फेदहरुको माजाको भाग।

पृष्ठसंलग्नवामहस्तः= दाइने हत्केलाको पछाडिपट्टि टाँसिएको देउरे हत्केलो।

प्रत्याम्नायद्रव्यम्=प्रतिनिधिद्रव्य।

प्राचीनावीती=जनै र उपर्ना दाइने काँदमा पारेर छड्के गरि लगाएर देउरे हात जनै-उपर्ना-बाइर पारेको पुरुष (अपसव्य भएको पुरुष)।

प्राजापत्यतीर्थम्= दाइने हत्केलाको साइँलि-काञ्छि उम्लाहरुको फेदनेरको भाग।

भक्ष्यम्=चबाएर दन्तव्यापारपूर्वक खाइने वस्तु।

भुग्नः=दोब्र्याय्येको।

भूस्वामिपितृभागः=अब्राह्मणहरुले आँफ्नै घरमा श्राद्ध गर्दा पनि र ब्राह्मणले परगृहमा वा परस्वामिक स्थलमा श्राद्ध गर्दा श्राद्धभूमिका स्वामिका पितृका लागि पञ्छाइने भाग।

भोज्यम्=विशेष रूपमा दन्तव्यापार नगरिकन नचबाइकन मुखमा तेसै जिउराले खेलाएर खाइने वस्तु।

मांसस्थानापन्नः=मासुका थान्कामा आएको।

मुञ्चित्वा=मुछेर।

मूलम्=जरो।

यज्ञियवृक्षः=यज्ञमा प्रयोग गर्न हुने जातको रुख।

यज्ञोपवीतम्=जनै।

रसाला=सिखर्नि।

लेह्यम्=चाटेर खाइने वस्तु।

वासः=वस्त्र (बस्तर)।

विकरः=संस्कार नभै मोरेका समेत पिण्ड नपाउने खालका मृत पुरुषादिले पाउन् भनि ब्राह्मणका भोजनपात्रका समीपमा भूमिमा छरिने अन्नभाग।

वेदिका=पिण्डिका, पिण्ड दिने चौकि।

व्यञ्जनम्=तर्कारि, अचार।

शष्कुली=गुड वा चिनि र तिल तथा पिठो दुदमा मुछेर घिउतेलमा पकाएको एक प्रकारको स्वादिष्ट रोटि, खजुरि? (सेल?)।

श्राद्धोपकरणम्=श्राद्धको सामग्री।

संयावः=उत्करिका, मनभोग, हलुवा।

सकृदाच्छिन्नद्विगुणदर्भाः=जरानेर खनेर एक्कै पटक उत्पाटित गरिएका, नफुलेका, छोटा-छोटा मोटित कुशहरु।

समजानुः=दुअै घुँडा भूमिसंलग्न गरेर घुँडाहरु समान अवस्थामा राखेको (पन्थ मारेको) पुरुष।

सर्वप्रायश्चित्तगोदानम्= जानअनजानमा गरिएका सबै पापको र अनाचारको प्रायश्चित्तका (पतियाका) लागि गरिने गोदान (गाइको दान)।

सुखोष्णम्=ठिक्कको तातो।

सूपः=दाल।

स्फुरितमाषवटकः=मासको फुरौला।

स्वधावाचनम्=ब्राह्मणलाइ स्वधा भन्न लगाउने काम।

स्वधावाचनीयाः कुशाः=स्वधावाचनका लागि प्रयुक्त हुने पवित्रसहित कुशहरु।

हस्तार्घः=हात धुने पानि।

हृद्यम्=मन पर्ने (हृदयलाइ हित गर्ने)।

ACC NO. 15087

२९१.३८
आ ४४८

रत्न पुस्तक भण्डार

भोटाहिटी, काठमाडौं, नेपाल